नेपाली खस बाहुनका कुलदेवता भष्टो



कुलचन्द्र कोइराला

नेपाली खसबाहुनका कुलदेवता मष्टो

कुलचन्द्र कोइराला

प्रकाशक
कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान
बानेश्वर, काठमाडौँ

संस्करण : द्वितीय
सर्वाधिकार : प्रकाशकमा
प्रकाशनकाल : जेठ २०७१
अक्षराङ्कन : गीता मञ्जुश्री
मुद्रक : पिपुल्स प्रिन्ट हाउस
जागृतिनगर, बानेश्वर, काठमाडौँ
मूल्य : रु. १७०।-

मन्तव्य

श्री कुलचन्द्र कोइरालाद्वारा लिखित 'नेपाली खस-बाहुनका कुलदेवता मस्टो' हेर्ने र दुई हरफ मन्तव्य लेख्ने सुअवसर पाएकोमा हर्षित छु । मेरो जानकारीमा मूलतः 'मस्टा' अथवा 'मस्टो' कर्णाली प्रदेशभर वर्तमानसम्म पनि एउटा अत्यधिक लोकप्रिय ग्रामधर्मअन्तर्गत पर्ने एउटा लोकप्रिय देवताको नाम हो । मुख्यतः यसलाई कर्णाली प्रदेशको खससमाजले नै अधिक आत्मसात गरेको पाइन्छ । मस्टोको प्रकारान्तर भेद महाकाली नदीपारि कुमाउँ प्रदेशमा यसको प्राचीनता त्यहाँ स्थापित मध्यकालिक मल्लहरूको खसराज्यकै हाराहारी हुने अनुमान पनि गर्न सकिन्छ भन्ने मेरो धारणा रहिआएको छ । मस्टो पूजा-परम्पराको अर्को चाखिलो पक्ष खससाम्राज्यको पतनपश्चात् अथवा त्यसपूर्व पनि कर्णाली प्रदेशबाट क्रमशः पूर्व बढ्दै, बसाइँ सर्दै गएका त्यस राज्यका बाहुन-क्षत्री-ठकुरी-खस आदिले मस्टोपूजामा आधारित धार्मिक लोकपरम्परालाई केही परिवर्तित रूपमा भए पनि आफ्नो अक्षुण्ण राख्नु हो । तर प्रस्तुत कृतिमा श्री कुलचन्द्रजीले मस्टोको खोजलाई धेरै विस्तृत मात्र गर्न खोज्नुभएको छैन, अपितु आफ्नो अनुसन्धानबाट मस्टोदेवताको व्युत्पत्ति, प्राचीनता र मान्यतालाई एउटा व्यापक भूखण्डसित सम्बद्ध गरी यसलाई बहु-महादेशीय विस्तार दिने प्रयास गर्नुभएको छ, जसभित्र अनेकन् देशका अनेकन् सामाजिक-सांस्कृतिक समूह आबद्ध हुन आउँछन् । हुन पनि अनुसन्धानका क्षेत्रमा कतै पनि सीमा लाग्न सक्तैन । श्री कुलचन्द्रजीको खोजपूर्ण अध्ययनबाट मस्टोका बारेमा बृहत्तर दृष्टिकोणको उदय हुन सक्तछ ।

दुर्भाग्यवश यो अनुसन्धानको सिलसिला पूर्ण हुन नपाउँदै उहाँ दिवङ्गत हुनुभयो । तर जति पनि चर्चा प्रस्तुत कृतिमा यसबारे गर्न सकिएको छ, त्यसबाट पनि उहाँको अनुसन्धान वैशिष्ट्यलाई प्रकट गर्न यथेष्ट छ । निश्चय नै उहाँको निष्ठा र लगनशीलता सह्राहनीय छ । आशा छ, पाठकवर्गले पनि यसलाई उपयोगी ठहऱ्याउनुहुनेछ ।

ज्येष्ठ कृष्ण एकादशी
वि. सं. २०५२

विनीत
डा. श्री प्रयागराज शर्मा

भूमिका

मन्तव्यको औपचारिकताबाहेक अन्य विषयहरूमा प्रवेश गर्ने प्रयास पुस्तिकामा वर्णित विषयवस्तुको गाम्भीर्यले गर्दा ओछोपनको प्रदर्शन हुने भए तापनि मस्टोले प्रख्याति पाएको क्षेत्रवासीको नाताले उल्लिखित देवतासम्बन्धी जनस्तरमा जीवन्त र व्यवहारतः केही प्रासङ्गिक पक्षहरू उल्लेख गर्ने धृष्टता भएकोमा सहृदयी पाठकवर्गले क्षमा गर्नुहोला भन्ने भरोसा छ ।

स्थानीय तहका विजा तथा विजार भनिने विजयवर भट्टले गङ्गास्नान गर्दा एउटा सानो शिला गङ्गाप्रवाहको विपरीत माथितिर पौडिरहेको देखेर श्रद्धावश त्यसलाई टिपी झोलामा राखेर तीर्थबाट घर फर्किने क्रममा वृद्धगङ्गा र कैलाशको दोभान अछाम जिल्लाको जिमराडीमा बास बसे । भोलिपल्ट पूर्णिमा परेको र नजदीकको गाउँमा यजमानी भएका कारण सङ्गममा (स्थानीय भाषामा मोरो) स्थान गरी त्यसै ठाउँको एउटा वनधायरोको बोटमा झोला झुन्ड्याई पाती लगाउन यजमानी पालीमा पुग्दा लामो समयसम्म क्रियाकाज रोकिँदा आफ्नो सट्टा अर्कै पुरोहित पुजिएको पत्ता लगाई रित्तो हात र उँधो मुख फर्केका भट्टज्यूले झोला हेर्दा शिला अलप भएको भेट्टाए । यजमानीबाट अपमानित र अवकाशप्राप्त तथा आशा, विश्वास र श्रद्धाका साथ तीर्थबाट बोकी ल्याएका देवताबाट अपहेलित र परित्यक्त विजाले निराश भई त्यसै बोटमा झुन्डी मर्ने अठोट गर्दा त्यो वनधायरोबोट भयङ्कर रूपमा काँप्ता पनि विजारको निराश भई आत्महत्या गर्ने सुरमा कुनै परिवर्तन नभएको बुझी भट्टले साथमा सहयोगका लागि ल्याएको मानिसमा प्रथमपटक मस्टोदेवता अवतरित भयो । यसप्रकार चढेको देवताले भट्ट विजारको सन्तान दरसन्तान

धामी र पुजारीभन्दा पनि ठूलो र पूजाआजाको प्रमुख भाग पाउने वाचाबन्धनमा आफू सधैं रहने आश्वासन र वरदान दिंदा चित्त बुझाई भट्ट घर फर्के । यसै परम्पराअनुसार विजयवर भट्टका शाखासन्तान अछाम घोडासैनका अधिकारी अछामका प्रमुख मस्टोको हालीमुहाली गर्छन् र मस्टादेवताको बाईस पढको (मठ) लागि व्यवस्था भएको गुट (गुठी) जग्गाको मुखियाली गर्ने हुँदा 'गुटका मुखिया' को दर्जाबाट स्थानीय स्तरमा सम्मानित र सम्बोधित हुन्छन् । यसका अतिरिक्त प्रसिद्ध तीर्थस्थल जिमराडीमा मस्टो रूख र मानिसमा प्रथमपटक अवतरिएको हुँदा त्यस सङ्गम क्षेत्रलाई मस्टोको अवस्थलो मानिन्छ र मानिसभन्दा पहिले वनधायरोमा प्रकटिएकाले प्रतीकात्मक रूपमा मस्टो आफूहरूलाई प्रसङ्गवश वण्डाली (वनको डाली) भन्ने र अरूहरूले पनि मान्ने क्षेत्रगत प्रचलन रहेको छ । मस्टोपूजित क्षेत्रमा यस प्रकारका अनेकन् कथाहरू प्रचलनमा रहने स्थितिलाई नकार्न नसकिने र उल्लिखित उपाख्यानलाई प्रतिनिध्यात्मक रूपमा मात्र मान्न सकिने हुन्छ ।

मस्टो शब्दको व्युत्पत्तिबारे विद्वान् खोजकर्ताहरूमा मतैक्य रहेको छैन । भगवान् शिवका प्रख्यात अष्टमूर्ति अथवा प्रसिद्ध अष्टभैरवको साङ्ख्यकी शब्द 'अष्ट' बाट नै 'मस्टो' भएको मान्ने एक पक्ष छ भने प्रस्तुत पुस्तिकाका श्रद्धेय रचयिताले 'मरुत्' बाट 'मस्टो' शब्द निष्पत्ति भएको प्रशस्त शास्त्रीय आधार र प्रमाणहरू स्तुत्य रूपमा प्रस्तुत गर्नुभएको छ । वास्तवमा आँसुका थोपाहरूबाट क्रमशः देवप्रिय रुद्राक्ष र पितृप्रिय चाँदी बर्साउने प्रसिद्ध रुद्र, रोदनको अनुसरणमा सम्पूर्ण प्रणालीहरू जन्मिँदा रुने क्रियासूचक 'रुद्र' (रुनु) बाट रुद्र तथा वज्रप्रहारबाट राक्षसजननी दितीको गर्भका सात र त्यसपछि प्रत्येकका सात-सात टुक्रा हुन गई छिन्नभिन्न भएका ४९ टुक्राहरू रुन लाग्दा प्रहारक इन्द्रले 'मारुद' (नरोऊ) भनेको 'रुद्' धातु नै रुद्र-मरुत् दुवैको साझा स्रोत भएकाले मस्टोको व्युत्पत्तिमा

रुद्र अथवा मरुत्मध्ये कुनै एकलाई अथवा दुवैलाई प्रधानता प्रदान गर्न नसकिने होइन । किनकि ४९ मरुत्गणभित्रका उग्र, भीम, पुरुष, साम तथा मारुती नाम र सोअनुसारको काम विभाजनअनुसार निश्चय नै रुद्रांश सिद्ध हुन्छन् । 'यथाऽकाश स्थितो वायु नित्यं सर्वगतो महान्' का अनुसार आकाशचारी र महाबली मारुती अथवा वायुका रुद्रावतार पुत्र हनुमान र भीमको कथानकबाट पनि वायु अथवा मारुतीमा शिवसान्निध्यतत्त्व देखापर्छ । त्यसका अतिरिक्त साध्या विश्वदेव, रुद्र, मरुत्, वसु, अश्विनिकुमार, आदित्य यी सात देवगणको गणना वायुरूपी र आकाशचारी हुँदा मरुत्गणमा गरिने पाठभेद पनि प्रचलित छ ।

जनस्तरीय व्यवहार र प्रचलनको विचार गर्दा मस्टोदेवता मुख्य तीन रूपमा पूजित हुन्छ । रगतको बलि नचढ्ने र विशेषतः दूधको भोग मात्र लाग्ने मस्टोलाई स्थानीय प्रचलनमा दूधेमस्टो भन्दछन्, जसलाई सात्विक शिवरूप मान्ने प्रथा छ । हतियारले बोको रेटी गरेको बलि चढ्ने राजसीलाई मस्टो भन्ने प्रचलन रहेको छ र तीखा दाँतले बोकाको घाँटी छिनी रातोतातो रगत चुस्नेलाई तामसी रूपको दाह्रेमस्टो भन्ने व्यवहार छ । यसै क्रममा अरू देवताहरू, देव र शिवजी मात्र महादेव मानिने धार्मिक परम्पराअनुरूप अरू देवता इष्ट र स्वयं महादेव महाइष्ट सम्बोधित हुने मर्यादित धार्मिक प्रचलनको अनुसरणमा पुष्पदन्तले शिवस्तुतिमा 'महीष्टाय नमोनमः' भनी गरेको सम्बोधित महीष्ट (महाइष्ट) बाट मस्टो निष्पत्ति भएको जनस्तरीय बोलचालमा मस्टो, महिठो वा मैठो उच्चरित हुँदा महीष्ट नै मस्टो बन्न पुगेको प्रस्ट हुन्छ । 'तीक्ष्णदन्त', 'भीमदष्ट', 'मासाशी' आदिरुद्रांश भैरवसम्बन्धी विशेषणहरूको विचार गर्दा बोकाको रगत चुस्ने दाह्रेमस्टो निश्चय नै रुद्रगणभित्रका देवता मानिनु बढी न्यायसङ्गत हुने देखिन्छ । आकाश छुने जटा, लटा र झाँक्रोको विशेषताले स्वयं रुद्रावतार (व्योमकेश, शिखीसख,

जटाजुट, जटाधारी आदि) सम्बोधित हुने परम्पराअनुसार टुपीको ठाउँमा धामीको शिरमा असाधारण लट्टो र झाँक्रीको झाँक्रो हुने चलन छ । सुनचाँदीले ठाउँ-ठाउँमा बाँधिएको लट्टो, टोपीको सट्टा विशेषता व्यक्त गर्ने पगरी, माथि निधारबाट नाकको टुप्पोसम्म पुग्ने गरी लगाइएको सिन्दुर, कानमा पिङ खेल्ने सुनका गहना तथा काँप्ता झङ्गारित हुने कुहिनासम्म पुग्ने चाँदीको मर्दाना बालाले सजिएको धामी रुद्रावतारको शृङ्गारप्रियताको (नानालङ्गारभूषिता) स्थानीय भेषधारणा मान्न सकिन्छ ।

उल्लिखित जिमराडीको धामीले आफू र महाकाली एकै समयमा शिवजीको जटाबाट प्रकट भएको भनी गर्ने बरवान (बयान) ले दक्षयज्ञ र वीरभद्रको पौराणिक पक्षको स्मरण गराउँदछ र त्यसैले दुर्गालाई बहिनी र आफू बाह्रभाइ मान्ने मस्टो वीरभद्रको गन्ती गर्दा एकादशरुद्रसहित बाह्र हुन्छ । भगवान् शिवका प्रसिद्ध ज्योतिर्लिङ्गको सङ्ख्या पनि बाह्र नै छ । त्यसका अतिरिक्त दक्षप्रजापतिको छिन्न गर्धनमा उल्टो जोडिएको बोकाको टाउकोको क्रोधपूर्ण स्मरणमा दाह्रेमस्टोको धामीले उत्तानो पारी दाँतले घाँटी काटी बोकाको तातो रगत पिउने चलन बसेको पनि हुन सम्भव छ । त्यस्तै स्वर्गारोहणका क्रममा उत्तराखण्ड पुगेका पाण्डवहरू केदारेश्वरको दर्शन गर्न भगीरथ प्रयत्नमा लागेका देखी गोत्रहत्याराहरूलाई दर्शन दिन अनिच्छुक नाथ अनुचरसहित राँगोको बथानमा परिणत हुँदा रुद्रांश वायुपुत्र भीमको युक्तिअनुसार चारभाइले राँगाहरू लखेट्ता एकबाहेक अरू सबै गोरेटोको वारिपारि फैलाएका टाङमुनि छिरी भागे र नभाग्नेलाई चिनी पाण्डवहरूले छुँदा ज्योतिर्लिङ्ग केदारेश्वरको शरीर महिषाकार शिलामा र शिर नेपालका आराध्यदेव पशुपतिनाथको मूर्तिमा क्रमशः परिणत र प्रकट भएको सत्यको सम्मान र स्मरणमा राँगोलाई केदारपुत्र मान्ने र राँगो बलि नचढ्ने हुँदा मस्टोपूजित क्षेत्रमा पशुधन विशेषतः राँगा, भैँसी मस्टोका नाउँमा पालिन्छन् । अन्नबाली र

पशुधनको अधिष्ठाता मानिने मस्टोलाई नयाँ अन्न (न्वागी) चढाउने, चोख्याउँदा नौनीको धूप हाल्ने र विशेष अर्वपर्वमा भोगका लागि सम्वन्धित क्षेत्रमा दूध, दही र घ्यू अनिवार्य रूपमा उठाउने प्रचलनका साथसाथै त्यसप्रकार पालिएका पशुधनको धिनाली पानी (दूध र दही) नवेच्ने र अरू गोरस पनि तथाकथित तल्लो जात र पर सरेकीलाई नदिने कडा प्रतिवन्ध कायम छ ।

मस्टो खसप्रदेशको घरघरमा कुलदेवता र स्थानविशेषमा क्षेत्रपालका रूपमा पूजित अर्धाङ्गिनी नभएको पुरुषदेवता हो । पाकिस्तान, भारत र नेपालको उत्तर-पहाडी क्षेत्रलगायत कम्बोडियासम्मको उत्तर मोन (मङ्गोल) र दक्षिण खमेर (खस) बस्ने भूभाग बृहत् खसक्षेत्र ठहर्ने अनुसन्धानात्मक खोज र निष्कर्षहरू उपलब्ध हुन लागेका भए तापनि प्रस्तुत पुस्तिकाका सन्दर्भमा कास्मिरदेखि कुमाउँसम्मको भारतीय पहाडी प्रदेश, महाकालीदेखि त्रिशूलीसम्मको नेपाली पर्वतीय खण्ड र सिँजा साम्राज्यअन्तर्गतको हाल तिब्बतमा पर्ने खारी प्रान्तलाई खास खसप्रदेश मान्दा उद्देश्य र आशयमा फरक नपर्ने देखिन्छ । अरू शाखा र उपशाखाहरू पूर्व सिन्धु-गङ्गातट पुग्ने वेद-उपनिषद्को रचना, वर्णाश्रमको व्यवस्था तथा संस्कारहरूको पालनाका दृष्टिवाट आफूलाई विशिष्ट र अरूलाई तल्लो ठान्ने आर्यसमुदायलाई उछिन्ने प्रयासमा युनानी सिदियनका छिमेकी कृष्णसागरको (क्यास्पियन) आसपास बसोबास गर्ने आर्यशक (कश, खस) वंशीय राजा शालिवाहनले शक सम्वत् फिराए । त्यस्तै उल्लिखित शाखा कश (कुशान) शिरोमणि कनिष्कको समयमा सनातनी हिन्दू आचार, विचार, संस्कारको पुनरुत्थानकारक अभियान सुरु भयो र यस क्रममा विशेष रूपमा सुसंस्कृत खस, सनातनी क्षत्रीभन्दा पनि ठूला खस क्षत्री (ठकुरी) र बाँकी साधारण खस क्षत्री सम्मानपूर्वक सम्बोधित हुन लागे । बाहुन र ठकुरीले अरू क्षत्रीलाई खस भन्ने र ओठे जवाफमा सो जातकाले बाहुनलाई काठा

(प्रेतसम्बन्धी दान खाने कठशास्त्र पढ्ने) र ठकुरीलाई कुसुन्डा (कुशान) भन्ने, तल्लो जातले अनुपस्थितिमा ठकुरी र क्षत्री दुवैलाई खस भन्ने, तराईका बानियाँहरूले सबै पहाडीहरूलाई खसिया र तिनको क्षेत्रलाई खसियान भन्ने र हिउँदमा पहाडबाट मधेस झरी पहाडियाहरूले गर्ने बन्जब्यारको मोशेमलाई खसियारी भन्ने जनस्तरीय प्रचलनका आधारमा पनि सम्पूर्ण पश्चिम नेपालको पहाडी प्रदेश खसप्रदेशको अभिन्न भाग हो । यसै क्रममा काठमाडौँ उपत्यका लगायत पूर्व किराँत प्रदेशमा आक्रमण गर्ने उल्लिखित क्षेत्रका नागवंशी मल्ल राजाहरूलाई वंशावलीले खस मल्ल भनेको र सोही भनाइअनुसार आधुनिक खोजकर्ता र इतिहासकारहरूले पनि जुम्ली महाराज सिँजापतिलाई खसिया मल्ल मान्ने चलनको ऐतिहासिक सान्दर्भिकता सबैको सामु खडा छ ।

सूक्ष्मरूप अथवा वायुरूपमा देवता प्रवेश गरी वा गराई मानिसको शरीरलाई माध्यम बनाई फलाक्ने प्रक्रिया या त मन्त्रबलका आधारमा या स्वतः शक्तिपातको सिद्धान्तमा सर्वत्र अडेको पाइन्छ । अधिराज्यको प्रसिद्ध तलेजु (तुलजा) लाई कन्यामा आह्वान गरी देवी कुमारी बनाई श्री ५ महाराजाधिराजले पनि टीका थाप्नुपर्ने र नुवाकोटस्थित प्रसिद्ध संहार भैरवीलाई बज्राचार्य पुजारीले मन्त्रबलका आधारमा शरीरमा प्रवेश गराएपछि धामीले गरेको फलादेश गोप्यरूपमा राजदरबारमा जाहेर गर्ने अटुट प्रथा कायम छ । यसै क्रममा मानिसमा आवाहित भद्रकाली, पचलीभैरव आदिसँग १२-१२ वर्षमा राजाले खड्ग साटासाट गरी खड्गसिद्धि गर्नुपर्ने परम्परा मर्यादित छ । झाँक्री तथा गुरुवाजस्ता मन्त्रबलका आधारमा देवता चढाउने अनेकौँ प्रकारका प्रथा र प्रक्रियाहरू यसै क्रममा सान्दर्भिक हुने देखिन्छन् ।

मन्त्रबलविना स्वतः शरीरमा चढ्ने देव शक्तिपालका सिलसिलामा विभिन्न देवी-देवताका नामधारी शक्तिमाता देउती,

भगवती आदिको अधिराज्यभरि जनस्तरमा व्यापक चलन देखिन्छ । रुद्रावतार, 'दुष्टभूत निसेवित' पनि हुँदा भूत, प्रेत, पिशाच र अन्य अवान्तर र वायुदेवताहरूलाई आफ्नो सानवान (साधनवाहन) मान्ने र नियन्त्रण गर्ने मस्टोको अनुसरणमा उल्लिखित गणहरू पनि आ-आफ्नो धामीमा चढ्दा स्वयं आफूलाई भूत र पिशाचले राकस (राक्षस), प्रेतले काँचो वायु र पितृले वायु भन्ने व्यापक प्रथामा जनविश्वास पनि रहेको छ । यसै प्रसङ्गमा तिब्बती खाम भाषा बोल्ने खारी प्रदेशको धामीमा चढ्ने वायुदेवतालाई पनि उल्लेख गर्न सकिन्छ । सङ्क्षेपमा जनस्तरमा रहेको यस प्रकारको विश्वासलाई झन् बढी पुष्ट्याइँ पुग्ने गरी डडेलधुराको प्रसिद्ध घटाल देवता आफूलाई भीमपुत्र घटोत्कच घोषित गर्छन् भने भोटको बाटो खोल्ने मस्टोस्तरीय बभाङ्गी वीर लाँगो (नागो) देवतालाई कुनै पराक्रमी नागो योगीको वायुरूपी देवात्मा मान्नु बढी तर्कसङ्गत सावित हुन्छ । यसै क्रममा निराधार आरोप खप्न नसकी आत्महत्या रोज्ने रणध्वज शाह नै श्री ५ महाराजाधिराजको वायुदेवता भएका र सो देवताका धामी (धमला) पनि श्री ५ कै भैयादमध्येका धादिङ ज्यामरुङ निवासी चौतरिया हुने परम्परा यस क्रमको ऐतिहासिक तथ्य हुनुका साथसाथै वायुदेवतासम्बन्धी प्रचलनहरूको प्रतिनिधित्व गर्ने घतलाग्दो घटनाक्रम पनि हो । मस्टोले आफूलाई सत्ययुगी वायु अथवा वीरभद्र घोषित गर्ने परम्परा भए तापनि बभाङ्गी दाह्रेमस्टो आफूलाई मनडालीबाट जन्मेको इन्द्रपुत्र मान्दछ । 'इन्द्रका पुत्र गोसाइँ (स्वामी) मनडालीका जाया (जन्मेका)' यस उपाख्यानअनुसार कुशा भट्टले जालन्धरबाट झोलीमा बोकी ल्याएको मस्टोदेवता ढाडे वनबिरालो वा त्यसै प्रकारको मिल्दोजुल्दो चारखुट्टेका रूपमा गोठको दूधदही चोरी खान पल्किँदा गोठालाहरूले भाग्न नपाउने गरी चारैतिरबाट घेरी चुटेर मार्न खोज्दा पशुरूपी मस्टो बज्रपातसरह जमिनमा घुस्यो । त्यही ढँडार नै बभाङ्गी मस्टोको मुख्य थलो मानिन्छ र बभाङको

वर्तमान नामकरण पनि त्यसै बडभाँझरबाट भएको अड्कल लगाउन पनि सकिन्छ । ढँडार दाह्रेमस्टोले अष्टबाहु बराह मस्टोको पनि प्रशस्ति धारण गर्छ । विश्लेषणात्मक रूपमा विचार गर्दा बराह र इन्द्रको प्रतीकात्मक प्रयोग भएको मान्नु बढी तर्कसङ्गत सावित होला । कैलाशपति शिव कैलाशेन्द्र मानिने र पृथ्वीलाई कमलको फूलसरह काँधमा उठाई उद्धार गर्ने बराह अवतार वीरताको उपयुक्त प्रतीक व्यक्त हुने क्रममा मस्टो आफूलाई वीर, बराह, डाडो, वायु आदि भन्ने गर्छ । अछाम र बझाङमा उल्लिखित र प्रचलित मस्टोका कथाहरूमा वनडाली र मनडाली तथा विजा भट्ट र कुशा भट्टको प्रसङ्ग पनि मिल्दोजुल्दो देखिन्छ । अष्टबाहु, दाह्रेमस्टो रुद्रगणभित्रकै हुनु बढी युक्तिसङ्गत देखिन्छ । जे होस्, महाभारतको कुरुक्षेत्र, दक्षप्रजापतिको यज्ञ भङ्ग भएको कनखल, प्रसिद्ध ज्वालामुखी पीठ रहेको पठानकोट र प्रसिद्ध पतिव्रता वृन्दापति जालन्धर राक्षस, शिवसंहारित पार्वती आसक्त जालन्धर वीरपुरुष, चमत्कारी योगी जालन्धरीनाथ तथा जालन्धरी राजा जुम्ला सिँजापतिसँग आबद्ध जालन्धर (काँगडा उपत्यका) मस्टोको प्रसङ्गमा बढी वर्णित हुन्छ । वैश्वानर ज्वालाका कारणले पनि प्रख्यात भएको उल्लिखित काँगडाको ज्वालामुखीकै हाराहारीमा उभिने दैलेख र मुस्ताङका ज्वालाजीका अतिरिक्त मल्लिकार्जुन (दार्चुला), मल्लिका गिरी (मालिका), खेचरी पर्वत (खप्तड), कैलाश तथा मानसरोवरसँग आत्मीय र भौगोलिक जीवन वृत्तान्त वर्णन गर्ने मस्टोदेवता साधारणतया कल्याणकारी मानिने भए तापनि पीडित, दीनदुःखीको पुकार सुनी अन्यायी र अत्याचारीमाथि जाइलागी बिगार पनि गर्छ भन्ने जनश्रुति व्यापक रहेको छ । यसप्रकार गरिने पुकार धुयाग्री (रुनु-धुनु) र धुयाग्रीअनुसार देवता लाग्ने काम लागुभागु मानिने स्थानीय प्रचलन छ । देवता लगाउने (धुयाग्री गर्ने) र लाग्ने दुवै थरीले धामीले भनेअनुसार देवता नमानेसम्म बिगार हुन बन्द हुँदैन

भन्ने जनविश्वास रहेको पाइन्छ । यसप्रकार अवस्था र स्थितिअनुसार धुयाग्री सुनी लाग्ने मस्टोदेवता कुनै मन्त्रबल तथा आह्वानको अपेक्षा नराखी र प्रतीक्षा नगरी सोझै धामीको (धामप्रमुख) आङमा चढ्छ र भयङ्कर कम्पनका साथ काम्न थाल्छ जसलाई अछाम र बझाङमा बखान काट्नु (वर्णन गर्नु) र जुम्लामा पतर्नु (बरबराउनु) भन्ने चलन छ । यसप्रकार रोगव्याध गर्दा, भूतप्रेत र बोक्सीको दोहलो झार्दा तथा अरू सामान्य भविष्यवाणी गर्दा साधारण स्थानीय व्यक्तिहरूले पनि बुझ्न नसक्ने प्रतीकात्मक भाषामा दर्दसूचक ऐया ! ऐया ! ओहो ! आदिसँग मिल्दोजुल्दो अह ! अह ! शब्दको अहङ्कारलाई जोरजोरसँग भट्याई भयङ्कर रूपमा काँप्तै उफ्री-उफ्री नाच्न र धमर्को गर्न थाल्छ । यसैलाई धम्यौल भन्ने चलन छ । धम्यौल गर्दा चढेको देवताले धामीलाई डाँगर (भारी बोक्ने पशु डिङ्गर वाहन) भन्ने, भैरवको बाहन भाले कुकुर डाँगो भनिने, काठमाडौँको इन्द्रयात्रामा इन्द्रकी आमाको स्वाङ गर्ने मानिस डाँगी बोलाइने र मरेको पशु डिङ्गो ठहरिने भाषिक प्रयोग उल्लिखित प्रतीकात्मक भाषाको प्रतिफल र खस भाषाको प्रमाण मान्न सकिन्छ । यसैअनुरूप खसप्रदेशबाट किराँतमा बसाइँ सरेका जातजातिहरूमध्ये मुख्य तथाकथित तल्लो जातका मात्र त्यहाँ धामी हुने र यो चलन तल तराईको धिमाल क्षेत्रमा झर्दा गाउँले देवताका पुजारी धामी कहलाउने मान्यता कायम भएको पाइन्छ । धामीले आङमा चढेको देवताको हाउभाउ, नाच र कम्पनसँग सुरताल मिलाई बाजा बजाउने बाजे ध्यौल्या र त्यस प्रकारको अति फुर्तिलो नृत्यप्रधान सङ्गीत सुर धेउल (धैवत, पञ्चम सुरपछिको छैटौँ) भनिने र मानिने प्रख्याति छ । मङ्गलसूचक नौमती र पञ्चेबाजाको अतिरिक्त धम्यौलमा अनिवार्य ठानिने र एक हातमा समातिएको गजा र अर्को हातको हत्केलाले पश्चिमी नेपालमा बजाइने ढोल (धोल) खस प्रभावस्वरूप धिमाली भूभाग पुग्दा उल्लिखित धामी-ढोल अथवा धिमाल-ढोलमा

नामकरण हुन गई काठमाडौँ उपत्यकामा प्रवेश गर्दा धिमा या धिमे बाजाका रूपमा प्रसिद्धि पाइरहेको छ ।

परेमा जहाँ पनि र साधारणतः अर्वपर्वमा आफ्नै माडौँमा धम्यौल गर्ने मस्टोको मन्दिर छाने र शिखरशैलीभन्दा फरक खुला आकासे र कलात्मक मूर्तिविहीन हुन्छ । त्रिशूल, फलामे गुर्जा, फलामे पिङ, साधारण शिला, धम्यौल गर्दा बस्ने अग्लो काठको पाट वा गादी (गद्दी) र नाच्ता आवश्यक पर्ने फराकिलो चौरबाहेक अरू सजीव सजावटको सर्वथा अभाव झल्किन्छ । पूजामा विधिविधानको सरलता र मन्दिरमा कलात्मक वास्तुकलाको अभाव देखिने भए तापनि खसप्रदेशमा मस्टोसम्बन्धी प्रचलित मान्यता र परम्पराहरूबाट नेपालको सांस्कृतिक, धार्मिक र भाषिक क्षेत्रमा परेको सृजनात्मक प्रभावको परिणामस्वरूप दर्दपिशाचीको छिमेकी खस बोली आज राष्ट्रभाषामा विकसित भएको, धम्यौलको धेउल नृत्यप्रधान फुर्तिलो सङ्गीत धमारी, भ्याउरे आदिजस्ता लोकसंस्कृतिमा सँगालिएको तथा धामी प्रथा राष्ट्रिय स्तरभन्दा बढी जनस्तरमा व्यापक र विश्वासिलो मानिदै रहेको सामाजिक र ऐतिहासिक सत्यको विश्लेषण-मूल्याङ्कन र अनुमानका आधारमा भन्दा अनुसन्धान र खोजका आधारमा गरिनुपर्ने खाँचो पूर्तिका दिशामा प्रस्तुत पुस्तिका पछिका पुस्ताहरूका लागि प्रेरक पाइला ठहर्ला भन्ने आशा र विश्वास गुठी संस्थानले राखेको छ । सदा स्मरणीय लेखकप्रति श्रद्धाञ्जली र पुस्तिका प्रकाशनमा हर प्रकारको सहायता जुटाउने सबै सहयोगी मित्रहरूमा धन्यवाद अर्पण गर्न पाउने यो मौका पाएकोमा आफूलाई गौरवान्वित ठानेको छु ।

– रामबहादुर रावल
अध्यक्ष : गुठी संस्थान

खसबाहुनका कुलदेवता मस्टो हेर्दा

नेपाली लोकसंस्कृति, इतिहास, पुरातत्त्व र साहित्यका क्षेत्रमा निकै ठूलो योगदान दिने साधक कुलचन्द्र कोइरालाबाट लिखित 'नेपाली खसबाहुनका कुलदेवता मस्टो' पुस्तकको दोस्रो संस्करण प्रकाशित हुन लागेकोमा अधिकतर नेपालीहरूका कुलदेवता मानिने मस्टोका विषयमा चर्चा गर्न, आजको सन्दर्भमा प्रस्तुत पुस्तकको उपादेयतामाथि प्रकाश पार्न र भूमिका पनि लेख्न यी हरफ टङ्गण गरिँदैछन् ।

मनोरञ्जन, शिक्षा वा उपदेश, लोकमङ्गलको कामना र सामाजिक परम्पराको प्रस्तुतिका निम्ति व्यवहारमा ल्याइने लोकसंस्कृतिमा लोकज्ञान वा लोकभावनाको प्राधान्य, सामूहिकता, सामाजिक संरचनाका आधार, सरलता, गतिशीलता, मौलिकता, हार्दिकता, अनुशासन, जीवनमूल्य जस्ता गुणहरू पाइने हुनाले धार्मिक, सांस्कृतिक, ऐतिहासिक, भौगोलिक, सामाजिक, भाषिक, वैज्ञानिक, आर्थिक, राजनीतिक, मनोवैज्ञानिक, मानवशास्त्रीय, समाजशास्त्रीय दृष्टिले यिनको महत्त्व र उपयोगिता रहेको हुन्छ । अचेल जातीय पहिचानका पुरातात्त्विक आधारहरू लिखित दस्तावेजहरूमा नपाइएका खण्डमा र तिनको प्रामाणिकता सिद्ध गर्नुपर्ने अवस्थामा यस प्रकारका स्रोतको अध्ययनबाट सत्यतथ्य पत्ता लगाउने प्रवृत्ति बढ्दै गएको परिप्रेक्ष्यमा यिनको महत्त्व र उपयोगिता स्वतः थाहा पाउन सकिन्छ ।

यति ज्यादा मूल्यवान् सामाजिक सम्पदाको संवाहक सामान्य अवस्थामा रहने लोक नै हो तर त्यसैलाई सामाजिक दृष्टिले पछिल्लो अनुक्रममा राखिँदै आएको छ । यसो हुनु राम्रो होइन । त्यसले

बचाउँदै ल्याएको वैभव हालका दिनमा तीव्र गतिमा लोपोन्मुख बन्दै गएको छ । देश र जनताको यस अमूल्य धनमा पहिचान लुकेर रहेको हुन्छ र निजत्वका आधारहरू घनीभूत रूपमा एकाकार भएका छन् । सही अर्थमा उन्नति गर्न चाहने व्यक्ति, परिवार, समाज वा देशले आफ्नो मूलभूत पहिचानलाई जोगाउँदै समयसापेक्ष रूपमा अघि बढ्ने काम गर्दछ । मान्छेको शिरमा रहेको बुद्धिको बायाँ भागमा तर्क र दायाँ भागमा भावना रहेको कुरा विज्ञहरू बताउँछन् । यी दुवै पक्षको सन्तुलन मिल्न सक्यो भने मात्र उन्नति हुन्छ भनिन्छ । एउटा पक्षमा मात्र लाग्यो भने पूर्ण उपलब्धि हासिल हुन सक्तैन । महान् वैज्ञानिक आइन्स्टाइनको सफलताको कारण चिन्तन, परीक्षण, गम्भीर अध्ययन र अनुभव तथा प्रमाणसिद्ध अनुसन्धान मात्र नभएर सङ्गीतप्रतिको आकर्षण पनि हो भन्नेहरू धेरै छन् ।

प्राचीन कालमा यज्ञाग्नि प्रज्ज्वलनका लागि विशेष मन्त्र पाठ गरिन्थ्यो । दीपकरागको गायनबाट बत्ती बल्ने, निश्चित खालका सङ्गीत सुनाउँदा वनस्पतिले असमयमै फलफूल दिने र हिंसक जनावरहरूलाई काबुमा राखिने परम्परा आज किंवदन्ती भइसकेको छ, तापनि त्यसमा सत्यको अंश छँदै छैन भन्न गाह्रो पर्दछ । मिश्र देशका बासिन्दा पुर्खालाई नबिर्सेको, पुर्खाहरूले गर्न नभ्याएका सत्कार्य पूरा गरेको र समयको परिवर्तनसँगै विकसित भएका मूल्य र मान्यताहरूलाइ अनुकूल हुने गरी अङ्गीकार गरेकाले नै आजको गौरवपूर्ण समुन्नति प्राप्त भएको कुरा बताउँछन् । अतीत बर्सेर न इतिहास बचाउन सकिन्छ, न संस्कृतिको संरक्षण गर्न सकिन्छ, न आत्मसन्तोष हुन्छ, न आफ्नोपन जोगिन्छ, न समुन्नति नै हुन्छ । एउटा मात्र होइन अनेकौँ कारणबाट वर्तमानको गति र प्रगतिको आधार अतीत हो ।

भारतीय उपमहाद्वीपका ऐतिहासिक महत्त्वका ठाउँमा आफ्नो प्रभाव जमाउन प्राचीन कालको अध्ययन-अनुसन्धानको परम्परा र

गुरुकुल शिक्षापद्धति विस्थापन नगरेसम्म सम्भव नहुने देखेर सुनियोजित ढङ्गबाट वैदिक-पौराणिक परम्पराका उपलब्धिहरूलाई जङ्गली, असभ्य, तत्त्वहीन र निरर्थक भन्दै अङ्ग्रेजी शिक्षापद्धतिको व्यापक प्रचारप्रसार गरिएको थियो । पूर्वीय सभ्यताअनुसारको गुरुकुल शिक्षापद्धतिमा ज्ञान, विज्ञान, योग र अध्यात्म जस्ता सर्वतोमुखी व्यावहारिक शिक्षाको समन्वय थियो र जीवनलाई सार्थक तुल्याउने चेतना अभिवृद्धि गर्ने उद्देश्य अन्तर्निहित थियो । पूर्वीय संस्कृतिका अनुयायीहरूले शिक्षा क्षेत्रको आफ्नो धरातल अर्थात् गुरुकुल पद्धति जहाँनेर छोडे, त्यहींनेर सांस्कृतिक-सामाजिक प्रदूषण भित्र्याउने क्रम सुरु गरेका हुन् । अझ त्यहींदेखि पुर्खा बिर्सन, खुट्टा टेक्ने ठाउँ भत्काउन र उपलब्धिपूर्ण अतीत ध्वस्त पार्न थालेका हुन् ।

इतिहासबाट पाठ सिकेर जीवन भोग्नु बुद्धिमानी हुन्छ, इतिहास दोहोऱ्याउनु बुद्धिमानी हुँदैन । धर्ती बिर्सियो, इतिहास बिर्सियो, पुर्खा बिर्सियो र समाज बिर्सियो भने टेक्ने र समाउने आधार समाप्त हुन सक्तछ र व्यक्ति सम्पूर्ण हिसाबले नासिन सक्तछ । पुर्खाले गरेका सत्कार्यको निरन्तरता र गर्न नसकेका सपनाहरू साकार पार्न सकियो भने इतिहासका जगमा सुन्दर वर्तमान बनाउन सकिन्छ । यसो भन्नुको आशय अतीतका साराका सारा चलन र परम्परा राम्रा छन् र तिनको यथावत् अनुसरण हुनुपर्दछ भन्नेचाहिँ होइन । समाजको उन्नतिका बाधक चलन त तत्काल हट्नुपर्दछ, तर युगौँदेखि उत्तम मानिएका मूल्य र मान्यताको जगेर्ना पनि सँगसँगै हुनुपर्दछ ।

आफूले पाएको, भोगेको र आफूसित भएको सम्पत्तिको मूल्य सामान्य अवस्थामा थाहा हुँदैन । खुट्टा कति लाभदायक छ र त्यसको उपयोगिता कति छ भन्ने कुराको ज्ञान सद्दे खुट्टा भएको व्यक्तिलाई तब मात्र हुन्छ, जब काँडा बिभ्दछ, खुट्टा टेक्न नसकिने अवस्था आउँछ वा खुट्टामा चोट लाग्दछ । जुत्ताको अभावका काँडा बिझे

पनि हामीसित अझै खुट्टा बाँकी छन् । खुट्टा नै नरहेका खण्डमा जतिसुकै राम्रा जुत्ताको सार्थकता हुँदैन । आजको भौतिकवादी आचार-व्यवहारले व्याप्त सांस्कृतिक-सामाजिक जीवनमा पहिचानका समस्त सूत्रहरू टुटेर इतिहास हराउने क्रम दिनानुदिन बढ्दै गइरहेको छ । बाह्य वातावरणमा छाएको धूलोधूवाँ र आवाजको प्रदूषणले मानव-जीवनमा जसरी हानि पुऱ्याइरहेको छ । त्यसभन्दा ज्यादा हानि आज समाजमा बढिरहेको सांस्कृतिक प्रदूषणबाट भइरहेको छ । परिवार, समाज र देशको इतिहास निर्माण गर्ने आजको पुस्तामा देखापरेको यो प्रदूषण हटाउन पनि जाति, समाज, क्षेत्र तथा देशको पृष्ठभूमिसहितको साहित्य लेखिनु आवश्यक छ । मस्टोदेवता पुज्ने परम्पराका पछाडि यस्तै अनेकौँ अनुकूल आधारहरू छन् । अवलम्बनीय मानिने त्यस प्रकारका आधारको संरक्षण गर्नु जरुरी छ । त्यसैले पनि प्रस्तुत पुस्तक मूल्यवान् बनेको हो । परम्परादेखि चल्दै आएका सबै चालचलन, व्यवहार, क्रियाकलाप, चाडबाड, विधि-प्रविधि अन्धविश्वास मात्र हुँदैनन् । तिनको गहिरो अध्ययन भयो भने अनेकौँ लोककल्याणकारी तत्त्व तिनमा पाइन सक्तछ । ओखतीमुलो, इन्जिनियरिङका विविध पक्ष, कृषिप्रविधि, वन संरक्षणका उपाय, जलाधारका स्रोतहरूको दीर्घकालिक उपयोग, सांस्कृतिक सम्पदाको ज्ञान, सामाजिक मूल्यको चिनारीसमेतका थुप्रै पक्षमा आज गम्भीर वैचारिक मन्थन गर्नुपर्ने बेला आएको छ । अर्कातिर जीवनमा अवलम्बन गर्नुपर्ने परम्परागत आचारविचारका कुरातिर पनि वैज्ञानिक आधारमा र प्रामाणिक रूपमा सिद्ध गरेर समयसापेक्ष हिसाबबाट ध्यान पुऱ्याउनु जरुरी छ । 'जान्नेलाई चन्दन, नजान्नेलाई खुर्पाको बिँड' भनेजस्तै चन्दन र खुर्पाको बिँडका बीचको अन्तर खुट्याउनु पनि आज आवश्यक भएको छ । लामो नदी र अग्लो पहाडलाई ऐतिहासिक महत्ता, सभ्यताको प्राचीनता, धार्मिक विशिष्टता र सांस्कृतिक गरिमाको प्रतीक मानिन्छ । लामा नदीका

धारिला ढुङ्गा खिइँदै गएर लोहोरो, लोहोरोबाट शालग्राम र शालग्रामबाट शिवलिङ्गजस्ता चिप्ला र आकर्षक बन्दछन्, किनभने प्रवाहको लम्बाइ र निरन्तरताको सुदीर्घ शृङ्खलाले सामान्य स्तरलाई असामान्यमा परिणत गर्दछ । लामो परम्परा र संस्कृतिका पनि यस्तै विशेषता हुन्छन् ।

हालका दिनमा क्षेत्रीय, जातीय, सामाजिक र सांस्कृतिक परम्पराको पहिचान प्रस्तुत गरी आआफ्नो उपस्थिति र अभिरुचि राष्ट्रनिर्माणका कार्यमा देखाउने उत्साह धेरैतिर र धेरैमा बढेको देखिन्छ । कसैकसैले यस कार्यलाई क्षेत्रीयता, सङ्कुचितता, साम्प्रदायिकता, जातीयता, सीमित सोचको द्योतक र विखण्डनकारी मान्यताका हिसाबमा अर्थ्याउने गरेको पनि पाइन्छ तर मलाई भने त्यस्तो लाग्दैन । यस्तो शक्तिलाई सकारात्मक मार्ग, रचनात्मक दिशा र प्रगतिशील पथमा लैजाने हो भने यसले ज्यादै आकर्षक परिणाम ल्याउन सक्तछ र देशको विकासमा सशक्त मद्दत पुऱ्याउन सक्तछ भन्ने कुरामा म विश्वस्त छु, किनभने यसले समाजमा लुकेर रहेको शक्ति, सामर्थ्य, इतिहास, परम्परा, पहिचान र मनोबललाई मुखरित गर्दछ र राष्ट्र एवं समाजप्रतिको जिम्मेवारी बोधमा हौस्याउने काम गर्दछ । यस्ता कार्यलाई गलत अर्थमा नमोडेर सांस्कृतिक-सामाजिक चेतनाको विकास भन्नु उपयुक्त हुन्छ ।

म यस पक्षमा सूक्ष्म जानकारी राख्ने क्षमताको व्यक्ति होइन । यस विषयको मेरो ज्ञान सामान्य स्तरको नै छ । त्यसो भए तापनि जातीय सभ्यता, इतिहास, वंशावली, संस्कृति, परम्परा, कला र मान्यताप्रति जिज्ञासा राख्ने बानी भएकाले अलिकति सुनेका, केही मात्रामा देखेका-भोगेका र अलिकति बटुलेका कुरामा आधारमा म यहाँ बोलिरहेको छु ।

भगवान् शङ्करको परिवारमा रहनेहरू एक-अर्काको ज्यान लिने व्यवहार भएका छन् तर तिनीहरू एउटै परिवारमा ज्यादै घनिष्ट

सम्बन्ध राखेर बस्तछन् । भगवान् शङ्करको वाहन नन्दीलाई देवी पार्वतीको वाहन बाघले भेट्टाएसम्म आहार बनाउँछ । त्यसै गरी कार्तिकेय अर्थात् कुमारको वाहन मयुरले भगवान् शङ्करको अलङ्कारका रूपमा रहने सर्पलाई भेट्टाएसम्म लखेटेर मार्दछ । यसै गरी भगवान् शङ्करका तिनै अलङ्कार गणेशको वाहन मूसोलाई पाएसम्म स्वादिष्ट भोजन मानेर खान्छन् । यस्तो विषम अवस्था हुँदाहुँदै पनि ती सबै एउटै परिवारका अभिन्न सदस्य बनेर बस्तछन् । सामान्य घरपरिवारभित्र रहँदा-बस्ता रुचि र आकाङ्क्षा भिन्न भए पनि शान्ति, संयम, सहयोग, मित्रता कायम गरेर पारिवारिक संरचना नबिग्रने गरी बस्नुपर्दछ भन्ने सन्देश विशाल कैलास दरबारमा बस्ने भगवान् शङ्करका कथा तथा चरित्रका किंवदन्तीहरूले दिन्छन् । परम्पराबाट सिक्नुपर्ने पाठ यस्तै हुन्छ । प्रतीक, बिम्ब, आशय, दृष्टान्त र सङ्केत बुझेर तिनको अर्थ जान्नु आवश्यक हुन्छ । मस्टो पुज्ने चलनका पछाडि पनि यस्तै अनेकौँ गूढ अर्थहरू रहेका देखिन्छन् ।

कुनै वस्तु नासियो, मासियो, बिग्रियो, रोगव्याधिले सतायो, अतिवृष्टि, अनावृष्टि, अनिकाल, सलह, महामारी, भूकम्प, बाढी, पहिरो, अकालमृत्यु जस्ता अनिष्टहरू आइपरेमा देवीदेवता रिसाएको ठान्ने र खुसी पार्न स्तुतिभक्तिका स्तोत्र पाठ गर्ने, भाकल गर्ने, पूजापाठ तथा धूपदीप, आगोसप्को गरी पीडामुक्तिका उपाय अपनाउने चलन देवताप्रतिको विश्वासकै सन्दर्भमा चलेका हुन् । त्यसै गरी कुनै वस्तुको प्राप्ति, विवाह, सन्तति जन्म, दुर्घटनाबाट त्राण, विशेष सफलता, रोगमुक्ति, शोकमुक्ति, कीटपतङ्ग तथा हिंसक जन्तुको आक्रमणबाट बच्न सकेको अवस्था र सुख एवं सन्तोषका घडीमा आयोजना गरिने अनुष्ठान वा चाडबाडलाई पनि देवीदेवताकै आशीर्वादको परिणाम मानेर स्तुतिभक्तिका फाग गाई धूपधुवाँर तथा मिष्ठान्न चढाई पूजापाठ गर्ने चलन चलेको हो ।

भूत, प्रेत, धामी, झाँक्री, बोक्सा, बोक्सी, डाइनी, पितृ, वायु, मैठ, सर्ग्याम, मुन्धुम, समैजी, नाग, गुरुवा, देवताबाजे, देवतीबज्यै, मसानी, भुमे, खोले, खायामाङसहितका जातजातिअनुसारका विभिन्न देवीदेवता, भूतप्रेत वा पितृहरूको पूजा दुःखकष्ट वा सुखसयल दुवै अवस्थामा मानव-समाजमा गरिँदै आएको पाइन्छ ।

कुलको नायक बनेर वंशवृक्षको रक्षा गर्ने मस्टोदेवता दैवी शक्तिका सर्वोच्च सत्ताचाहिँ होइनन् । यिनलाई केही स्थानीय देवी-देवताका स्वामी र केहीको समान स्तरमा आउने मित्र भनिन्छ । मस्टो भनेका स्थानीय देवता हुन् । मस्टो शब्दले प्रमुख, मुख्य, उच्च, पहाडको चुचुरो, दैवी शक्तिको सेनानी, अलौकिक दैवी शक्ति, कुलको उच्च तहमा बसेर ऋद्धि, सिद्धि तथा संरक्षण दिने देवता, विशेष शक्ति र सामर्थ्यले सम्पन्न र अलौकिक चमत्कार देखाउन सक्ने गणदेवता, हिमाली देवता, महादेव र भवानीपछि आउने र कुलदेउका नामले चर्चित स्थानीय दैवी शक्ति, सिद्ध र भैरव दुवै रूपमा पुजिने स्थानीय देवता, शैव र शाक्तपछिको शक्तिशाली रैथाने देवता जस्ता विविध अर्थ जनाउँछ । कुलको प्रमुख संरक्षक देवता मानिने हुँदा यसलाई प्रमुख वा मुख्यका अर्थमा पनि लिन सकिन्छ । मस्टोलाई कुलको सर्वोच्च स्थानमा राखिने र सुखदुःखका प्रत्येक अवस्थामा पुजिने हुनाले यिनलाई उच्च अर्थले पनि जनाउँछ । यिनका माडौँ वा स्थानहरू पहाडका चुचुरा, देउराली वा थाम अर्थात् अग्लो भागका समथर भूमिमा रहने हुनाले पहाडको चुचुरो अर्थले पनि यिनलाई व्यक्त गर्दछ । यसरी मस्टो भनेका कुलदेवताका रूपमा मानिने पुजिने रैथाने देवता हुन् । भगवान् शङ्कर तथा देवी भगवतीको गण बनेर लोककल्याणका कार्यमा खटिएका यी अनेकौँ रूपमा स्थानीय तहमा प्रचलित रहेको विश्वास गरिन्छ । मट्ट्या अर्थात् माटोको अधिपति वा स्थानीय दैवी शक्तिको प्रतीकका अर्थमा यिनलाई लिइन्छ । मस्टो शब्दका पनि अनेकौँ कथ्य रूप प्रचलित

छन् । स्थानको भिन्नतानुसार मस्टालाई मैठा, मैठो, मास्ठा, मुइठा, मुस्टो, मस्ट, मुन्ठा, मुन्ठो र मुइठो पनि भनिन्छ । यी सबै शब्दले आर्थिक रूपमा मस्टालाई नै जनाउँछन् । आफ्नी दिदी भगवती कालीमाथि राक्षसहरूको कुदृष्टि परेको र तिनीहरूले कालीप्रति दुर्व्यवहार गर्ने प्रयत्न गरेकाले ज्यानको परवाह नगरी शिर वा मस्तिष्क थापेर राक्षसहरूलाई सङ्ग्राममा पराजित गर्न सफल भएका हुनाले यिनलाई मस्तिष्क देवता भनिएको र कालान्तरमा सो शब्द मस्टो बनेको कुरा विज्ञहरू बताउँछन् । यिनलाई छेत्रपाल पनि भनिन्छ । भगवान् शङ्करले दसै दिशाका जीवजन्तुको पालनपोषण एवं संरक्षणका निम्ति खटाएका गणहरूले जिम्मेवारीमुताबिकको कर्तव्य इमानदारीपूर्वक निर्वाह गरी जनजनको मन जित्न सफल भएका र प्राणीहरूले आफ्नो वंशका रक्षक ती गणहरूलाई कुलका देवता मानी पुजेकाले क्षेत्रक्षेत्रको पालन गर्ने तिनलाई छेत्रपाल अर्थात् क्षेत्रपाल भनिएको कुरा पनि सुन्नमा आउँछ ।

मस्टोको उत्पत्तिका विषयमा ठाउँअनुसार फरक-फरक कुरा प्रचलित रहेका पाइन्छन् । कसैले कैलास वा मानसरोवरमा यिनको उत्पत्ति भएको हो भन्दछन् भने कसैले खप्तडमा यी उत्पन्न भएका हुन् भन्दछन् । कसैले यिनलाई महाराष्ट्र वा राजस्थानबाट आएका देवता मान्दछन् भने कसैले डोटी प्रदेशका पहाडी खोंचबाट उत्पन्न भएका शक्ति मान्दछन् । अझ कसैले भगवान् शङ्करका पुत्र त कसैले पाण्डवका सन्तान भन्दछन् । जसले जे भने पनि यिनलाई सबैले मट्ट्या अर्थात् रैथाने देवता मान्दछन् ।

मानसरोवरमा भगवान् शङ्करको वीर्य पतन भएकोमा सो वीर्य ज्वालाका रूपमा बलिरहेका बखत कैलासको जाडोले थर्थर कामेका अप्सराहरूले कसैले बालेको आगो ठानेर ताप्ता ती अप्सराहरूमा गर्भ रहन गयो । त्यस प्रकारको गर्भबाट एउटी अप्सराले शिवकै अवतार मानिने देवता जन्माइन् भने अर्कीले देवी भगवतीको अवतार मानिने

मालिका, काली, दुर्गाको आदिलाई जन्म दिइन् । तेस्रीले चाहिँ शिव र शक्तिका प्रमुख गण बनेर लोककल्याणमा समर्पित हुने प्रस्तुत मस्टोदेवता जन्माइन् ।

भगवान् शङ्करले दसै दिशाका समस्त जीवजन्तुको पालन-पोषण तथा संरक्षण गर्ने जिम्मेवारी दिई खटाएका गणहरूमध्येका गणहरूले लोककल्याणका कार्य ज्यादै प्रभावकारी तवरले पूरा गरेकाले तिनलाई स्थानीय बासिन्दाहरूले मस्टो नाम दिएर देवताका रूपमा स्थापित गरी पुज्न थालेका कारण सम्प्रदाय बनेर यी देवता प्रकट भएका हुन् पनि भनिन्छ ।

सुसा र तरिम उपत्यकामा बसोवास गर्ने कुश प्रमिन्दसहरूमाथि भित्तिगण नायकहरूले वेलाबखत आक्रमण गर्दा सङ्गठित भएर प्रत्याक्रमण गर्ने सल्लाह मिलाए । नभन्दै त्यस सल्लाहले सार्थक परिणाम ल्यायो । कुश र प्रमिन्दसको संयुक्त दलबलका सामु भित्तिगणको केही लागेन र पराजय भोग्नुपऱ्यो । त्यस सफलतापछि कुश र प्रमिन्दस जातिको एकीकरण भयो । यिनको संयुक्त रूपलाई कस्साइट भनियो । बिस्तारै कस्साइट शब्द कस र कस शब्द शकमा परिणत भयो । तिनै शकहरू पछि गएर खस भनिए । यस जातिको वर्चस्वमा विशेष सहयोग गरेकाले मस्टो देवताका रूपमा परिणत भएका हुन् भन्ने तर्क पनि कतिपयले राख्तछन् ।

खापड मस्टोलाई पाण्डवको सन्तान हो भन्दै विभिन्न युद्धमा तिनले अतुल साहस प्रस्तुत गरेका कथा स्थानीय जीवनमा प्रचलित छन् । अर्जुनभँै खापडे पनि इन्द्रका सन्तानका रूपमा पुजिएका हुन् भनिन्छ । साथै बाबिरो मस्ट वामदेव गोत्री वंशका सन्तति हुन् पनि भनिन्छ । खस निजी संस्कृति भएको जाति होइन । त्यस बखतका किरात, यक्ष, किन्नर, विद्याधर, नाग, तङ्गण, कुलिन्द र खसहरू परस्परमा घनिष्ट सम्बन्ध राखेर बस्तथे । तिनीहरूले एक-अर्काका

रीतिरिवाज पनि मनाउँथे । सँगै रहँदा-बस्ता विभिन्न जातिका परम्पराको सम्मिश्रित नयाँ संस्कृतिको उदय तिनीहरूबाट भयो । सोही संस्कृति खसहरूको संस्कृति बन्यो । मस्टोको मान्यता खसहरूको नभएर नागहरूको हो । सांस्कृतिक एकीकरणका क्रममा नागहरूबाट यो खसमा सरेको हो पनि भनिन्छ ।

मस्टोको ख्याति पहिलेदेखि नै थियो, तापनि खस जातिले कुलदेवता मानेपछि सो ख्याति झनै बढ्यो । बिस्तारै बान्नीबाट ढणार र ढणारबाट अछाम, बाजुरा, मुगु, हुम्ला हुँदै जुम्ला, तिब्रिकोटमा मस्टोका थानहरू थपिँदै गएका हुन् । ठाउँको नामका आधारमा मस्टोका भेदहरू पनि भिन्न-भिन्न नामले प्रचलित भएका हुन् । मुगल शासकको धार्मिक अत्याचारबाट आजित भई महाराष्ट्र र राजस्थानबाट स्थानान्तरित भएर आएका आफ्ना उपासकहरूका साथ आएका देवताका रूपमा पनि यिनको चर्चा गरिन्छ ।

मस्टोका अधिकतर रूप दुग्धाहारी नै हुन्छन् । कोरा अक्षता, पातीका पात वा फूल, दूध, दही र घ्यू, हवनको धूवाँ, धूप, दीप र फल यिनले सेवन गर्ने वस्तु हुन् । यी दयालु, क्षमाशील, आशुतोष, धैर्यशाली र शान्त प्रकृतिका हुन्छन् । भगवान् शङ्कर तथा देवी दुर्गाको प्रमुख सेनानी भएर पनि देवी दुर्गाले रक्तबलि ग्रहण गरे पनि यी रगत भोग गर्दैनन् । यिनलाई फलको बलिसम्म ग्राह्य हुन्छ । शुद्ध र सात्त्विक आहारविहार हुने भएकाले यिनको आचार-व्यवहार पनि पवित्र, स्वच्छ र शान्त हुन्छ । आफ्ना उपासकहरूले अचाक्ली गरिहाले पनि यी कडा सजाय दिँदैनन्, सहिदिन्छन् र क्षमा गरिदिन्छन् । ज्यादै प्रतापी र लोककल्याणकारी प्रवृत्ति यिनको हुन्छ । यिनी देवी दुर्गाको सौम्य रूपका सेवक मानिन्छन् ।

कतिपय मस्टोले रक्तबलि ग्रहण पनि गर्दछन् । कालो वर्णको बोकाको बलि तिनलाई प्रिय हुन्छ । अक्षता, पाती, फलफूल र धूपदीप यिनलाई पनि चढाइन्छ तर बलि भोग गर्ने भएकाले

सात्त्विकभन्दा राजसी आहारका वस्तु नै यिनमा बढी मात्रामा चढाइन्छन् । आहारअनुसार यिनको स्वभाव पनि क्रूर हुन्छ । अन्यायी भनिएको व्यक्तिलाई कोर्रा हान्ने, डाम्ने, अमानवीय तवरले सास्ती दिने, अङ्गभङ्ग गर्ने, मार्ने वा क्रोध देखाउने काम यिनले गर्दछन् । त्यसैले दुग्धाहारी मस्टोलाई सज्जन र यिनलाई कडा देवता भनिन्छ । साथै दुग्धाहारीलाई दुर्गा माताको सौम्य र शान्त रूपको सेवकका रूपमा लिइन्छ भने यिनलाई महाकाली वा उग्रचण्डीका सेवक भनिन्छ । सानातिना गल्ती पनि यिनले सहँदैनन्, तुरुन्त कडा सजाय दिइहाल्दछन् । यिनको जाँतमा उत्ताउलो व्यवहार देखाउने, कुनै उपासकका घरको सामान चोर्ने वा साधारण काम बिराउने व्यक्तिले माफी मागे पनि यिनले क्षमा गर्दैनन्, आवश्यकताभन्दा बढी नै सजाय दिन्छन् ।

मस्टोका अनेकौँ नाम र अवतार भए पनि आकार, प्रकार वा देहको आकृति भने हुँदैन । यी कतैकतै मानवीय आकृतिविहीन सामान्य प्रस्तरपिण्ड उत्पन्न भएका देखिए पनि यिनका अधिकतर स्थानहरूमा राखिएका तोरण वा आलम, घण्ट, दियो, त्रिशूल वा कुनै पात्रविशेषलाई नै मस्टोदेवता मानेर पुज्ने ढोग्ने गरिन्छ । धामीमा आरूढ भएका बेला धामीको मुखाकृति रूप, रङ्ग र ढपढङ्ग जस्तो हुन्छ, यिनलाई सोही आधारमा ठम्याउने चलन छ ।

दुग्धाहारी मस्टोको धामी काम्दा अनुहार पहेंलो वा सेतो वर्णको हुने र शान्त स्वरूप झल्कने हुँदा सो मस्टोलाई पहेंलो वा सेतो वर्णको र सज्जन स्वरूपको मानिन्छ । त्यसै गरी मांसाहारी मस्टोको धामी काम्दा अनुहार रातो वर्णको र स्वरूप उग्र स्वभावको देखिने हुँदा सो मस्टोलाई रातो वर्णको र उग्र स्वरूपका देवता भनिन्छ । अझ सपनामा श्वेतवस्त्रधारी ब्रह्मचारी, पण्डित, साधु, योगी, बालसंन्यासी देखिएमा दुग्धाहारी मस्टोको दर्शन पाइएको मान्ने र बाघ, भालु, सर्प जस्ता डरलाग्दा प्राणी तथा जटाधारी जोगी

देखिएमा मांसाहारी मस्टोको दर्शन मिलेको ठान्ने मान्यता पनि विद्यमान छ । यसरी मस्टो मानिने वस्तुविशेषबाट आकार तथा रूपरङ्ग प्रकट नभए पनि धामीको स्वरूप एवं सपनामा देखिने दृश्यप्रतिको विश्वासका आधारमा भने यिनका रूपरङ्गको खाका कोर्ने गरिन्छ ।

यी जतातत्तै कुलदेवताका रूपमा पुजिन्छन् । दुग्धाहार वा मांसाहार जे गरे पनि स्थानभिन्नतानुसारका थान नामका आधारमा जतिसुकै भेद वा भाइका रूपमा बाँडिए पनि यिनलाई रैथाने देवता भनिन्छ र कुलदेवता नै मानिन्छ । सिद्ध र भैरव तथा शिव र शक्ति दुवै रूपमा यिनको पूजा गरिन्छ । यिनका यी दुई स्वरूपमा सिद्ध र शिव दुग्धाहारी भेद हो भने भैरव र शक्तिचाहिँ मांसाहारी भेद हुन् । शिव र शक्तिको अधीनमा बसेर प्रकृति र प्राणीको रक्षाका निम्ति खटाइएका क्षेत्रपाल वा पहरेदारको जिम्मेवारी निभाउने देवताको मान्यतानुसारको स्वरूपको परिकल्पना गर्दा पनि यिनको रेखाचित्र बनाउन सकिन्छ । तसर्थ निश्चित रूपरङ्ग र आकारमा प्रकट हुन खोज्दाखोज्दै पनि निराकार बनेको देवताका रूपमा यिनलाई चिनाउनुपर्ने हुन्छ ।

कैलास अर्थात् मानसरोवरमा उत्पन्न भएका मानिने यी गणदेवता हिमालय क्षेत्रबाट लोककल्याणका कार्य गर्नका निम्ति पहाडी प्रदेशमा झर्ने क्रममा पर्वत-शिखरका देउरालीहरूमा बस्तै खप्तड आइपुगेका र त्यहाँबाट डोटी र कर्णाली प्रदेशका बस्तीबस्तीमा निवास गर्दै पूर्वाभिमुख भएर नेपाल, भारत र तिब्बतका विभिन्न भागसम्म पुगेका देखिन्छन् । वास्तवमा यी देवताले बसाइँ सारेको नभएर यिनलाई कुलदेवता मान्नेहरूले एक ठाउँबाट अर्को ठाउँमा बसाइ सर्दा यिनलाई पनि नयाँ ठाउँमा स्थापित गर्दा बन्न गएका विविध थान नै यिनका स्थान मानिएका हुन् ।

यिनका उपासकहरूले जहाँ-जहाँ बस्ती बसाले, त्यहाँ-त्यहाँ यिनलाई विभिन्न रूपमा स्थापित गरे । प्रत्येक क्षण, प्रत्येक अवस्था र प्रत्येक स्थानमा आफ्ना पूजकका पछिपछि लागेर संरक्षण गर्ने देवता मानिने भएकाले वन जाँदा वनमा र घर बस्ता घरमा पुज्ने गरेबाट वन र घरका भिन्नभिन्न थान यिनका लागि निर्धारण गरिए । सोही क्रममा यिनका वनथान र घरथान बन्न गएका हुन् ।

पल्लो डाँडाको चुचुरोमा मस्टोको थान वा माडौँ छ भने वल्लो डाँडाको ठिक सामुन्ने पर्ने वाटोभन्दा तल वा माथि छुट्टै थान बनाएर टाढैबाट पाती चढाई हिँड्दासमेत यिनलाई ढोग्ने क्रममा बनेका पातीहाल्लालाई पनि यिनकै थानका रूपमा लिइन्छ । यिनको पनि गणना गर्दा मस्टोका थानहरू एउटै गाउँबस्तीमा पनि अनेक देखिन्छन् । मूलतः घरथान र वनथान नै यिनका प्रमुख थान हुन् ।

शङ्ख, घण्ट, त्रिशूल, वस्त्र, ताम्रपत्र, विविध पात्र लगायतका सुनचाँदीका भाँडाकुँडा, मूर्ति, गरगहना एवं साधनहरू थन्क्याइने भण्डार वा गाउँबस्तीका बीचको माडौँलाई मस्टोदेवताको घरथान भनिन्छ । यसका अतिरिक्त कुलको जेठो व्यक्ति वा गाउँको मुखियाको घरमा स्थापित मस्टोदेवताको थानलाई पनि घरथान भन्ने चलन छ । अझ प्रत्येक घरका पूजाकोठामा कुलदेवताका रूपमा मानिएको घण्ट, त्रिशूल, दियो वा कुनै पात्रविशेष राखिने ठाउँलाई पनि यिनको घरथान भन्ने गरिन्छ । सामान्यतया घरथान भनेको गाउँबस्तीमा राखिएको भण्डारगृह वा माडौँ नै हो । सबै ठाउँमा त्यस्तो भण्डार वा माडौँ हुँदैन । त्यसको सट्टा कुलको जेठो वा गाउँको मुखियाको घरको पूजाकोठामा स्थापित मस्टोदेवताको प्रतिमूर्तिलाई नै घरथान भनिन्छ । घरथान ठौर वा खास स्थान तथा बाडा अथवा टोलमा पनि निर्धारण गरेको पाइन्छ ।

गाउँबस्तीभन्दा केही टाढाको वन, देउराली, भन्ज्याङ वा वृक्ष-वनस्पतिले परिवेष्ठित निकुञ्जमा स्थापित माडौँ वा विशेष

स्थानलाई मस्टोदेवताको वनथान भनिन्छ । वार्षिक वा षाण्मासिक पूजा वा जाँत वनथानमै आयोजना गरिन्छ र हवन वा बलिका विधिहरू सोही थानमा पूरा गरिन्छन् । वनथान निश्चित स्थान, खेत, गरा, वृक्ष-वनस्पति र चौतारोमा पनि निर्धारण गरिएको हुन्छ । वर्षचक्रका निर्दिष्ट तिथिमितिमा त्यस्ता ठाउँमा पूजा गरिन्छ । इष्टसिद्धि, सङ्कटमुक्ति र कार्यपूर्णताका स्थितिमा वनथानमा घण्ट, त्रिशूल, दियो, नेजा, आलम वा झन्डा र विशेष पात्र चढाइने हुँदा यस प्रकारका वस्तुहरू यी ठाउँमा यथेष्ट मात्रामा जम्मा भएका देखिन्छन् । बाटोको छेउछाउमा परेका यी देवताका थानमा प्रत्येक यात्री पाती चढाई ढोगेर मात्र यस्तो ठाउँबाट अघि बढ्दछ । त्यसरी पूजा र अभिवादन नगरे यात्रा निष्कण्टक हुँदैन भनिन्छ । मस्टोको धामीले कामेर *'अगाडिको जङ्गल फाँडेर, पछाडिको जङ्गल काटेर, बहिनी भगवतीको आशीर्वाद र आज्ञा शिरोपर गरी, गहिरो नदी तरी, दुर्लङ्घ्य पहाड चढी, लड्दैपड्दै, पानीको भोजन, हावाका लुगा, काँडाका ओछ्यान र ढुङ्गाको सिरान बनाएर तिमीहरूका पछिपछि लाग्दै कहाँबाट कहाँ आइपुगें, तिमीहरूले देखेकै छौ'* भन्ने गरेबाट यी देवता उच्च पर्वत छिचोल्दै यस क्षेत्रका जनताको संरक्षण गर्न लामो यात्रा तय गरेर आएको कुरा थाहा हुन्छ । कैलास छोडिसकेपछि मस्टोले खप्तडलाई आफ्नो मुख्य बासस्थान बनाएको कुरा इतिहासविद्हरू बताउँछन् । उच्च पर्वतीय क्षेत्रमा माडौँ भएका भगवान् शिव र भगवती दुर्गाको सेवाटहलमा यी देवता समर्पित रहेका हुन् भनिन्छ ।

बाजुरा जिल्लाको उत्तरी क्षेत्रको उच्च पर्वतमा आसीन मालिका, डोटी जिल्लाको मध्य भागमा पर्ने महाभारत पर्वतको चुचुरोमा आसीन केदार, काफली तथा घण्टेश्वर, डडेल्धुरा जिल्लाको मध्य भागको पर्वतशृङ्गमा अवस्थित भागेश्वर, महाकाली नदीको किनारको साधारण पहाडको थुम्कोमा आसीन त्रिपुरासुन्दरी तथा

अछाम जिल्लाको बुढीगङ्गाको किनारमा स्थापित वैद्यनाथलाई स्वामी मानेर सबैको सेवाटहल पुऱ्याउनका निम्ति मस्टोले यी सबैको मध्य भागमा बस्नुपर्ने हुन्थ्यो । सो मध्य भाग खप्तड भएको हुनाले पनि कैलासपछिको यिनको अंर्को रैथान खप्तड बनेको कुरा विश्वसनीय देखिन्छ ।

खप्तडलाई केन्द्रबिन्दु बनाएपछि यिनको विस्तार पूर्व, पश्चिम, उत्तर, दक्षिण सबैतिर भएको हो । एकपछि अर्को ठाउँमा फैलँदै नयाँ-नयाँ पुस्तासित काम, माम तथा उचित बासस्थानको खोजीमा पूर्वाभिमुख भएर नेपाल तथा भारतका विभिन्न क्षेत्रमा बसाइ सर्दा आफ्ना कुलदेवतालाई पनि उपासकहरूले स्थापित गरेकाले कहीँ उही र कहीँ अलि फरक मान्यतामा मस्टोको चलन विस्तारमा आएको थाहा हुन्छ । कालो बोका भोग गर्ने डोटी प्रदेशको खापडे, दाडे र थोते मस्टो पूर्वतिर कालो मस्टोका नामले चर्चित हुनु, ठाउँठाउँका बस्तीमा थानहरू थपिँदै र उपासकहरू बढ्दै गएपछि एउटै रूपका पनि अनेक रूप मानिँदा मस्टोका बाह्र भाइ भएका किंवदन्ती जोडिनु र तिनै बाह्र भाइ भएका मस्टालाई पूर्वतिर बराह मस्टो भन्दै भगवान् विष्णुको बराह अवतारको प्रतिमूर्ति मान्नु समयको अन्तरालले थप्तै गएका किंवदन्ती हुन् । समय बित्दै गएपछि, ठाउँ छुट्तै गएपछि र घटनाहरू जुट्तै गएपछि किंवदन्तीहरू छोडिन्छन् र जोडिन्छन् पनि । एउटै कुरा एकले अर्को र अर्कोले तेस्रो हुँदै सयौँ व्यक्तिसम्म पुग्दा फरक पाठमा परिणत हुन पनि सक्तछ । त्यसैले श्रुतिस्मृतिको परम्पराकै कारणले किंवदन्तीमा भिन्नता आउँछ । मस्टोको कथालाई पनि यही रूपमा हेर्न सकिन्छ ।

यी देवता सबैतिर कुलदेवताका रूपमा मानिँदै र पुजिँदै आएका छन् । साथै शिव र भगवतीको गणका रूपमा यिनलाई लिइन्छ र पश्चिमबाट पूर्वतिर सर्दै गएका जातजाति तथा थर-गोत्रहरूका साथ यी पनि व्यापक एवं विस्तृत हुँदै गएका देखिन्छन् ।

यिनको प्रभाव चाँडै पर्ने र चमत्कारी कार्यद्वारा आफ्नो क्षमता वा सामर्थ्य प्रकट गर्ने भएकाले यिनले आफ्नो गढ विस्तार गर्नमा सफलता पाएको देखिन्छ । गई बसेकाले सँगै लैजाने र आई बसेकाले यिनको प्रभावबाट आकर्षित हुने कारणले परम्परागत कुलदेवता छोडेर यिनलाई कुलदेवता मान्ने गरेको पनि पाइन्छ ।

यिनको दुग्धाहारी रूपभन्दा मांसाहारी रूप बढी उग्र, कडा र शक्तिशाली देखिने हुँदा मांसाहारीका उपासकहरू पूजाआजा एवं स्तुतिभक्तिमा अधिक सतर्क हुन्छन् । मान्नुपर्ने अवसरमा मानिएन, ढोग्नुपर्ने बेलामा ढोगिएन, बोलाउनुपर्ने बेलामा बोलाइएन र पुज्नुपर्ने बेलामा पुजिएन भने बाघ, सर्प, महामारी, आँधीहुरी, अरिँगाल र सलह बनेर यिनले दिनसम्मको दुःख दिन्छन् भनिन्छ । त्यसै गरी यिनको उचित स्तुतिभक्ति एवं पूजाअर्चना गरिरह्यो भने इष्टसिद्धि, निर्बिघ्न कार्यसमाप्ति र निरोगिता प्राप्त हुन्छ भनिन्छ । त्यसैले यिनलाई नमानेर जीवन चलाउन सकिँदैन । करले वा रहरले जसरी माने पनि कुलदेवता तथा गणदेवताका रूपमा यिनलाई पुर्खाले मानेका र फैलँदै बढ्दै गएका नयाँ पुस्ताले पनि मान्न नछोडेकाले कालीदेखि मेचीसम्मका सबै नेपाली क्षेत्रमा यिनको परम्परा विकसित भएको हो । भारतको विभिन्न स्थानका बासिन्दा र तिब्बतीहरूले पनि यिनको पूजा गर्ने हुनाले नेपालको रैथाने हुँदाहुँदै पनि नेपालबाहिरसमेत फैलिएका शक्तिशाली देवता यिनलाई भन्नुपर्दछ । सनातनीका साथै अन्य धर्मावलम्बीहरूद्वारा पनि मानिने-पुजिने हुनाले यी व्यापक बनेका देखिन्छन् ।

खोला, खोल्सा, बाटाघाटा, नदी, नाला, गल्ली, गल्छेडा, धारा, पँधेरा, खेत, गरा, वन, जङ्गल र भीर, पाखा सबैतिर छुट्टाछुट्टै स्थान भएका विभिन्न ग्रामीण देवताले यिनलाई स्वामी मान्दछन् र यिनको खटनपटनका कार्य गर्दछन् । ती देवताहरू मस्टोभन्दा पनि कडा स्वभावका हुन्छन् । सानातिना गल्तीमा अर्थात् चिच्याएर ठूलो स्वरमा

बोलेमा, यिनको थानका छेउछाउमा पर्ने गरी दिसापिसाब गरेमा, यिनको थानतिर ढुङ्गामुढा प्रहार गरेमा, रातबिरात वा बेलाकुबेला यिनको स्थानक्षेत्रमा हिँड्डुल गरेमा वा यिनलाई बाधा पर्ने अन्य कुनै काम गरेमा लाग्ने, बल्झने, दुःख दिने र मृत्युसम्म गराउने काम यिनले गर्दछन् । छुवाछुतको परहेज पनि यिनका थानमा गर्नुपर्दछ ।

गाउँबस्तीका चेलीबेटीको विवाह भएमा चेली पक्षले पाठो चढाउनुपर्ने, कुनै गल्ती भएमा भरभाकल गरी धूपधुवाँर गर्नुपर्ने, खुसीका कार्य तथा इष्टसिद्धिमा पूजाआजा गर्नुपर्ने र यिनलाई मानिरहनु, पुजिरहनुपर्ने नियम छ । रिसाएमा दुःखकष्ट जसरी दिन्छन्, त्यसरी नै प्रसन्न भएमा अभीष्ट लाभ तथा सुख शान्ति पनि यिनी दिन्छन् । त्यसैले यिनका थानमा पूजाअर्चनाका साथ चढाइएका घण्ट, त्रिशूल, दियो, नेजा, आलम वा झन्डा, विभिन्न पात्र तथा औजारहरू राखिएका हुन्छन् । त्यस प्रकारका सामग्रीमै यिनलाई स्थापित गरिएको हुन्छ ।

मस्टोको अधीनमा बस्ने देवतालाई मस्टोका बान अर्थात् मस्टोका गण वा मस्टोको परिवारका सदस्य भनिन्छ । कसैलाई कुनै बानले पिरोलेमा वा दुःख दिन नछोडेमा मस्टोको धामीमार्फत खुसामद गराएर मनाउने पनि गरिन्छ । मस्टो गणनायक हुन् भने बानचाहिँ गण हुन् । यी पनि धामीमा अवतरित हुन्छन् र मस्टो तथा शिव र शक्तिलाई रिथि अर्थात् स्वामी भन्दछन् । मस्टोका जाँतमा बानका धामीहरू पनि मस्टोको आज्ञा लिई परम्परागत घाई वा बाजाका तालमा नाच्तछन् । मस्टोका धामी यिनै बानहरूका काँधमा चढेर नाच्तछन् ।

शक्ति, सामर्थ्य, प्रभाव र मान्यताका क्रममा कतिपय स्थानीय देवता यिनका समानान्तरमा पनि रहेका देखिन्छन् । यिनले तिनलाई मीत अर्थात् मित्र भनेर बोलाउने गर्दछन् । साथै एक-अर्काका जाँतमा उपस्थित भएमा यिनका धामीहरू कामेर ससम्मान घाई

अर्थात् चलनचल्तीको वाद्यधुनमा नाच्तछन् । समानान्तरका शक्तिलाई सम्मान गर्नाले आफूलाई पनि सम्मान प्राप्त हुन्छ भन्ने कुरा यिनीहरू राम्ररी बुझ्दछन् । त्यसो हुँदाहुँदै पनि कहिलेकाहीँ यिनीहरूमा शक्ति, सामर्थ्य र छलबलमा तँभन्दा म ठूलो भन्ने विवाद पर्दछ र ठूलो झगडा पनि मच्चिन्छ । त्यस्तो अवस्था आएमा मध्यस्थ बनेर समानान्तरकै कुनै देवताको धामी वा स्वामी मानिने देवताको धामीले झगडा सुल्ट्याउने काम गर्दछन् ।

भैरव, लाटो, तेडी, कैलपाल, समैजी, बेताल, गौँडीबाग, बन्धडीलाई यिनको समानान्तरका स्थानीय देवता भनिन्छ । यिनमा पनि ठाउँअनुसार एउटैका अनेकौँ रूप हुने कुरामा विश्वास गरिन्छ । लाटो देवताका मात्र चौरासीवटा रूप भएको र ठाउँठाउँमा ती रूप स्थापित भएका कुरा स्थानीय बासिन्दाहरू बताउँछन् । ठाउँको नामका आधारमा कतिपय ठाउँमा मस्टो र लाटोलाई भाइभाइ पनि भनिन्छ ।

सामान्य गृहस्थले सांसारिक नातागोता, मायामोह र बाधा-बन्धनमा बाँधिएर जीवन निर्वाह गरेझैँ मस्टोदेवता पनि घरगृहस्थीको सञ्जालमा लटपटिएको विश्वास विवेच्य क्षेत्रका निवासी गर्दछन् । त्यसो त मस्टो मात्र होइन, भगवान् शिवपार्वती, लक्ष्मीनारायण, गणेश, देवी भगवतीसमेतका सम्पूर्ण देवीदेवताहरूले साधारण डोटेलीले जस्तै घरसंसारका विविध झमेलामा भोग्नुपर्ने र अभाव एवं सङ्कटपूर्ण जीवन जिउनुपर्ने कुरामा विश्वास गरिन्छ । मस्टोका विषयमा यो प्रसङ्ग झनै चर्को रूपमा आएको हुन्छ । यहाँ प्रचलित लोकविश्वासअनुसार मस्टोदेवता संयुक्त परिवारप्रणालीमा बस्तछन् र सबैका प्रति आफ्नो कर्तव्य पालन पूर्ण निष्ठाका साथ गर्दछन् । अझ नातागोताको बिस्तार र दाजुभाइको स्वतन्त्र गृहस्थी एवं पारस्परिक स्नेह भएको जनश्रुतिको अध्ययन गर्दा धेरै सन्तान भएको कुनै परिवारविशेषले ठाउँठाउँमा बस्ती बसालेको र एक-अर्काबीचको

सम्बन्ध सुदृढ बनाएको अवस्थाभँै मस्टोको गृहस्थी चलेको कुरा थाहा हुन्छ । आदर्श व्यक्ति, आदर्श परिवार, आदर्श समाज र आदर्श संसारको सन्देश प्रवाह गर्नका निम्ति पनि यस्तो लोकधारणा उत्पन्न गराइएको हुनुपर्दछ ।

भक्तहरूले जहाँजहाँ बस्ती बसाले, त्यहाँत्यहाँ आफ्ना आराध्य देवतालाई स्थापित गर्दै निश्चित तिथिमितिमा पूजा-उपासना गर्ने परिपाटी कायम गरेअनुसार मस्टोका थान पश्चिमबाट पूर्वतिर सर्दै गएका र एकबाट अनेक बनेका देखिन्छन् । भिन्न-भिन्न ठाउँका थानहरूलाई बिस्तारै एउटै मस्टोका भाइहरूको थान भन्न थालिएको र तिनको गणना थानअनुसार बढाउँदै लगिएको बुझिन्छ । यही कारणले गर्दा मस्टोका अनेकौँ भाइ भएका कुरा जनश्रुतिमा आएका देखिन्छन् । त्यस्ता नाम पनि थान राखिएका ठाउँको नामका आधारमा दिइएको देखिन्छ । जस्तै ढणार भन्ने ठाउँमा स्थापित मस्टोलाई ढणार मस्टो, बान्नी भन्ने ठाउँमा स्थापित मस्टोलाई बान्नी मस्टो, बाबिरो भन्ने ठाउँमा स्थापित मस्टोलाई बाबिरो मस्टो वा बाबिन्या मस्टो भनिन्छ र यी सबैलाई एउटै मूल मस्टोका भाइ भनिन्छ । त्यसैले ठाउँअनुसार थानहरूको सङ्ख्या हेरेर मस्टोका भाइहरूको सङ्ख्या निर्धारण गरिएको थाहा हुन्छ । त्यसै गरी चलनचल्तीका जनश्रुतिबमोजिम भाइहरूका साथै मस्टोका आराध्य देवता, बाबुआमा, दिदीबहिनी, सन्तति, मामा, भान्जा, भान्जी, इष्टमित्र र सेवकसहितको ठूलो परिवार भएको कुरामा विश्वास गरिन्छ । नेपाली समाज यस्तै खालको पारिवारिक संरचनामा निर्माण भएको देखिने हुनाले पुर्खाहरूले देवतालाई आफूजस्तै देखेको अवस्थाका कारण यस प्रकारका मान्यता विकसित भएका हुन् भन्न सकिन्छ ।

भगवान् शङ्करको वीर्य पतन हुँदा आगोका रूपमा सो वीर्य प्रज्ज्वलित भयो र जाडो याममा चिसोले कठ्याङ्ग्रिएका स्थितिमा

आगो ताप्न आएका दुईजना अप्सराले गर्भधारण गरेपछि एउटीबाट मस्टो र अर्कोबाट दुर्गा भवानीको जन्म भएकाले यिनका बाबु शङ्कर भगवान् हुन् भन्ने एकथरि छन् । अर्काथरिको भनाइअनुसार पाण्डव वंशका यिनी अर्जुनजस्तै कुन्ती र इन्द्रका सन्तान हुन् । तेस्रो कथनबमोजिम दुर्गा भवानीमाथि राक्षसहरू जाइलागेकाले आफ्ना गणहरूलाई भगवान् शङ्करले सहयोगार्थ पृथ्वीमा पठाएपछि जनसमूहबाट लोककल्याणका लागि तीमध्येका केहीलाई सधैँका निम्ति पृथ्वीमै नियुक्त गर्ने अनुरोध भएकाले मस्टो कैलासबाट मर्त्यलोकमा झरेका हुन् । यी भगवान् शङ्करका गण र तिनको पत्नीका कोखबाट जन्मेका हुन् पनि भनिन्छ ।

मस्टोको अवतार मानिने धामी कामेपछि दुर्गा भवानीप्रति आफ्नो अगाध आस्था प्रकट गर्दछन् र दुर्गा भवानीको पूजा-अर्चनापछि मात्र आफूलाई पुज्न सल्लाह दिन्छन् । सनातन परम्परामा निर्बिघ्न कार्यसम्पन्नताका लागि सर्वप्रथम गणेशपूजा गरिएझैँ मस्टो सम्प्रदायमा दुर्गा भवानीको आराधना एवं अर्चनापछि मात्र मस्टो पुज्ने चलन छ । साथै विशेष शक्ति तथा सामर्थ्यको आवश्यकता परे सहयोगका लागि भगवती दुर्गासित अनुरोध गर्ने र भुलचुकवश कुनै गल्ती हुन गए उनीसित क्षमायाचना गर्ने काम प्रत्येक मस्टोले गर्दछन् । अझ जहाँजहाँ मस्टोका थान हुन्छन्, त्यहाँत्यहाँ कुनै न कुनै रूपमा कहीँ न कहीँ भगवतीका थान रहेकै हुन्छन् । मस्टोलाई शिव र भगवतीको गण वा सेवक पनि मानिन्छ । तर प्रायः देवी शक्तिले विशेष स्नेह गर्ने भ्रातृशक्ति मस्टो हो भन्ने विश्वास बढी दरो देखिन्छ ।

दुर्गा भवानी मस्टोकी बहिनी नभएर दिदी हुन्. । बहिनी शब्दले दिदी-बहिनी दुवैलाई बुझाउने हुनाले दुर्गालाई मस्टोकी बहिनी नै भन्ने गरिन्छ । यस भनाइले दिदीको अर्थ प्रकट गरेको हो बहिनीको होइन, किनभने मस्टोले भगवती दुर्गाप्रति जेजस्तो

भक्तिभाव देखाउँछन्, त्यसले बहिनीभन्दा पनि दिदीप्रति गरिने व्यवहार प्रकट गर्दछ ।

मस्टोका दिदीहरू नौजना छन् भनिन्छ । ती मालिका, कनकसुन्दरी, त्रिपुरासुन्दरी, जालपा, खेसमालिनी, ठिङ्याल्नी, पुङ्याल्नी, हिमालिनी र विन्ध्यवासिनी हुन् । अझ यी नामहरूमा फेरबदल गरेर कालिका, मालिका, भवानी, जालपा, सुनन्दा अलकनन्दा, कनकसुन्दरी, त्रिपुरासुन्दरी र उग्रताराको गणना पनि गरिन्छ । यिनमा पनि मालिकाका र त्रिपुरासुन्दरीका छुट्टै सात-सात र नौ-नौ दिदीबहिनी भएका र तिनलाई पनि मस्टोले दिदीका रूपमा मानेको कुरा व्यक्त गरिन्छ । मालिकाका दिदीबहिनी दरबारमालिका, मालिका, चिमारामालिका, बडिमालिका, चुलिमालिका, पुङ्गमा-मालिका, भुरचुलामालिका र बासीमालिका हुन् । दरबारमालिका भन्नु र कोटमालिका भन्नु शब्दप्रयोगको मात्र भिन्नता हो । यी दुवै एउटै हुन् र बासीमालिकाको नाम पनि अतिरिक्त रूपमा जोडिएको हो भन्दै मालिकाका दिदीबहिनी कोटमालिका र बासीमालिकाबाहेकका माथि भनिएका अन्य नामका देवी शक्ति नै हुन् भन्नेहरू पनि निकै छन् । यसै गरी त्रिपुरासुन्दरीका दिदीबहिनी पनि कसैले नौ र कसैले सातजना छन् भन्दछन् । ती काफलासैनी, पोटलासैनी, निङलासैनी, डिलासैनी, मेलासैनी, रैण्यासैनी र चिरासैनी हुन । त्रिपुरासुन्दरी भन्नु र रैण्यासैनी भन्नु एउटै हो । यी सबैको उत्पत्तिका छुट्टाछुट्टै कथाहरू प्रचलित छन् ।

दूधे, लडे, दाडे र खापडे गरी प्रथमतः मस्टोलाई चार भागमा बाँड्न सकिन्छ । यी चार भेदलाई नै यिनका चार भाइ मानेर विभिन्न भागमा कुलदेवताका रूपमा मस्टोपूजा गरिएको पाइन्छ । यिनमा दूधे मस्टो र लडे मस्टो पायसभोगी वा सात्त्विक भोग ग्रहण गर्दछन् भने दाडे मस्टो र खापडे मस्टोचाहिँ रक्तबलि ग्रहण गर्दछन् । कहींकहीं लडे मस्टो पनि रक्तबलि भोग गर्दछन् । दूध, दही, घ्यू

जस्ता सात्त्विक भोग लिने भएकाले दूधे मस्टो भनिएको र लट्ठिएका कपालको लामो टुपी राख्ने हुँदा लडे मस्टो भनिएको हो । यसै गरी दाँतले टोकेर बोका काट्ने र त्यसरी बोका काट्नुभन्दा पहिले मस्टोको धामी कामेपछि लामा दाँत प्रकट हुने भएकाले दाडे मस्टो भनिएको हो भने मस्टोदेवता अवतरित भइसकेपछि खापडेका धामीले आँ गरेर असामान्य आकारमा मुख खोल्ने हुँदा खापडे मस्टो भनिएको हो । खप्तडको खापड दहलाई बासस्थान बनाएकाले पनि खापडे नाम परेको हो भनिन्छ ।

यी प्रमुख चार भेदका अतिरिक्त बाह्र भेदको वर्गीकरण गरी बाह्रभाइ मस्टोको गणना गरिएको पनि पाइन्छ । ती बाह्रभाइ मस्टोलाई बभ्राङमा बराह मस्टो भन्दै भगवान् विष्णुको बराह अवतारको स्वरूप मान्ने पनि चलन छ । सामान्यतः मस्टोका पुजारी क्षत्रिय हुने र बराह मस्टोका पुजारीचाहिँ बाहुन हुने भएकाले बाहुन वा वामन शब्दको अपभ्रंशबाट बराह बनेको र सोही नामबाट बराह मस्टो भनिएको हो भन्ने मत पनि प्रचलित छ । मस्टोको बाह्रौँ थानलाई बराह मस्टो भनिएको कुराचाहिँ यथार्थ हो । बराह मस्टोलाई बाह्रमस्टोका नामले पनि पुकारिने हुँदा यो थप प्रामाणिक हुन्छ । यी बाह्रभाइ मस्टोमा जेठो, माहिँलो, साहिँलो, ठाहिँलो, राहिँलो, काहिँलो, अन्तरे, मन्तरे, जन्तरे, लन्तरे, लखन्तरे र कान्छोको क्रम पनि रहेको छ । त्यसो भएर पनि कहीँ कुनैलाई त कहीँ कुनैलाई जेठो-कान्छो मानिएको देखिन्छ । अझ प्रत्येक क्रममा एकभन्दा बढी नाम राख्ने पनि चलन छ । जस्तै –

क) जेठो - कैलास, बुडो, रुद्र, ढणार, दूधे र दूधे सिल्टो ।

ख) माहिँलो - बान्नी, बाबिन्या, रमाल, रुमली, लडे, थार्प्या, कबु, लाकुडी र लडी चाल ।

ग) साहिँलो - उखड्या, सिम. तुसापानी, धुरापानी, सुकिलो हाँस, दाडे र बाँ ।

घ) ठाहिँलो - कालो सिल्टो, काल शिला, कालो, खापडे र मुन्डा ।

ङ) राहिँलो - छेत्रपाल, गुरो, सुन्दर गाउँले, कलि र लाङ्खुरे ।

च) काहिँलो - गुणे, धौलपुरे, खुन्दाल, सिम र उडी शीतल ।

छ) अन्तरे - माङले, पुवाले, उखाडी र लाकुड्या ।

ज) मन्तरे - लिउडी, कमल र डोगी ।

झ) जन्तरे - विजय, विनायक र वनपाला ।

ञ) लन्तरे - मण्डली, कैली, साइन, कुमाल र क्युँडालो ।

ट) लखन्तरे - बाँस कोट्या, डाङ्डी, पुवाले र कुर्मी ।

ठ) कान्छो - बाँठे पाल, बराह, बार र सुनार गाउँले ।

यी सबै नाउँहरूलाई चार भागमा विभक्त गरेर मस्टोले ग्रहण गर्ने भोगका आधारमा वर्गीकरण गरिएको पनि कतैकतै पाइन्छ । जस्तै –

क) जेठो - कैलास, रुद्र, दूधे / दूधे सिल्टो, रमाल / रमलो, सुकिलो हाँस, छेत्रपाल, गुरो, धौलपुरे, उडी शीतल, कमल र विजय ।

ख) माहिँलो - लडे, लडीचाल, बाँस्कोट्या र तलकोटे ।

ग) साहिँलो - सिम, तुसापानी, धुरापानी, दाडे, कलि, कैली, कालशिला, कालो, कालो सिल्टो, सुन्दर गाउँले, माङले, विनायक, वनपाला, बराह र सुनार गाउँले ।

घ) कान्छो - खापडे, मुन्डा, बाँ, लाङ्खुरे, खुन्दाल, पुवाले, लिउडी, मण्डली, साइन, कुमाल, क्युँडालो, कुर्मी र बाँठे पाल ।

यो विवरण हेर्दा कुरा स्पष्ट हुनुको सट्टा झनै अल्झेको जस्तो देखिन्छ । जम्मा साठीवटा नामको यस क्रमलाई एकपछि अर्को गरी स्थानविशेषमा स्थापना गरिएका एउटै मस्टोदेवताका अनेक थानका रूपमा बुझ्नुपर्ने हुन्छ । यस विवरणले कहाँबाट स्थापित हुँदै यो देवता कहाँसम्म पुग्यो भन्ने कुरा स्पष्ट गराएको छ । मस्टोको

जेठो-कान्छो क्रमभन्दा पनि मस्टोका थानको जेठो-कान्छो इतिहास यसबाट बुझ्न सकिन्छ । यी विभिन्न थानलाई नै दाइभाइमा विभाजन गरेर हेर्दै मस्टोपरिवार शाखाविस्तारमा यथेष्ट मात्रामा फैलिएको विश्वास जनसामान्यले गर्दछ । यहाँ प्रस्तुत गरिएका भन्दा थप नाम र स्थानीय कथ्यभेदका आधारमा बनेका एउटैका अनेक नाम पनि देखिन्छन् । अझ यिनै नामावलीमा थपघट गरी कहीँ छपन्नभाइ मस्टो भएका कुरा पनि अघि सारिन्छ । मस्टोकी पत्नी छैनन् । यिनलाई बालब्रह्मचारी देवता मानिन्छ । व्यक्तिगत सुखभोगभन्दा लोककल्याणलाई महत्त्व दिने र हरपल जनहितका कार्यमा संलग्न रहने देवता यिनी हुन् भनिन्छ । भक्तजनको उन्नति, सुरक्षा र समृद्धिमा सहयोगी बन्ने क्रममा यिनले उपासकलाई आफ्नो सर्वस्व ठानी विवाहबन्धन अस्वीकार गरेको कुरा सुन्नमा आउँछ ।

मस्टोको जाँतमा महादेव, विष्णु र तेडीका धामीलाई मामालाई दिइने सम्मान दिएर विशेष उपचारका साथ स्वागत गरिन्छ । कहीँकहीँ तेडीलाई पनि मस्टोकै भाइ मान्ने चलन छ । कतिपय ठाउँमा तेडीलाई मस्टोका मामा भनिन्छ । मस्टोका दिदी वा बहिनी भए पनि अविवाहित भएर आआफ्ना थानमा बसेका कुराको वर्णन पाइन्छ । कुनचाहिँ दिदी वा बहिनीले विवाह गरी गृहस्थी जीवन बिताएको हो, कोसित विवाह गरेको हो र केकति सन्तान प्राप्त गरेको हो भन्नेबारे कहीँ कतै केही उल्लेख पाइँदैन तर क्षेत्रपाल तथा भैरवलाई यिनका भान्जा मानेर पूजा गर्ने र भान्जा भनिने तिनलाई सेतो बोको बलि दिने चलन पनि छ । मस्टोलाई नै क्षेत्रपाल भन्ने र भैरवलाई मस्टोकै भाइ मान्ने गरेको पनि कुनै-कुनै ठाउँमा पाइन्छ । वसन्तमाला नामक स्थानीय देवीलाई मस्टोकी भान्जी भनिन्छ । यिनी मस्टोकी कुनचाहिँ विवाहिता दिदी वा बहिनीबाट जन्मेकी हुन् र यिनका पिता को हुन् भन्ने कुरा स्पष्ट छैन । रक्तबलि ग्रहण नगर्ने र कोरा पूजा वा सात्त्विक भोग लिने यिनी कुनै-कुनै मस्टोको

पूजाका साथ मात्र पुजिन्छिन् । इष्टमित्र तथा नातागोता ज्यादै व्यापक भएका स्थानीय देवता मस्टो हुन् । नजिक र टाढाको साइनो लाग्ने यिनका सम्बन्धी देवीदेवताहरू अनेक छन् भनिन्छ । विशेष गरी ऐक्वार, डाणा बाग, झलल्या, बन्थडी, लाटो, कलङ्गी, निमौने, नान्ने, असङ्खी, बेताल र सिद्ध जस्ता स्थानीय अन्य देवताहरूसित यिनको नजिकको नाता लाग्दछ भन्ने जनश्रुति छ । उपासकलाई साँगुरो-अप्ठेरो पर्दा मस्टोले यिनलाई सहयोग गर्न र यीबाट मद्दत लिई लोकहितका कार्य गर्दछन् भनिन्छ ।

स्थानीय नदीनाला, बाटोघाटो, भीर, भन्ज्याङ, खोला-खोल्सा, खेत, गरा, वनजङ्गल, पाखापखेरामा बस्ने सहायक देवीदेवतालाई मस्टोका सेवक मानिन्छन् । यी देवीदेवताहरू मस्टोभन्दा अधिक कठोर र बढी शक्तिशाली मानिन्छन् । ससाना गल्तीमा ज्यानसम्म लिने, लागोबिल्जो गरेर दुःख दिने, क्षमा माग्दा पनि सजाय दिने, खुसामद गर्दा पनि नमान्ने र खुसी पार्न गाह्रो हुने शक्तिका रूपमा चर्चित रहेका कुरा स्थानीय बासिन्दा सुनाउँछन् । यिनलाई मस्टोका गण वा मस्टोंसित परिवारिक सम्बन्ध भएका गणदेवता भनिन्छ ।

धामीमा अवतरित भएपछि परम्परागत बाजाको धुनमा नाच्नुपर्दा गण मानिएका स्थानीय सहायक देवताका धामीको काँधमा चढेर झुलनामा झुलेझैँ गरी मस्टो नाच्तछन् । भगवती दुर्गाका प्रमुख सेनापति वा मुख्य सहायक मस्टोको वाहन बाघ हो । यिनलाई कुलदेवता मान्नेहरूले सपनामा बाघ देखेमा यिनको दर्शन पाएको विश्वास गर्दछन् र गाउँबस्तीमा बाघ देखियो वा त्यसको आतङ्क फैलियो भने यी देवता रिसाए भन्दै चलनचल्तीका उपचारको अवलम्बन गर्दछन् । यसका साथै गण वा सेवक मानिने स्थानीय खास-खास सहायक देवता पनि यिनका विविध थानका स्वामी वा दाजुभाइहरूका वाहन मानिन्छन् । यिनका वाहनको विवरण निम्नानुसार रहेको कुरा थाहा हुन्छ –

क) बुडा मस्टोको वाहन फुटा शिला र चाडी ढुस्क्या ।

ख) ढणार मस्टोको वाहन छाम चुल्ठ्या, घाइ ढुङ्ङ्या र भात्खोल्या ।

ग) बाबिरा मस्टोको वाहन हाँडी खोल्या ।

घ) बान्नी मस्टोको वाहन रुन्काँड्या र जिबर्खी ।

ङ) बाँसकोटे मस्टोको वाहन थैली खोल्या र नील दह्या ।

च) काबा मस्टोको वाहन सिमैल्या र दर्भी गाड्या ।

छ) थार्पा मस्टोको वाहन गुमादेउ र गागोड्या ।

ज) उखाडी मस्टोको वाहन सिम्या ।

कहींकहीं घोडालाई पनि यिनले वाहन बनाएको देखिन्छ । खप्तडको खापड दहमा गङ्गा दशहराका मेलामा खापडे मस्टो घोडा चढेर जमिनमा हिँडेझैँ गरी वार र पार गर्दछ । एकभन्दा अधिक स्थानीय सहायक देवतालाई उनका कथा उति नै ज्यादा हुन्छन् । भूमिको स्वामी, स्थानदेवता वा रैथाने शक्ति भएको र असङ्ख्य उपासकहरूद्वारा पुजिने भएकाले मस्टासम्बन्धी किस्साकहानी पनि धेरै छन् । लगभग सिङ्गो नेपाल तथा भारत एवं तिब्बतका केही भूभागमा प्रभुत्व भएका यी देवताका ठाउँठाउँका कथाहरू बटुल्ने हो भने आफैँमा महाकथा बन्न सक्तछ ।

यिनका जाँत वा मेलामा उत्ताउलो तडकभडक देखाउने र अनावश्यक रवाफ जमाई अरूलाई दुःख दिने व्यक्तिलाई रिँगटा लगाएर, अररो बनाई थला पारेर, वाकवाकी लगाएर यिनले सजाय दिन्छन् भनिन्छ । अझ होहल्ला गर्ने, वर्ज्य वस्तु भोग गरेर उपस्थित हुने र पूजापाठमा अवरोध ल्याउन खोज्ने व्यक्तिलाई पनि यस्तै सजाय दिएर यिनले काबुमा राख्तछन् भन्ने विश्वास छ । अपराधीलाई उचित दण्ड दिनका लागि प्रयोगमा ल्याइने हतकडी, कोर्रा, नेल, सिक्री जस्ता वस्तु यिनका कतिपय ठाउँका भण्डारमा राखिएका पाइन्छन् । यसबाट पनि यिनको अनुशासनमोह प्रकट

हुन्छ । यिनका जाँतहरूमा शान्तिसुरक्षाका निम्ति राज्यले सेना वा प्रहरी खटाइरहनुपर्दैन, यिनले स्वयं त्यसको व्यवस्था गर्दछन् र कदाचित् त्यस्तो ध्येयले सैनिक वा प्रहरी आएमा यिनलाई मन पर्दैन, यिनले आफ्नो आन्तरिक मामिलामा हस्तक्षेप गरेको अनुभव गर्दछन् भनिन्छ ।

जीव र निर्जीव सम्पूर्ण चराचर जगत्को परिपालकका रूपमा यिनलाई लिइन्छ । यिनलाई जीवनदाता, त्राता र स्थानीय माटो वा प्रकृतिको प्रतीक मानी असामान्य शक्तिसामर्थ्य एवं अतुल धनसम्पदाको स्वामी भनिन्छ । यिनको संरक्षण नपाइएमा जीवन चल्न सक्तैन भन्ने कुरामा विश्वास गर्दै यिनबाट पाइने अभिभावकीय छत्रछायाको कामना स्थानीय वासिन्दा गर्दछन् । संरक्षकीय दायित्व निर्वाहकै क्रममा यी धेरै टाढाबाट समीक्ष्य प्रदेशमा आइपुगेको कुरा यिनका उपासकहरू सुनाउँछन् र मुगलकालमा विधर्मीहरूको नाश एवं स्वधर्मको प्रचारप्रसारको अभियान चल्दा भारतका महाराष्ट्र, राजस्थान तथा अन्य प्रान्तहरूबाट बसाइ सरेर आएका सनातन धर्मावलम्बीहरूसँग यी देवता पनि संरक्षकीय दायित्व पूरा गर्न आएका हुन् भनिन्छ । विशेष गरी बभाङी ठकुरी सिंहहरूको बस्तीमा यो उक्ति प्रचलित छ, तर यिनको प्रभाव प्रस्तुत क्षेत्रमा सोभन्दा पहिलेदेखि नै भएको देखिने हुँदा यस भनाइमा तथ्यको मात्रा कम रहेको कुरा थाहा हुन्छ । भारतका विभिन्न प्रान्तबाट मुगलकालमा यस भूमिमा आई बसेकाहरूले प्रस्तुत देवताको प्रभाव र प्रताप स्वीकार गर्दै कुलदेवताका रूपमा मान्न र पुज्न थालेको कुराचाहिँ सत्य हो ।

पहाडका थुम्का, शिर वा देउरालीमा लताकुञ्ज तथा ठूला-ठूला रूखैरूख भएको फराकिलो बाँझो जमिनका बीच भागमा निर्मित विशेष निर्माणशैलीको भुइँतले वा एकतले एक्लो भवन देखियो भने त्यो प्रायः माडौँ र त्यसको क्षेत्र नै हुन्छ ।

ढुङ्गाको चिनाइ, माटोको गारो र चारैतिर पेटी दिएर माडौँ निर्माण गरिन्छ । काठका विशाल बाँसा, जुवा र थामको प्रयोग हेर्दा यिनलाई ढुङ्गा, माटो र काठको संयुक्त मिश्रणको भवन भन्न सकिन्छ । काठका थाममा सर्प र देवीदेवताका चित्र अङ्कित हुन्छन् । निकै ठूलो ढुङ्गा प्रयोगमा ल्याइँदा त्यसमा पनि सर्प र देवीदेवताका मूर्ति कपिन्छन् । मस्टो प्रायः निराकार स्वरूपमा रहेका हुन्छन् । मस्टो मानिने वस्तुमा मानवाकृति, देवाकृति वा कुनै खास चित्र अङ्कित हुँदैन । कहीँ प्रस्तर शिला, कहीँ दियो, कहीँ पानस, कहीँ घण्ट, कहीँ कुनै पात्रविशेष र कहीँ त्रिशूललाई मस्टो मानेर पूजा गरिन्छ । निश्चित आकारविहीन स्वरूपका देवता मानिने हुँदा यिनलाई निराकार भनिएको हो ।

डोटी जिल्लामा मात्र सीमित भएर हेर्ने हो भने पनि यिनका माडौँहरू अनेक ठाउँमा स्थापना गरिएका देखिन्छन् । उच्चाकोट, बैरकोट, देउकार, बोरगाउँ, उजेलीगाउँ, ढुङ्ग, कौराडी, गिरिचौका खतेडा, देहीमाडौँ, ऐली, आगर, हिन्नेकाँडा, बाँझ, ककानी, सताला, दिपायल, सिलगढी, कालागाउँ, फलिणी, साइल, गडसेरा, जोरायल, मस्स्या लगायतका विभिन्न ठाउँमा मस्टोका माडौँहरू पाइन्छन् । यी माडौँहरू मस्टोका प्रमुख माडौँ हुन् । शिव र शक्तिपीठका साथ स्थापित मस्टोका थानको गणना यसमा गरिएको छैन ।

योगी-संन्यासीहरूबाट जन्मेकाहरू सम्प्रदायअनुरूप गिरी, पुरी, भारती, संन्यासी नाथ थर प्रयोग गर्दछन् । यिनीहरू पनि मस्टोपूजक देखिन्छन् । आफ्नो सम्प्रदायका मूल देवतालाई सर्वोपरि महत्त्व दिँदादिँदै पनि यिनीहरू स्थानीय बासिन्दाका हैसियतले अन्य मस्टोका उपासकहरूसँगै उत्तिकै श्रद्धाभक्तिपूर्वक मस्टोको पूजा गर्दछन् ।

टमटा, लुहार, कसारा, सार्की, भुल, ढोली, चुनारा, पार्की लगायतका दलित भनिने जातिले पनि मस्टोलाई कुलदेवताका साथै आराध्य देवता मानेर पुज्ने चलन छ । कतिपय ठाउँमा त यिनीहरूले

छुट्टै मस्टो थान राखी निश्चित तिथिमितिमा छुट्टै पूजा गर्ने परम्परा पनि बसालेका छन् । ती ठाउँमा पुजारी, भण्डारी, धामी र आवश्यक अन्य कार्यकर्ता यिनीहरूकै जातिका व्यक्ति बनाइएका हुन्छन् । बझाङ जिल्लाको पुजारी गाउँको मस्टामाडौँको छेउमा सार्कीहरूको छुट्टै मस्टो थान छ ।

कसैले पनि त्यत्तिकै कसैलाई देवता मान्दैन । देवताको मान्यता पाउनका लागि आचार-व्यवहार तथा शक्तिसामर्थ्यमा देवत्व देखाउन सक्नुपर्दछ । धामीमा अवतरण भएपछि यी आफ्ना उपासकहरूलाई आशीर्वाद दिंदै *'तिमीहरू जहाँ हुन्छौ, म त्यहीं पुग्छु र तिमीहरूले दिएको श्रद्धाभक्तिकै कारण म तिमीहरूको संरक्षण गरिरहेको हुन्छु । तिमीहरूका घर, परिवार, खेतीपाती, जन्तु-जनावरको सुरक्षामा म सधैँ तल्लीन रहन्छु । तिमीहरू कर्तव्यपथ र उन्नतिमार्गमा लाग, सारा विघ्न नाश गरेर सफलता दिलाउन म सहयोगी बनेर तिम्रा साथमा रहनेछु । मैले धेरै बोल्नु हुँदैन, कामबाट आफ्नो प्रभाव देखाउनुपर्दछ । त्यसैले तिमीहरू मेलो नछोड, सफलता दिलाउने म तिमीहरूको पछिपछि हिँड्न छोड्दिनँ'* भन्दछन् । कामेको मस्टोका धामीका यस्तै कुरा सुनेर जनसामान्यले आफ्ना प्रत्येक सफलतामा मस्टोदेवताको आशीर्वाद रहेको विश्वास गर्दछ र मस्टोको छत्रछाया रहेसम्म कसैले कुनै व्यवधान खडा गर्न नसक्ने कुरामा दृढ विश्वस्त रहन्छ ।

बाबुआमाले सन्तानहरूको र घरमुलीले परिवारका समस्त आश्रितहरूको रेखदेख गरेझैँ मस्टोले पनि आफ्नो प्रभावक्षेत्रमा कुनै पनि प्रकारका महामारी, अनिकाल, अतिवृष्टि, अनावृष्टि, हिंसक जन्तुको आतङ्क, चोरी, डकैती, अन्याय, अत्याचार, शोषण, अर्घेल्याइँ, पशुरोग, अनिष्ट र अमङ्गल हुन दिंदैन भनिन्छ । यस प्रकारका दुर्घटना भएमा देवता रिसाएको ठानेर आवश्यक उपचारका निम्ति पूजापाठ तथा विशेष अनुष्ठानको आयोजना गरिन्छ ।

अभिभावकसँग आश्रितहरूले झगडा गर्ने, रुने, कराउने, अप्ठेराहरू सुनाएर निवारणका निम्ति सहयोग माग्ने, यथासमय आवश्यक निदान नभए रिसाउने, ठुस्कने र निराश भएको देखाउने जस्ता सामान्य व्यवहारमा देखिने घटनाझैँ उपासकहरूले यी देवताका प्रति गरेको देखिन्छ । यिनले आफ्ना उपासकहरूको घुर्की, रोदन, आह, पीडा, छटपटी, ठुस्काइ र क्रोध पनि सहनुपर्दछ । त्यस प्रकारका व्यवहारले जनसामान्यको भरोसा यिनका प्रति निकै ज्यादा रहेको कुरा थाहा हुन्छ । ज्यादै अप्ठेरो परेपछि सङ्कट मुक्तिका लागि *'तँ हुँदाहुँदै पनि यस्तो दुःख सहनुपर्‍यो, अबदेखि तेरो पूजाआजा केही गरिँदैन, अभिभावक नभएको टुहरोले जस्तै भोग्नुपरेका पीडा मनमै पचाएर सहेर बस्नुपर्‍यो । तँ टलुटुलु हेरिरहिस् । सङ्कटबाट मुक्त गराउन तैँले केही गरिनस् । गारोसाँगुरोमा तैँले सहयोग गरिनस् र बचाइनस् भने तँलाई मानेर मात्र के गर्नु, पुजेर मात्र के गर्नु, अबदेखि हाम्रो पूजाको आशा तैँले नगरे हुन्छ'* भन्ने किसिमका धम्की-घुर्कीको भाषा उपासकहरू यिनलाई सुनाउँछन् । यिनले त्यस्तो अवस्थामा अभिभावकले आश्रितलाई आश्वस्त पारेझैँ आफ्ना उपासकहरूलाई सम्झाउँछन्, बुझाउँछन् र प्रयत्नरत हुँदा पनि काम बन्न नसकेको र प्रयास जारी रहेको कुरा सुनाउँछन् । साथै समस्याबाट मुक्ति चाँडैभन्दा चाँडै दिलाउने आश्वासन पनि दिन्छन् । यसरी सारा उपासकको अभिभावक बनेर संरक्षणको छत्रछाया दिनु यिनको विशेषता मानिन्छ ।

असजिलो पर्दा कुनै पनि व्यक्तिले आफ्ना आमाबाबुलाई सम्झेर आमा वा बा भनेझैँ यिनका भक्तहरू दुःखकष्टका क्षणमा *'हे मस्टा, हे कुलदेवता, हे माटी, हे ईश्वर, हे मालिक, हे भगवान्'* भनेर यिनलाई सम्बोधन गर्दै अप्ठेराबाट मुक्त गराइदिन अनुरोध गर्दछन् । यिनको अस्तित्व छ-छैन, यिनका प्रतिको विश्वास आधारभूत हो-होइन, यिनको शक्तिसामर्थ्य मानेजस्तो छ-छैन, त्यो

भिन्नै प्रश्न हो । यिनीप्रति अटल आस्था जनाएर सङ्कटहरण गर्ने सजिलो उपायको खोजीका क्रममा यिनको अस्तित्व मात्र होइन, प्रत्यक्ष उपस्थितिको अनुभव स्थानीय निवासी गर्दछन् । धामीमा अवतरण भई साक्षात्कार हुने र दर्शनसमेत पाइने कारणबाट यिनीप्रतिको विश्वास झनै प्रगाढ बनेको हो । शुभकर्ता, अशुभहर्तालाई आँखाअघि देख्यो भने भक्तिशील बन्नु स्वाभाविकै हो ।

कसैले अन्याय गरे, रोग लागे, काममा बाधा परे, सामान, चोरिए, शत्रु लागे, गाईवस्तु मरे, माहामारी फैलिए, हिंसक जन्तुले दुःख दिए, भोकमरी भए, दैवी प्रकोपका घटना घटे वा कुनै पनि सङ्कट आइलागे मुक्तिको सजिलो बाटो मस्टोपूजन मानिन्छ । भिन्न देवतालाई कुलका स्वामी मान्नेहरूले मूलतः आफ्ना कुलदेवतालाई सम्झे-पुजे पनि यस्तो समयमा मस्टोलाई पनि सहयोगी शक्तिका रूपमा स्वीकार्दछन् र पुज्दछन् । दुःखमा पुकारेझैँ सुखमा पनि यिनलाई सम्झने गरिन्छ । नयाँ अन्न, नयाँ फल, खास अवसरमा पकाइने मिष्ठान्न, विशेष भोज्य वस्तु, पहिलो टीका, पहिलो जमरा र पहिलो पूजा यिनलाई चढाएपछि मात्र यिनका उपासकहरू तत्तत् वस्तु आफू भोग गर्दछन् । सन्तानजन्म, छैटी, न्वारन, पास्नी, चूडाकरण, अक्षरारम्भ, व्रतबन्ध, विवाह, चाडबाडका पूजा, सत्यनारायण कथा, रुद्री, चण्डी, सप्ताह, नवाह, रामायण लगायतका संस्कार एवं अनुष्ठानमा यिनलाई आमन्त्रण गर्ने र पुज्ने गरिन्छ । उपर्युक्त आयोजनाहरूमध्ये चोखो मानिने अनुष्ठानमा मस्टोको धामी, भण्डारी र पुजारीका साथै अन्य प्रमुख कार्यकर्ताहरूलाई निमन्त्रण दिई विशेष स्वागत-सत्कार गरिन्छ । दुलही भित्र्याउँदा धामीले कामेर दुलहादुलहीलाई गृहप्रवेश गराउँछन् । यसै गरी घरको शिलान्यासमा वास्तुपूजा गर्दा र नवनिर्मित भवनमा विधिपूर्वक गृहप्रवेश गर्दा पनि पूजापाठको परम्परागत पद्धतिको अवलम्बन गरिन्छ र सो अवसरमा धामी कामेर आशीर्वाद दिनाका साथै परिवारका सबै सदस्यलाई

गृहप्रवेश गराउँछन् । अझ ठाउँ, माटो र मुहूर्त अनुकूल नभए वा नजुरे शिलान्यास नगर्न र सो समयमा गृहप्रवेश नगर्न पनि धामीले कामेर सल्लाह दिन्छन् ।

दुःखका घडीमा यिनले नपुकारे पनि साथ दिन्छन् तर सुखमा चाहिँ यिनलाई भित्री मनबाट सम्झेकै हुनुपर्दछ । सुखद क्षणमा नसम्झे, यिनका कार्यकर्तालाई नबोलाए, गर्नुपर्ने पूजाआजा नगरे यी रिसाउँछन् र कुनै न कुनै प्रकारको हानिनोक्सानी पुऱ्याउँछन् । सुखका बेला पुज्दा, मान्दा, कार्यकर्ताहरूको स्वागत गर्दा यी प्रसन्न हुन्छन् र मनोकामना पूर्ण गराउँछन् ।

अन्यायीलाई कोर्रा हान्ने, चुट्ने, हतकडी र नेल लगाउने, अपराधअनुसारको दण्ड दिने काममा संलग्नता हुने भएकाले यिनको भण्डारमा तरबार, भाला, खुकुरी, कोर्रा, हतकडी, नेल र सिक्री तत्कालीन उपासकहरूले चढाउने गरेका हुन् भनिन्छ । अझै पनि अर्कालाई हानि पुऱ्याउने, चोरी गर्ने, लुटपाट मच्चाउने र ज्यान मार्ने व्यक्तिलाई आँखा देख्न नसक्ने, अङ्गभङ्ग गर्ने, सार्वजनिक रूपमा माफी माग्न लगाउने र अपराध स्वीकार गराउने कार्य यिनीबाट हुन्छ भन्ने विश्वास गरिन्छ । कसैले जानी-जानी गरेको अपराधका कारण अन्यायमा परेको व्यक्तिले मनमनै यिनको पुकारा गरी न्यायका लागि अनुरोध गरेमा अपराधीले दण्ड पाउँछ र अन्यायमा परेको व्यक्तिले न्याय पाउँछ भनिन्छ । धामी, भण्डारी, पुजारी जस्ता यिनका मुख्य उपासकहरूका घरबाट चोरी गर्ने व्यक्तिले चोरिएको वस्तु फिर्ता नगरेसम्म रोगी हुनुपर्ने, आँखाको क्षमता गुमाउनुपर्ने वा सार्वजनिक रूपमा गल्ती स्वीकार गर्ने अवस्था भोग्नुपर्ने कुरा पनि सुन्नमा आउँछ ।

कतै वैशाख पूर्णिमा, कतै श्रावण पूर्णिमा, कतै कार्तिक शुक्ल अष्टमी, कतै कार्तिक पूर्णिमा, कतै मङ्सिर पूर्णिमा र कतै माघ पूर्णिमामा मस्टोको पूजा गरिन्छ । विशेष गरी कार्तिक-मङ्सिर शुक्ल अष्टमी र पूर्णिमाका दिन गरिने पूजालाई नै वार्षिक पूजाका रूपमा

लिइन्छ । आआफ्ना परम्पराअनुसार दुग्धाहारी भए दूध, दही, घ्यू तथा हवनसामग्री निवेदन गर्ने र रक्तबलिभोगी भए सकेसम्म कालो नभए अरू नै वर्णको बोको बलिका लागि चढाई भक्ति प्रकट गर्ने काम त्यस अवसरमा मस्टोका उपासकहरू गर्दछन् । कतैकतै वैशाख सङ्क्रान्तिका दिन पनि यिनको वार्षिक पूजा गर्ने चलन छ ।

त्रैमासिकसम्मको पूजा कुलदेवताको मान्यताका साथै क्षेत्रपाल र आराध्य देवताका रूपमा स्वीकारेर गरिने पूजा हुन् भने कुलायन पूजाचाहिँ कुलका स्वामी, कुलसंरक्षक, कुलाधिपति एवं कुलदेवताको मान्यतामा केन्द्रित भएर गरिने पूजा हो । यसमा कुलदेवता मान्ने र त्यस्तो परिवारसित वैवाहिक सम्बन्ध राखेका व्यक्तिहरू मात्र संलग्न हुन्छन् । यसलाई देवाली पनि भनिन्छ । यस पूजालाई पनि बाबच्यै जाँत अर्थात् सेल पकाएर खुसी मनाइने जाँत भन्ने चलन छ । यस्तो पूजा आश्विन र चैत्र नवरात्रिको अष्टमी, कार्तिक शुक्ल अष्टमी, पूर्णिमा, मङ्सिर पूर्णिमामध्ये निश्चित कुनै एक दिन गरिन्छ । ठाउँअनुसार उपर्युक्त फरक-फरक तिथिमा यो पूजा गरिने हुँदा यहाँ यतिका तिथिको उल्लेख गरिएको हो । यो पूजा यीमध्ये कुनै एक निश्चित तिथिमा गर्ने चलन छ । रक्तबलिभोगी भए बोका र दुग्धाहारी भए हवन, फलफूल, दूध, दही, घ्यू निवेदन गरी मस्टोलाई कुलदेवता मान्नेहरू आआफ्ना गाउँठाउँका मस्टामाडौँमा जम्मा भई पूजा गर्दछन् । आफन्तहरू भेट्ने, पारिवारिक जमघट गर्ने र एउटै कुलका सन्ततिको सान्निध्य जुटाउने कार्यमा यस पूजाले महत्त्वपूर्ण भूमिका निभाउँछ । एकपटक थलारी राजासित यिनका भक्त मानिने डोटेली राजाको युद्ध पर्दा यिनले सर्प, मौरी र अरिँगालको रूप धारण गरेर थलारी राजालाई पराजित गर्नमा पनि मद्दत गरेका थिए भनिन्छ । यिनले त्यस बेला थलारावाट ल्याएका चाँदीका घडा, तामाका ताउला र अन्य भाँडाकुँडा, चमर जस्ता वस्तु अद्यापि डोटीको यिनको भण्डारमा सुरक्षित छन् भनिन्छ ।

दुग्धाहारी वा सात्त्विक छन् भने माडौँ, गब्युरो अर्थात् गर्भगृहमा स्थापित मुख्य थान वा गाथमा पुजारीद्वारा अभिषेक गरिन्छ र कोरा अक्षता एवं पातीका पात चढाएर पूजा गरिन्छ । हवन गरिने ठाउँ र मूल गाथका छेउमा राखिएको छुट्टै आसनमा मस्टोका धामी बस्तछन् । गाथको पूजा गरिसकेपछि सोही विधि अपनाएर काम्दै गरेको धामीको पूजा गरिन्छ । सो ठाउँमा पुजारी, भण्डारी, धामी र ज्यादै चोखो आहारविहारमा बस्ने विशिष्ट कुनै उपासकबाहेक अन्य व्यक्ति उपस्थित हुन पाउँदैन । त्यस बखत माडौँका आँगनको निश्चित ठाउँमा बसेर ढोलीहरू दमाहा, ट्याम्को, ताल, भ्याली, नरसिंहा जस्ता बाजाहरू परम्परागत धुनमा सामूहिक रूपमा बजाउँछन् । सो धुनलाई पुजकी घाई अर्थात् पूजाको धुन भनिन्छ । त्यस बखत व्रतालु महिलाहरू फाग अर्थात् परम्परागत गीत गाउँछन् र भक्तजन श्रद्धासाथ आफ्ना आराध्य एवं कुलदेवता मस्टोको आराधना गर्दछन् । यस्तो पूजा निर्दिष्ट तिथिको मध्य रात र अर्को दिनको प्रातःकालमा हुन्छ । प्रातःकालको भन्दा मध्य रातको पूजालाई बढी महत्त्व दिइन्छ । रतेडीको विशेष कार्यक्रम भनेको यही पूजा हो । दिनभरि निराहार रहेर उपवास बस्नेहरू रातिको पूजा समाप्तिपछि पुजारीद्वारा दिइने अभिषेक ग्रहण गर्दछन् ।

रक्तबलिभोगी मस्टा छन् भने रातिको कार्यक्रम दुग्धाहारी मस्टोको पूजामा गरेबमोजिम सञ्चालन गरिन्छन् र बिहान तथा दिउँसोका कार्यक्रम केही भिन्न तरिकाले सम्पन्न गरिन्छन् । रक्तबलिभोगी मस्टो बिहानको झुल्केघाममा आफ्ना सहायक देवताका धामीका काँधमा चढेर बयाल खेल्दछन् अर्थात् ढोलीहरूको पूर्वोक्त परम्परागत वाद्यधुनका साथ नाच्तछन् र देउरो पनि अर्कै धामीद्वारा नचाइन्छ । त्यसपछि माडौँको आँगनको एउटा छेउमा रहेको मस्टोको थानमा गएर भक्तजनद्वारा दिइएका बोकाको बलि ग्रहण गर्ने काम हुन्छ । सो बलि कहीँ धामी, पुजारी, भण्डारी र अन्य

कार्यकर्ताको समुपस्थितिमा उपासकमध्येको कुनै व्यक्तिबाट दिई मस्टोथानमा रगत चढाइन्छ र मस्टोको धामीमा रगतको अभिषेक गरिन्छ भने कहीँ स्वयं धामी नै कामेर बलि दिई मस्टोथानमा रगत चढाइन्छ । कहीँ मस्टोका धामीले धामी र पुजारीको दोहोरो भूमिका निभाउँछन् ।

बिहानको भोजनको समयसम्म बलिको कार्यक्रम चल्दछ । चौँसट्ठीवटा बोका बलिका लागि स्वीकार्य हुन्छन् । सोभन्दा बढी भएमा अर्को वर्षको पहिलो प्राथमिकताका लागि प्रतीक्षापङ्क्तिमा राखिन्छ । दाँतले टोकेर बोका काट्ने वा नङले चिथोरेर बोका काट्ने चलन भएका ठाउँमा बिहानकै समयमा बलिको कार्यक्रम चल्दछ । माडौँका आँगनको छेउमा स्थापित मस्टोथानमा पर्दाले छेकेर सर्वसाधारणले नदेख्ने गरी धामी, भण्डारी र पुजारीको उपस्थितिमा बलि दिने काम गरिन्छ । भण्डारीले गर्दन सोभ्याउने, पुजारीले खुट्टा समात्ने र धामीले दाँतले टोकेर वा नङले चिथोरेर बोका काट्ने काम हुन्छ । त्यस ठाउँमा खुकुरी, तरबार, चक्कू, हँसिया आदि कुनै हतियार हुँदैन । दाँतले टोकेर बोका काट्ता धामीले लँगौटीबाहेक अन्य लुगा लगाएको हुँदैन । यसरी लिइने बलि पनि चौँसट्ठीवटा बोकाको मात्र हुन्छ । बढी भए अर्को वर्षको पहिलो प्राथमिकतामा निर्धारण गरी बोका फिर्ता गरिन्छ । त्यसरी फिर्ता भएका बोका घरमा नलगेर जङ्गलमै छोडिन्छन् । बेलुकीको कार्यक्रम पुछाइँ, धामीनाच, देउरोनाच र पुरुष तथा महिलाको सामूहिक नृत्य एवं गायनमा केन्द्रित हुन्छ ।

यी दुवै प्रकृतिका मस्टोका पूजाको मिल्दोपन पनि छ । बिहानको पूजा सुरु हुनुभन्दा पहिले देउरो सजाइन्छ । धामी, भण्डारी, पुजारी र डोलीबाहेकका प्रमुख अन्य कार्यकर्ताहरू माडौँको आँगनमा निश्चित ठाउँमा राखिएको देउरोका छेउमा बसेर सबैतिरका भक्त वा उपासकहरूले ल्याएका भेटी, उपहार, फूलमाला र

पूजासामग्री लिने काम गर्दछन् । कहींकहीं चढाइएका सामानको विवरण लिखित रूपमा तयार पार्ने चलन छ भने कहीं विनालिखत भण्डारीको विश्वासमा भण्डारमा जम्मा गर्ने र नासिने वस्तु भए प्रसादस्वरूप तत्काल विशेष दाता वा उपासकलाई दिने गरिन्छ । त्यसरी उपहारस्वरूप दिइने वस्तुमा घण्ट, दियो, पानस, आलम वा नेजा, ताम्रपत्र, सुन मिसाएर बनाएका विभिन्न देवताका चाँदीका प्रतिमा, चमर, साटन वा सिल्कका रङ्गीबिरङ्गी कपडा, रातो रङ्गमा रङ्गाइएका उनी पछ्यौरा, कलश, करुवा, झारी, दण्ड, भोकर, दमाहा, ताल, झ्याली, नरसिंहा, गजुर, आसागुर्जा, सुनका जनै पर्दछन् । यस्ता वस्तु चोरी, ठगी, लुटी वा गलत बाटो अपनाई ल्याइएमा धामी वा कुनै पनि कार्यकर्ता कामेर फालिदिन्छन्, स्वीकार गर्दैनन् । साथै १४४ बर्से, १२ बर्से र १ वर्षे जाँतमा मात्र यस प्रकारका उपहारहरू चढाइन्छ, अन्य सामान्य पूजामा चढाइँदैन । वार्षिकभन्दा १२ बर्से र १२ बर्सेभन्दा १४४ बर्से जाँतमा उपहार ल्याउने क्रम तीव्र हुन्छ । वर्षौंवर्षदेखि जम्मा पारिएका उपहार सामग्री बढी भएर कतिपय भण्डारमा त राख्ने ठाउँ पनि हुँदैन । यस दृष्टिले लडे र दाडे मस्टोका भण्डार अन्यका तुलनामा अधिक समृद्ध देखिन्छन् ।

बाबुआमाको सेवाटहल जति गऱ्यो, त्यति नै आत्मसन्तुष्टि र माया पाइएझैं कुलका मालिक मानिने यी देवताको स्तुतिभक्तिबाट अनिष्ट नाश एवं सुखसमृद्धि प्राप्त हुने विश्वास गरिन्छ । तसर्थ बढी उपहार आउने १२ वर्ष र १४४ वर्षका जाँतमा उपहार सामग्री बटुल्ने कार्यमा लामो समय लाग्दछ । त्यस्तो स्थितिमा एकथरि कार्यकर्तालाई उपहारका सामान जम्मा गर्नमा खटाएर धामी, झण्डारी, पुजारी जस्ता प्रमुख कार्यकर्ताहरू जाँतका नियमित कार्यक्रम अघि बढाउनपट्टि लाग्दछन् । धामी र देउरोलाई मस्टोको प्रतिमूर्ति मानेर धामीनाच र देउरोनाचका बखत अक्षता, फूल चढाई

ढोग्ने चलन छ । वृक्ष-वनस्पतिले घेरिएको माडौं क्षेत्र पूजाको समयमा एकत्रित हुने जनसमूह, बजाइने बाजा, सम्पन्न हुने धामीनाच र देउरोनाच एवं भक्तजनद्वारा गाइने गीतबाट झनै आकर्षक, झनै रमणीय र झनै सङ्गीतमय बन्दछ ।

यिनको पूजामा आफ्नै किसिमको शैली अपनाइन्छ । कुनै पनि मन्त्र वा वैदिक ऋचाको प्रयोगविना पूजा सम्पन्न गरिन्छ । वार्षिक, बाह्रबर्से र एक सय चौवालीस बर्से पूजा एक प्रकारको हुन्छ भने छमहिने, तीनमहिने पूजा तुलनात्मक रूपमा केही छोटो र सरल हुन्छ । त्यसै गरी देवाली, धार्मिक अनुष्ठान र भाकल पूरा भएका स्थितिको पूजामा पनि आशिक भिन्नता पाइन्छ ।

यिनको पूजामा दुग्धाहारी छ भने हवन र रक्तबलिभोगी छ भने बलिलाई बढी महत्त्व दिइन्छ । हवनलाई स्थानीय बोलीमा हुम भनिन्छ । हवनमा जौ, तील, चामलमिश्रित चरुको आहुति नदिएर घृतधाराको आहुति दिइन्छ । त्यस बखत मनमा मस्टोको ध्यान गरिन्छ । कुनै मन्त्र वा ऋचा पढिंदैन । कतिपय स्थानका पुजारीहरू लेखपढ गर्न नजान्ने हुन्छन् । मूल थानमा अभिषेक, कोरा अक्षता एवं पाती चढाउनु पूजा गर्नु हो भने मूल थानको छेउमा बालिएको आगोमा गाईको चोखो घ्यूको आहुति दिनु हवन गर्नु हो । यसका साथै मूल गाथको पूजा गरेझैं सम्बद्ध देवताको धामीको पूजा गरेर काम्न लगाउनु पनि पूजाको अभिन्न अङ्ग मानिन्छ ।

विशेष धार्मिक अनुष्ठानको आयोजना गर्दा शास्त्रोक्त विधिका ज्ञाता पण्डितहरूले पूजा गराउने हुँदा मन्त्र वा ऋचा पाठ गरिन्छ । त्यस्तो पूजालाई मूल पूजा भने मानिदैन । रक्तबलिभोगी मस्टोको पूजामा पनि उपर्युक्त विधिको हवन गरिन्छ, तर त्यसमा हवनलाई भन्दा बलिलाई बढी महत्त्व दिइन्छ । मस्टोका पूजाको अर्को विशेषता आआफ्ना कुल-परिवारको चलनबमोजिम पूजासामग्री, गोदान, कालो वा सेतो वर्णका बोकाको बलिदान, घोडादान र त्यस्तै खास-खास

पात्र एवं वस्तुको दान गर्नु पनि हो । यस प्रकारको दान पालोअनुसार व्यक्ति र परिवारद्वारा गर्ने चलन छ । प्रत्येक उपासकका घरबाट पाँच मुठी सग्लो चामल, एक पसेर दाल, नुन, खुर्सानी, दही, दूध, घ्यू, दक्षिणा, चन्दन, केशरी, बत्ती, धूप प्राप्त भएकै हुनुपर्दछ । जुठो-सुत्केरो वा कुनै अन्य वर्ज्य स्थितिमा चाहिँ पूजनसामग्री दिनु हुँदैन । यो जम्मा गर्ने काम जाँत हुने दिनमा निर्दिष्ट व्यक्तिले गर्दछ । पोखल अर्थात् पूजा सामान उठाउने काम गर्ने हुँदा यस प्रकारका सामग्री उपासकका घरघरबाट जम्मा गर्ने व्यक्तिलाई पोखल्या भनिन्छ ।

उपहारदाता तथा विशिष्ट उपासकलाई चढाइएका वस्त्रबाट मलमल, सिल्क र साटनका कपडा झिकेर सार्वजनिक सम्मान दिएझैँ गरी प्रदान गरिन्छ । उपासक तथा रैथाने अन्य देवताका पूजकलाई सकेसम्म फूलका माला नपुगे फूलका थुँगा प्रसाद भनेर दिइन्छ । अन्य आगन्तुकहरूलाई पनि व्यक्तित्व हेरेर टीका, पगरी, फूलको माला वा थुँगा प्रसादका रूपमा दिने चलन छ । अझ अपराध गरेबापत धामीद्वारा दिइने दण्डलाई पनि प्रसाद मानेर स्वीकार गरिन्छ । छमहिने र तीनमहिने जाँतका साथै अन्य अवसरका पूजामा उपस्थित कार्यकर्ता, उपासक एवं दर्शनार्थीहरूलाई अभिषेक गरेर दिइने फूल नै प्रसाद मानिन्छ । विशेष धार्मिक अनुष्ठानको आयोजना गरिएमा उपस्थित दर्शनार्थीलाई माडौँमै र अनुपस्थितहरूलाई घरघरमा टीका, तिलक, फूल, नैवेद्य, पञ्चामृत प्रसाद मानेर दिइन्छ । विशेष योगदान गर्ने र विशिष्ट व्यक्तित्व भएका व्यक्तिलाई सम्मानस्वरूप मलमल, सिल्क वा साटनको कपडाको पगरी गुँथिने हुँदा त्यस्तो वस्त्र खास किसिमको प्रसाद मानिन्छ भने त्यसपछिको क्रममा आउने फूलको माला, टीका र तिलक फूलका थुँगा मध्यम एवं अन्य प्रसादलाई सामान्य प्रसाद मानिन्छ । यसरी अभिषेक र फूललाई सामान्य, फूलको मालालाई मध्यम र फेटा वा पगरीलाई मस्टोदेवताको उत्तम प्रसादका रूपमा लिने गरिन्छ ।

रक्तबलिभोगी मस्टोका प्रसाद पनि दुग्धाहारी भेदका जस्तै हुन्छन्, तापनि थप प्रसादका रूपमा दिइएको बोकाको शिर तथा शरीरलाई पनि लिइन्छ । बोकाको शरीर बलि जसले दिन ल्याएको हो, त्यसलाई नै दिइन्छ र सो व्यक्ति वा परिवारले प्रसादका रूपमा ग्रहण गर्दछ भने शिर प्रमुख कार्यकर्ताहरूले पाउने प्रसादमा पर्दछ । कतिपय दुग्धाहारी एवं रक्तबलिभोगी भेदमा काँक्रो, कुभिन्डो, लौका, नरिवललाई बोकाका जस्ता चार खुट्टा, दुई सिङ र पुच्छर भएको बनाएर सिँगारपटार पारी बलि दिने गरिन्छ । त्यस्तो बलिको पनि शिर भाग प्रमुख कार्यकर्ता र शरीर भाग बलिदातालाई दिइन्छ । प्रमुख कार्यकर्ताहरूलाई दिन भनी छुट्याइएको बोका वा अन्य बलिको शिर भाग धामीले इच्छाअनुसार कुनै बाह्य उपासक वा दर्शकलाई दिन पनि सक्तछन् । भण्डारी र पुजारीको सल्लाहबमोजिम पनि त्यस्तो प्रसाद बाहिरको दर्शक वा नवागन्तुक व्यक्तिलाई धामीले दिने गर्दछन् ।

कतिपय ठाउँमा पूजाका लागि दूध, दही, घ्यू यथेष्ट मात्रामा जम्मा हुने र पूजाबाट अवशिष्ट सोको भाग उपासक तथा दर्शनार्थीहरूलाई प्रसादस्वरूप खाने गरी दिइने हुनाले दूध, दही र घ्यू पनि यिनको प्रसाद बनाइएको देखिन्छ । यसरी भोगभेद, कार्यविभिन्नता, जाँत वा पूजाका किसिम, उपासकका भेद तथा अवस्थानुसार यी देवताका प्रसाद अनेक प्रकारका पाइन्छन् । मस्टोका धामीले कामेर सुरुमा यस प्रकारका कुरा सुनाउँछन् –

१. ऊ ... (ठूलो स्वरको चीत्कार)
पुजारी, भण्डारी, ब्राह्मणहरू, विश्वकर्माहरू, दमाईहरू
अघि फाँडेर पछि हानेर
बहिनीका पाउको सेवा गरेर
नदी तरी दुर्गम्य शिखर चढी
कहाँबाट कहाँ पुगेर

पानीको सामल बतासका लुगा
काँडाका ओछ्यान, ढुङ्गाको सिरानी
पछिपछि लागेर
कहाँबाट कहाँ आइपुगें भक्त हो, देखेकै छौ ।

२. के भनेर बोलूँ भक्त हो
के भनेर कुरा गर्न थालूँ
तीनै युगको हुँ भनेर
सत्ययुगको हुँ भनेर
जान्ने सबै छौ, मान्ने सबै छौ
तीनै लोक र चौधवटै भुवन
जलमा हामी, थलमा हामी
डाँडामा हामी, पहरामा हामी
एकाग्र भएर, सभ्य एवं शान्त बनेर उपासना गर
सोचेको-सम्झेको पूरा गर्ने म छँदैछु ।

३. रोगीको रोग र दोषीको दोष
मैले नाश गरेकै छु, मैले समाप्त गरेकै छु
माटाको स्वामी, थलाको स्वामी
मलाई सम्झेर आयौ, मलाई मानेर आयौ
हितैषी तिमीहरूको, मित्र तिमीहरूको
जहाँ तिमीहरू जान्छौ त्यहीं म पुग्छु
पूजासामग्री तिमीहरूले सधैं दिएकै छौ
पूजासामग्री मैले सधैं लिएकै छु ।

४. अहा पुजारी ! अहा भण्डारी !
अहा ब्राह्मणहरू, विश्वकर्माहरू, दमाईहरू !
हुन त मैले तिमीहरूका पछाडि हिँड्न
कहिले छोडेको छु र
जाऊ त भक्त हो

अहिलेदेखि नै तिमीहरूका
अघिको बाटो खोलेर, पछि परेर
तिमीहरूलाई सुरक्षित राख्ने
म छैदैछु भक्तहरू हो
म छैदैछु नि ।

कुलदेवताका रूपमा मानिने र पुजिने मस्टोदेवताको परम्परा नेपाली धार्मिक, सांस्कृतिक र सामाजिक रीतिथितिको प्रतीक बनेर चल्दै आएको छ । पश्चिमबाट बसाइँ सर्दै पूर्वतिर उन्मुख भएका आफ्ना उपासकहरूसँग साथसाथ हिँड्ने क्रममा यी देवता नेपालभरि फैलिएका देखिन्छन् । यिनको मूल थलो मानसरोवर र त्यसपछिको केन्द्रभूमि खप्तड एवं सुदूर पश्चिमाञ्चलको महाभारत पर्वतको शिखर हो, तापनि बिस्तारै यस क्षेत्रको मध्यपर्वतीय भूभागलाई बासस्थान बनाई सोही प्रकृतिका पहाडी बस्तीमा पूर्व र पश्चिमतिर यी उन्मुख भएका हुन् । त्यसैले भूबनोटका दृष्टिले समान देखिने नेपाल र भारतका समानान्तर रेखामा रहेका ठाउँमा यिनका थानहरू पाइन्छन् ।

विविध जातजाति र भाषाभाषी-समुदायका बीच सम्बन्धसूत्र कायम गरी एकताको सन्देश दिने आधार पनि मस्टो हुन् । बाहुन, छेत्री, संन्यासी, दमाई, कामी, सार्की लगायतका सबै जातिका कुलदेवता बनेर साझा आस्था आर्जन गर्नमा सफल यिनले विभिन्न जातिमा पारस्परिक मित्रता, प्रेम, समझदारी र एकता सुदृढ गरेर सामाजिक शान्ति सुस्थिर तुल्याउने काम गरेका छन् । कुलका स्वामीलाई मान्नुपर्ने, पूर्वजहरूप्रति श्रद्धा गर्नुपर्ने र पितृहरूप्रति आस्थावान् बन्नुपर्ने सन्देश पनि यिनले जनजनमा पुऱ्याउन खोजेको देखिन्छ । साथै अभिभावक बन्नेले आफ्नो आश्रयमा बस्नेहरूको संरक्षणप्रति सदा सतर्क र सवेदनशील हुनुपर्ने पाठ पनि यिनले आफ्ना कार्यव्यापारबाट उदाहरणसहित सिकाएका छन् । त्यही कार्यव्यापारका

कारण यिनलाई छेत्रपाल अर्थात् आफ्ना अधीनका क्षेत्रको सुरक्षा गर्ने देवता भनिन्छ । यी आफ्ना उपासकहरूभन्दा टाढा रहँदैनन् र दुःख-सुख, आँसु-हाँसो, गाह्रो-सजिलो जुनसुकै स्थितिमा पनि साथ दिन यिनले छोड्दैनन् भनिन्छ । भक्तहरू जहाँ जान्छन् यी पनि सियोसित धागो हिँडेझैँ पछिपछि लाग्दछन् भन्ने विश्वास गरिन्छ । त्यसैले उपासकहरूको वंशवृद्धि हुँदै जाँदा थपिएका नयाँ-नयाँ बस्तीमा यिनले पनि अनुगमन गर्दा ठाउँठाउँमा यिनका थान थपिएका हुन् र तिनै थानहरू ठाउँको नामका आधारमा यिनका भाइ बनाइएका हुन् भन्ने जनश्रुति छ । वास्तवमा ती सबै थान यिनका भाइ वा विविध रूप नभएर यिनका उपासकहरूको बस्तीविस्तारका प्रतीक हुन् । यिनले आफ्ना भक्तहरूलाई संरक्षण दिन छोड्दैनन् भन्नुभन्दा यिनका भक्तहरूमा पाइने यिनीप्रतिको अगाध आस्थाका कारण जहाँ रहे पनि जहाँ गए पनि भक्तहरू यिनलाई सम्झन, मान्न र पुज्न नछोड्ने हुँदा आफ्नो डेरा होस् वा बस्तीमा होस्, सर्वत्र यिनको थान राख्तछन् भन्नु बढी समीचीन हुन्छ ।

यिनीप्रतिको सम्मान र भरोसा यिनका भक्तहरू कतिसम्म गर्दछन् भने जहाँ रहे पनि आफ्नो साथमा संरक्षकीय दायित्व निर्वाह गर्ने साख्खै बाबु, साख्खै काका, साख्खै दाजु वा ज्यादै नजिकको अभिभावक उभिएझैँ गरी यिनको उपस्थिति रहने कुरामा गाढा विश्वास गर्दछन् । तसर्थ मस्टो भनेको देवता मात्र नभएर सामाजिक र सांस्कृतिक परम्पराको एउटा संस्था हो, सम्प्रदाय हो, जीवन-पद्धति हो, आस्थाकेन्द्र हो, आशा-भरोसाको प्रतीक हो र व्यावहारिक दर्शन, पथ, वाद वा सिद्धान्त पनि हो ।

भगवान् शङ्कर र दुर्गा भवानीको प्रमुख गण मानिने यी मूलतः सात्त्विक देवता हुन् तापनि रक्तबलिभोग लिने दुर्गा भवानीका सान्निध्यमा रहने हुनाले सोही भोग यिनमा पनि चढाउने क्रममा यिनलाई रक्तबलिभोगी बनाइएको बुझिन्छ । फलस्वरूप भगवान्

शङ्करको गण मानिने सात्त्विक भोग लिने एउटा र दुर्गा भवानीको गण मानिने रक्तबलिभोगी अर्को गरी यिनका दुइटा भेद कालान्तरमा प्रचलित भएका देखिन्छन् । अझ तिनमा पनि स्थानभेद बढ्न जाँदा दूधे, लडे, दाडे र खापडे गरी थप चारभाइ तथा तिनमा पनि प्रत्येकका बाह्र-बाह्रभाइ भनेर ठाउँठाउँमा राखिएका मस्टोका थानहरू जोडी जम्मा अठचालीसवटा भेदहरू पुऱ्याइएको पाइन्छ । वास्तवमा भोगभेद, स्थानभेद र पूजनप्रक्रियाका भेदहरू छुट्याएर जतिसुकै सङ्ख्यामा यिनका भाइहरूको गणना गरे पनि मूलतः यी एउटै देवता हुन्, शिव तथा शक्तिको मुख्य गणका रूपमा चर्चित यिनको समग्र नाम एउटै हो ।

अत्यधिक शक्तिले सम्पन्न तत्त्वका साथै मानवकल्याणमा समर्पित देखिने सूर्य, चन्द्र, पृथ्वी, आकाश, धर्ती, नदीनाला, पहाड, वृक्ष, वायु, अग्नि, जल, फल, पशु, पक्षी जस्ता विविध पक्षलाई देवता मान्ने चलन मानव-समाजमा यत्रतत्रसर्वत्र पाइन्छ । यस्तै तत्त्वमध्येका एउटा शक्ति मस्टो पनि हुन् । नेपाली जनमानसले गाउँबस्तीका प्रत्येक बाटाघाटा, नदीनाला, वनजङ्गल, खेतगरा, घरआँगन, वृक्ष-वनस्पति, भीरपाखा सबैतिर कुनै न कुनै देवताको थान रहेको कुरा स्वीकार गर्दछ र लोकले निश्चित तिथिमिति पारेर तिनको पूजा गर्दछ । साथै ती सबै देवीदेवताको पूजा नगरी जीवन चल्दैन भन्ने मान्यता व्यवहारमा लागू पनि गर्दछ । 'पहाड पुजी खानू माल जुधी खानू' अर्थात् पहाडमा स्थानीय देवताको पूजा गर्न सक्यो भने मात्र गुजारा चल्दछ भने मधेसमा प्रत्येक क्षेत्रमा सङ्घर्ष गर्न सकेमा मात्र जीवन धान्न सकिन्छ भन्ने उखानले यस परम्परालाई थप स्पष्ट पारेको छ । एउटै मस्टोका स्थानभेद र भोगभेदको गणनाद्वारा पचासौँ भाइ भएका कुरा यसै सन्दर्भमा जोडिन गएका हुन् । अन्य देवताका प्रसङ्गमा पनि यही कुरा दोहोऱ्याइएको पाइन्छ ।

दृष्ट, अनुमान र आप्तवचन तीनवटै प्रमाणबाट मस्टोको अस्तित्व स्वीकार गरिएको हो । आँखाअगाडि दाँतले टोकेर बोका काटेको देखेपछि, धामीमा अवतरण भएपश्चात् झारफुक तथा वचनबाट असाध्य दीर्घ रोग निको भएको देखेपछि, भूत र भविष्यका कुरा यथातथ्य भनेको सुनेपछि यिनीप्रति विश्वास उत्पन्न हुनु स्वाभाविकै हो । अझ जानी-नजानी गरिएका गल्तीको छानबिन गरी कडा सजाय दिने न्यायदाताका रूपमा यिनले जिम्मेवारी लिएको देखेपछि यिनबाट डर्नु पनि त्यत्तिकै स्वाभाविक हो । संरक्षण दिने तथा सन्मार्गमा सहयोग गर्ने जस्ता राम्रा पक्षमा देवता देखिए पनि ज्यान लिने, सार्वजनिक रूपमा दण्ड दिने र सानातिना गल्तीमा आवश्यकताभन्दा ज्यादा कठोर सजाय सुनाउने यिनका कतिपय कार्य क्रूर, निर्दयी र अमानवीय पनि देखिन्छन् । त्यसो भए पनि नराम्राभन्दा राम्रा कार्यको मात्रा अधिक देखिने हुनाले यिनीप्रति जनसामान्य डर्नुभन्दा ज्यादा आशा-भरोसा गर्दछ र गल्तीमा डाँट-फट्कार तथा सत्कार्यमा स्याबासी दिने अभिभावकका प्रति गरिएझैँ श्रद्धा, भक्ति एवं विश्वास गर्दछ ।

मनले चिताए पुग्ने, सुखदुःखमा सम्झना मात्र गरे पनि सहयोगी बनेर उपस्थित हुने, पूजाआजाको प्रक्रिया ज्यादै सरल, सहज र विवरणविहीन हुने र कर्मकाण्डीय मन्त्रको प्रयोगविना अक्षता र पाती चढाएर वर्षमा एक दिन उपासना गरे पनि पुग्ने जस्ता अनेकौँ थप निजत्व यिनका देखिन्छन् । ऐच्छिक रूपमा यिनको संस्मरण जहाँ रहेबसे पनि, जहिले पनि, जुनसुकै अवस्थामा पनि गर्न सकिन्छ । साँझ, बिहान र दिउँसोका त्रिसान्ध्यपूजा यिनी खोज्दैनन् ।

यिनी सत्कार्य मन पराउँछन् । तोकिएका तिथिमितिमा उपासकहरूले आफूलाई सम्झून् र आफ्नाप्रति चोखो हृदयले समर्पित होऊन् भन्ने पनि यिनले चाहन्छन् । साथै स्वयंनिर्दिष्ट अवसरमा आराध्य देवीदेवताप्रति श्रद्धासुमन अर्पण गर्दछन् । यस किसिमका

कार्यबाट यिनको अनुशासनप्रियताको परिचय मिल्दछ । धर्म भनेको पूजापाठ मात्र नभएर, शङ्खघण्ट बजाएर भगवन्नामसङ्कीर्तन गर्नु मात्र नभएर, अक्षता र पाती चढाउने प्रक्रिया मात्र नभएर मान्यजनप्रति श्रद्धा राख्नु, आश्रितप्रति स्नेह गर्नु, संयममा बस्नु, चोखो रहनु र अनुशासित हुनु हो भन्ने पाठ यिनको परम्पराबाट बुझ्न सकिन्छ । चोरी, डकैती, ठगी र लुटबाट अर्जित वस्तु चढाउँदा यिनका कार्यकर्तामध्येका कुनै पनि व्यक्तिले कामेर फालिदिने, स्वीकार नगर्ने चलनको अध्ययन गर्दा पनि यो कुरा स्पष्ट हुन्छ । कुनै पनि व्यक्ति र समाजलाई असल बनाउने पहिलो आधार समाजमा बस्ने प्रत्येक व्यक्तिको हार्दिक विशालताको भावना हो । भावनाले मस्तिष्कलाई र मस्तिष्कले व्यवहारलाई प्रभावित तुल्याउँछ । समाज सभ्य, शान्त, सुसंस्कृत र समुन्नत तब हुन्छ जब त्यस समाजमा बस्ने सबैजना सहयोगी, संयमित, शान्त, समझदार, मिलनसार र विशालहृदयी हुन्छन् । प्रस्तुत परम्पराले जनजनलाई उपर्युक्त आचार-व्यवहारमा सम्वेदनशील बनाउन सहयोग गरेको छ । यिनले एक ठाउँमा बस्ने विभिन्न जातजातिलाई अनेकौं कोणबाट एकताबद्ध तुल्याउने काम गरेका छन् । जुनसुकै जातजातिका कुलदेवता बन्ने यी सबैलाई उत्तिकै संरक्षण दिन्छन् र भक्तिपूर्वक जसले पूजा गरे पनि, भोग चढाए पनि सहर्ष स्वीकार गर्दछन् । समाजबाट यिनले जातीय विभेद हटाउन खोजेको कुरा थाहा हुन्छ ।

चोरी, डकैती, ठगी र लुट हुन नदिनु र गलत बाटो अपनाउने वा निषेधित कार्य गर्नेलाई सार्वजनिक रूपमा दण्डित गर्नु यिनले बनाउन खोजेको स्वस्थ समाजको परिचायक हो । श्रद्धेयलाई सम्मान दिनुपर्ने, सम्मान औपचारिकताका लागि नभएर आस्थाका लागि गर्नुपर्ने, अशक्त र कमजोर वर्गको सेवा गर्नुपर्ने, आफूसँग छ भन्दैमा सामाजिक जीवनका कमजोर व्यक्तिले जीवन धान्न गाह्रो हुने गरी धनसम्पत्तिको तुजुग देखाउन नहुने, समर्थले समाजोपयोगी कार्य

गर्नुपर्ने जस्ता विविध नियमको परिपालनमा यिनले दिने गरेको निगरानीबाट पनि यिनलाई समाजसुधारक देवता भन्नुपर्दछ । यिनले रातारात चट्टान फोरेर सिँढी तयार पारी सुगम मार्ग बनाएको, ठाउँठाउँमा जलाशय, चौतारी र पौवा बनाएको र सङ्कटमा परेका व्यक्तिलाई त्राण दिएको घटनामा आधृत यिनका अनेकौँ किंवदन्तीहरू सामाजिक विशेषताका उदाहरण हुन् ।

संरक्षण दिनका निम्ति यिनले आफ्ना भक्तहरूलाई सदा पछ्याइराखेका हुन्छन् भनिन्छ । साथै आफूलाई महत्त्व दिने भक्तलाई यिनले पनि महत्त्व दिन्छन् भन्ने कुरामा दृढ विश्वास गरिन्छ । त्यसो भए तापनि राम्रो काम गर्ने व्यक्ति छ भने कुलदेवता मानेर नपुज्ने वा अन्य कुनै देवतालाई कुलदेवता मान्ने भए पनि यिनले स्याबासी दिन्छन् र प्रशंसा गर्दछन् भने नराम्रो काम गर्ने आफ्नै उपासक छ भने पनि कठोर दण्ड दिन्छन् र सार्वजनिक रूपमा बदनाम गरिदिन्छन् । त्यसैले यिनलाई निष्पक्ष भएर न्याय दिने देवता भनिन्छ । यिनले समाजमा अन्याय हुन दिँदैनन् । 'जाँ मुन्ठा वाँ न्याँ' अर्थात् जहाँ मस्टो रहन्छ त्यहाँ न्याय हुन्छ भन्ने उखानले पनि सामाजिक स्वस्थताका निम्ति यिनले गर्ने कार्यको परिचय दिएको छ । आर्य, अनार्य, तागाधारी, मतवाली, ब्राह्मण, शूद्र, ठूलो, सानो जातभात केही नभनेर सबैलाई उत्तिकै स्नेह र उत्तिकै सुरक्षा दिनु यिनको उदाहरणीय व्यवहार हो ।

पितृपूजाको परिपाटी यिनको परम्पराबाट चलेको जस्तो देखिन्छ । सदा साथ दिने र सधैँ माया गर्ने काम पितृहरूले गर्दछन् । त्यसैले तिनका प्रति कृतज्ञता प्रकट गर्नका निम्ति जीवित सन्ततिले तिनको पूजा गर्दछन्, तिनलाई मान्दछन् । मस्टोको मान्यता पनि यस्तै प्रकृतिको देखिन्छ । यिनै विविध कारणले मस्टोपरम्पराको गढका रूपमा रहेको नेपाल मस्टोपथ वा मस्टोसम्प्रदायको प्रबल अनुयायी बनेको छ । साथै मस्टोले पनि यस भूमिलाई केन्द्रबिन्दु

बनाएर पूर्व, पश्चिम, उत्तर, दक्षिण सबैतिर आफ्नो प्रभाव चतुर्दिक् विस्तारमा फैलाउन सफल भएको छ ।

नेपालको वर्तमान परिवर्तनशील सांस्कृतिक-सामाजिक परिप्रेक्ष्यमा यस कृतिले मौलिक स्वभावको जग सुदृढ तुल्याउने र भावी सन्ततिलाई पुर्खाले बचाएर ल्याएका मूल्य तथा मान्यताको बोध गराउने काममा उल्लेख्य कार्य गर्ने हुँदा यो मूल्यवान् रचना बनेको छ । यसले नेपाली भावुक र यशस्वी पुर्खाहरूको गरिमालाई उजागर तुल्याउने काम पनि गरेको छ । भौतिक रूपमा नरहे पनि सत्कार्यका माध्यमबाट सदा जीवित कुलचन्द्र कोइरालाको यस सत्कर्मको प्रभाव नेपाली समाजमा अनन्त समयसम्म परी नै रहनेछ । उहाँले गरेको समयको बहुमूल्य यो लगानी र परिश्रम प्रशंसनीय छ । मस्टोदेवताको गुणगरिमाजस्ता महत्ता एवं नेपाली समाजको इतिहासको ज्ञान हालका र पछिका पुस्तासम्म पुऱ्याउन यो कृति सफल हुनेछ भन्ने विश्वासका साथ यसलाई प्रकाशन गर्ने जीवनचन्द्र कोइरालाको प्रयासको प्रशंसा गर्दछु ।

– डा. जयराज पन्त
डोटी, जिजोडामाडौं - ८, जैनोली
हाल : कामपा ५, दुङ्गेधारामार्ग, हाँडीगाउँ

कुलचन्द्र कोइराला र मस्टोको सम्बन्ध

कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठानले स्थापनाकालदेखि नै साहित्यकार एवं संस्कृतिविद् कुलचन्द्र कोइरालाद्वारा लेखिएका पुस्तकहरू प्रमुखताका साथ प्रकाशन गर्दै आइरहेको छ । उहाँको देहान्त भएपश्चात् उहाँका केही कृतिहरू प्रतिष्ठानबाहिरबाट पनि प्रकाशित भएका थिए । 'नेपालका आराध्यदेव भगवान् पशुपतिनाथ' नेपाल प्रज्ञाप्रतिष्ठानबाट, 'श्री मत्स्येन्द्रनाथ' र 'नेपाली खसबाहुनका कुलदेवता मस्टो' गुठी संस्थानबाट प्रकाशित भएका कृति हुन् । पहिलोपटक गुठी संस्थानले प्रकाशित गरिदिएको यो कृति पाठकहरूको रुचिका कारण दोस्रोपटक प्रतिष्ठान आफैंले प्रकाशन गर्न लागेको छ ।

यो कृति मूलतः कुलचन्द्र कोइरालाले 'नेपालको सांस्कृतिक परम्परा र राजमुकुट' नामक पुस्तकको उत्तरभागका लागि तयार पार्दै गरेको अपूरो सामग्री हो । ने. रा. प्र. प्र. को १ वर्षे विद्वत्वृत्तिमा तयार पारिएको उक्त कृति झन्डै ५०० पृष्ठमा विस्तारित छ । वैदिक कालदेखि ईशाको पूर्वार्द्धसम्म नेपालको सांस्कृतिक डोरेटालाई पहिल्याएर पूर्वार्द्धका रूपमा यस कृतिलाई टुङ्ग्याउनुभएको थियो । उक्त एकवर्षे शोधवृत्तिभित्र तयार पारेर बुझाउनुभएको पाण्डुलिपिलाई प्रज्ञाप्रतिष्ठानले अर्को वर्ष नै प्रकाशित गरिदियो । तर यस कृतिको उत्तरभाग लेख्न ज्यादै समय लाग्ने र शोध-अनुसन्धान तथा लेखनमा समेत मेहनत पर्ने भएको देखेर लेखकलाई एकवर्षे शोधवृत्तिभन्दा प्रोजेक्ट नै दिएर यस कार्यलाई पूर्णता दिने सोच तत्कालीन कुलपति र उपकुलपतिको रहेको थियो । तर यसैबीच २०४६ सालको जनआन्दोलनको सफलतापश्चात् प्राज्ञ

सदस्यहरूसहित पदाधिकारीहरूले राजिनामा गर्नुपर्‍यो । नयाँ नियुक्त भएर आएका पदाधिकारीहरूको दृष्टिमा यो योजनाले स्थान पाउन सकेन । यद्यपि यो कृतिको उत्तरभाग पूर्ण हुँदा नेपालको वर्तमान अवस्थामा रहेका शैव, शाक्त, वैष्णव, नाथ र बौद्ध सम्प्रदाय र तिनका सैद्धान्तिक एवं लौकिक पक्षको समेत व्याख्या गरिएको र ती सम्प्रदायका नेपालमा रहेका प्रमुख मन्दिर, चैत्य एवं पीठ र त्यससँग सम्बन्धित जात्रा, पर्व, पुजारी र गुठी परम्परासमेतलाई जोडेर त्यससँग राष्ट्रप्रमुखको भूमिकाको सांस्कृतिक महत्त्वसमेतलाई जोडेर लेख्ने लेखकको योजना रहेको थियो । यही उत्तरभागको एउटा अनुच्छेदका रूपमा नेपालको पश्चिम महाकालीदेखि पूर्वी नेपाल र पूर्वी भारतसम्म फैलिएका खसबाहुन तथा क्षत्रीहरूका कुलदेवताका रूपमा पूजित देवता मस्टोका बारेमा सैद्धान्तिक र लौकिक पक्षलाई समेटेर लेख्न सुरु गरेको अपूरो यो आलेख प्रतिष्ठानको सङ्ग्रहालयमा सुरक्षित रहेको थियो ।

यसका लेखक स्वर्गीय भएको दोस्रो वर्षपछि गुठी संस्थानमा रामबहादुर रावल अध्यक्ष भएर आउनुभएको समयमा उहाँले यो अपूरो कृतिका बारेमा सूचना पाउनुभएछ र फोन गर्नुभयो । यो अपूरो पाण्डुलिपि लिएर म आफैँ उहाँलाई भेट्न गएँ । उहाँले उक्त पाण्डुलिपि एकबसाइमै पढेर सक्नुभयो र यसमा म लौकिक पक्षका बारेमा प्रकाश पारेर भूमिका लेख्छु, प्रकाशन गुठी संस्थानले गर्नेछ, तुरुन्तै यसलाई कम्प्युटर टाइप गरेर मुद्रण गर्ने कार्यमा तपाई नै लागिदिनुपर्‍यो भनेर अह्राउनुभयो । यो कृति रामबहादुर रावलज्यूको सत्प्रयासबाट अघुरो भएर पनि प्रकाशनमा आयो ।

यो कृति प्रकाशनमा आएपछि मस्टो कुलदेवताका रूपमा पुज्ने ब्राह्मण-क्षत्री समुदायका लागि जिज्ञासाका रूपमा रहेको मस्टोका केही पक्षका बारेमा यस कृतिले ज्ञान दिन सकेका कारण

छिटै नै यसका प्रतिहरू सकियो । यसलाई पाठकहरूकै मागका कारण हाम्रो प्रतिष्ठानले दोस्रो संस्करण निकाल्ने जमर्को गऱ्यो ।

यस दोस्रो संस्करणमा नेपालको सांस्कृतिक परम्परा र राजमुकुट नामक कृतिमा लेखकले खसहरुको नेपालमा आगमनका विषयमा लेखिएको दुई अध्यायलाई पनि यसमा समावेश गरी पाठकहरुलाई खसको इतिहास बुझ्न पनि सजिलो बनाइएको छ । श्रद्धेय पाठकहरूकै अभिरुचिका कारण ढिलै भए पनि यो कृति पुनः मुद्रण गरिएको छ । साथै यसको पहिलो संस्करणमा रहेका श्रद्धेय प्रा. डा. प्रयागराज शर्मा र श्रद्धेय रामबहादुर रावलका मन्तव्यहरूलाई पनि यथास्थानमै राखिएको छ । उहाँहरू दुवै व्यक्तिप्रति प्रतिष्ठान परिवार आभार व्यक्त गर्दछ । खास गरी स्वर्गीय रामबहादुर रावल जसले यो अपूरो कृतिलाई महत्त्व दिएर पाठकसमक्ष ल्याउने सत्प्रयासका लागि परिवारका तर्फबाट पनि धन्यवाद दिन चाहन्छु । यस दोस्रो संस्करणमा प्रा.डा. जयराज पन्तको सारगर्भित मन्तब्य पनि समावेश गर्न पाएकोमा उहाँप्रति आभार व्यक्त गर्दछु ।

दोस्रो संस्करणका लागि सहयोग गर्ने रमेश ढुङ्गेल, गीता मञ्जुश्री र शुद्धाशुद्धि हेरी सहयोग गरिदिने प्रतिष्ठानका सदस्य श्री हरि मञ्जुश्रीप्रति पनि धन्यवाद नदिइरहन सक्तिनँ । पाठकहरूले यो सानो कृतिलाई मन पराइदिनुभएकोमा पनि साधुवाद अर्पण गर्दछु ।

जीवनचन्द्र कोइराला
सचिव
कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान
बानेश्वर, काठमाडौँ

विषयसूची

अध्याय एक : नेपाली संस्कृतिको विशिष्ट पक्ष

१. नेपालका प्रमुख जातिहरू ६९
२. खसजातिको आगमन र नेपालमा जीवित अस्तित्व ७४
३. आर्यमूलका खसजाति ७९

अध्याय दुई : आर्यमूलका कश (खस), शक र आर्य (इरानी) शाखा

४. कश (खस) कुषाण शाखाको ऐतिहासिक विशेषता १०४
५. कश वा खसका इष्टदेवता १०६
६. सांस्कृतिक पृथकता १०९

अध्याय तीन : खसबाहुनका कुलदेवता मस्टो

७. पृष्ठभूमि ११७
८. शिवरूपमा मरुत् देवता १३२
९. मस्टोपरम्परामा रुद्रको प्रच्छन्न रूप १३३
१०. मस्टोका विभिन्न रूप १३५
११. बाह्रभाइ मस्टा र नौबहिनी दुर्गा १३६
१२. मरुत् (मारुत) = मस्टोसँग शिवरूपको तादात्म्य १३९
१३. बराहमस्टो १४७
१४. मस्टोदेवताको धामी, डाङ्ग्री र वाहन १५४
१५. खस नेपालीको मौलिक पक्ष र मस्टो १५५
१६. बभ्राङको संस्कृतिमा मस्टोपर्व १५९

सन्दर्भ सामग्री

अध्याय एक

नेपाली संस्कृतिको विशिष्ट पक्ष

वर्तमान नेपालका वासिन्दाहरूको प्राचीन इतिहास, धर्म र संस्कृतिको विवेचना गर्न बस्ता एउटा ज्वलन्त पक्षको उद्घाटन नगरी अगाडि बढ्न सम्भव छैन । धार्मिक दृष्टिकोणले मात्रै समीक्षा गर्दा नेपालमा मुख्यतः दुई वर्ग छन् – वैदिक धर्मका अनुयायी र बौद्धधर्मका अनुयायी । समाजको ठूलो सङ्ख्या आर्यधर्मावलम्बी शैव, वैष्णव, शाक्तहरूको छ र बौद्धहरूमा महायानको शाखा वज्रयान तथा महायानको धर्मदर्शनले अनुप्राणित लामावाद पनि नेपालभित्र पाइन्छ ।

सातौँ शताब्दीको दोस्रो दशकतिर साना-साना गाउँले राज्यमा विभाजित तिब्बतमा प्रतापी व्यक्ति स्रङचङगम्पोको उदय भयो । उनले साना-ठूला कबिलामा बाँडिएको भोटलाई एक सूत्रमा बाँधेर एउटा विशाल साम्राज्यको जग बसाए । राज्यनिर्माण भएपछि त्यसलाई राजनीति, मानमर्यादा कायम गर्नु पनि आवश्यक थियो । साथै विभिन्न अन्धविश्वासमा बाँधिएको र जङ्गली अवस्थाको अग्रस्वभाव भएको जातिमाथि अनुशासन गरी एक सूत्रमा बाँध्नु पनि अत्यावश्यक थियो ।

यी उपर्युक्त कुराको पूर्तिका लागि नेपालले सहयोग गऱ्यो । भोटको साहित्यबाट तत्कालीन नेपालका राजा अंशुवर्माकी छोरी भृकुटीसँग स्रङचङगम्पोको विवाह भएको तथा बौद्धधर्मको महायान सम्प्रदायका भिक्षुहरू राजकुमारी भृकुटीका साथमा गएर बुद्धधर्मको प्रचार गरेको कुरा ज्ञात हुन्छ । भृकुटीको तिब्बतनरेशसँग विवाह भएको ऐतिहासिक प्रमाण-अभिलेख र साहित्यिक कृतिहरू हामीलाई यहाँ उपलब्ध छैनन्, तथापि तिब्बती साहित्यको उल्लेख र त्यहाँको

अनुश्रुतिलाई मान्न नहुने कारण पनि छैन । तिब्बतसँग नेपालको सम्बन्ध भएको तथा नेपालबाटै बुद्धधर्म तिब्बत गएको, वाणिज्य-व्यवसाय पनि दुवै देशमा चलेको कुरा मान्ने हो भने भृकुटी भन्ने राजकुमारीको विवाह अवश्य नै भएको मान्नुपर्ने हुन्छ ।

अर्को कुरा, अंशुवर्माको शेषपछि राज्यच्युत भएका उदयदेव तथा उनका पुत्र नरेन्द्रदेव नेपालबाट भागेर जाँदा तिब्बत जानुभन्दा दक्षिणको छिमेकी देश हर्षवर्धनको राज्यमा शरणार्थी हुन सजिलो थियो । सजिलो बाटो नगएर तिब्बतको दुर्गम पथको यात्रा गरेर तिब्बत पसेकाले पनि अंशुवर्मा र स्रङचङगम्पोको सम्बन्धको पुष्टि हुन्छ । दिदीको राज्यमा शरणार्थी हुँदा अन्य कठिनाइ भोग्नुनपर्ने र राज्यप्राप्तिका निम्ति सहयोग पाउन सजिलो पर्दथ्यो । अंशुवर्मापछि उदयदेव राजा भए-भएनन् भन्ने कुरा अझै खोजीको विषय छ । तर भोटमा शरणार्थी हुन पुगेका उदयदेव बाँचेकै भए तुरुन्तै स्रङचङगम्पोको सहायताद्वारा राज्य फर्काउने थिए ।

लिच्छविकालका अभिलेखका सङ्ग्रहकर्ता धनवज्रजीको कथनअनुसार टुँडिखेलको दुङ्गेधारा (जो हाल भोटाहिटीको सडक खन्दा फेला परेको छ) अंशुवर्माका पालाको अन्तिम अभिलेख भनिएको छ । त्यसमा सम्वत् ४५ र ज्येष्ठ शुक्लको मिति दिइएको छ र यसपछि चित्लाङमा प्राप्त भनिएको उदयदेवको अभिलेख (सं. १०४) मा सम्वत् ४५ आषाढ कृष्ण द्वादस्याम् भन्ने उल्लेख भएको छ । उक्त अभिलेख पत्यारलाग्दो छैन । एक त उदयदेवको धनवज्रजीले प्रतिलिपि गर्नुभएको छैन, साथै ज्येष्ठ शुक्लसम्म अंशुवर्मा जीवित छन् भने आषाढ कृष्ण द्वादशीमा उदयदेवले बाबुले दिइराखेको विर्तालाई थमौती गरिदिनुपर्ने कारण पर्दैन । अथवा अंशुवर्माले बाँधेको स्थितिबन्देजलाई अन्यत्र पनि थमौती गरेको प्रमाण पाइनुपर्ने हो, त्यो प्राप्त छैन । अंशुवर्माको अन्तिम अभिलेख र उदयदेवको अभिलेखको मिति बढीमा २४-२५ दिनको मात्र फरक

भएकाले पनि अभिलेख पढ्नमा नै गल्ती भएको अनुमान हुन्छ । किनभने राज्यमा गडबडी पर्ने सम्भावना पनि सुरुमा नै हुन्छ ।

अंशुवर्माको निधनपछि के स्थिति यहाँ भयो भन्ने कुरा अन्धकार नै छ, तापनि सम्वत् ४५ पछि सम्वत् ६७ पौषमा नरेन्द्रदेवको भन्सारचोकको (सं. १२३) को अभिलेख प्राप्त हुन्छ । अंशुवर्माको निधनपछि निर्वासित उदयदेवको पनि मृत्यु भएकाले नरेन्द्रदेवले पूर्ण वयस्क भएपछि मात्रै नेपालको राज्य फर्काए भन्ने कुरा सहजै अनुमान हुन्छ । उदयदेवको निधन र नरेन्द्रदेव बालकै भएकाले पनि ध्रुवदेव, भीमार्जुनदेव तथा गुप्त महामात्यलाई निर्धक्क भएर शासन गर्ने मौका मिल्यो ।

तिब्बतमा बुद्धधर्मको व्यापक प्रचार-प्रसारपछि नेपालको भूभागमा आउने तिब्बती मूलका जातिहरूले बुद्धधर्मको लामावादलाई यहाँ ल्याए तथा सीमावर्ती इलाकामा बस्ने सेर्पाहरूको पनि बिहावारी, नातागोता तिब्बततिर नै भएकाले उनीहरू बुद्धधर्ममा दीक्षित भए । तिब्बती मूलका सेर्पा, गुरुङ र तामाङजातिलाई यसै कारणबाट सातौं शताब्दीपछि नेपाल प्रवेश गरेको मान्नुपर्दछ । अधिकांश बौद्धहरूको निष्काशन स्रङचङगम्पोपछिको कालमा भयो ।

बुद्धधर्मका कट्टर विरोधी राजा लाङदरमाले राल-पा-चन राजालाई मारी राजा भएपछि नै निर्वासित बौद्ध लामाहरूले नेपालको शरण लिए होलान् भन्ने अनुमान गर्न सकिन्छ । यो समय ई. ७२० पछि ७४१ सम्मको थियो । त्यस बेला अधिकांश लामाहरू भागेर पश्चिमी तिब्वतको एरियामा पसेको पनि इतिहास पाइन्छ । त्यसपछि पश्चिमी तिब्बत बौद्धहरूको गढ बन्यो ।

नेपालका प्रमुख जातिहरू :

वैज्ञानिक आधारमा जातिविभाजन गर्नेहरू नेपालमा मुख्यतः दुई मूल जाति औंल्याउँछन् – आर्यमूल र मङ्गोलियन मूलका जाति ।

आर्यमूलका जातिहरूमा ब्राह्मण, क्षत्रिय, राजपुत, ठकुरी साथै केही शूद्रवर्ण भनिएका जातिहरू तथा अन्त्यज भनिएका दमै, कामी, सार्की आदि र तराई भागमा बस्ने ब्राह्मण, राजपुत, भूमिहार, यादव, धानुक, कुर्मी, बानियाँ आदि जातिहरू पर्दछन् । मङ्गोलमूलमा सर्वप्रथम किराँत जातिहरू पर्दछन्, जसको प्राचीन शाखामा राई, लिम्बू, याख्खा, सुनुवार, हायू, मगर जातिहरू पहाडमा बस्तछन् भने तराईमा थारू, दनुवार, धिमाल, कछडिया, कोचे आदि प्रजातिहरूलाई पनि लिन सकिन्छ । यी जातिहरूको यहाँ कहिलेदेखि प्रसार भयो भन्ने कुराको वैज्ञानिक आधारहरू प्राप्त भइनसके तापनि प्राचीन साहित्यसाक्ष्यका आधारमा र नेपालबाहिरका हिमाली प्रान्तमा पाइएका समाधिस्थल, मृत्भाण्ड र अन्य वस्तुका आधारमा पुरातत्त्वविद् र प्राचीन इतिहासका विद्वान्ले जे-जति उल्लेख गरेका छन्, त्यो नै अहिलेको आधार हो । यसकारण त्यसको यहाँ केही चर्चा गर्नु आवश्यक भएको छ ।

नेपालभित्र पहिले कुन मूलका जातिहरूको आगमन भयो भन्ने कुरा पनि विवादकै विषय छ । परन्तु यहाँका प्राचीन वंशावली र प्राप्त वैदिक-पौराणिक साहित्यका आधारमा जुन कुरा इतिहासमा लेखिएको छ, त्यसलाई नै आधार मान्नुपरेको छ ।

श्री ५ को सरकार र सोभियत सङ्घ रूसका बीच भएको सांस्कृतिक सम्झौताअनुसार लेलिनग्राद विश्वविद्यालयका प्रागैतिहासिक पुरातत्त्वविद् डा. एनातोली याकोब्लेस शेटेन्कोले २०३४ साल हिउँदको अन्त्यमा (अर्थात् १५ जनवरीदेखि मार्च २४ तारिख १९७८ सम्म) नेपालको पुरातात्त्विक अन्वेषण भ्रमणमा पुरातत्त्व विभाग नेपालको सहयोगमा पुरातात्त्विक स्थलहरूको अध्ययन गर्दा काठमाडौँ उपत्यकाको उत्तरी भाग बूढानीलकण्ठको दक्षिणपूर्वतिरको बनियाँपाखा र पण्डितगाउँको बीचमा बग्ने धोबीखोलाको किनारमा केही पाषाणकालीन हतियारहरू फेला पारेका

थिए । 'समीक्षा' (वर्ष १९, अङ्क ११) को अन्तर्वार्ताको कथनानुसार ईसापूर्व ३० हजार वर्षतिरका विनापालिसका तर चोट दिएर ताछेर बनाइएका पाषाण उपकरणहरू हुन् । उनको भनाइअनुसार यी हतियारहरू तीन किसिमका छन् – १. गोवी नमुनाका धार नभएका, २. दुईधारे प्रिज्म्याटिक, ३. तीनचुच्चे ।

उपर्युक्त तीन किसिममध्ये गोवी नमुनाका पाषाणखण्ड मङ्गोलियाको गोवीबाट सुरु भएर सुदूरपूर्व एसिया हुँदै अमेरिकासम्म पुगेको छ । काठमाडौँ उपत्यकामा त्यसै किसिमका पाषाण उपकरणको उपलब्धिले मङ्गोलहरू तिब्बत भएर वा पूर्वी एसियाको भूभाग हुँदै नेपाल आइपुगेको मान्नुपर्ने भएको छ । अन्य दुई किसिमका हतियारहरू युरोपीय जातिका (आर्यमूलका) मानिसहरूले उपयोग गर्नेमध्येका छन् र कास्मिरतिरबाट नेपाल आएका हुन्, किनकि त्यस्तै नमुना कास्मिर र पाकिस्तानमा फेला परेका छन् ।

उपर्युक्त कथनबाट काठमाडौँ उपत्यकाभित्र ईसापूर्व ३० हजार वर्षदेखि मानवहरूको विचरण भएको थियो भन्ने थाहा हुन्छ । हालसालै यस उपत्यकाभित्र सृष्टिकालकै भने हुने गोवंश प्राणीको दाँत फेला परेको छ र जसलाई पुनाले परीक्षण गरी ३ लाख वर्ष पुरानो सावित गरेको छ ।

नेपाल उपत्यकामा बस्ने पहिलो जाति मङ्गोल हुनुपर्छ र ती सायद नेपालका तामाङ जाति हुन सक्छन् भन्ने नेपालका पुरातत्त्वविद् श्री जनकलाल शर्माजी शङ्का गर्दछन् । किन्तु उनको यो कथनलाई पुष्टि गर्ने कुनै प्रमाण छैन । नेपालका प्राचीन वंशावली र पौराणिक कथनहरूले यहाँ जलमग्न भएको बेलामा कृष्ण आएर जल निष्काशन गरेको कथा वर्णन गर्दछन् भने बौद्धहरूले मञ्जुश्री बोधिसत्व चीनबाट आएको उल्लेख गर्दछन् । मञ्जुश्रीको अस्तित्व छैटौँ शताब्दीमा पाइने र बोधिसत्वको कल्पना महायान सम्प्रदायको जन्मपछि भएकाले यो कथा नेपालमा महायानको प्रवेशपछि

जोडिएको भन्ने थाहा हुन्छ । चीन जाने बौद्धहरूको र चीनबाट भारत आउने यात्रीहरूको मध्यएसिया भएर नै आवागमन हुन्थ्यो । स्रङचङगम्पोद्वारा तिब्बत एकीकरण भएर बुद्धधर्मको प्रवेश नभएसम्म तिब्बतको बाटो चीन जाने प्रश्न नै थिएन । नृशंस र बर्बर जातिको निवास भएको मुलुक र दुर्लङ्घ्य शैलघाटी एवं विस्तृत शीतप्रदेशको बाटो यात्रीका लागि परिकल्पनाबाहिरको कुरा थियो । श्री हर्षवर्धनको समय (६२९ ई.) तिर भारतको यात्रामा आउने चिनियाँ यात्री हुएनसाङ पश्चिमकै बाटो मध्यएसिया हुँदै आएका थिए । उनले नेपालका बारेमा पनि उल्लेख गरेकाले नेपाल उपत्यकामा आएको शङ्का हुन्छ र यसैलाई आधार बनाएर बौद्धपण्डितहरूले मञ्जुश्रीको कल्पना गर्दै पछिल्लो कालमा वंशावली तयार गरेका हुन सक्छन् ।[1]

अहिलेको ४ दशकअगाडिसम्म नेपाल यही उपत्यकालाई भनिन्थ्यो । प्राचीन कालदेखिकै कथा र अनुश्रुतिका आधारमा रचना गरिएका भए पनि वंशावलीहरू इतिहासको डोरी गाँस्ने आधार बनेका छन्, भारतीय साहित्य अथर्व परिशिष्ट[2], कौटिल्यको अर्थशास्त्र[3], महाभारत वनपर्व अ. ८४, स्कन्दपुराण नागरखण्ड (१०२/१६) ऐ, सहयाद्रिखण्ड (३९/९), गरुडपुराण (८०/९), वराहपुराण उत्तरखण्ड, स्कन्दपुराणको रेवाखण्ड, हिमवत्खण्ड, देवीपुराण, बृहन्नीलतन्त्र, वाराहीतन्त्र, शक्तिसङ्गमतन्त्र, बराहमिहिरको बृहत्संहिता (अ. ४), राजनिघण्टु, ईसाको पहिलो शतीतिरको भरतनाट्यम् (ई. पू. २००), ई. पू. एक हजार वर्षतिरको वैद्यग्रन्थ 'सुश्रुतसंहिता' आदि अगणित ग्रन्थहरूमा 'नेपाल' शब्दको प्रयोग भएको पाइएको छ । यसकारण बुद्धभन्दा शतीऔँ अगाडि नै भारतप्रसिद्ध भइसकेको नेपालको इतिहासको प्रारम्भ बुद्ध वा बोधिसत्वको प्रयत्नले नागह्रदको जल निकाली बस्तीलायक बनाएको कथामा कुनै सार छैन । त्यस्तै, कृष्णको कथा पनि नेपालमा ऐतिहासिक हुँदैन । ३० हजार वर्षपूर्वका काष्ठ तथा पाषाण हतियार प्राप्त भएको कुरालाई प्रमाण मानेमा

पनि पाषाणयुगीन मानिसहरू यायावर जीवन बिताउने हुँदा यहाँ स्थायी बसोवास गरे हुनन् भन्ने कल्पना पनि युक्तिसङ्गत देखिँदैन । काठमाडौँ डुमाखालमा प्राप्त काष्ठ हतियारको जापानमा रासायनिक परीक्षण हुँदा २७००० वर्ष पुरानो सावित भएकाले यहाँ काष्ठ हतियार, पाषाण हतियारको युगदेखि नै मानव-अस्तित्व रहेको कुरामा भने अविश्वास गर्ने ठाउँ छैन ।[४]

नेपाल खाल्डोमा पानी रहेको बेला यसलाई नागह्रद भनिएको पाइन्छ । आर्य र मङ्गोलहरूको प्रसार हुनुभन्दा पनि पहिले पौराणिक कथा र ऐतिहासिक अस्तित्व पनि भएका नागजातिहरू यस उपमहाद्वीपमा छरिएका थिए । समुद्रयात्रा गर्ने, नदी, समुद्र तथा ताल र सरोवरको किनारामा बसेर जलसिकार गर्न मन पराउने नागजाति यस उपत्यकामा पनि बस्न आइपुगेको अनुमान गर्न सकिन्छ । समुद्री किनाराका साथै वर्तमान हिमाञ्चल प्रदेश (यमुना र सतलजको बीच भाग), कास्मिर, गान्धार, राजस्थानको दक्षिणमा पनि नागजाति भएको विद्वान्हरू अनुमान गर्दछन् ।[५] यो जाति आग्नेय (अस्त्रोलाइड) जातिमध्येको हो भन्ने पनि विद्वान्हरूको मन्तव्य पाइन्छ । आर्य, खस, मङ्गोलको प्रसारभन्दा पहिले यो जातिले हिमालयको काख पनि ढाकेको थियो ।[६] आर्यसाहित्यमा भने नागजाति आर्यमूलकै जाति र देवयोनिविशेष जाति हो । ऋग्वेदका अनेकन् मन्त्रमा अहिवृत्रलाई इन्द्रले मारेको वर्णन पाइन्छ । अहि शब्द सर्प (नाग) वाचक हो र नागलाई पानीमा बस्ने, रिसाएमा वर्षा हुन नदिने र नागले छाडेको ठाउँमा पानी सुक्ने आदि लोकधारणा र पौराणिक कथाहरू पनि पाइन्छन् । ऋग्वेदको अनुशीलनबाट वृत्र पराक्रमी नागजातिका मुखिया रहेछन् भन्न सकिन्छ । हाम्रो विश्वास र कथाले पनि यो कुराको पुष्टि नै गर्दछन् । आर्यहरूलाई सन्त्रस्त पार्ने पानी रोक्ने नागराज वृत्रको वध इन्द्रले गर्छन्, आर्यहरू इन्द्रको स्तुति गाउँछन् ।

राजतरङ्गिणीकार (११ शती) कल्हण कास्मिरमा कर्कोटवंशी नागराजहरूले राज्य गरेको उल्लेख गर्दछन् र नागको अस्तित्व पानीमा रहेको पनि वर्णन गर्दछन् । नागकन्याहरू अद्वितीय सुन्दरी हुन्थे र नागकन्याहरू ऋषिले र राजाहरूले विवाह गरेको इतिहास पनि हाम्रा पौराणिक साहित्यमा प्रशस्तै पाइन्छ । जरत्कारुले नागकन्यासँग विवाह गरेका थिए ।[७] यिनका पुत्र आस्तिकले जनमेजयको नागसंहारकयज्ञबाट मावलीहरूको रक्षा गरे । अर्जुनले नागकन्या उलुपीसँग विवाह गरेका थिए ।[८] आर्यजातिको र नागजातिको प्रागैतिहासिक काल (वैदिक काल) तिर ठूलो वैमनस्य भयो । युद्धद्वारा वृत्र मरेपछि नागहरू आर्यका वशवर्ती भए तथा पछि आर्यहरूमा विलय भए । मगधमा राज्य गर्ने शिशुनागवंश[९], कास्मिरको कर्कोटकवंश[१०], पद्मावती (कान्तिपुर) को नागवंश, भारशिव-नागवंशी राजाहरूको अस्तित्व[११] ऐतिहासिक सत्य हो । ईसाको तेस्रो-चौथो शतीसम्म नागवंशी क्षत्रियहरूको सत्ता लोप भइसकेको थिएन ।

खसजातिको आगमन र नेपालमा जीवित अस्तित्व :

नेपालको प्राचीन इतिहास लेख्ने साधन आजसम्म पुराना वंशावली मात्र छन् । त्यसमा लेखिएका सबै कुरा प्रमाण मान्न सकिँदैन भन्ने चर्चा पहिले नै गरियो । परन्तु यो लेखिने आधार जनश्रुति र केही लिखित परम्परा पनि हुन सक्छ । अनेक रोचक पौराणिक आख्यान जोडेर वंशावलीलाई पनि अविश्वसनीय बनाउनु समयको दोष हो । त्यो बेलाका मानिसहरू यस्तै कथा मन पराउँथे । त्यसमा केही कल्पना, केही सत्यतथ्य, केही उल्टोपाल्टो भने अवश्य छ । अन्वेषकहरूको प्रयासबाट सत्यको उद्घाटन हुँदै जानेछ ।

वंशावलीकारहरूले जेजस्तो कल्पना गरेका भए पनि मञ्जुश्रीले स्वयम्भूदेखि गुह्येश्वरीसम्म बस्ती बसाएको, स्वयम्भू

बुद्धका साथै गुह्येश्वरीको पनि दर्शन गरेको र त्यसपछि आउने क्रकुच्छन्द बुद्धले पनि स्वयम्भू बुद्धका साथै गुह्येश्वरीको दर्शन गर्न आएका ब्रह्मा, विष्णु, महेश्वरको पनि दर्शन पाएको कथाले महायानको नेपालमा प्रवेश भएपछि धर्मसमन्वयका निम्ति गरिएको प्रयासलाई बुझाउँछ ।

मञ्जुश्री महाचीन फर्केर गएपछि यहाँको राज्य गर्ने राजा धर्माकर निःसन्तान मरेकाले क्रकुच्छन्द बुद्धका साथमा आउने धर्मपाललाई राजा बनाइएको कथन छ । उनी मरेपछि उनका वंशका सुधन्वा राजा भएको र यी सीताको स्वयंवरमा जाँदा मरेकाले विदेहराज जनकका भाइ कुशध्वज यहाँ आई शासन गरेको र उनको वंशका केही पुस्ता बितेपछि खाली भएको राजगद्दीमा गौड देशका शक्तिदेवले नेपालको राज्य गरेको कुरा वंशावलीमा पाइन्छ ।[१२] यो उपाख्यानमा भने कल्पनाबाहेक केही तथ्य छैन । किन्तु राजा जनकसँग युद्ध गर्ने सुधन्वा मरेकाले भाइ पठाएर जनकले संकाश्यको राजा बनाएको कथा एवं सीताको स्वयंवरपछि विवाहलाई खबर गरी ३ दिन लगाएर संकाश्यबाट जनकपुर पुगेको कथा वाल्मीकि रामायणमा उल्लेख छ । यो संकाश्य काठमाडौँपूर्वको शङ्खु हो अथवा साँखु हो, अनुसन्धेय छ ।

त्यस वंशमा गुणकामदेव र तिनैका वंशमा सत्यकेतु राजा भए । त्यसपछि सिंहल देशबाट आउने व्यापारी सिंहलले राज्य गरे । उनी निःसन्तान मरेकाले सवानन्द राजा भएको वर्णन छ । विक्रमादित्य, राजा भोज, सुप्रभा, काञ्चीबाट आउने धर्मदत्त, नेमुनि, दानासुर आदि सुनेका र कल्पना गरिएका कथाको तानावानायुक्त वंशावलीको गाथाभित्र त्यति सत्यता नपाइए पनि एउटा कुराचाहिँ के निश्चय गर्न सकिन्छ भने यो उपत्यकामा शासन गर्ने र विभिन्न बुद्धसँग नेपाल आउनेहरूमा आर्य ब्राह्मण, क्षत्रिय एवं व्यापारी (वैश्य) नै थिए ।

वंशावलीकारले दानासुरले थुनेर पुनः जलमग्न पारेको नागदहलाई कृष्ण आई फोरेको र उसकी कन्या वरण गरेको कथा जोडेर नेपालमा अंशुवर्माभन्दा पूर्वका भूमिगुप्त र पछिका जिष्णुगुप्त, विष्णुगुप्त आभीरहरूलाई कृष्णसँग आएको अहीरकुल देखाउने प्रयत्न गरिएको छ । कृष्ण आभीर होइनन् र उनका संसर्गमा रहेका गोपाल (आभीरहरू) वैष्णव थिए । नेपालको गोपालवंश शैव थियो । यो भ्रमले पाँचौं-छैटौं शताब्दीमा शक्तिसम्पन्न देखिएका गुप्तचर हुने आभीरहरूको अनुश्रुतिसँग मिलेर मल्लकालीन वंशावलीकारलाई कल्पनाको भरेङ चढाएको अनुमान हुन्छ र आभीर शब्दले महिषपालको कल्पना पनि जोड्न सजिलो भएको छ । ईसाभन्दा करिब ३ हजार वर्षपहिले विश्वका धेरै भागमा अधिकांश घुमन्ते जिन्दगी बिताउने जातिहरू थिए । शक, खस, मङ्गोल, किराँतहरू पनि पशुपालक जाति नै हुन् । गाई, भेडा, बाख्राको चरन खोज्दै यत्रतत्र घुम्ने जातिहरू भएकाले त्यो युग नै गोठाले युग थियो । जापान, इन्डोचीन, बर्मा, आसाम हुँदै पूर्वतर्फबाट प्राचीन मङ्गोल मूलका किराँतहरू पश्चिमपट्टि आफ्ना पशुहरू चराउँदै बढेका थिए भने पश्चिम-उत्तरबाट खस शाखाका आर्यहरूको ठूलो जमात पूर्वतर्फ बढेको थियो । त्यो जाति सुदूरपूर्वसम्म पुगेको छ र खसिया जातिकै नाउँले चिनिन्छ । खसिया पहाडमा यो जाति छैदैछ ।

नेपाल उपत्यकामा पहिले प्रवेश गर्ने गोपाल भनिएको जाति पनि कश (खस) मूलको पशुचारक जाति थियो । यो जाति वैदिक देवीदेवताका साथै शिवोपासक जाति भएकाले पशुपति (शिव) सँग इतिहास जोडिएको पाइन्छ र यो सत्यको नजिक पनि छ ।

गोपाल सर्दारकी 'ने' नाम गरेकी गाईले पुरिएका पशुपतिनाथलाई सधैं दूध चढाउँथिन् । दूध दुहुन नपाएका सर्दार चियो बसे । उक्त गाईले त्यस ठाउँमा दूधको धारा चुहाउँथिन् । त्यो ठाउँ खन्दा पशुपतिको ज्योतिर्लिङ्ग प्रकट भयो । त्यसैको तेजले भस्म

भएर सर्दार मरे । त्यसपछि तिनका छोरालाई राजा थापे । मातातीर्थको क्षेत्रमा बसेर भूरिमाद्य आदि आठ गोपालक राजाले राज्य गरेको कुरा वंशावंलीमा लेखिएको छ । यो उपाख्यानमा बौद्ध र आर्य कथाकारको मतभिन्नता छैन ।

यो वंशका अन्तिम राजा अपुत्र नै मरेपछि दक्षिणबाट आउने दोस्रो आभीर वंशले राज्य गरेको इतिहास पाइन्छ र यीमध्येका राजा वरसिंहको प्राचीन मुद्रा पनि प्राप्त भएकाले विद्वान्हरूले वंशावलीको यस वर्णनलाई सत्यको नजिक मानेका छन् । वरसिंह पर्सा-धनुषाको बीच आवाद भएका आभीर राजा हुन् भन्ने पनि अनुमान गरेको पाइन्छ । यो कति सत्य हो, भन्न सकिँदैन ।

वरसिंहको भनेर मानिएको तथा ब्रिटिस म्युजियममा सुरक्षित तीन मुद्रामा एकापट्टि गाईको चिह्न र क्रमादित्य छ, अर्कापट्टि वीर (सिंह) अङ्कित भएको छ भनिन्छ ।[१३] डा. काशीप्रसाद जायसवाल वरसिंहलाई ईसापूर्व ७०० भन्दा अगाडि राख्न चाहँदैनन् । साथै कर्कपेट्रिक गोपाल (गुप्त) वंशको यो दोस्रो शाखालाई अर्कै जाति भनेर मान्नु पनि भूल हो भनिठान्छन् । उनको विचारमा एउटै जातिको दोस्रो शाखा हो भन्ने छ । वास्तवमा पछि आएका आभीर जाति भए तिनीहरू शैव नभएर वैष्णव हुन्थे ।

यो गोपालहरूको दोस्रो वंशलाई महीष वा महिषपाल भन्ने उल्लेख गरी दोस्रो वंश महिषपाल (भैँसीपाला) गुहारहरूको थियो भन्ने पनि कतिपय इतिहासकारलाई वंशावलीको कल्पनाले गलत धारणा भएको छ । पछिल्लो कालमा अहीरहरू भैँसी पाल्न मन पराउँथे, तापनि प्रागैतिहासिक कालमा यिनीहरू गोपाल मात्रै थिए । साथै त्यो बेलाको हिउँ पर्ने ठन्डी मुलुक नेपालमा न भैँसीपालन नै सम्भव थियो, न भैँसी पाल्न थालेपछिका अहीरहरूले यहाँ राज्य गरेको नै इतिहास पाइन्छ । यसकारण महिषपालको राज्य थियो भने तराईक्षेत्रमा नै थियो भन्नु उचित हुन्छ ।

अहीर (गुप्त) गोपाल को थिए ? भन्ने प्रश्नमा आभीरहरूलाई पनि आर्यमूलकै शाखा हो भनेर विद्वान्हरूले ठहराएका छन् । अकुर, कस्सी, हिती, काशी आदि जाति आर्यकै अर्को शाखा हो भन्ने कुरा प्रायः निश्चय भइसकेको छ ।

गुप्तवंशी अन्तिम राजा भुवनसिंहपछि नेपालमा २९ पुस्तासम्म किराँतजातिले शासन गरेको वर्णन वंशावलीमा पाइन्छ । डा. जायसवालले अशोकका समकालीन चौथौं किराँतराजा थुङ्गोलाई आधार मानेर कालविभाजन पनि गरेका छन् तर त्यो प्रयास अरूको वंशावलीको कालगणनासँग मेल खाँदैन र सर्वमान्य हुन सकेन ।

नेपालको वंशावलीका पौराणिक कथाजस्तै किराँतशासनको अस्तित्वलाई प्रमाणित गर्ने वंशावलीबाहेकका साहित्यिक र पुरातात्त्विक सामग्री अझै पाउन सकिएको छैन । तथापि मनःशिला, चिराइतोको पर्याय किराँत शब्द भएकाले र चिराइतोको अर्को नाम नेपाल भएकाले पनि किराँतजातिको नेपालभित्र अस्तित्व रहेको कुरा अमान्य हुने ठाउँ छैन ।[१४] परन्तु किराँतभन्दा प्राचीनतर जातिको (गोपाल) उल्लेख सबै वंशावली र पुराण-साहित्यमा पनि प्राप्त भएकाले त्यो जातिका बारेमा अझै विस्तृत अध्ययन प्रस्तुत गर्नुपर्ने भएको छ । मध्येसिया र पश्चिमेसियामा ई. पू. ३००० वर्षतिर नै देखापरेको एउटा विशाल जाति छ, जो भारतमा पनि वैदिककालपूर्व नै विद्यमान् थियो । यसलाई कश, कुश वा खस मानिन्छ ।

विश्वका अन्वेषक प्राचीन इतिहासकार र पुरातत्त्वविद्हरू अब निश्चित रूपमा एउटा निष्कर्षमा पुगेका छन् । त्यो हो आर्यमूलको बलिष्ठ र यायावर जिन्दगीमा रमेको खसजाति । प्रो. मेक्समुलर, त्यसपछिका अन्वेषक, इतिहासविद्, भाषाशास्त्री र नृतत्त्वशास्त्रीहरूले विभिन्न पक्षमा अध्ययन गरेर आर्यजातिकै शाखा युरोपियन जाति हो भन्ने जुन निष्कर्ष निकालेका थिए, त्यो कुरा पछिपछिका पुरातात्त्विक र नृतत्त्वशास्त्रले खसजातिलाई दिएको छ ।

आर्यमूलका खसजाति :

ऐतिहासिक सामग्रीको उपलब्धिले इतिहासविद्हरूको विचार परिवर्तन गरिदिएको छ । किन्तु आर्यसाहित्य पुराण-इतिहासका कथालाई कतिपय विद्वान्ले काल्पनिक (माइथालोजी) भन्ने सङ्ज्ञा दिएका थिए । त्यसका कतिपय अंशहरूले इतिहासको डोरोलाई भने सत्यको नजिक पुऱ्याउन मद्दत गरेका छन् ।

हाम्रा सम्पूर्ण पुराणले सातौँ वैवश्वतमनुका पालाको प्राणी-सृष्टिलाई काश्यपी सृष्टि (कश्यप ऋषिद्वारा भएको सृष्टि) भनेका छन् । देवता, मनुष्य, यक्ष, राक्षस, नाग, गन्धर्व, सौपर्ण, अप्सरा, शक वा खसलाई कश्यपका सन्तान भनेको पाइन्छ ।[१५]

मध्येसियामा कास्पियनसागर नामक प्राचीन एउटा भूमध्यसागरको अस्तित्व जीवन्त छ । यसैका किनारमा महर्षि काश्यपको आश्रम थियो । प्रसिद्ध प्रजापति दक्षका कन्याहरू यिनले विवाह गरेका थिए, जसबाट असुर, देव, दानव आदि मानिसका आदिपुर्खाहरूको जन्म भयो ।[१६] यिनकी पत्नी अदिती (वेदमा परम सत्तारूप तेजतत्त्व मानिन्छन्) का सन्तान देवताहरू भए । यिनैका पुत्र सूर्यजस्तै तेजस्वी विवश्वान् भए ।[१७] विवश्वान्का पुत्र वैवश्वत मनु र यम दुइटा थिए । वैवश्वत मनुबाटै मानवकुलको जन्म भयो । छोरापट्टिबाट सूर्यवंश र छोरी इलापट्टिबाट चन्द्रवंशको विस्तार भयो । चन्द्रवंशको उल्लेख नभए पनि मनु र तिनका सन्तति इक्ष्वाकुवंशी राजाहरू र चन्द्रवंशी पुरुरवा र उर्वशीको प्रेमकथा ऋग्वेदकै सामग्री हुन् । वेदको रचनामा हजारौँ वर्ष लागेको भए पनि इतिहासको सिलसिला वेदमा सुलभ छैन तर साङ्केतिक चरित्रनायकको कथालाई इतिहास-पुराणले विस्तृत व्याख्या गरेको पाइन्छ । पौराणिक कथाका आधार ब्राह्मणग्रन्थ हुन् । यी ग्रन्थलाई पनि श्रुति नै भनिन्छ । पौराणिक कथासूत्रले वास्तविक इतिहासको अभावलाई पूरा गर्न नसके तापनि वर्तमान अवस्थामा पनि अस्तित्व भएको आर्यजाति र परम्परा

एवं पुरातात्त्विक सामग्रीले विद्वान्हरूलाई एउटा निष्कर्षमा पुऱ्याइदिएको छ । यसबाट इतिहासको नयाँ पक्षको समुद्घाटन पनि भएको छ ।

मध्य एसियाका अनुसन्धाताहरूको प्रयत्नबाट आर्यमूलक शक वा खसजातिको आवादी भएको कास्पियन सागरको पूर्व-पश्चिम र पूर्व-दक्षिणको उत्खननबाट ईसापूर्व २००० वर्षको इतिहासलाई प्रकाश पारेको छ भने मेसापोटामिया, बेबिलोन (अक्काद), सुमेर, सुसा, असिरिया, लघुएसिको, बोधजकोई, भूमध्यसागरको तटवर्ती क्रिट आदिको पुरातात्त्विक उत्खननबाट ईसापूर्व ४ हजार वर्षको इतिहास, धर्म, संस्कृति र जातीय अस्तित्वलाई उद्घाटन गरिदिएको छ, जसमा अधिकांश आर्यमूलका खसजातिको नै भूमिका पाइन्छ । ऐतिहासिक खोजले युरोपका निवासीहरूका पूर्वज र वैदिक भारतीय आर्यहरूका पुर्खाहरू एउटै छानामुनिका हुन् भन्ने प्रो. मेक्समुलरको विचारलाई अघि बढाउँदै खसजातिको विस्मृत अस्तित्वलाई रोचक तवरले उपस्थित गरेको छ । अब वैदिक आर्य युरोप पुगे भन्नुपरेन ।

प्रागैतिहासिक कालमा खसजातिले एसिया, युरोप र उत्तरी अफ्रिकाका प्रदेशमा विशाल साम्राज्य खडा गरेका थिए । उनीहरूको गतिविधिले प्रशान्त महासागरदेखि आन्ध्र महासागरसम्मका प्राचीन जातिहरूमा आतङ्क मच्चाइदिएका थिए । इतिहासकारहरूको विश्वास छ, आजभन्दा छ हजार वर्षपूर्व नै खसजातिले कृषि, पशुपालन र युद्धकालमा कास्ययुगका हतियारहरूको उपयोग आदिमा दक्षता प्राप्त गरिसकेका थिए ।

आर्यहरूको वैदिक संस्कृतिलाई पाश्चात्य विद्वान्हरूले निर्धारण गरेको समयलाई नै मान्यता दिने हो भने उनीहरू यो बेलामा पाषाणयुगीन सभ्यताभित्रै थिए भन्नुपर्ने हुन्छ । किन्तु आर्य र खसजातिका प्राचीन देवता एकै भएकाले मूल एउटै हो भन्ने कुराचाहिँ निश्चित छ । शक या खसजातिका बारेमा अनुसन्धान

गर्नेहरूको उपर्युक्त विचारलाई पुरातात्त्विक सामग्रीले नै पुष्टि गरेको छ । रसियन पुराविद्हरूको अन्वेषणका आधारमा राहुलले उल्लेख गरेका कतिपय कुराहरू यहाँ प्रस्तुत गर्नु उपयुक्त नै होला ।

मध्य एसियाको दूनपूर्व, कास्पियन सागरभन्दा उत्तर, अराल समुद्र तथा सिरनदीको मध्य भागतक मसगित (महाशक) जातिको क्रीडाभूमि थियो । अराल समुद्रको निकट वंक्षुनदीको तल्लो उपत्यका र ख्वारेजमा पनि शकजाति नै फैलिएको थियो । योभन्दा दक्षिण कास्पियन सागरको तटवर्ती इलाकासम्म दहा नामक घुमन्ते शकजाति पशुचारकका रूपमा बस्तथ्यो, जुन जातिले पछिल्लो कालमा पार्थ (पाथियाका पल्हवजाति) भन्ने जातिलाई जन्म दियो ।[१८]

मसगितक्षेत्रभन्दा पूर्व सिरनदीको उपरि-उपत्यकाको उत्तरी भाग तरिमनदी र इसिकुलसम्मको भूभागमा शकमोरा (प्राग् सइवङ) जाति निवास गर्थ्यो । अल्ताईमा प्राग् बुसुन जाति बस्थ्यो, जसबाट पछ्ह बुसुन जाति पैदा भयो । योभन्दा पूर्व ह्वाङहो नदीको नजिक कानसुन प्रान्ततक यूची (कुषाण) जातिका पुर्खाहरू बस्तथे ।

तरिम उपत्यका (सिङकियाङ) भित्र शककै अर्को एक शाखा कश (खस) जाति बस्तथ्यो जुन जाति काराकुरम गिरिमाला पार गरेर गिलगित, कास्मिर क्षेत्रमा फैलियो । यिनै जातिहरू कास्मिरबाट हिमालयको दक्षिणी काखैकाख नेपालको पूर्वी क्षेत्रसम्म ढाक्न पुगे । मसगित या मसग (महाशक) जाति ठूलो सङ्ख्यामा भएको हुनाले महाशक भनिन योग्य थियो । दूनदेखि सिरनदीसम्म र ख्वारेजसम्म फैलिएको भूभाग यही जातिले ढाकेको थियो ।[१९]

मसगित जातिभन्दा पश्चिमी क्षेत्रमा सरमात (शकजातिकै शाखा) जाति बस्तथ्यो । यो जातिको तम्बु (छालाको पाल) घर वा डेरा हुन्थ्यो भनिन्छ । कास्ययुगीन संस्कृति अथवा पित्तलयुगमा रहेको यो जातिको बन्चरो, पित्तलको तरवार, भाला, बसिला मुख्य हतियार थिए र धनुर्वाण पनि चलाउँथे । विवाह अलग-अलग भए पनि यौन-

स्वतन्त्रता थियो भनिन्छ । यी जातिका स्त्रीहरू पनि युद्धमा भाग लिन्थे ।

उपर्युक्त शकमूलक जातिहरूको शाखाविभाजन निम्नस्थ छ – बुसुन जाति (शककै एक शाखा) अल्ताई (स्वर्णभूमि) मा बस्तथे । कङ्ग वर्तमान कज्जाकिस्तानका जातिका पुर्खा तथा शकजातिकै एक शाखा हुन् । बुसुनजातिको पश्चिम-उत्तर सिरनदीको र अराल समुद्रको उत्तरमा कङ्गजाति बस्तथे । महाभारतमा पनि कङ्ग जातिको उल्लेख पाइन्छ । ईसाको पाचौँ-छैटौँ शतीसम्म पनि यो जाति बाँकी थियो र यसपछि सुग्द र तुर्कमा मिल्यो । यिनको आदिस्थानलाई आज कङ्गो नै भन्दछन् । कङ्गोभन्दा पश्चिम दूनसम्म सरमातजाति फैलिएको थियो र यसैका वंशजहरू पछि अलान (अलिन ?) कहलाइए । ऋग्वेदका मन्त्रमा अलिन जनजातिको नाम भएकाले यो जातिसँग ऋग्वैदिक आर्यहरू पनि परिचित थिए भन्न सकिन्छ ।

रसियन पुरातत्त्वविद् डा. बेनादस्की भन्दछन् – अलान नै अन्ति पनि हुन् । यस्तै स्कलाभ (शकलाभ) पनि पहिले एउटै नामधारी जाति थिए र यिनीहरूको रीतिरिवाज एकै थियो । भाषा पनि एउटै हो । रूपरङ्ग, बोलीचाली, लम्बाइ-चौडाइ एकै हो । अत्यन्त बर्बर (प्राचीन पैशाची प्राकृत) भाषा बोल्दथे । अग्ला, हट्टाकट्टा शरीर, कैलो केश, नीला आँखा एवं धुम्रे रङ्गको वर्ण हुन्थ्यो । महाशकजातिजस्तै कठोर जीवन यापन गर्दथे ।[२०]

दस्की त्यसपछि भन्दछन् – सरमात तथा अन्तिजातिहरू कज्जाखबाट पश्चिम सर्दै ई. पू. दोस्रो शतीतिर दक्षिण रूसमा आए । उताबाट आउने जातिहरूमा यही (अलान) सरमातजाति बलियो थियो र दून उपत्यका ककेससलाई आफ्नो निवासस्थान बनायो । अलान-अन्ति-अस्सि-अस् नै अन, असु वा यासुको विकासक्रम हो, जसको वंश आधुनिक ओस्सेती हो । पूर्वी स्लाभ (आधुनिक रूसी) जातिको निर्माणमा उपर्युक्त जातिको ठूलो हात छ ।[२१]

उत्तरापथ सिकियाङ प्रान्तमा सुरुसुरुमा शकजाति नै बस्तथे । यूचि (कुषाण), तुखार (तुषार), सइवङ, बुसुन, कङ्ग, अलान, सरमात, मसगित, कश, कुश, शक नामधारी जातिहरू सबै शक नै हुन् । यी जाति रहेको मध्येसियाका क्षेत्रमा ई. पू. दोस्रो-तेस्रो शतीतिर हुण (मङ्गोल) फैलिए । अवार, जुजुन आदि तुर्कहरूले शकभूमिमा शासन गरे ।[२२]

७६६ इस्वीसम्म मध्येसियाका अधिकांश भागमा तुर्कहरूको सत्ता रहँदा पनि तरिम उपत्यकाचाहिँ शकवंशज तुषारजातिको अधीनमा विशाल भारतवर्षकै अङ्ग थियो भनिन्छ । त्यस बेलाका धेरै अभिलेखहरू तकलामकानको मरुभूमिको उत्खननमा प्राप्त भएका छन् । त्यहाँ तुषारी प्राकृत भाषा र भारतवर्षको ब्राह्मीलिपिको नै प्रधानता थियो । ईसापछिका शताब्दीहरूमा त्यहाँ बुद्धधर्मको प्रधानता रहेको थियो र त्यहाँका बासिन्दा सोग्दा (शक व्यापारी) वर्ग र अन्य व्यापारी वर्गमा नस्तोरी, इसाई, जरस्थुत्री (पारसीधर्म) धर्मको पनि प्रचार थियो । सबै मिलेर बसेका विभिन्न धर्मका अनुयायीका क्षेत्रमा जब इस्लामी आक्रमण भयो, लाखौँ-करोडौँ नरनारी मारिए र अनेकौँ दास बनाइए । यस विभीषिकाबाट उम्कने बुद्धिस्ट र नेस्तोरी साधुहरू भागेर लद्दाख (पश्चिमी तिब्बतक्षेत्र) तिर शरण लिन पसे ।[२३]

तरिम उपत्यका शकहरूबाट तुर्कहरूले खोसे । ६९२ इस्वीमा तुर्कबाट तिब्बतको हातमा शासन गयो । काशगर (खशगिरि) खोतन, अवसूसम्मका आठ सहरहरू तिब्बतका अधीन भएका थिए भनिन्छ । वर्तमान पन्जाब तथा सिन्धुक्षेत्रलाई वैदिक आर्यहरूले सप्तसिन्धु भनेजस्तै मध्येसिया (वर्तमान दक्षिण रूस) भित्र पनि सप्तनद (सात नदीको क्षेत्र) थियो । त्यहाँ शकजाति नै आवाद थिए र शककै शाखा सोग्दीजातिहरू कृषि र वाणिज्य-व्यवसाय गर्दथे । यसलाई उत्तर-पूर्वबाट आउने (मङ्गोल मूलका) तुर्क (तरुष्क) जातिले हात लाएपछि धेरै कालसम्म उक्त क्षेत्र उनीहरूको अधीन रह्यो । सातौँ

शती (६२९ ई.) मा भारतवर्ष आउने चिनियाँ यात्री हुएनसाङले सप्तनद, चु उपत्यकादेखि आमूनदीको उपत्यकासम्म एउटै सोग्दी भाषा र लिपि थियो भन्ने उल्लेख गरेका छन् । हुएनसाङले त्यस ठाउँमा आउँदा बुद्धधर्मको प्रचुरता र इसाई मानीधर्म (जरथुस्त्रधर्मकै एक शाखा) बढी प्रचलन भएको कुरा लेखेका छन् ।[२४]

सप्तनद (पूर्वी-दक्षिण मध्येसिया) भन्दा पश्चिमपट्टिको भाग, उत्तरापथ मसागत, सरमात, कङ्ग (शकपरिवार) बसेको भूमिमा, जुन क्षेत्रलाई हिजोआज कज्जाख (किपच) भनिन्छ, त्यो क्षेत्र हुणजातिको वंशज अवार तुर्कको हातमा गएपछि विस्तार-विस्तार त्यहाँका आदिवासीहरू पनि तुर्कमा नै विलीन भए । त्यहाँबाट पनि पश्चिम फैलिएका हुणजातिहरू बुल्गर, खजार, अवारजाति कहलाए ।

पहिलो हुणलहर डेन्युबको किनारसम्म चौथो शतीमा पुग्यो । यसले सरमात (शक), स्लाभ, गाथ आदि शकमूलका जातिलाई काला सागरको क्षेत्रबाट उत्तरतिर भगायो । पछि हुणको एक शाखा अवार हङ्गेरीसम्म पुग्यो । रोम आदि युरोपीय क्षेत्रमा हुणको बिगबिगी रहेको इतिहास पाइन्छ । पछिल्लो कालमा (ई. पाँचौं शती) भारतवर्षमा पनि यो जातिले उत्पात मच्चायो । हुण तुर्कले धपाएका शकहरू दक्षिण-पश्चिम झरेर इरान शकस्तान (पूर्वी इरान) र भारतको पश्चिम-दक्षिण क्षेत्रमा फैलन पुगेको कुरा इतिहासले बताउँछ ।[२५]

रूपरङ्ग र आकारप्रकारले उपर्युक्त खस वा शकजाति र भारतमा बस्ने आर्यजातिमा फरक छैन । नृतत्त्वशास्त्री र भाषाशास्त्रीहरू पनि यो तथ्यलाई स्वीकार गर्दछन् । भेद के भने आर्य (सभ्य) र शक वा खसहरू आर्यहरूको दृष्टिमा असभ्य वा अनार्य भए । आर्य शब्द जातिवाचक पनि होइन । यसको अर्थ हुन्छ सभ्य र मान्य जाति । यो जातिले सङ्घर्षरत रहँदा पनि निर्वासित हुनुपरेन । आफूभन्दा बलिया र ठूलो सङ्ख्यामा आइलाग्ने शत्रुहरूको सामना पनि गर्नुपरेन । यसकारण यिनीहरूको चिन्तनमननले र एकै

ठाउँमा शदिऔँसम्म बस्न पाएकाले पनि साहित्यिक र सामाजिक विकास गर्न पायो । हात हालेजति ठाउँमा विजयलाभ हुँदै गएकाले 'कृण्वन्तो विश्वमार्यम्' (सबैलाई आर्य (सभ्य) बनाऊ) भन्ने नारा चर्काएर विजित जातिलाई पनि आफ्ना कुरा दिएर केही राम्रा कुरा उनीहरूबाट पनि लिई धार्मिक र सांस्कृतिक उदारता देखाएकाले विश्वजयीका रूपमा आफूलाई उभ्याउन सफल भयो । प्राचीन साहित्यभण्डारले आर्यशाखा धनी छ । युद्ध, जय, पराजय र निर्वासनले आफ्नो साहित्यिक विकास गर्न नपाएको यायावर लडाका खस वा शकजाति वैदिक देवीदेवताकै अनुगामी भए पनि र एउटै मूलको भए पनि पछिसम्म पृथक् जातिका रूपमा गनियो ।

ऐतिहासिक अन्वेषण गर्दा आर्य, आर्यपुत्र, आर्यावर्त, इरान (आर्यायण) आदि आर्यवाचक शब्दको गणना गर्न सकिन्छ भने खसजातिलाई सम्झाउने ककेसस, कास्पियन, कज्गर, कज्जाख, कशगर, हिन्दूकुश, कास्मिर, कस्तवार, खस-बाहुन, कस्सी, कस्साइट, कस्पोई आदि अगणित स्थानवाचक र जातिवाचक शब्दले खसजातिको संस्मरण गराउँछन् ।[२६]

खसजातिको प्राचीनतम उल्लेख विक्रमपूर्व चौबीसौँ शताब्दीको पुजुर शिशुनाक युगको अभिलेखमा पाइन्छ ।[२७] विक्रमको तीन हजार वर्षपूर्वसम्म यो जातिको विशेषता रहेको देखिँदैन । इतिहासकार स्ट्रेबोले यो जातिलाई कस्सेआई, कस्साइट, कस्सी नामले उल्लेख गरेका छन् । उनी भन्छन् – यो जातिको मूल निवासस्थान इरानको उत्तरमा परेको कास्पियन सागरको तटवर्ती इलाका हो । कजवीन नगर र कास्पियन सागरसँग कस्सीजातिको सम्बन्ध छ । भेदजातिको क्षेत्रभन्दा पूर्व पर्ने हमदानको प्राचीन नाम अक्केसिया थियो, जसलाई असिरियन जातिहरू करकस्सी (कस्सीनगर) भन्दथे । त्यस क्षेत्रमा टिन पाइने हुँदा र युनानी भाषामा टिनलाई कस्सपोई (कस्सीजातिको क्षेत्रमा प्राप्त) भनिने हुँदा यसैबाट जातिको नाम रह्यो ।[२८]

इरानी पुरातत्त्वविद् हाना आफ्नो 'कल्चर एन्ड कल्चररेस ओरिजेन्स' भन्ने पुस्तकमा उल्लेख गर्दछन् – खसजाति आर्यजातिभन्दा भिन्नै वर्णसङ्कर जाति थियो, जसको उत्पत्ति ककेसस प्रदेश, पश्चिम एसिया एवं अरबमा फिँजिएको मेलानकोई जातिलाई दिन सकिन्छ । कस्सीजाति पर्वतीय जाति हो । कहिले-कहिले मैदानमा झरे पनि आफ्नो प्रचारक्षेत्र भने मुख्य रूपले पुरानो आवादी भएको पर्वतमालालाई नै बनायो ।[२९]

पूर्वपाषाणकालमा कस्सीजातिको एक शाखा ककेसिया अनातोलियादेखि पश्चिम लागेर मध्य युरोपमा पसेर बस्यो । युरोपको इतिहासमा पहँलो-गोरो, आयात-कपाल (एल्लो ह्वाइट ब्रोड हेड्स) जातिको नामले प्रसिद्ध भएको छ । नवपाषाणकालीन युरोपमा मृतलाई जनाउने पितृको सम्झनामा वृत्ताकार समाधि बनाउने यही जाति हो भन्ने र वृत्तकपाल, लघुकपाल, वर्गकपाल, अलापाइन, अनातोलियन, अर्मिनियम आदि नामले नृतत्त्ववेत्ता विद्वान्ले यो जातिको उल्लेख गरेका छन् ।[३०]

युरोपका देशमा पैदा भएका प्रसोजर्मनजाति र स्लाभजातिलाई पनि कस्सीजातिकै सन्तान भनेर अब विद्वान्हरूले मानेका छन् । कस्सीकै अर्को शाखा एसिया माइनरमा तारस पर्वतमालाबाट सिरिया, फिलस्तिन हुँदै दक्षिण बढेर उत्तर अफ्रिकामा प्रवेश गऱ्यो तथा नीलनदीको ठूलो मोडनजिक बादीहल-फेह तथा आबुहमिदको बीचमा विशाल कुश साम्राज्यको स्थापना गरेको थियो ।[३१] यसै जातिको तेस्रो शाखा टर्की, इरान, इराकको मध्यवर्ती पर्वतीय प्रदेशमा रहेको करदुजीमा बस्न पुग्यो, जसलाई आज कुर्दजाति भनिन्छ र उक्त तीनै देशका निम्ति शिरपीडा बनेको छ ।[३२]

हाना भन्छन् – उपर्युक्त पर्वतशृङ्खलाबाट अगाडि बढेको यो जातिको एउटा समूह नममाया हित्ति भाषामा सिनम (भेडियाको देश) भनेको पाइन्छ अथवा कुर्दुनिया भनिन्छ, त्यही यो कस्सीजातिको

शाखा कुर्दनामले विख्यात छ । जाग्रोस पर्वतमालाबाट कस्सीजातिको एक समूह फारसको खाडीनजिक बस्न पुग्यो ।

त्यहाँ यो जाति सुमेर (बेबिलोन) मा करदा, कलदा, कशदा नामले अभिहित हुँदै गयो । त्यसैको नाउँबाट कालडिया वा चालडिया शब्द बनेको भनिन्छ ।[३३]

कश वा खसजाति मध्येसिया र पश्चिमेसिया एवं युरोपको देशमा प्रवेश भएको बारेमा विद्वान्हरूले प्रस्तुत गरेका पुरातात्त्विक इतिहासको उल्लेख गरियो । ईसाभन्दा ४ हजार वर्षपूर्वदेखि नै आफ्नो मूल थलोबाट यत्रतत्र छरिएर कृषिजीवी, आयुधजीवी, पशुचारक एवं मजदुरका रूपमा फैलिँदै गएको र अफ्रिकामा कुश साम्राज्य, बेबिलोनमा कस्सी साम्रज्य, एसिया माइनरमा मितन्नी साम्राज्य, हित्ती साम्राज्य खडा गरेर पश्चिम एसियाका जातिलाई आतङ्कित गर्ने र युरोपियन आदिवासीलाई बर्बरताले ध्वस्त पारेर साम्राज्य खडा गर्ने कस्सीजातिको विस्तार पूर्व-दक्षिणमा भएको इतिहासचाहिँ प्रशस्त पुरातात्त्विक खोजको अभावमा निश्चय गर्न गाह्रो पर्दछ, तथापि आसाम, मणिपुर आदिमा पनि यो जाति पुगेको थियो । विशाल जातिको समूहले पशुचारक जिन्दगी बिताउन लागेको बेला पशुका निम्ति गौचर, खानाका निम्ति अन्न, फलफूल, कन्दमुल प्रशस्त पाउन सकिने ठाउँमा डेरा जमाउनु अथवा सुविधा खोज्दै यत्रतत्र भौँतारिनु, हिन्दूकुश पर्वतमालादेखि सुदूरपूर्वी समुद्रसम्म छरिन पुग्नु कुनै आश्चर्यको कुरा मानिदैन । जन्मेबढेको ठाउँमा ऐतिहासिक अवशेष छाडे पनि छुट्टै कस्सीजातिका रूपमा यस जातिविशेषको अस्तित्व खोज्नुपर्दा कास्मिरदेखि आसामसम्मको हिमशैलका निम्नोन्नत काखमा नै घुम्नुपर्दछ । नेपालको पहाडी भागमा यो जातिको अस्तित्व बाँचेकै छ ।

खसजातिको पहिलो समूहको प्रसारको कालनिर्धारण गर्दा वि. पू. ४ सहस्राब्दीको पनि विद्वान्हरूले उल्लेख गरेका छन् ।[३४]

नेपालमा गोपालका रूपमा पहिलो प्रवेश गर्ने पशुचारक जाति पनि खसजाति नै हो । गोपालजाति र त्यसपछि मात्र किराँतहरू सत्तामा आएको कुरा नेपाली वंशावलीकारले उल्लेख गरेकाले वि. पू. ४ हजार वर्षपूर्व खसहरू नेपालमा आएको चर्चा पहिले नै गरिसकिएको छ । यो समय प्राप्त अभिलेखात्मक साक्ष्यले प्रस्तुत गर्न सम्भव नभए पनि २४०० वर्ष ई. पू. को अभिलेखको प्राप्तिले उपर्युक्त खसजातिको विश्वविजयिनी शक्तिले गर्दा एसियाको ठूलो भूभागलाई ढाकेका थिए भन्ने कुरालाई सावित गरेकाले यो कुरा अनुमान हुन्छ ।

जाग्रोस पर्वतमालाबाट कस्सी आयुधजीवीहरू बेबिलोनियाका धनी सहर, गाउँ, बजारहरूमा छापा मारेर लुटपाट गर्दथे ।[३५] सम्राट हम्बुरवीका छोराको प्राप्त अभिलेख (ई. पू. २३०० – २१००) पढ्दा थाहा पाइन्छ कि उनले कस्सी आयुधधारीको आक्रमणलाई विफल पारेर लखेटेका थिए । त्यसपछि लगभग डेढ-दुई सय वर्षसम्म यो जाति कृषि-मजदुरका रूपमा बेबिलोनभित्र पसेर शान्तिपूर्वक बस्न थाल्यो । सहर र गाउँमा ठूलो सङ्ख्यामा कस्सी मजदुरको जमघट भएपछि विक्रम सम्वत्पूर्व अठारौँ शताब्दीतिर ठूलो दलबलका साथ आक्रमण गरी बेबिलोनमा अधिकार जमायो तथा ५७६ वर्षसम्म अर्थात् वि. पू. १६९६ देखि ११२० वि. पू. सम्म निरङ्कुश शासन गऱ्यो ।[३६] यो कस्सीजातिले आफ्नो शासनकालमा पनि वरिपरिका जाति र बेबिलोनवासीमाथि पनि यस्तो आतङ्क जमायो कि कस्सीजाति नै साहस र वीरताको प्रतीक मानियो ।

बेबिलोनबाट सत्ता हटेपछि पनि ककेसस तथा अनातोलिया प्रदेशमा चिरकालसम्म यो जातिको सत्ता जमिरह्यो । कव्व-कश, कप्पोडोसिया, केफासिउ आदि नामहरूले खसवाचक, कश, कुश, कव्व, कफ शब्दसँग घनिष्ठ सम्बन्ध देखाउँछन् । यो पठारमा बस्ने हित्तीजाति (हेत नाउँका खस सर्दारका सन्तान) खत्ती, खेता, हित्ती, हित्तायत नाउँले इतिहासप्रसिद्ध छ ।[३७] भनिन्छ कि यसै जातिको एक

अर्को शाखा अति प्राचीनकालमा पूर्वतिर बढ्दै गयो र ए-इ-लाम तथा अ-इ-रान (वर्तमान इरानमा) पसेर अधिकार जमायो । तुरानमा यो जाति तुरानीहरूसँग मिलेर एकाकार भयो तथा उच्च पर्वत (हिउँ पर्ने ठाउँ) मा बस्ने भएकाले यो जातिले तोख, तोखारी वा तुषारी जातिका नामले प्रसिद्धि पायो । यस्तै, मध्य एसियाको कशगर (खसगिरि), कुचा (कुशा), कुस्तन आदि स्थानको नाउँ र त्यहाँका पर्वत र नदीनालाले पनि प्राचीन कश वा कुश (खस) जातिको सम्झना गराउँछ ।[३८]

भारतमा आर्यजातिको विस्तार हुनुभन्दा अनेक शताब्दीपूर्व नै यो खसजाति हिन्दूकुश पर्वतमालाको आसपासबाट तथा कशगर (खसगिरि), कुचा आदि ठाउँबाट अगाडि बढ्दै अफगानिस्तान, बलुच, कास्मिर, जालन्धर (हिमाञ्चल प्रदेश काँगडा) हुँदै नेपालको पर्वतीय भूभागमा फैलियो र यो पूर्वमा आसाम, मणिपुर (पूर्वी समुद्रान्त) भागमा छरियो भनिन्छ । यस्तै भारतवर्षको समतल भूभाग तथा दक्षिण भारतको पठारमा पनि ढाकिन पुग्यो । भारतवर्षमा पहिलेदेखि निवास गर्ने निषादजाति (प्राचीन निगृतो र अस्ट्रियन जातिको सम्मिश्रणले बनेको कोल-मुण्ड, निषाद) सँग सम्मिश्रण भएर अनेक वर्णसङ्कर जातिको जन्म भयो । भारतीय प्राचीन साहित्यमा यो जाति स्थानगत भेद, शाखाभेद आदिले तुषार, दरद, कश, कुश, खोसा, खोजा, कुशन, खस आदि नाउँले प्रसिद्ध भएको पाइन्छ ।[३९]

एटकिन्सनले आफ्नो 'हिमालयन गजेटियर' भन्ने पुस्तकमा अशोकको पालामा वर्णन गरिएको यक्षजातिलाई पनि खसजाति नै मानेका छन् । यक्ष - यकश - कश - खश भएको हुनुपर्छ भन्ने उनको विचार छ । यक्षको भाषागत विभेदले यकश, कश, खश, जख भएकोमा उनी विश्वास गर्दछन् । यदि यो तर्कमा सत्यता छ भने जख, जखनी, जखेर जखोली, जखमल आदि उत्तराञ्चलका अनगन्ती ठाउँका नाउँले पनि खसजातिकै सम्झना गराउँछ ।[४०]

महाभारतको द्रोणपर्व, उद्योगपर्व तथा भीष्मपर्व आदिबाट थाहा पाइन्छ कि दुर्योधनको सहायतार्थ खससेना चारै दिशाबाट आएको थियो । पुराणमा प्राचीन अंश बाँकी रहेको भनेर मानिएको मार्कण्डेयपुराणमा आएको वर्णनअनुसार पर्वतीय क्षेत्र, दक्षिण, उत्तर, पूर्वमा मगधसम्म खसजातिको बसोबास थियो । हरिवंशपुराणअनुसार परशुरामको दिग्विजयको बेला खस क्षत्रियहरू भागेर मैदानबाट पर्वतीय जङ्गलमा लुक्न पुगे ।[४१] एटकिन्सनको विचारमा आर्यहरू गङ्गाको मैदानमा फिँजिन थालेपछि खसजातिले हिमालय तथा विन्ध्याचलको विरान क्षेत्रमा शरण लिनुपऱ्यो । विन्ध्य र विकानेरमा बस्ने खसजाति अब खोसा नाउँका मुसलमान भएका छन् ।[४३] खसजाति दरद भाषा (पैशाची प्राकृत) बोल्दथे ।[४२] ललितविस्तर ग्रन्थका अनुसार खसलिपिको प्रसार दरदिस्तानदेखि सिन्धुनदीको शिर मानसरोवर घाटीसम्म नै थियो ।

दरद शब्द पनि भाषाको बोल्ने प्रकार (दाल दलेजस्तो अस्पष्ट) भएका कारणले नै नाम रहेको अनुमान हुन्छ र यो भाषाको प्रभाव पन्जाबी, लहन्दी भाषामा पाइन्छ । कास्मिरदेखि नेपालसम्मको भूभागमा बोलिने भाषामा अधिकांश पैशाची प्राकृतबाट उत्पन्न शब्दहरू पाइन्छन् । वर्तमान शब्दहरू त्यस्तै रूपमा र केही शब्द संस्कारित रूपमा आएका छन् ।

काल्डवेल आफ्नो 'तुलनात्मक व्याकरण र द्रविड भाषा' नामक पुस्तकमा उल्लेख गर्दछन् – उत्तर भारतका वर्तमान भाषाहरूमा यस्ता अनेक शब्दहरू छन्, जसको न संस्कृत, न कोल-मुण्ड तथा द्रविड भाषासँग नै सम्बन्ध जोड्न सकिन्छ । आर्यजातिको आगमनभन्दा धेरै पूर्व उत्तर भारतमा बस्ने सिथियन (शक) जाति जो कोल-मुण्ड जातिभन्दा भिन्नै हो, बस्तथ्यो र त्यसैले द्रविडजातिलाई दक्षिण भगायो ।[४४] काल्डवेल आदि पश्चिमी विद्वान् र उनीहरूको अनुसरण गर्ने भारतीय विद्वान्हरू पनि उत्तर भारतमा द्रविडजाति

भएको र खस वा आर्यहरूले दक्षिण भगाएको कल्पना गर्दछन् । तर एउटा विशाल जातिसमूहलाई ठूलो क्षेत्रबाट निर्मूल पारेर निर्वासित गर्नु सम्भव देखिँदैन । द्रविडभन्दा पहिले आउने जातिका वंशज कोल, मुण्ड निषादहरूको अस्तित्व उत्तर भारतमा बाँकी नै थियो भन्ने अड्कल गर्न सकिन्छ । ब्राहुइ भाषामा फाटफुट द्रविड शब्द पाइनुले मात्र जातिको अस्तित्व मान्न सकिँदैन । यस्तो शब्दको आगमनचाहिँ व्यापारिक सम्पर्क र केही व्यक्तिहरूको आवागमनबाट पनि अर्को भाषामा सजिलैसँग प्रवेश पाउन सक्छन् र पछिपछि एकै भएर मिल्न सक्छन् । एउटा भाषाको तत्त्व अर्को भाषामा पाइएको भरले मात्रै कुनै जाति त्यहाँ थियो भन्नु अथवा जातिको सम्मिश्रण भएको तर्क गर्नु निकै ठूलो गल्ती हुन्छ । नेपाली भाषामा आएका शब्द केलाएर हेर्‍याँ भने अङ्ग्रेजी, फ्रेन्च, पुर्तगाली, अरबी र फारसीका प्रशस्त शब्द पाइन्छन् । परन्तु ती भाषाभाषीले यहाँ न शासन नै गरे, न जातिसम्मिश्रण भएर वर्णसङ्कर नै जन्मे । वास्तविक इतिहासको पत्ता नलगाई भाषामा पाइएका शब्दको भरमा इतिहास निर्माण गर्न खोजियो भने मूर्खताको नयाँ धरातलमा नै इतिहासको जग लाग्दछ । भाषाशास्त्रले मात्रै जातिको मूल स्थान निर्णय गर्न सकिँदैन ।

हानाको विचारअनुसार आर्यसभ्यताभन्दा पहिले आउने खसजाति पूर्वको काशी, दक्षिणमा नर्मदासम्म फैलिएको कुरालाई पुरातत्त्व र नृतत्त्वशास्त्रीहरूको प्रयत्नले पुष्टि भएको छ ।[४५] युरोपीय जातिहरूका सम्बन्धमा खोजी गर्ने कुन भन्दछन् – प्राचीन जर्मनजातिका प्राप्त खप्पर र पन्जाब तथा पश्चिमोत्तर प्रदेशको पहाडी भागमा बस्ने वर्तमानकालका मानिसहरूको खप्परसँग वैज्ञानिक आधारमा तुलना गरी हेर्दा यी धर्तीका सुदूर पूर्व-पश्चिमका छेउमा बस्ने जातिहरू एउटै वंशका हुन् भन्ने सिद्ध भएको छ ।[४६]

सद्धु र पश्चिममा काबुलको कटोर, कस्करको घाटीदेखि पश्चिम नेपालको डोटी, कर्णाली प्रदेश, सल्यान, बाग्लुङ आदि

हिमालको तल्लो पर्वतीय भूभाग र उपत्यकाका बासिन्दा नब्बे प्रतिशत जनताहरू खसवंशज नै छन्, धर्मले हिन्दू, बौद्ध र अन्य धर्मका अनुयायी भएका हुन सक्छन् ।[४७]

हिन्दूकुश पर्वतमालाका तथा कनानका ढलान र घाटीमा बस्ने सिनाकी, चिलासी, कस्तुरी, हुँजा, नागर, चित्राली, काफिर[४८] जाति र सिन्ध र स्वातनदीको मध्यवर्ती क्षेत्र कोहिस्तानका निवासी कशकर[४९], कुनारको घाटी तथा बाजौर र दिरका निवासीहरू जो आज पनि कशगर (खस) र दारदुई (दरद भाषा) बोली बोल्दछन्, खसजातिका सन्तान हुन् ।[५०] काफिरीस्तानका काफिर, दरवाज र त्यसको सन्निकट पर्वतका पशुचारक जाति गालचा[५१], कास्मिरका काशू[५२], जम्बू-काङ्गडाका डोगरा, नुनको पहाडको फेदीतिर बस्ने कुकुर, खोहकर, खोकर[५३] आदि पनि त्यही विशाल खसजातिकै सन्तति हुन् । विभिन्न अन्य जातिसँगको सम्मिश्रणले कालान्तरमा स्थानीय विशेषताले भिन्नता दर्शाउँछन् । यस्तै काङ्गडा[५४], कुल्लू[५५], सुराज, मन्डी[५६], सुकेत[५७], चम्बा, हिमाञ्चल प्रदेश[५८] मा बस्ने कनेत, कुनैत (प्राचीन कुणि (लि) न्द) जातिकै वंशज हुन् ।[५९] आज यिनीहरू खसिया र रावमा बाँडिएका छन् । हिमालय र काङ्गडाका खस राजपुत, ठाकुर र राठी दुई वर्गमा विभाजित छन्[६०] । त्यही क्षेत्रका खस ब्राह्मण धडेवार र शासनी वर्गमा जौनसार, जौनपुरका खस ठाकुर ब्राह्मण र राजपूत वर्गमा, उत्तराखण्डमा पठार प्रदेशवासीहरू राठी र पविला वर्गमा, नेपालका खस क्षत्रिय वर्गमा, ब्राह्मणहरू ठाकुर र उपाध्याय वर्गमा बाँडिएका छन् ।

उपर्युक्त कथन विभिन्न विद्वान् तथा स्थानीय प्रशासक भएर काम गर्ने अङ्ग्रेज विद्वान्हरूले प्रस्तुत गरेका गजेटियर, सेन्सस रिपोर्ट, मुद्राशास्त्र, जातीय अध्ययनमा प्रस्तुत गरेका रिपोर्टहरूका आधारमा उत्तराखण्डका इतिहासकार डा. शिवप्रसाद डबरालले उल्लेख गरेका छन् । लेखकका उद्धरण र समीक्षात्मक विचारमा

नेपालका जातिहरूको विश्लेषण केही मान्य र केही अमान्य पनि छन्, जसको विवेचना यसै सन्दर्भमा प्रस्तुत गरिनेछ । साथै जातीय अध्ययन प्रस्तुत गर्ने विदेशी विद्वान्हरूको अन्य अध्ययन पनि यहाँ उल्लेख गरिनु कतिपय दृष्टिले आवश्यक देखिएकाले यहाँ त्यो विषयकै उल्लेख गरिन्छ ।

कुन भन्छन् – साइथजातिको उल्लेख वि. पू. ७०० तिरको पाइन्छ । यो कालासागरभन्दा उत्तरतर्फ थियो । योभन्दा पूर्व सरमात र त्यसभन्दा पूर्व शकजाति थियो ।[६१] सिथियनजाति (शक, खस) को प्राचीन चित्र र इरानमा पाइएको शकजातिको चित्रमा पूर्ण समानता पाइएकाले शक र सिथियन जाति एउटै हो भनेर मानिएको छ ।[६२] यस जातिको रङ्ग गोरो र सुन्दर चेहरा थियो तथा मङ्गोलजातिभन्दा बिलकुलै भिन्न थियो ।[६३] बाक्ला दाह्री, लामो केश, डोलो-लामो नाक, उठेको आँखिभौं, गहिरा आँखा भएको खसजाति पूरा बाहुला भएको ज्याकेट (कुर्ता) र जाँघ फुकेको र गोडाको मोहता सानो भएको सुरुवाल (वर्तमान पन्जाबीको सलवार) तथा शिरमा टुप्पो तीखो भएको टोपी लगाउँथे ।[६४] घोडचढी पशुचारक यो जातिलाई लडाका र आयुधजीवी पनि मानिन्छ । खड्ग सधैं बाँधिराखेका हुन्थे । छालाको जुत्ता लगाउँथे र घुँडासम्म आउने छालाको पट्टी पिडुँलामा बाँधेका हुन्थे । सलबारको मोहता जुत्ता (बुट) र त्यसमाथिको छालाको फिताभित्र घुसारेको हुन्थ्यो ।

भारतीय प्राचीन इतिहासविद्हरू वि. पू. पहिलो शताब्दीतिर बाल्हिकबाट शकहरू शाक (शक) द्वीप (पूर्वी इरान) मा बसेको उल्लेख गर्दछन् । यहींबाट शकजातिको तक्षशिला, मथुरा, उज्जयिनीमा विस्तार भएको मानिन्छ । परन्तु वि. पू. पाँचौं शदीदेखि आठौं शदीसम्मका बीचमा जन्मेका मानिने पाणिनिले आफ्नो अष्टाध्यायीमा शकजातिको उल्लेख गरेकाले पाँचौं शदीभन्दा पनि अगाडि भारतीय आर्यहरूको परिचयमा शकहरू आइसकेका थिए

भन्ने थाहा पाइन्छ । यी पाणिनिकालीन शकहरूलाई यूची (कुषाण) हरूले मध्य एसिया, खोतन, बलखबाट धपाएका शकहरू भन्न मिल्दैन । आर्यभन्दा पहिले नै उत्तर भारतका काशी, कोशल, कुशस्थलीमा आवाद भएका र वर्तमान नेपालको भूभागमा छरिँदै कामरूप, आसाम, खसिया पहाडसम्म पुगेको शकजातिलाई नै सायद पाणिनिले उल्लेख गरेका हुन् । यिनै खस वा शकजातिका विभिन्न शाखाले उत्तरीय क्षेत्रका कास्मिर, जालन्धर र नेपालका निम्नोन्नत पर्वतमालाका उपत्यकाहरू ढाकेका थिए भन्ने प्रमाण संस्कृत साहित्यका पुरातन ग्रन्थहरूबाट जान्न पाइन्छ ।

इतिहासविद्हरू पूर्वी भारतका काशी, कुशस्थली, कुशीनगर आदि ठाउँहरू खस, कश, कुशजातिसँग सम्बन्ध रहेको हुनुपर्छ भन्दछन् । भल्ल, मल्ल, खस आदि जातिलाई मनुस्मृतिकारले व्रात्य क्षत्रिय भनेका र कुशीनाराका मल्लजातिको उल्लेख पाली साहित्यमा पाइने हुँदा मल्लजातिहरू पनि कश (कुशवंशी) नै थिए भन्नुपर्ने भएको छ । भारतको दक्षिण पठार नर्मदानदीको घाटीमा नवादा टोलीको उत्खनन हुँदा प्राप्त भएका पुरातात्त्विक अवशेषको अध्ययनले पनि खसजातिको प्राचीन अस्तित्व रहेको पाइन्छ ।[६५]

महाभारत वनपर्वमा राजा युधिष्ठिरको तीर्थयात्राको प्रसङ्गमा राजा सुबाहको राज्यमा पुगेको वर्णन पाइन्छ । यो गङ्गा-यमुनाको बीच भाग पहाडी प्रदेश हो भन्ने अनुमान हुन्छ ।[६६] सुबाहुको राज्यमा मोटा, बलिया तुषार, दरद जाति भएको वर्णन छ ।[६७] वायुपुराण र ब्रह्मपुराणमा सूर्यवंशी राजा सगरले हैहयवंशीहरूको सहायकका रूपमा आएका शकजातिलाई समाप्त गर्न खोज्दा वसिष्ठले बचाएको र शक आदि जातिलाई जातिच्युत गरेर व्रात्य बनाएको वर्णन छ । यसबाट पनि शक वा खस व्रात्य क्षत्रिय हुन् भन्ने कुरा थाहा हुन्छ ।

कास्पियन सागरको तटमा बस्ने कश्यप ऋषिका ११ पत्नी थिए । यी एघारको नाउँ उल्लेख गर्दा कैयौँ पुराणले एघार पत्नीमध्ये

खशा नामकी पत्नीको पनि चर्चा गर्छन् र यिनैको कोखबाट यक्ष, राक्षस गणको उत्पत्ति मानिन्छ ।[६८] यो पौराणिक आख्यानबाट पनि यक्ष, राक्षसजाति खसशाखा भित्रैको हो भन्ने प्रमाणित हुन्छ ।

यस्तै, मनुका पुत्रहरूको गणना गर्दा हरिवंशमा इक्ष्वाकु, नाभाग, धृष्णु, शर्याति, नरिष्यन्त, प्रांशु, नाभागरिष्ट, करुष, पृषध्र नौभाइको उल्लेख गरेको पाइन्छ ।[६९] यी नौभाइमध्ये नरिष्यन्तका छोरा शकजाति भए भनिएको छ । कश्यपप्रजापति बसेको लोकलाई पौराणिक ग्रन्थमा जनलोक भनिएको छ । महाकवि कालिदासले 'शाकुन्तल नाटक' मा स्वर्गबाट पृथ्वीलोकमा आउँदा जनलोकवासी कश्यपको आश्रममा पुगेको र कश्यप ऋषिको दर्शन गर्न जाँदा त्यागिएकी पत्नी शकुन्तलाबाट जन्मेका पुत्र भरतको परिचय पाएर पत्नीसहित पुत्रलाई साथ लिएर फर्केको वर्णन गरेका छन् । जनजाति (आदिम आर्यजाति) को लोक कास्पियन सागरको तटवर्ती इलाका नै हो भन्ने कुरा प्राचीन आर्यहरूलाई ज्ञात थियो, जुन कुरा इतिहासका अन्वेषक र पुरातत्त्ववेत्ताहरूले पनि प्रमाणित गरिदिएका छन् भन्ने पुरातत्त्वविद्हरूको तर्क छ ।

जातिको परिगणन गर्दा शक र खसको मूल एउटै भए पनि छुट्टाछुट्टै उल्लेख भएको पाइन्छ ।[७०] शकजातिको विशाल समूह मध्य एसियामा नै भएको बेलामा खसजातिले भारत प्रवेश गरेको थियो । यसकारण शकद्वीपमा शकजातिको अस्तित्व छँदै कास्मिर, जालन्धर, काङ्गडा, गढवाल आदि पहाडी प्रदेश र उत्तर भारतका समतल मैदान हुँदै विन्ध्याचल र पूर्वी भारतमा पनि यो जातिको विस्तार भइसकेको कुरा प्रमाणित हुन्छ । महाभारतको युद्धमा दुर्योधनको सहायतार्थ चारै दिशाबाट खससेनाहरू आएका थिए ।

प्रागैतिहासिक कालका खसजातिको अनुसन्धान गर्ने विद्वान्हरूको विचार शक या खसजाति अश्वपालक र पशुचारक जाति थियो भन्ने छ । यो जाति आदिकालमा मिश्रका निवासीहरूको

जस्तै मृतकको समाधिमा उनीहरूको प्यारो वस्तु राखिदिने गर्दथ्यो । यस्ता समाधिहरू लद्दाख, लाहुल, चम्बा, बनौर, लिप्पा, स्युभन्दा पनि अगाडि तिब्बतका सीमान्त गाउँ नमग्या, मलारीसम्म र मध्य तिब्बतको क्षेत्रमा पनि प्राप्त भएका छन् । यी प्राप्त समाधिहरूमा शकसमाधिकै जस्ता विशेषता प्राप्त भएका छन् ।[७१] असुर सभ्यतामा स्थलसमाधि दिने र खाने-पिउने वस्तु तथा प्रयोग गरेका वस्तु पनि चिहानमा राखिन्थे भन्ने कुरा छान्दोग्य उपनिषद्बाट पनि थाहा हुन्छ ।[७२]

शक र खस भनिएका दुवै जाति पशुचारक थिए । रूपरङ्ग र आकारप्रकारले अभिन्न देखिने हुनाले प्राचीन साहित्यमा शक र खसको त्यति भेद गरेको पाइँदैन । विद्वान्हरूको विचारमा आर्यहरूको विस्तार हुनुभन्दा अगाडि नै कास्मिरदेखि नेपालसम्मका सारा मध्यहिमालयको काख खसदेश बनिसकेकाले पछिपछि यहाँ आउने कश वा खसजाति खससागरमा विलीन भयो । रूपरङ्ग, जातिगत धर्मसंस्कृति र स्वभावले पनि अभिन्न देखिने हुँदा आज शक र खसको विभेद गर्न सकिँदैन । यिनीहरू लडाका र भौतिक उन्नतिमा लागेकाले नै असुर सभ्यताका पोषक भनिए । असुर शब्द वेदमा बलिष्टवाचक छ ।

प्राचीन कशजाति अन्य पश्चिमेसियामा फैलिएका पशुचारक जातिले जस्तै सूरेयस (सूर्य), अरुतस (वैदिक मरुत्), बुरियस (युनानी बोरिज), नासत्यौ (वैदिक अश्विनिकुमार) आदि देवताको उपासना गर्दथे । यो जातिको देवचिह्न (गणचिह्न) अश्व थियो । पश्चिम एसियामा पहिलो अश्वपालक जाति यही थियो । घोडा चढेका फौजले आक्रमण गरी युद्ध गर्दा यो जातिले सर्वत्र विजय गरी साम्राज्य कायम गर्न सकेको विश्वास गरिन्छ ।[७३]

यस खसजातिका इष्टदेवता कश्शु थिए, जसलाई मुख्य देवताका रूपमा मानिन्थ्यो । विश्वका विभिन्न देशमा फिँजिएको

बेलामा यस जातिले कैयौँ नयाँ देवता ग्रहण गऱ्यो र पुराना देवीदेवता पुज्न छाड्यो । परन्तु आफ्नो इष्टदेवता कश्शुलाई पूजा गर्न भने छाडेन ।[७४] कास्मिरदेखि जौनसारसम्म महाशूको नामले चम्बा, काङ्गडामा आज पनि पूजा गर्दछन् । नेपाली संस्कृतिमा महारुद्र मुख्य गोष्ठदेवता हुन् र गोठपूजामा यिनीपछि मात्र गैडु, गैंया, गोसाईं, ऐरा आदिको पूजा हुन्छ । यो कश वा खसजातिको इष्ट देवतावाचक 'शू' शब्दसँग अत्यन्त प्रेम भएको थाहा पाइन्छ । हिमालयका विभिन्न क्षेत्र गाउँ, ठाउँको साथमा कश, खस वा 'श' शब्द जोडिएका अनगन्ती नाउँहरू प्राप्त छन्[७५] भन्ने कुरा डा. डबराल उल्लेख गर्दछन् ।

इतिहासकार रेप्सन भन्दछन् – पश्चिम एसियामा प्रचलित मातृदेवीको उपासनामा खसजाति पनि सक्रिय भाग लिन्थ्यो । यो जाति शिमालीय देवी (हिमालकी देवी) को उपासक थियो । यही शिमालय शब्दबाट इरानी भाषामा जिम बन्यो र आर्यभाषामा हिम र हिमाल शब्द बन्यो । खसजातिकै देवी शिमा जिमा र हिमा बन्दै उमा बनिन् ।[७६]

रेप्सनको यो विचारले भाषाको तुलनात्मक अध्ययनका निम्ति महत्त्व राख्ने भए पनि शिमालयबाट हिमालयको परिचय पाउन आर्यहरूलाई आवश्यक थिएन । फेरि शको ह उच्चारण इरानी हो, आर्यहरूको होइन । पाश्चात्य दृष्टिकोणमा विश्वसभ्यताको सापेक्षमा आर्यसभ्यताको विकसित पक्षलाई हेरेर रेप्सनले उक्त विचार व्यक्त गरेका हुन् । परन्तु यहाँ विचार गर्नुपर्ने कुरा के छ भने आर्यसभ्यतालाई पछिको माने पनि आर्यजातिको मूल नै नयाँ होइन, न भाषाका शब्द नै अरूसँग ऋण लिनुपर्थ्यो । आर्यहरू पनि वेदकालभन्दा पूर्व पनि भाषा नै बोल्दथे, देवता मान्दथे र हिमालयबाट पनि अवश्य नै अपरिचित थिएनन् । इरानी भाषाबाट आर्यहरूले भाषा र शब्द ग्रहण गर्नुपरेको भए जेन्दा-अवेस्ताकै भाषिक रूप वेदको पनि हुनुपर्थ्यो । ऋग्वेद अवेस्ताभन्दा पछाडिको

परिष्कृत रूप मान्न सकेमा रेप्सनको उक्तिलाई स्वीकार गर्न सकिने थियो । अवेस्ताभन्दा पछिको रचना ऋग्वेदलाई ठहराउन पाश्चात्य पण्डितहरू नै तयार छैनन् । यसकारण शिमाबाट हिमाको कल्पना गर्नुको सट्टा हिमाबाट इरानी उच्चारण जिमा बनेको अथवा हिमाको पर्याय जिमा बनेको भन्नु उपयुक्त देखिन्छ ।

पादटिप्पणी :

१. मञ्जुश्री भारतीय नाम भएको र 'मञ्जुश्री मूलकल्प' (त्रिवेन्द्रम् संस्करण, १९२०) मा भनिएको छ –
भविष्यति तदा काले उत्तरादिशिमाश्रितः ।
नेपाल मण्डले ख्याते हिमाद्रे कुक्षिमाश्रिते ॥
राजा श्री मानवेन्द्र (मानदेवस्तु) स्तु लिच्छविनां कुलोद्भवः ।
सोपि मन्त्रार्थ सिद्धस्तु महाभोगी भविष्यति ॥ (५४९-५०)
यसमा लिच्छवि कुलोत्पन्नमानदेव (४६४ ई.) को वर्णन आएकाले 'मञ्जुश्री मूलकल्प' का मञ्जुश्री बोधिसत्वलाई छैटौं शताब्दीभन्दा अगाडिको मान्न सकिएन ।
२. अथर्व परिशिष्ट, कुर्मविभाग (८०० ई पू. ?)
३. कौटिल्य अ. (४०० ई. पू.)
४. यो प्रमाणित प्रतिवेदन उपप्रा. मोहन खनालसँग छ ।
५. हिमाञ्चल .....,
६. ऐ.
७. महाभारत आदिपर्व
८. ऐ.
९. प्रा. भा. इ.
१०. राजतरङ्गिणी
११. डा. काशीप्रसाद जायसवाल, इम्पेरियल हिस्टोरी अफ इन्डिया

१२. नेपालको ऐतिहासिक रूपरेखा, पृ. ५६-६३, बालचन्द्र शर्मा
१३. डा. काशीप्रसाद जायसवाल तथा नेपालका इतिहासकार प्रा. ढुण्डीराज
१४. किराँतकोऽन्यो नैपालः सार्धतिक्तो ज्वरान्तिकः ।
किराँतसरिको रूक्षः शीतलस्तिक्तको लघुः ॥
– भावप्रकाश निघण्टु
किराँतिः = जटामसी, दुर्गा, गङ्गा, कुहिनी नाम इतिमेदिनी कोषः
१५. अदिति दितिर्दनुश्चैव अरिष्टा सुरसा खशाः ।
सुरभि विनता श्चैव ताम्रा क्रोधवसा इरा (ला) ॥
– हरिवंश, १।३।५४-५५
१६. खशांस्तु यक्षरक्षांसि मुनिरप्सरस स्तथा ।
अरिष्टा तु महासत्वा गन्धर्वा नमितौजसः ॥ इत्यादिः
– हरिवंश, ११८-११९ श्लो.
इरा वृक्ष लता वल्ली स्तृण जातिश्व सर्वशः । ऐ.
१७. मार्कण्डेयपुराण । सूर्य नै नभएर सूर्यतुल्य भएको कथा मा. पु. मा छ ।
१८. महापण्डित राहुल साङ्कृत्यायन, मध्येसियाको इतिहास, भाग, १, पृ. ७२
१९. ऐ. ऐ., पृ. ७३
२०. मध्येसियाको इतिहास, भाग १, पृ. ७३, राहुल साङ्कृत्यायनको उद्धरणबाट
२१. ऐ. ऐ., पृ. ७२-७३
२२. मध्येसियाको इतिहास, भाग १, पृ. १२८, राहुल
२३. मध्येसियाको इतिहास, राहुल
२४. मध्येसियाको इतिहास, पृ. ७३
२५. मध्येसियाको इतिहास, पृ. ७२, राहुल तथा भारतका प्राचीन इतिहास, पृ. ३४८ तथा पृ. ४८४, डी. पी. एस. मनराल

२६. उत्तराखण्डका इतिहास, भाग १, पृ. १०६, शिवप्रसाद डबराल
२७. घूसम्यान, इरान, पृ. ६५ (उद्धरण उत्तराखण्डका इतिहास)
२८. घूसम्यान, इरान, पृ.६५
२९. हाना, पृ.३४
३०. हाना, पृ. ३५ – ४१
३१. हाना, पृ. ४२
३२. ऐ. ऐ., पृ. ४२
३३. हाना, पृ. ४२
३४. एसियाटिक रिसर्चेज, जि. ६, पृ. ४५५ तथा उ. ख. इतिहास, पृ. १०९, डबराल
३५. हाना, पृ. ४२
३६. घूसम्यान, इरान, पृ. ६५
३७. हाना, पृ. ४१
३८. विफोड लेख । उद्धरण डबराल, उ. ख. इ., पृ. १०९
३९. हाना, पृ. ४४
४०. कुमाउँका इतिहास, बद्रीदत्त पाँडे, पृ. ५३५ मा उद्धृत
४१. मार्कण्डेयपुराण, अ. ५४, हरिवंश अ.
४२. एटकिन्सन (हिमालयन गजेटियरको उद्धरण) बद्रीदत्त पाण्डे, कुमाउँका इतिहास, पृ. ५३७
४३. मोतीचन्द्र ओझा, स्टडिज, पृ. ७५-७६
४४. काल्डवेल, कम्पेरेटिभ ग्रामर अफ द्राविडियन ल्याङ्ग्वेज
४५. हाना, पृ. ४४
४६. Unpublished Service of living peoples from the mountainous regions of the Northern Panjab and North West Prontier Province which will be published by Dr. Gordon T, Bowles, Conform closely to the Metricai and Morphological Specifications of this type. Further more it is very

similar both Matrically and Morphologically to the early Germanic cranial group, and this virtual identity draws together the two geographically extremes of an originally United family. कुन, पृ. २०१

४७. एटकिन्सन, जि. २, पृ. ४४०-४१

४८. लिटनर, भा. २, पृ. ४५-४८ तथा उत्तराखण्डका इतिहास, पृ. ११४, डबराल

४९. एटकिन्सन, भा. १, पृ. ३५

५०. ऐ., पृ. ३५

५१. एटकिन्सन, भा. १, पृ. ३६

५२. महाभारत सभापर्व ५२/१३/१७ तथा ग्रियर्सन, जि. १, खण्ड १, पृ. १०९

५३. काङ्गडा गजेटिया, पृ. १६७-६८

५४. मन्डी गजेटियर, पृ. २८

५५. सुकेत गजेटियर, पृ. २०, पन्जाब ययनोग्राफी, पृ. २६० तथा सेन्सस रिपोर्ट १८८१

५६. कनिङ्घम, जि. १४, पृ. १२९

५७. काङ्गडा गजेटियर, पृ. १६७-६८

५८. वद्याल गजेटियर, पृ. ४-५

५९. मजुमदार रुरल, प्रोफाइल्स, पृ. ३३

६०. शिवप्रसाद डबराल, उ. ख. इ., ११४-११५ पृ.

६१. कुन, पृ. १९६

६२. ऐ., पृ. ९७

६३. ऐ., पृ. १९८-१९९

६४. कुन, पृ. १९८ को चित्र

६५. मोतीचन्द्रको पत्र । उत्तराखण्ड यात्रादर्शनमा सम्मति, डा. डबराल

६६ . महाभारत वनपर्व, अ. १४०
६७. पीनां स्तुषरान्दरदांश्च सर्वान्, ऐ. १७७/११
६८. अदितिर्दितिर्दनुश्चैव अरिष्टा सुरसा खशाः ।
सुरभि विनताश्चैव ताम्राक्रोधवशा इ (ला) रा ॥
– हरिवंश, अ. ३।५४-५५
खशातु यक्ष रक्षासि मुनिरप्सररास्तथा ।
अरिष्टास्तु महासत्वा गन्धर्वा नमितैजसः । ऐ., ११८-१९९
६९. इक्ष्वाकुंश्चैव नाभागोष्टष्णुः शर्याति रेवच ।
नरिष्यन्तं तथा प्रांशु नाभागरिष्ट सप्तमाः ।
करुपश्च पृषध्रश्च नवैत भरतर्षभ ॥ अ. १०।२ हरिवंश
नरिष्यतः शका पुत्रा नाभागस्य तुभारत ॥ ११।२८, हरिवंशः
७०. शका यवन काम्बोजाः पारदाश्च विशांपते ।
कोलिसर्पा, समहिष दार्वाश्चोलासकेरलाः ॥
खशांस्तु पारा श्चोलांश्च मद्रा किष्किन्धकां स्तथा ।
कौन्तलांश्च तथा वङ्गन साल्वान् कौकणकांस्तथा ॥
– हरिवंश, अ. १४।१९-२०
७१. राहुल, मध्येसियाको इतिहास, भाग १, पृ. ७० तथा ७५
७२. असुराणां हयेषोपनिषद् प्रेतस्य शरीरं भिक्षया वसनेनालङ्गारेणेति संस्कुर्वन्त्येनेन हषमुंलोकं जेष्यन्तो मन्यते । छान्दोग्य ८।५ तथा साध्वलङ्कृति सुवसनौ परिष्कृतौ इत्यादि, ऐ.
७३. घृसम्यान, पृ. ६५
७४. शिवप्रसाद डबराल, उत्तराखण्ड यात्रादर्शन, भूमिका, पृ. ६
७५ शिवप्रसाद डबराल, उत्तराखण्डका इतिहास, पृ. ११८ तथा राजेश्वरीप्रसाद, गढवाल अमलासू, उत्तरासू, भयासू, मांगसू इत्यादि
७६. रेप्सन, क्याम्ब्रिज हिस्टोरी अफ इन्डिया, पृ. ९५

●

अध्याय दुई

आर्यमूलका कश (खस), शक र आर्य (इरानी) शाखा

विभिन्न प्राचीन इतिहासकार, पुरातत्त्वविद् र अनुसन्धाताको खोजपूर्ण विचार र साहित्यिक साक्ष्यको दिग्दर्शन गरियो ।

हिन्दूकुश पर्वतमालाको अगलबगल तथा काशगर (कशगिरि) मा बस्ने कुश, कश, खस शाखाको विशाल समूह पश्चिम एसियाका देशमा कस्सीजातिका नाउँले विस्तार हुन पुग्यो भने कुनै शाखा काराकोरम पर्वतमालालाई पार गर्दै कास्मिर, दरदिस्तान, काङ्गडा, कुल्लू हुँदै दक्षिणमा फिँजियो र खस कहलायो । यसकै पूर्व-दक्षिण बढेको शाखा पश्चिमी तिब्बत लद्दाख क्षेत्र, कैलाश मानसरोवरको क्षेत्र हुँदै मध्यतिब्बती क्षेत्रसम्म ढाक्न पुगेको कुरामा इतिहासविद्हरू विश्वास गर्दछन् । त्यस क्षेत्रमा पाइएका प्राचीन समाधिको अध्ययन गर्नेहरूले पनि खससमाधिको सादृश्य पाइनुले यस कुरालाई स्वीकार गरेका छन् । वैदिक धर्म पूर्ण रूपले नमान्ने आर्यमूलकै शाखा असुर पनि हो । यो भौतिक उन्नतिमा आस्था राख्तथ्यो । सम्भवतः असुर शब्द खसकै पर्याय हो ।

खसजातिकै नाउँबाट कश, मिहिर, कशमीर र कास्मिर नाउँ रहेको मान्न सकिन्छ र यो नाउँले त्यो क्षेत्र कहिलेदेखि प्रसिद्ध भयो भन्ने निश्चय गर्न नसकिए तापनि पुराण र प्राचीन संस्कृत साहित्यमा कास्मिरको नाउँ पाइने भएकाले त्यस क्षेत्रमा खसजातिको अस्तित्व ऐतिहासिक कालमा नै निश्चय हुन्छ । ऋग्वेदका मन्त्रहरूमा आर्यजातिको छिमेकीका रूपमा काशी जनजाति (गण) को नाउँ आएको छ । यो काशी नामधारी गण कश (खस) कै थियो भन्न अब कुनै बाधा छैन ।

पाँचौं शताब्दीका ज्योतिर्विद् बराहमिहिरले आफ्नो वृहत्संहिता भन्ने ग्रन्थमा कुलूत, तङ्गण र कास्मिरवासीका साथ खसजातिको उल्लेख गरेका छन् ।[1] ११ औं शताब्दीका इतिहासकार कल्हणले राजतरङ्गिणी भन्ने ग्रन्थमा खसजाति कस्तबारदेखि वितस्ता घाटीसम्म फैलिएको र उनीहरूको स्वतन्त्र राज्य पनि ठाउँठाउँमा कायम भएको उल्लेख गरेका छन् ।[2] यस्तै नवौं शताब्दीका कवि राजशेखरले खसराजाले शर्मगुप्त (रामगुप्त) लाई पराजित गरी ध्रुवस्वामिनीको माग गर्दा चन्द्रगुप्त विक्रमादित्यले स्त्रीभेषमा गएर शकादित्यराजलाई मारी रामगुप्तकी पत्नी तथा आफ्नी भाउजू ध्रुवस्वामिनीको इज्जत बचाएको वर्णन गरेका छन् ।[3] साथै यो खसराज्य कार्तिकेयपुर (कुमाउँ) थियो भन्ने पनि उनको पद्यबाट थाहा पाइन्छ ।

इतिहासकालदेखि दसौं शताब्दीसम्म खस नाउँले अभिहित जातिको कास्मिर आदि क्षेत्रको आर्यसभ्यतामा विलयन भएपछि खस नाउँले परिचित हुन गर्व गर्ने राजा अशोकचल्ल वि. सं. १३४८ तिर जुम्लामा राज्य गर्दथे । धर्म र संस्कारले पछिल्लो युगमा खसहरू पूर्णरूपेण आर्यमा गणना हुन्थे । नेपालको महाकाली, सेती र कर्णाली अञ्चलको भूभागमा बसोबास गर्ने जातिहरूमध्ये आफूलाई क्षत्री भन्ने आर्यधर्मावलम्बी जाति र हिमालयको दक्षिणी पानीढलो उच्चशिखर प्रान्तमा बस्ने मतवाली क्षत्रीलाई आज पनि खस भनिन्छ । खस-बाहुन, खसविनी (मालिक्नी), खसम (मालिक, लोग्ने), खास (साख्य) आदि खसगणलाई सम्झाउने अनेकौं शब्द नेपाली भाषामा पाइन्छन् ।

कश (खस) कुषाण शाखाको ऐतिहासिक विशेषता :

ऐतिहासिक तथ्यको विश्लेषण गर्दा कश वा खसगणको शाखा विभाजनमा एउटा विशेषता पाइन्छ । वेदमा बखान गरिएका इन्द्र, मरुत्, अग्नि, वरुण आदि देवताहरू प्राचीन कालमा आर्यमूलक खस, शक आदि सबैका मान्य थिए । वेदमा तेजोमयरूप ईश्वरको कल्पना

गर्दा त्रिस्थानी देवताको मान्यता पाउँछौं । स्वर्गका देवता सूर्य, अन्तरिक्षका देवता मरुत् र पृथ्वीका देवता अग्नि हुन् । आफूलाई मानववंशमा गणना गर्ने आर्यहरू पृथ्वीका देवता (सूर्यरूप) अग्निको विशेष उपासना गर्दथे । इरानवासी आर्यहरू पनि अग्निपूजक छन् । कुशाण र शकहरू सूर्यको विशेष उपासना गर्दथे र शाकद्वीप (पूर्वी इरान) मा बस्ने मग ब्राह्मणहरू आफूलाई सूर्यका सन्तान नै मान्दछन् ।

भविष्यपुराणमा मगजातिका ब्राह्मणहरूलाई सूर्यको पुजारीका रूपमा भारतवर्षभित्र ल्याइएको वर्णन पाइन्छ । मग शब्द शकजातिका ब्राह्मणलाई कहने शब्द हो । यस्तै क्षत्रीयलाई मशक र वैश्यलाई मानस एवं शूद्रलाई मन्दक भनिएको पाइन्छ । यसबाट शकगणमा पनि वर्णव्यवस्था थियो भन्ने थाहा हुन्छ । मग, मशकको यो वर्गीकरण महाभारतमा पनि छ ।[४]

ई. पू. पहिलो शताब्दीदेखि ईसाको तेस्रो शताब्दीसम्म भारतीय क्षेत्रमा सत्तासीन भएका कुषाण (यूची) जातिहरू पछिपछि विभिन्न धर्मावलम्बीको संसर्गले बौद्ध, माहेश्वर भएका देखिन्छन् तापनि गणका मुख्य देवता सूर्य नै थिए । उत्तरभारतीय क्षेत्रमा सूर्यमन्दिरको स्थापना र बुटधारी सूर्यमूर्तिको निर्माण यिनै कुषाणजातिको आगमनपछि भयो । शकस्थानका शक र कुषाणहरू सूर्योपासक भएका हुनाले खससमुदायभन्दा पछि छुट्टिएका भनेर मान्नुपर्ने हुन्छ ।

वैदिक कालका रुद्र पशु र वनौषधिका देवता मानिन्छन् । यजुर्वेदकालमा रुद्रको शिव, पशुपति, भव, रुद्र, मृड, गिरीश, शम्भु आदि नामले सम्पूर्ण प्राणीका अधिपतिका रूपमा मान्यता भएको पाइन्छ । शकजाति पशुचारक जाति भएकाले पशुका संरक्षक देवता पशुपति शिवको विशेष उपासना गर्दथे । पशुपति शिवको रूप सिन्धुघाटी सभ्यतामा पनि प्राप्त भएकाले शकजातिको इतिहाससँग ई. पू. ४००० वर्षतिरमै शिवको विशेष मान्यता भएको ज्ञात हुन्छ ।

यजुर्वेदको मन्त्र (अ. १६) द्वारा उत्तर-पश्चिम दिशामा शिवको विशेष स्थान मानिएकाले शिव द्रविड जातिका आदिदेव होइनन् र व्रातपति, भूतपति आदि शिवको नाम यजुर्वेदमा आएकाले र यो जाति सिन्धुको किनारमा बस्तथ्यो भन्ने कुरा इतिहासविद्हरूले मानेकाले पनि आर्यसभ्यताको विस्तार हुनुभन्दा पहिले नै शिवको महात्म्य मानवसमाजमा व्यापक थियो ।

शिव आर्येतर जातिमा अरब र युनानी तथा मिश्रीहरूका देवता पनि होइनन्, न सुमेर, क्रिट आदि सभ्यतामा शिव पाइन्छन् । यसकारण अनार्यदेव शिव भए पनि आर्यमूलकै शाखाका अनार्यका देवता शिव थिए । सिन्धुसभ्यतामा अस्तित्व भएका पशुपति महेश्वर शक (खस) गणका देवता भएकाले आर्यमूलका जातिहरूकै इष्टदेवता शिव हुन् भन्ने कुरामा सन्देह रहँदैन । उनलाई वैदिक आर्यले त्यति मान्यता नदिएको कुरा दक्षयज्ञले पुष्टि गर्दछ ।

कश वा खसका इष्टदेवता :

कशगरमा आवाद हुने खसको तेस्रो शाखा काराकोरम पर्वत-माला पार गरेर लद्दाखबाट पूर्व हुँदै कैलाश मानसरोवरको घाटीमा (पश्चिमी तिब्बत) फैलियो र त्यहीँ आफ्नो विचरणभूमि बनायो ।

हट्टाकट्टा, बलिष्ठ शरीर भएका सुन्दर खसजाति नै प्राचीन कालमा यक्ष र राक्षसजाति भनिए, जसको अस्तित्व मानसरोवरको नजिक कैलाशपर्वतको दक्षिणपट्टिको भूभाग अलका सहरमा भएको पौराणिक साहित्यबाट ज्ञात हुन्छ । सुवर्णको खानी भएको र पशुपति शिवको निवासस्थान कैलाशधामको महात्म्य आर्यसाहित्यमा व्यापक छ ।

यो जातिले अन्तरिक्षका तेजोमय (विद्युत्) देवता मरुत्को विशेष उपासना गर्थ्यो । हिमालयको उच्च भागमा आँधीबेहरीको प्रकोप भयावह हुन्छ र त्यस हावाबाट पीडित भएमा मानवजातिको

मांसल शरीरका भागहरू सड्ने-गल्ने हुन्छन् । प्रचण्ड बातको प्रकोपले पाल्तु पशुहरू पनि पीडित हुन्थे । यसकारण पनि शिवका सहचारीका रूपमा यस क्षेत्रका यायावर खसहरूले मरुत्देवतालाई आफ्ना कुलदेवता बनाए र एकादश रुद्रमा बाह्रौं भाइ हुन आएका मरुत्देवतालाई पनि सम्मिलित गरियो । ऋग्वेदमा मरुद्गण कहीं २१ छन् र कहीं सयको सङ्ख्यामा पनि पाइन्छन् ।

हिमाली प्रान्तमा बस्ने कशजातिहरूले घाम, पानी, अग्निको पनि महत्त्व बुझेका थिए । परन्तु जोडदार हावा लाग्यो भने पाल, तम्बू उडाएर घरबासविहीन बनाइदिन्थ्यो र पशुहरूका साथै मानिसको पनि इहलीला समाप्त गरिदिन्थ्यो । मरुत्देवता उग्र भएको बेलामा अग्नि, सूर्य पनि रक्षा गर्न सक्ने स्थितिमा हुँदैनथे । यसकारण मानसरोवरको क्षेत्रमा बस्ने आर्यशाखाका इष्टदेव अथवा कुलदेवताका रूपमा शिवको अंश भएका मरुत्देवताको विशेष महत्त्व रह्यो । शिवका अभिन्न रूप भए तापनि मरुत् वायुरूप थिए, जसको प्रताप थाहा हुन्थ्यो तर रूप थिएन ।

जसरी उत्तरभारतका पहाडी प्रदेश पन्जाब, कास्मिर तथा सिन्धु प्रान्तमा आर्यशाखाभन्दा पछाडि आउने शकशाखा आफूलाई परम माहेश्वर भनाउन मन पराउँथ्यो, त्यस्तै कुषाणहरूले बुटजुत्ता लगाउने सूर्यमूर्तिको मानवाकार रूपमा मूर्ति बनाएर प्रस्तुत गरेका छन् । परन्तु मानसखण्डमा पसेर आवाद हुने आर्यमूलको खशशाखाले शिवको महारुद्र रूप र मरुत्देवतालाई आफ्नो इष्टदेवता बनाएको कुरा सांस्कृतिक अन्वेषणबाट जान्न पाइन्छ ।

ऋग्वेदकाल र त्योभन्दा अगाडिको समयमा अर्थात् जुन बेला आर्यशाखाको विभाजन भए पनि एकले अर्कालाई अपरिचित मानिहाल्नुपर्ने स्थिति थिएन, त्यो बेला देवताको सर्वशक्तिसम्पन्न तेजोमय रूप नै मानिन्थ्यो । आवाहन गर्दा विभिन्न रूप कल्पना गरे तापनि पूजा, उपासना गर्दा मूर्ति नराखेर भावनात्मक रूपमा नै

गरिन्थ्यो । प्रतिमा निर्माण र स्थापना गर्ने परम्परा सबैमा थिएन । तथापि आवाहन गरिने एउटा निश्चयात्मक ठाउँ र यज्ञका निम्ति वेदी बनाइएजस्तै देवताका निम्ति कुनै परिधि हुनु पनि आवश्यक थियो । यसका निम्ति गुफा, ओडार, ठूलो वृक्ष, अग्ला चुचुराको अनकन्टार ठाउँमा आवाहन गरिएमा त्यो ठाउँ सार्वजनिक घच्चाबाट बच्न सक्ने र सुरक्षित रहने भएकाले यस्तै दुर्गम ठाउँमा देवताको आवास हुने कल्पना भयो, जुन परम्परा आजसम्म पनि मान्य नै छ ।

हिमशैलका दुर्गम घाटी, पहरा, सबै दिन मानिसहरू पुग्न नसक्ने ठाउँ नै हजारौँ वर्षदेखि देवताहरूको क्रीडाभूमि रहेको छ । बदरी, केदार, अमरनाथ, खेचरनाथ, दामोदरकुण्ड, मुक्तिक्षेत्र, गोसाइँकुण्ड, जटापोखरी, दूधपोखरी, मानसरोवर, कैलाश आदि विशिष्ट देवस्थानहरू दुर्गम क्षेत्रमा नै रहेका छन् । देवदर्शनका निम्ति लाखौँ भक्तजनहरू यी ठाउँमा आज पनि जाँदैछन् ।

वैदिक र पौराणिक आर्यहरूले यक्ष र राक्षसगणको आदिभूमि भनेर मानिएको कैलाश मानसरोवर प्रदेशमा बस्ने जातिको रूपरङ्ग, आकारप्रकार भव्य र सुन्दर भएकाले देवयोनिविशेषमा पहिले नै गणना भए । यहाँ बस्ने आर्यमूलका खसशाखा परिश्रमी, पृथुकाय र सुन्दर थिए भने सुवर्ण र विभिन्न मणि, रत्नको खानी भएको इलाकामा बस्ने भएकाले स्वर्गीय सुखभोग गर्ने जातिका रूपमा आर्यसाहित्यले बखान गरेका छन् । सुनखानी भएको ठाउँमा स्वर्गीय वैभव नहुनु पनि कसरी !

प्रागैतिहासिक कालमा नै पश्चिम एसिया, युरोप, पश्चिमी तिब्बत आदि ठाउँमा विभिन्न गणमुख्यको नाउँले शाखा-प्रशाखामा छरिएको यस जातिले अन्यत्र विभिन्न नाउँले परिचय दिने भए पनि हिन्दूकुश पर्वतका अगलबगल र मानसखण्डको भूभागमा बस्नेहरूले आफ्नो कश वा खस भन्ने गणवाचक चिह्न छाडेनन् । आज पनि यही नाम जीवन्त रूपमा पाइन्छ ।

सांस्कृतिक पृथकता :

कास्मिर, जालन्धर (काङ्गडा) हिमाञ्चल प्रदेश र गढवाल, कुमाउँमा छरिएका खसजातिका बारेमा इतिहास, पुराण, प्राचीन काव्य-साहित्य तथा अन्यान्य ग्रन्थले पनि धेरै चर्चा गरेका छन् । यस कुरालाई प्रमाणित गर्ने मुद्रा, शिलापत्र, मूर्तिकला एवं उत्खननबाट प्राप्त सामग्रीहरूले प्रशस्तै प्रकाश छरेका छन् र त्यस आधारमा प्राचीन इतिहासका अन्वेषकहरूले थुप्रै पुस्तक पनि लेखेका छन् ।

भाषाको विकासक्रम, नृतत्त्वशास्त्रको विवेचना आदिले आर्य, शक, खस, कुषाण आदि भारतीय उपमहाद्वीपभित्र प्रवेश गर्ने जातिलाई सामूहिक रूपमा एउटै मानेर इतिहास निर्माण भए पनि सांस्कृतिक र धार्मिक पक्षमा देखिने सूक्ष्म अन्तरालपट्टि आजसम्म कसैको ध्यान जान सकेको छैन । यो हो कालीनदी र यस प्रकारको सांस्कृतिक भिन्नता जसले नेपालभित्रका समस्त खसमूलक आर्यजातिहरूलाई भारतीय सभ्यताबाट सूक्ष्म रूपले अलग्याएको छ ।

नेपालको पुरानो सीमा कहाँ थियो, निश्चित छैन । किन्तु कुषाण, हुण र मुस्लिम आक्रमण नभएको देश यो हुनाले र गढवाल कार्तिकेयपुरसम्म बेलाबेलामा शक, कुषाण, हुण र मुसलमानको पनि आक्रमण भएकाले एवं त्यसमा नेपालको नाउँ नपाइएकाले महाकालीयता नै सीमा थियो भन्नुपर्दछ ।

महाकाली नदीको सीमारेखाका बारेमा अन्वेषण गर्दा यो महाभारतकाल, मौर्यकाल र गुप्तकालमा पनि नेपालको पश्चिमी सीमारेखाको रूप महाकाली नै थियो भन्ने ठाउँ छ । वनपर्वमा कर्णले दिग्विजय गर्दा हिमवान्क्षेत्र विजय गरेर नेपाल पस्छन् र नेपालका राजाहरूलाई विजय गर्दै टिस्टा पुगेर अङ्ग देशमा फर्कन्छन् ।[५]

हिमवान्क्षेत्र भनेर बदरी, केदार रहेको गढवालसम्मको क्षेत्रलाई भनेको पाइन्छ ।

समुद्रगुप्तको स्तम्भलेखमा समतट, डवाक, कामरूप र नेपालपछि कर्तृपुर कुमाउँको नाउँ आउँछ ।[६] यो कर्तृपुर पाणिनिको अष्टाध्यायीमा पनि उल्लेख छ । कर्त्री, कर्तृपुर, कार्तिकेयपुर, कीर्तिपुर, कुर्माञ्चल हुँदै आज त्यो ठाउँ कुमाउँ हुन पुगेको छ भन्ने विद्वान्हरूको कथन छ । कालीको नाउँसँग जोडिएर आजभोलि काली कुमाउँ भनिएको पाइन्छ । कुनै विद्वान् कर्तृपुर पन्जाबको कर्तारपुर पनि हुन सक्छ भन्छन् । परन्तु यो स्वीकार गर्नेबित्तिकै नेपालमा पनि विदेशी आक्रमण भएको मान्नुपर्छ, जसको प्रमाण पाइन्न । १८७२ को युद्धपछि सीमा निर्धारण गर्दा पनि एउटा गतिलो आधार लिइएको हुँदो हो । त्यो बेला झन् अन्वेषणको महत्त्वशाली युग थियो ।

मध्यवैदिककालको कुरुपाञ्चालको पहिलो राजधानी अहिच्छत्र थियो ।[७] यो पाञ्चालदेश महाभारतकालभन्दा पहिले नै उत्तर र दक्षिण दुई भागमा विभक्त भएर दक्षिणको राजधानी काम्पिल्य बन्यो, जहाँ महाभारतकालीन राजा द्रुपद राज्य गर्दथे । यसको दक्षिणी सीमा चम्बलघाटी थियो ।

उत्तरपाञ्चालको राजधानी उत्तरवैदिककालमा नै अहिच्छत्रबाट काव्यकुब्जमा सरेको थाहा पाइन्छ । कन्याहरू वायुको प्रकोपले कुँजा भएका हुँदा राजधानीको नाउँ नै कान्यकुब्ज रहेको कथा रामायणमा वर्णित छ ।[८] धार्मिक राजा र वैदिक विद्वान् ब्राह्मणको विशेष निवासले गर्दा कान्यकुब्ज अति प्रसिद्ध छ ।

ई. पू. दोस्रो शतीका पतञ्जलिले आर्यावर्तको सीमाङ्कन गर्दा यमुनापारको देशलाई म्लेच्छदेश भनेका छन् र प्रयागदेखि सिधा उत्तर विन्ध्य र हिमालयको बीचको भूभाग मनुस्मृतिअनुसार आर्यावर्त मानिन्छ ।[९] मनुले विन्ध्य र हिमालयसम्मको भागलाई ब्रह्मर्षि देशमा गणना गरेका छन् ।[१०] नेपालका प्राचीन वासिन्दा उपाध्याय ब्राह्मणहरूले आफूलाई कान्यकुब्ज[११] भन्ने गरेका र क्षत्रियवर्गको वंशावली पनि बहुशः राजपुताना कन्नौज उज्जयनसँग सम्बन्धित

पाइएकाले वर्तमान नेपालको कालीगण्डकीपारिको भाग पौराणिक कालमा उत्तरपाञ्चालको अधीनमा रहेर यहाँ छुट्टै सामन्त हिन्दूराजाहरूले शासन गर्थे कि भन्ने कुरा अनुमान गर्न सकिन्छ । यसबाट वैदिक सभ्यताका सबै विषयवस्तुहरू पश्चिम नेपालमा मान्य थिए भन्ने पनि थाहा हुन्छ । साथै कान्यकुब्जका कर्मनिष्ठ ब्राह्मणहरू र नेपालका ब्राह्मणहरूमा शिक्षादीक्षा, ज्ञानगुण, योग्यता, क्षमता आदिमा पनि भेद नभएको कुरा थाहा हुन्छ ।

वेदविद्यामा निपुण आचारनिष्ठ ब्राह्मणहरू भएको ठाउँमा अन्य संस्कारच्युत भएका जातिहरूको पनि संस्कार हुनु र लडभिड गर्ने, प्रशासनमा कुशल आफ्नै मूलका खसजातिलाई क्षत्रियजातिमा स्वीकार गर्नु नौलो कुरा थिएन । किनभने पशुचारक अवस्थाबाट स्थायी बसोबास र राज्यसञ्चालन गर्ने अवस्थामा पुगेका खसजातिहरू विधर्मी थिएनन् । उनीहरू पनि वैदिक देवताहरू मान्दथे । नेपालका इतिहासकारहरूको नेपालमा आर्यजातिको प्रवेशका बारेमा आजसम्म जुन भ्रमात्मक धारणा बाँचेको छ, त्यो सम्पूर्ण तथ्य होइन । भारतमा मुसलमानको आक्रमणपछि केही आर्यमूलका मानिसहरू भागेर यहाँ अवश्य नै पसे होलान्, परन्तु तिनीहरूको सङ्ख्या ज्यादै नगण्य छ । पुरानाका जस्ता कुलदेवता र गोष्ठदेवता पनि नयाँ आउनेका छैनन् । अतः स्पष्टै छुट्याउन सकिन्छ ।

नेपाली इतिहासकारहरूले लेख्ने आधार, विदेशी इतिहासकारहरूले समूहगत जातिको अध्ययन गरी लेखेका कुरा र नेपाली अनुश्रुति तथा भारतीय धर्मसंस्कारसँग मेल खाने यहाँको पनि धर्मसंस्कार भएकाले मात्र अनुमान गरिएका कुराहरूलाई पर राखेर यहाँ चलेका परम्परा, स्थितिरीति, धार्मिक मान्यताभित्रको निजी पृथकता, कुलदेवता, इष्टदेवता, गोष्ठदेवता, दिवाली भनेर वैशाख पूर्णिमा अथवा मङ्सिरे पूर्णिमामा बाहुन, क्षत्री, ठकुरीहरूले गर्ने कुलदेवताको पूजा, गोठको धूप (गोठपूजा), कर्णाली अञ्चलमा रहेको

गाईगोठको महत्त्व आदि विषयलाई गहिरो गरी अनुशीलन र अध्ययन गऱ्यौं भने पृथक् अस्तित्व स्पष्टै देखापर्दछ । महाकालीदेखी मेचीसम्म फैलिएका उपाध्याय ब्राह्मण, ठकुरी तथा अन्य क्षत्रिय वर्गका साथै अन्य वर्गका पनि कुलदेवताको विशेष स्थान रहेको छ । कुलदेवताबाट कुन जाति वा वर्ग कहाँबाट आए भन्ने र पहिले कहाँ बसोबास गरे भन्ने कुराको लेखाजोखासमेत गरी सांस्कृतिक पक्षबाट नै नेपालमा अत्यधिक बासिन्दाहरूको इतिहास तयार गर्न सकिने कुरा पनि निश्चित छ । जुनसुकै जातिको पनि आफ्नो पुर्ख्यौली परम्परा र संस्कृति गौरवको विषय हो र यो लेखाजोखाले हाम्रो सांस्कृतिक स्थिति कसैसँग फरक देखियो भने न दुःख मान्न योग्य छ न पीर मानेर नै वस्तुस्थिति लुक्छ । कसैसँग लगेर जोडिएको वंशचरित्रभन्दा स्वयं विकसित अस्तित्व नै गरिमायुक्त हुन्छ, जुन अस्तित्वले देश, जाति, स्वतन्त्रता र पुरातन महत्ता प्रदर्शन गर्दछ ।

यहाँ हामीले स्पष्ट बुझ्नुपर्ने कुरा के हो भने आफूलाई कान्यकुब्जी भन्ने ब्राह्मणहरू न सबै कन्नौजबाट नै आएका हुन् न क्षत्रियवर्ग सबै राजस्थानबाट नै आएका हुन् । मौर्य, गुप्त र हर्षका साम्राज्यमा यहाँका सामन्त राजाहरू पनि पर्न सक्छन् । गुप्त र हर्षको राजधानी कान्यकुब्ज भएकाले साम्राज्यभरिका प्रजावर्ग कान्यकुब्जी कहलाए ।

उत्तरवैदिककालको कुरुपाञ्चालको क्षेत्रभित्र पनि नेपालको पश्चिमी क्षेत्र पर्दथ्यो । उत्तरपाञ्चालको राजधानी अहिच्छत्रबाट कन्नौजमा सरेपछि पनि महाकालीभन्दा पश्चिमको क्षेत्र कन्नौजको छत्रछायामा रहेकाले यहाँ बस्ने ब्राह्मणहरू सजिलै कान्यकुब्जी नै कहलाए । पहाडी प्रान्तमा आफ्ना आचार-नियममा बसेका ब्राह्मण र क्षत्रियवर्ग विदेशी आक्रमणको तहसनहसबाट बचेका हुनाले आफूलाई श्रेष्ठ ठान्दथे । पहाडी ब्राह्मणहरू शुद्ध र कर्मिष्ठ भएकाले मैदानवासीसँग पृथकता राख्तथे । वेदविद्याको अध्ययनका लागि जसरी

आज पनि काशी, हरिद्वार आदि ठाउँमा छात्रहरू जाँदैछन्, त्यो बेलामा पनि कान्यकुब्जमा अवश्य जान्थे । विद्याध्ययनले सांस्कृतिक आदानप्रदानका साथै विवाहसम्बन्ध पनि कन्नौजसँग भयो होला । राजघरानाको सम्बन्ध भारतका राजपूतजातिसँग रहेको इतिहास पाइन्छ र अद्यावधि यो परम्परा चल्दैछ । नाताकुटुम्ब भएपछि आवागमन पनि भयो । नयाँ-नयाँ ब्राह्मण, क्षत्रियजाति यहाँ आएर यहाँको संस्कृतिसँग एकाकार हुँदै गए । यसै आधारमा वंशको शिर राजपूतानामा जोडिन पुग्यो । इतिहासकालमा वेदविद्याको अध्ययन, अध्यापन र कर्मनिष्ठ ब्राह्मणको बस्ती, यशस्वी क्षत्रियको राज्यव्यवस्था भएकाले पुराणकालदेखि नै कान्यकुब्जको विशिष्ट मान्यता रहेको पाइन्छ । तेस्रो-चौथो शताब्दीमा भारतीय उपमहाद्वीपमा साम्राज्य खडा गर्ने गुप्तराजाहरूले पनि कान्यकुब्जलाई दोस्रो प्रमुख राजधानी बनाएका थिए । पश्चिम-उत्तरबाट भारतमा प्रवेश गर्ने जातिहरूमा विशेष ध्यान पुऱ्याउन कान्यकुब्ज नै मुख्य नाका थियो । साताँ शताब्दीको सुरुमा सम्राट हर्षवर्धनले जुन साम्राज्य खडा गरे, त्यसको मुख्य राजधानी पनि कन्नौज नै हो । उनको चपेटामा पनि पश्चिमी हिमाञ्चल क्षेत्र परेको थियो र मगध साम्राज्यको ऐतिहासिक महत्त्व कन्नौजमा सरेको थियो । कन्नौज साम्राज्यका अन्तर्गत रहेका सामन्त पहाडी राजाका छत्रछायाँमा बसेका जनताले कन्नौजको नाम लिनु आश्चर्य हुँदैन । कन्नौज आदि उत्तरभारतमा बेलाबेलामा शासन गर्ने राजपूतवंशहरू राजपूतानाकै क्षेत्रबाट फैलिएका छन् । यी उत्तराञ्चलमा प्रवेश गर्दा राजपूतानाको नाम लिनु पनि आश्चर्य हुँदैन । साथै वर्तमान नेपालका पश्चिम क्षेत्रमा बस्ने ब्राह्मणहरूलाई कन्नौजिया हुन उहीँ पुग्नु पनि परेन ।

वंशावलीकार तथा इतिहासकारहरूले नेपालभित्रका राजवंशको लेखाजोखा गर्दा चौधौँ-पन्ध्रौँ शताब्दीतिर नेपाल पसेको कुरा तानतुन पारेर जोडेका छन् । यसलाई सत्य सावित गर्ने आधार पाइएको

छैन । सबै वंशको कुलाचार, कुलदेवता, गोष्ठदेवताको अनुशीलन गरी हेर्न्यौं भने चौधौं-पन्ध्रौं शताब्दीमा प्रवेश गरेका र त्योभन्दा अगाडि ईसाको पहिलो-दोस्रो शताब्दी अथवा त्योभन्दा पनि अगाडि नै नेपालमा अस्तित्व भएका क्षत्रिय र ब्राह्मणको वंश चिन्ने कुरा सजिलै जान्न पाइन्छ । पछि आउनेले कुलदेवता र कुलाचार छुट्टै लिएर आएका छन् । नेपालका उपाध्याय ब्राह्मण र क्षत्रीको आगमन र पूर्वसम्बन्धको अन्वेषण गर्ने हो भने कास्मिर पुगिन्छ, कान्यकुब्ज होइन । व्रतबन्ध गर्दा देशान्तर सुनाइन्छ । त्यसमा वटुले कास्मिर जान खोज्दा रोकिएको कथा छ, तैपनि वटु भागेर जान्छन् ।

नेपालका ब्राह्मण, ठकुरी, क्षत्रीवंशहरूको संस्कृतिगत विशेषता र कुलदेवताका विषयमा छुट्टै अध्यायमा विवेचनात्मक वर्णन गरिने भएको हुँदा यहाँ विस्तार गरिएन । जातीय व्यवस्थाभित्र नेपाली समाजमा ऐतिहासिक कालदेखि नै स्वीकृत गरिएको कुरा के हो भने ब्राह्मणी ल्याएर जन्मेका सन्तानलाई ब्रह्मगायत्री दिएर वेदविद्या पढ्न पाउने र आफ्नो समाजमा पौरोहित्य कर्म गराउने प्रचलन पनि हो । यद्यपि अक्षतयोनि विधवाको पुनर्विवाह गर्ने कुरा कुनै स्मृतिकारहरूले स्वीकार गरेका छन्, तथापि भारतीय समाजमा यस्तो वर्ग स्वीकृत गरिएको छैन । ब्राह्मणको त कुरै छाडौं, अन्य वर्गमा पनि विधवाविवाह घृणित मानिन्छ । निम्न शूद्रवर्गमा मात्रै यस्तो चलेको छ । जातिबन्धन खुकुलो भएको बेलामा भनौं जनसङ्ख्या कमी भएको बेलामा आफ्नो समाज वृद्धि गर्ने मनसायले देवरलाई पतिरूपमा स्वीकार गर्ने र सन्तान नभएको बेलामा लोग्ने मरेका विधवाले अथवा लोग्नेबाट सन्तान भएन भने उनको आज्ञा लिएर आफ्नै वंशका पुरुष अथवा कुलपुरोहितबाट नियोगप्रथाद्वारा क्षेत्रजपुत्र जन्माउने चलन महाभारतकालसम्म पनि थियो । तर यो श्रद्धास्पद भएको भने पाइँदैन । पाण्डवहरूलाई स्पष्ट रूपमा केही नभने पनि हीनभावनाले दुर्योधनले हेरेको यो पनि एक कारण थियो ।

खुला विरोध गर्न नसकेको कारणचाहिँ बाबुहरू पनि क्षेत्रजपुत्र नै थिए । उत्तरवैदिककालका स्मृतिग्रन्थको अध्ययनले सूत्रकालमा जातिप्रथाले निकै कडा रूप लिइसकेको थाहा हुन्छ । विभिन्न जातिका बीचमा बसेका आर्यहरूले जाति परिगणन गरेर सामाजिक स्तर छुट्याउन प्रयत्न गरेको कुरा मनुस्मृतिबाट पनि थाहा पाइन्छ । अरू सूत्रकारहरूभन्दा जातिविभाजनमा मनु निकै उदार देखिन्छन् । नियोगलाई परम्परागत भनेर स्वीकार गरिए तापनि यो व्यवस्थालाई मानवधर्मशास्त्रकार पनि गर्हित नै ठान्दछन् । यो प्रथा नियन्त्रण नभएमा समाज व्यभिचारी हुन्थ्यो । भारतीय आर्यहरूको जातिप्रथाप्रतिको कडा व्यवहार नेपाली समाजमा पाइँदैन । यहाँको लचिलोपनले पनि के अनुमान गर्न सकिन्छ भने नेपालका ब्राह्मण र क्षत्रीहरू या त उत्तरवैदिककालदेखि नै छुट्टिएका हुन् । अथवा आर्यमूलका खससमूहभित्रको प्रचलित परम्परालाई पनि स्वीकृत गर्दै आफ्नो छुट्टै परम्परा कायम रहेका हुन्, त्यो कुरा अझै अनुसन्धेय छ । नेपालको जातिप्रथाले भारतीय स्मृतिका कुरालाई पूर्ण समर्थन गरेको पाइँदैन ।

पादटिप्पणी :

१. वराहमिहिर, वृहत्संहिता

२. कल्हण, राजतरङ्गिणी

३. दत्वा रुद्धगतिः खशाधिपतये देवीं ध्रुवस्वामिनीम ।
यस्मात् खण्डितसाहसो निववृते श्रीशर्मगुप्तो नृपः ॥
तस्मिन्नेव हिमालये गुरुगुहा कोणक्वणत्किन्दरे ।
गीबन्ते तव कार्तिकेय नगरस्त्रीणां गणैः कीर्तयः ॥

४. मङ्गाश्च मशकाश्चैव मानसा मन्दगा स्तथा ।
– महाभा., भीष्मपर्व, ११।३६ तथा

तान् मगान् मम पूजार्थं शाकद्वीपादिहानय ।
आरूह्य गरुडं सांवं शीघ्रं गत्वा विचारयन् ॥
– भविष्यपुराण, ब्रह्मापर्व, १३९।८२

५. सहैमवती कान् जित्वा करं सर्वान् नदापयेत् ।
नेपाल विषये यत्र राजा स्तानवाजयत् ॥
अवतीर्य ततः शैलात् पूर्वा दिशमभिद्रुतः ।
अङ्गान् बङ्गान् कलिङ्गाश्च शुण्डिकान् मिथिलानथ ॥ इत्यादि
– महाभारत, वनपर्व, अ. २५४
हुएनसाङको ४००० लीले पनि महाकालीसम्म नै थियो भन्ने दर्शाउँछ ।

६. समतट डवाक कामरूप नेपाल कर्त्रिपुर, गु. का. अभिलेख, डा. वासुदेवशरण उपाध्याय

७. आर. सी. मजुमदार

८. वाल्मीकि रामायण, बालकाण्ड, ३२-३३ सर्ग

९. आसमुद्रान्तु वै पूर्वाद्रासमुद्रातु पश्चिमात् ।
तयो रेवान्त सङ्गिर्योरार्यावर्त बिदुर्बुधाः ॥ – मनु. २।२२

१०. हिमनद विन्ध्ययोर्मन्यं यत्प्राग्निशना दपि ।
प्रत्यगेव प्रयागाच्च मध्यदेश प्रकीर्तितः ॥ ऐ., २।२१

११. कुरुक्षेत्रे च मत्स्याश्च पञ्चाला शूरसेनकाः ।
एष ब्रम्हर्षि देशो वै ब्रह्मा वर्तादनन्तरः ।
पञ्चालाः कान्यकुब्जदेशा इति कुलुक भट्ट टीकायाम् ।

●

अध्याय तीन

खसबाहुनका कुलदेवता मस्टो

पृष्ठभूमि :

नेपाल अधिराज्यको काली नदीदेखि मेचीसम्मको भूभाग र अझ त्योभन्दा पनि पूर्व भारतीय उपमहाद्वीपको आसाम प्रान्त, त्रिपुरा मणिपुरसम्म छरिएका नेपाली मूलका ब्राह्मण, क्षत्रिय, ठकुरी एवं अन्य जातिहरूले कुलदेवता-इष्टदेवताका रूपमा पूजा गरिएका मुख्य देवता 'मस्टो' हुन् । यिनै मस्टोलाई स्थानविशेषमा पूजा गर्दा ठाउँ र गाउँको नामका आधारमा नामकरण भएको पाइन्छ । जस्तै, खापड मस्टो अथवा खापर या खप्परे मस्टोको उल्लेखबाट खप्तड (खेचराद्रि) का माण्डलिक प्रजाहरूले मानिएका कुलदेवता हुन् । बोडु मस्टो, थार्पा मस्टो, बाबिरो मष्ट, कव (कावा) मष्ट गाउँकै नाउँबाट प्रसिद्ध भएका छन् ।

मस्टोबारे प्रारम्भिक अनुसन्धान गर्ने त्रि. वि. का प्राध्यापक डा० प्रयागराज शर्माज्यू लेख्नुहुन्छ – जुम्लाप्रदेशमा अत्यधिक पुजिने देव मष्ट हुन् । प्रचलित जनविश्वासअनुसार मस्टोका परिवारमा नौ दुर्गाभवानी र बाह्रभाइ मस्टा गनिन्छन् । त्यस्तै अर्को बहुप्रचलित उक्तिअनुसार यिनीहरूको उत्पत्ति ढँडार वा खप्तडमा भयो । (ढँडार छुट्यौं, खप्तड फुट्यौं) सायद खप्तडमा आई यी देवहरू आ-आफ्ना दिशातिर लागे भन्ने उक्ति हो । मष्टमा चार वा पाँच नाम बहुपूजित छन् । ती हुन् बुडु, कव, बाबिरो र थार्पा । यिनीहरूको मूल स्थान तत्तत् नाउँ भएका जुम्लाका सिँजा, पाँच सय र गम दरा (थुम या प्रगन्ना) मा पर्दछन् । त्यसै गरी दाढ्या मष्ट पनि मष्टमध्येको प्रख्यात हो । दाढ्यामष्टको भेदमा दूधे मष्टको नाम लिइन्छ[1] ।

यिनै मस्टोविषयक चर्चा गर्दै पश्चिमी नेपाल काली, सेती र कर्णाली अञ्चलका कुनाकाप्चा चहारेर धर्म, संस्कृति र साहित्यको गहन अन्वेषण गर्ने श्री पूर्णप्रकाश नेपाल 'यात्री' ज्यू आफ्नो 'सेती अञ्चलको दिग्दर्शन' (पृ. ३९८) मा भन्नुहुन्छ – डोटेली लोकसंस्कृतिको कुरो कोट्याउनेबित्तिकै मस्टोको उल्लेख गर्नैपर्छ । आञ्चलिक संस्कृतिको निछोटेर अध्ययन गर्दा एकातिर शिव, विष्णुका उपासकको सम्प्रभुता रहेको वैदिक अनुष्ठानको आधार मिल्दछ भने अर्कोतिर धामीझाँक्रीको प्रभुतातर्फ पनि दृष्टि नपुगी छाड्दैन ।

धामीवादको चरण उत्कर्षलाई बुझ्ननिम्ति मस्टोको प्राचीनताको अध्ययन गर्ने खाँचो देखिन्छ । यस समाजले कुन शताब्दीदेखि मस्टोको प्रभुतालाई स्वीकार गरी आयो, यस सम्बन्धमा अन्वेषण गर्नु पनि आवश्यक छ ।

यात्रीजी अगाडि भन्नुहुन्छ – सामान्यतः मस्टोका १२ भेद र ८४ उपभेद छन् । ४ समूहमा वर्गीकरण भएको तथ्य सामु पर्दछ । तीमध्ये ज्येष्ठश्रेष्ठलाई आदिमस्टो भन्दछन् र यिनको प्राचीनता बताउने आधार धामी नै हो । १२ भेदको सुरुआत आदिमस्टोदेखि हुन्छ र रुमालमष्ट २, दाह्रेमष्ट ३, खप्परमष्ट ४, टेढीमष्ट ५, मण्डलीमष्ट ६, दूधेमष्ट ७, लडेमष्ट ८, मुण्डामष्ट ९, रुद्रमष्ट १०, कैलीमष्ट ११, कालामष्ट १२ हुन् । यिनमा पनि चार विभेद अथवा समूह पाइन्छ । आदिमष्टदेखि क्रमशः टेढीमष्टसम्म रजोगुणी रक्तबलि खाने, मण्डलीदेखि लडेमष्टसम्म सत्वगुणी पायसबलि खाने र मुण्डादेखि कालामष्टसम्म तमोगुणी जता पनि भाग लिनेमा गनिन्छन् ।

मस्टोको खास उत्पत्तिस्थल मानसरोवरको आसपास, भन्नाले डोटी-कर्णालीकै भूभाग रहेछ भन्ने माने लाग्छ र आदिमस्टोको कैरनले यस्तो पनि दिग्बोध हुन्छ कि विक्रमको पाँचौं शताब्दीपूर्व नै

बभ्राङको राजसत्तामा आएका सैपाल थापाको समयमा पनि मस्टोले मान्यता पाएको थियो । किन्तु 'असुरो मष्ट्या तुमरा ध्यान जागो' आदि गीतको प्रचलन गढवालतिर पाइने हुँदा यो हिमाली भेगको मात्र भन्न नमिल्ने भएको छ ।

डोटी, बभ्राङ र जुम्लाका रैथानेहरू मस्टोलाई स्थानीय देवाधिदेव ठान्दछन् । यसै मस्टोलाई विश्वका विभिन्न भागमा छरिएका नेपालीहरू आफ्नो कुलदेवता मान्दछन् । यसरी कुलदेवता मान्नुपर्ने मुख्य आधार पैतृक थलोलाई लिएको विश्वास हुन्छ । जस्तै तिमल्सैन गाउँबाट फैलिएकाहरू प्रायशः दूधेमस्टो पुज्दछन् ।

मस्टोको आवाहन गर्नेले साथै भवानी, झाँक्री, भैरव, बेताल आदि पनि पुकारेका हुन्छन् । मस्टो नेपाली परम्पराको आराध्यदेव नै देखिन आएकाले यसको अझै विस्तृत अध्ययन हुनु आवश्यक छ । मस्टोप्रशासित क्षेत्रमा जुनसुकै जाति वस्न गएको भए पनि एउटा न एउटा मस्टो मानेकै हुन्छ । नेपाली क्षत्री, बाहुन र अन्य जातिको पनि बसैंसरा इतिहास छ । जीवननिर्वाहको खोजी र आफ्ना आश्रयदाताहरूको नयाँ ठाउँमा राज्यस्थापनले पनि नेपालीहरूलाई ठाउँ सर्न कर लाग्यो ।

उपर्युक्त वाक्यांशहरू अनुसन्धाता 'यात्री' जीका हुन् । पुरातात्त्विक सामग्रीको अभाव र यसबारे वर्तमान नेपालबाहिर मस्टोदेवताको अस्तित्व नभएकाले भारतीय तथा युरोपीय विद्वान्हरूको अन्वेषण उल्लेख नहुनु र नेपाली विद्वान्हरूबाट पनि सुरु प्रयास मात्रै भएकाले यस विषयमा ठीक निष्कर्ष निकाल्नु सहज छैन । तर पुरातात्त्विक अन्वेषण र प्राप्त सामग्री एवं किम्वदन्तीहरूको सम्पुष्टि मूर्तिकलाबाट हुन सक्छ । आर्यसाहित्यले वैदिक र पौराणिक देवताको उल्लेख गर्दछ र ती विषय लिखित रूपमा प्राप्त हुने हुँदा त्यसको इतिहासको निश्चिति सहजै छ । उपर्युक्त आधार नभएको विषयमा भने ऐतिहासिक अनुश्रुति,

परम्परागत लोकमान्यता र देवताको अस्तित्व नै सर्वोपरि हुन्छन् । पौराणिक कथा पनि अनुश्रुति नै हुन् र यसैबाट इतिहासका तानाबाना पनि बुन्न सकिन्छ ।

बहुसङ्ख्यक नेपालीका सर्वमान्य देवता तथा कुलदेवताका रूपमा पूजित मस्टोले नेपालको ऐतिहासक र भौगोलिक अस्तित्वलाई स्पष्ट रूपमा देखाएको छ । महाकालीपश्चिममा मस्टोको विशेष पूजा र कुलदेवताका रूपमा स्थानगत अस्तित्व नपाइनुले पनि नेपालको पुरातन सीमारेखा कोर्दछ भने भाषा (तद्भव र तत्सम शब्दावलीहरू) र केही सांस्कृतिक मान्यताहरू एवं धार्मिक पक्षहरूले महाकाली पश्चिमबाट मानवसमूह पूर्वतिर सर्दै आएको माने तापनि खास नेपाल र नेपाली समाजको प्राचीनताको छुट्टै अस्तित्व भने मस्टोले नै देखाएको छ । सम्भवतः खस संस्कृतिको यो मान्यता गढवाल र कुमाउँमा दक्षिणबाट आउनेहरूको आर्यसंस्कृतिले पछाडि पाऱ्यो भन्न सकिन्छ ।

यात्रीजीको अन्वेषणमा मस्टो मानसरोवर कैलाश क्षेत्रका देवता हुन् र आर्य इतिहासको सुरु, भनौँ सृष्टिको आदिथलो पनि हाम्रा आर्यग्रन्थहरूले यसैलाई मानेका छन् । मानसरोवर कैलाशको पठारदेखि पश्चिम क्यास्पियन (कश्यप) सागरको उत्तर-पश्चिमी क्षेत्र (वर्तमान दक्षिण रूस) सम्म आर्यसन्तानको जन्मभूमि, कर्मभूमि एवं विचरणक्षेत्र हो भन्ने कुरा पुरातात्त्विक सामग्री र आर्यसाहित्यले नै पनि केही हदसम्म पुष्टि गर्दछन् । हाम्रो वैदिक साहित्यमा उत्तर कुरु प्रान्त हिमालयउत्तरकै क्षेत्र मानिन्छ जहाँ देवविद्याका ज्ञाता यज्ञनिष्ठ कर्मिष्ठ ब्राह्मणहरू बस्तथे र जसको भाषा शुद्ध संस्कृत (देवभाषा) थियो भन्ने कुरा 'शतपथब्राह्मण' तथा 'बृहदारण्यक उपनिषद्' द्वारा पनि थाहा पाइन्छ ।

जनलोक (ठूला-ठूला कविताको आवादी) सूचक स्थान कश्यप सागरको किनार नै हो । त्यहाँ यो सातौँ मन्वन्तरका प्रजापति

कश्यपको आश्रम थियो र उनका प्रजा नाग, यक्ष, राक्षस, सुर, असुर, दानव, गन्धर्वका गण (समूह) यही हिमाली शृङ्खलाको उत्तर तथा दक्षिण भागलाई नै आफ्नो आदिम थलो बनाएर विचरण गर्दथे । सबैका आदिपतिका रूपमा प्रजापति कश्यप नै थिए, जसलाई प्रजापति भनिन्थ्यो । उपर्युक्त जातिका सन्तानले नै आफ्ना आदिपुरुषलाई देवत्वका रूपमा हेरेर मान्यता दिंदै आएका छन् । मानववंशको इतिहास कश्यपबाटै सुरु हुन्छ ।

वैज्ञानिक आधारबाट हेर्ने हो भने विश्वका अन्य मानव-समुदायभन्दा धेरै अगाडि नै हिमालयको वरिपरि निवास गर्ने जातिले नवपाषाणकालबाट धातुयुगमा प्रवेश गऱ्यो, सृष्टि-स्थितिका बारेमा चिन्तन र मनन गऱ्यो तथा आफ्नो सभ्यताको मानसिक र भौतिक दुवै रूपमा विकास पनि गऱ्यो ।

ऋग्वेदकाललाई आफ्नो विकासको सापेक्षतामा हेरेर अङ्कल गर्ने पाश्चात्य मनीषिहरूको विचारलाई यसैकारण पहिले नै नकारिसकिएको छ, किनकि वैदिक साहित्यको चिन्तन र निर्णायक पक्ष निकै गहन छ । वेदका आधारमा नै अन्वेषण गर्ने भारतीय विद्वान्हरूको तर्कलाई नै अन्य ठोस प्रमाण नपाएसम्म मान्ने हो भने पनि वि. पू. ४ हजारदेखि ६ हजार वर्षसम्मको काललाई ऋग्वैदिक काल भनेर यस अन्वेषणमा मानिसकिएको छ । यस अन्तरालभित्र नै आर्यसन्तानका शाखा-प्रशाखाले विभिन्न गण (समूह) मा आफूलाई विभाजन गरिसकेका थिए । कुश, कश, शक, पार्थ, मग आदि अनेक गणमा विभाजित आर्यसन्तानले वैदिक कालभन्दा अगाडि नै पूर्व-पश्चिममा छरिन सुरु गरे ।

युरोपीय समुदाय, युनानी समुदाय, स्लाभ क्यास्पियन सागरको पश्चिम उत्तरमा बस्ने महाशक समुदाय, वंक्षुका तीरमा बस्ने सुग्ध काशगर (खसगिरी) मा बस्ने कश वा खस, हिन्दूकुश पर्वतमालाका वरिपरि बस्ने कुश वा खस समुदाय, पश्चिमी इरानका असुर समुदाय,

पारसी वा पार्थिव समुदायहरू, युनानीहरू आफ्ना गणनायकका नाउँबाट विभाजन भएको कुरा ऐतिहासिक सत्य हो । यस्तै अनु, द्रह्यु, पुरु, तुर्वसु, यदु आदि मुख्य र भरत, तृत्सु, पक्थ, अलिन, काशी आदि ऋग्वेदबाट जान्न सकिने गण (समुदाय) हरू सिन्धुका वारिपारि आवाद थिए भन्ने कुरा पनि ऐतिहासिक सत्य नै हो । वेदमा अगाडि नै फुटेका वर्गको कुरा पाइँदैन र समीपवर्ती गण-समुदायको मात्र उल्लेख छ ।

पाश्चात्य अन्वेषक मनीषिहरूले अनुमान गरेका निगृतो र त्यसपछिका अस्त्रोलाइद भनेको जाति पनि आर्यसन्तानको विस्तार हुनुभन्दा अगाडि नै यस उपमहाद्वीपभित्र अस्तित्वमा थियो भन्ने कुरा पनि अन्वेषकहरूले चर्चा गरिसकेकै छन् । हिन्दूकुश पर्वतमालादेखि पूर्व समुद्रसम्म र दक्षिणमा विन्ध्याचलको महारण्यसम्म फैलिन पुगेको खसजातिलाई पनि खससंस्कृतिका अन्वेषकहरूले प्रमाणित गरिसकेका छन् । पश्चिमबाट सिन्धुप्रदेशमा आर्यमूलका जातिहरू पूर्वतिर पसे भने पूर्वबाट मङ्गोलियन मूलका किराँतजातिहरू पनि आर्यसन्तानसँग भेट्न यमुनाको वरिपरिसम्म पुगेको कुरा पनि नृतत्त्व तथा भाषाशास्त्रीले मानेका छन् । साथै प्राप्त अवशेष र आर्यसाहित्यले पनि भनिरहेकै छन् । त्यो यायावरी युगमा पूर्व क्षितिजको पश्चिम र पश्चिमको पूर्व क्षितिजका भूभाग छुन पुगेका छन् ।

यो ऐतिहासिक सम्मिश्रणबाट धर्म, संस्कृति र भाषाको आदानप्रदान भएन भन्ने कुरा सत्यबाट पर हुन्छ । समन्वयात्मक संस्कृति नै आजको नेपाली संस्कृति हो । विश्वका मानव-संस्कृतिको विकास पनि यसरी नै भएको छ । संस्कृति-सम्मिश्रणले मानव-सभ्यता विकसित भएको छ । चिरकालदेखि नेपाली समाजमा चलेको शब्दावली खस, बाहुन, पुहुनी, तागाधारी र मतवाली, विष्ट आदिको पनि त्यत्तिकै ऐतिहासिक महत्त्व रहेको छ । यी सबै जाति वा वर्गविशेषले मस्टोप्रति आस्था र विश्वास राखेकै छन् ।

केही नेपाली विद्वान्हरू खस भन्ने शब्दबाटै तर्सन्छन् । नेपाली भाषामा खस शब्दको खस्नु (तल झर्नु) अर्थ सम्झेर अपमानजनक जस्तो मानेका होलान् । तर खस शब्द तल्लो वर्गबोधक नभएर एक गणवाचक (समूहवाचक) शब्द हो । बङ्गाली, मैथिली, द्रविडी, मार्वाडी, गुजराती भनेर स्थानविशेषका जातिलाई भन्दा त्यसभित्र ब्राह्मण, क्षत्री, वैश्य र इतर जाति पनि सम्मिलित हुन्छन् । त्यो ठाउँमा बसेका वा त्यो भाषाभाषीभित्र उच्च, नीच, गुणी, मूर्ख सबै नै पर्न आउँछन् ।

यस्तै आर्यसन्तानभित्रकै एक शाखा खस पनि हो र यो समूहको रूपरङ्ग, धर्मसंस्कृति, आकारप्रकार आर्यसँग नै मिल्दछ । शक वा कश, पारसी वा पार्थिव, हित्ती वा कसाइट, मेद वा मग आदि स्थानगत तथा गणवाचक शब्दले जातिबोध गराए पनि सुरु-सुरुमा धार्मिक आस्था र देवता सबै गणका एकै थिए भन्ने कुरा पनि अन्वेषणकर्ताले प्रमाणित गरिसकेका छन् ।

आर्यहरूका निम्ति पृथ्वी, अन्तरिक्ष र स्वर्ग तीन लोकको अस्तित्व वेदले नै निश्चित गरेको छ । त्यस्तै ईश्वरको तेजोमय रूप, पृथ्वीका अग्नि, अन्तरिक्षका मरूत्, (विद्युत्रूप अग्नि) र दिव (स्वर्ग) का सूर्य पनि वेदद्वारा नै मानिन्छन् । सारा वैदिक वाङ्मयले यिनै त्रिस्थानीय देवतालाई नै प्राणशक्तिका रूपमा व्याख्या गरेको छ । यस सौरजगत्को अस्तित्व पनि सूर्य नभए सम्भव थिएन भन्ने कुरा वैज्ञानिक सत्य हो ।

वास्तवमा सूर्य नभए पृथ्वीमा जीवको अस्तित्व रहन सक्थ्यो वा सक्तैनथ्यो भन्ने कुरा विचारणीय छ र यदि मरुत् देवता (वायु) नभए पनि जीवजन्तु रहने थिएनन् । अथवा आप (पानी) पनि बाँच्नलाई त्यत्तिकै आवश्यक छ । तेज बीजमय भए आप रजोमय हो । विनारजवीर्यको संयोगले प्राकृतिक सृष्टि सम्भव छैन । यसरी

पञ्चतत्त्वको परस्पर मिलनबाट नै जीवसृष्टि भएको छ भन्ने कुरालाई हामीले स्वीकारेका छौं ।

यसरी धर्तीका निवासीहरूको चिन्तनप्रक्रियाले वास्तविक तथ्यका आधारमा प्राणरूप तत्त्वको देवताका रूपमा परिकल्पना गरेर उपासना गऱ्यो, जुन कुरालाई अज्ञान र अन्धविश्वास मात्र भनेर पन्छाउन सकिँदैन ।

आर्यहरू अग्निका उपासक थिए । परशु (इरानी) का पनि मुख्य देवता अग्नि नै हुन् । पृथ्वीस्थानीय सूर्यरूप अग्निद्वारा नै जीवको कल्याण हुनेमा विश्वस्त भएकाले नै प्रत्यक्ष देवता अग्निको यज्ञद्वारा सेवा गरियो । यस्तै परशु (पारसी) आर्यशाखा पनि अग्निकै उपासक हुन् भन्ने कुरा अवेस्ता (वेद) बाट थाहा हुन्छ । आर्यशाखाका प्रशाखा शकजाति, जसलाई ऋषिकजाति पनि भन्छन्, दिव-देव सूर्यका उपासक थिए भन्ने कुरा सूर्यमन्दिरको निर्माण र सूर्यप्रतिमाले बताउँछ र आफ्नोजस्तै रूपरङ्ग, पहिरनको परिकल्पना सूर्यमूर्तिमा पनि गरेकाले शकजातिकै इष्टदेवता सूर्य हुन् भन्ने कुरा इतिहासबाट सावित हुन्छ । हाम्रो पुराणले पनि यसको समर्थन गर्छ ।

अन्तरिक्षका देवता 'मरुत्' मेघ बिजुलीका सृष्टिकर्ता र वायुरूपले सर्वव्यापी भएर रहेका असु (प्राणस्वरूप) को महत्ता वेदमा नै बखानिएको छ । शकशाखाको इष्टदेवता सूर्य भएजस्तै शक वा कशशाखाका कुलदेवता मरुत् भएको कुरा प्राप्त प्रमाणबाट थाहा हुन्छ ।

पश्चिमेसिया एसियामाइनर (इराक) मा १४४० वि. पू. तिर शासन गर्ने हित्तीजाति (जसलाई खसशाखा नै मानिन्छ) का देवता तिशूव (शिवको मरुत्रूप) को एक मूर्ति सन् १९३० को पुरातात्त्विक उत्खननबाट फुराँत नदीको किनारामा कारचेमिस तेल-जल-अहमार (प्राचीन तिल-बराशय) भन्ने ठाउँमा प्राप्त भएको छ । यो हाल अलप्पोको राष्ट्रिय सङ्ग्रहालयमा राखिएको छ । साँढेमाथि

खडा भएको यो मूर्तिको शिरमा दुई पङ्खाका बीचमा अर्धचन्द्राकार नाउमाथि सूर्यको गोल बिम्ब राखिएको छ । मूर्तिको एक हात माथि उठेर परशु धारण गरेको छ, शिरमा चन्द्रमा र देब्रे हातमा त्रिशूल लिएको छ । साँढेमाथि उभिएको यो मूर्तिको असिरियाका असुर राजाहरूको जस्तै दाह्री देखिन्छ र घुँडामाथि कम्मरमा चर्म बाँधिएको छ । पाउमा पुरातनकालमा लगाइने अगाडिको नोख (चुच्चो) माथि उठेको जुत्ता लगाइएको छ, जुन जुत्ता आज पनि सिरियायी मानिसहरू लगाउँछन् । यस प्रकारका जुत्ता भारतमा मुसलमानहरूले ल्याए र कतै-कतै अझै पनि देख्न पाइन्छ ।

यसबाट के थाहा हुन्छ भने वैदिक कालभन्दा अगाडि नै विभाजित आर्यगणको खसशाखाको पनि मित्तन्नी, हित्ती प्रशाखाहरूमा वैदिक देवताको अस्तित्व थियो । साथै पश्चिम एसियाका देशहरू बेबिलोन, युनानमा मूर्तिपूजा चलेकाले मरुत्को पनि मूर्ति बन्यो । तर अगाडि नै कास्मिरतिर झरेका खसगणले चाहिँ निराकार रूपमा नै मरुत् पुज्ने गरे ।

पश्चिम एसियामा पाइएको यो 'मरुत्' देवताको मूर्तिले भारतीय आर्यहरूको शिवरूपमा साम्य राख्तछ भने पङ्ख फैलाएका चन्द्रमा नै पारसी जरथुस्त्र धर्मको प्रतीक जरितारिको समता भएको पाश्चात्य अन्वेषकहरूले ठहराएका छन् ।[२] ऋग्वेदका मन्त्रहरूमा मरुत् र शिवको निरन्तर साहचर्य छ र मरुत्लाई शिवपुत्र भनिएको छ । विद्युत्रूप अग्निका प्रतीक मरुत् हुन् भने शिवलाई पनि अग्निरूप र सूर्यरूपमा वेदले स्तुति गरेको छ । विभिन्न गोत्रका आर्यकुलमा शिव, विष्णु, दुर्गा आदि देवी-देवतामध्ये कुनै एकलाई आफ्नो वर्गको विशेष इष्टदेवता मान्ने र सामूहिक रूपमा सबैलाई श्रद्धासाथ पुज्ने परम्परा आज पनि रहेकै छ । यस्तै आर्यले अग्नि र इन्द्र, पारसीहरूले अग्नि र मित्रावरुण, शकहरूले सूर्य र खसहरूले मरुत् इष्टदेवता मानेर सामूहिक रूपमा इन्द्र, वरुण, सूर्य, अग्नि,

मरुत्, वसु आदि वैदिक देवतालाई पनि मान्दथे भन्ने कुरा पुरातात्त्विक अन्वेषण र परम्परागत प्रचलनबाट सिद्ध हुन आउँछ ।

वैदिक संहितामा उल्लेख भएका देवताहरू वैदिक संहिताको सङ्कलनभन्दा अगाडि नै अस्तित्वमा थिए भन्ने कुरा पनि अन्य गणका दैवी मान्यताबाट ज्ञात हुन्छ ।

इतिहासका अन्वेषकहरूका अनुसार अराल समुद्रको पूर्वी-दक्षिण भागमा बस्ने कशजातिको एक शाखा कस्साइट नाउँले पश्चिम एसियाको भूखण्डमा पसेर पर्वतीय जातिका रूपमा बस्यो । केही समयमा सुमेर, बेबिलोन, सिरिया, मिश्र आदि राज्यलाई विजय गर्दै विशाल साम्राज्य खडा गर्न सफल भयो भनेर इतिहासवेत्ताहरू मान्दछन् । यस्तै दक्षिण-पूर्व लागेको शाखाले हिन्दूकुश पर्वतमाला पार गरेर अफगानिस्थान, कास्मिर, जालन्धर आदि ठाउँमा बस्ती बसाउँदै पूर्वतिर महाभारत शृङ्खलाको उत्तर र दक्षिणतिरबाट बढ्दै आसाम, ब्रह्मपुत्रभन्दा पारिसम्म पुगेर आफ्नो शाखाको विस्तार गऱ्यो ।

राहुल साङ्कृत्यायन मध्येसियाको इतिहास (पहिलो भाग) मा शक जातिहरूको वर्गीकरण गर्दै भन्दछन् – दोनपूर्व, क्यास्पियन सागर उत्तर, अराल समुद्र र सीर नदीको मध्यभागसम्म मसागित (महाशक) जातिको विस्तार थियो । अराल समद्रको नजीक निम्नवक्षु उपत्यकामा र ख्वारेज्ममा पनि शकजाति नै फैलिएको थियो । यो शकशाखाको दक्षिण क्यास्पियन सागरको किनारमा 'दहा' नामक घुमन्ते शकजाति बस्तथ्यो । यही दहाजातिबाट नै पछि पार्थजातिको विकास भयो ।

मसागित (महाशक) जातिको पूर्व सीर नदीको माथिल्लो उपत्यकाको उत्तरी भागमा तरीम नदीसम्म (सकमौरा) प्राक् सइ वुङ जाति निवास गर्थ्यो । अल्ताईमा प्रग्वुसुन जाति थियो, जो पछिल्लो समयमा वुसुनजाति जन्माउने पुर्खा बन्यो । योभन्दा पूर्व ह्वाङहो

नदीको नजीक कानसुतक युची (कुषाण) जातिका पूर्वजहरू वस्तथे । तरिम उपत्यका (सिङ्कियाङ) मा शककै एक शाखा खसजाति थियो, जो काराकुरम गिरिमाला पार गरेर गिलगित हुँदै कास्मिरमा फैलियो र फेरि अघि बढ्दै नेपाललाई खसभूमि बनाइदियो । यो सम्पूर्ण खसजाति पाँच शताब्दीसम्म पित्तलयुगमा थियो ।

मसागित शब्द मसाग - महाशग - महाशकबाट बनेको हो । अथवा महाशक - महाशग - मसाग - मसागित हुँदै विकास भएको हो । यो ज्यादै ठूलो जनसमूह भएकाले महाशक भनिन योग्य पनि थियो । यो जातिको पश्चिम (अर्थात् क्यास्पियन सागरपश्चिम) सरमात (सरमायिन) जाति थियो र यो पनि शकजातिकै एउटा शाखाभेद हो ।

बुसुनजाति पनि शकजातिकै एक शाखा हो । यो अल्ताई (स्वर्णभूमि) मा थियो कङ्ग । यो पनि शककै शाखा हो र कज्जाकिस्तानका बासिन्दा यो जातिका उत्तराधिकारी हुन सक्तछन् । यो जाति अराल समुद्रको उत्तर बुसुनजातिभन्दा पश्चिम-उत्तरमा बस्तथ्यो, जसको उल्लेख महाभारत र पुराणमा पनि पाइन्छ । यो पनि आर्यको आदिमयुगीन शाखा नै थियो । छैटौँ शताब्दीसम्म कङ्गजाति मध्येसियामा बाँचेको थियो र पछि तुर्क र सोग्दीजातिमा यसको विलय भयो । कङ्गजातिको स्थानलाई अझै कङ्गो भनिन्छ ।

रसियन इतिहासविद् डा. बेनादस्कीको भनाइअनुसार कङ्गोभन्दा पश्चिममा बस्ने सरमान जातिकै वंशज अलान हुन् । अलानबाट नै अन्ति भयो । स्कलाव (शकलाव) पहिले एउटै नामधारी थिए र भाषा पनि एउटै हो । त्यस्तै रूपरङ्ग पनि एकै थियो र अत्यन्त बर्बर बोली बोल्दथे । अग्ला, हट्टाकट्टा, कैला केश, गौर वर्ण र अग्लो नाकवाला थिए, महाशकजातिजस्तै कठोर जीवन बिताउँथे ।

बेनादस्की भन्दछन् – सुरमात तथा अन्तिजाति कज्जाखबाट पश्चिम सर्दै ई. पू. दोस्रो शदीतिर दक्षिण रूसमा आए । उतावाट

आउनेमा यही जाति बलियो थियो र दोन उपत्यका, ककेससलाई निवासस्थान बनायो । अलान - अन्ति - अस्सी - अस्, यही विकासक्रम हो र अन, असु या यासु यही जाति हो, जसले वंशज आधुनिक ओस्सेती हो । पूर्वी स्लाभ (आधुनिक रूसी) जातिको निर्माणमा यसै जातिको ठूलो हात छ ।

मध्येसियाको इतिहास (भाग १, पृष्ठ १३८) मा राहुल भन्दछन् – उत्तरापथ सिकियाङमा आरम्भिक शकजाति बस्तथे । शककै वंशज यूची (कुषाण), तुषार, सइवङ, बुसुन, अलान (ऋग्वैदिक अलिन ?), सरमात, समागेत, कशजाति हुन् । इस्वीको दोस्रो शदीतिर शकभूमिमा उत्तरपूर्वबाट हुण (मङ्गोलियन) फैलिए । हुणका वंशज अवार, जुजुन, तुर्कहरूले शकभूमिमा शासन गरे । ७६६ इस्वीसम्म तुर्कको राज्य रहँदासम्म पनि तरिम उपत्यका शकवंशज तुषारजातिको अधीनमा थियो र यो क्षेत्र भारतकै अङ्ग थियो । यस वेलाका धेरै अभिलेखहरू तकला मकानको मरुभूमिमा पाइएका छन् । त्यसमा तुखारी प्राकृत भाषा र ब्राह्मी लिपिको प्रधानता पाइन्छ । धर्ममा बौद्ध, इसाई, नस्तोरी, जरथुस्त्र (इरानी) को पनि प्रचार थियो र सबै मिलेर बसेका थिए । इस्लामी आक्रमणपछि धेरै मारिए, लुटिए र दास बनाइए । यसपछि बुद्धिस्टहरू नेस्तोरी साधुलाई साथ लिएर लद्दाखतिर पसे । तरिम उपत्यकाका आठ नगर ६९२ मा तिब्बतको अधीन भयो । यसमा काशगर, खोतान, अबसू आदि सहर पर्दछन् । (मध्येसियाको इतिहास, भाग १)

सातौँ शदीका यात्री हुएन साङ सप्तनद चु उपत्यकादेखि आमू नदीको उपत्यकासम्म एउटै सोग्दी भाषा र लिपिको उल्लेख गर्छन् । सप्तनद (शकभूमि) को व्यापार र कृषिकर्म गर्ने सोग्दीजाति शककै प्रशाखा थियो ।

यी उपर्युक्त कुराको यहाँ चर्चा गर्नुपर्ने आवश्यकता किन पऱ्यो भने विक्रमपूर्व ३००० वर्षदेखि तेस्रो शताब्दीसम्म जुन

जातिको शाखा-प्रशाखाको दबदबा मध्येसिया, पश्चिमेसिया र युरोपका भूभागमा व्याप्त रह्यो तथा अफ्रिका महादेशका उत्तरी भूक्षेत्रमा ई. पू. २१ सय वर्षतिर नै पनि साम्राज्य कायम गर्न सफलता पायो, जुन जातिकै एक खस शाखाले हिमालको दक्षिण काखैकाख पसेर ब्रह्मपुत्रसम्म हलचल मच्चायो र आर्यशाखामा आत्मसात् गरेर कतिपय ठाउँमा अस्तित्व विलोप गरे पनि नेपाल, कास्मिर आदि हिमाञ्चल क्षेत्रमा केही अस्तित्व बाँचेकै छ, त्यसको लेखाजोखा नगरी लेखिएको सांस्कृतिक पक्ष सधैँ अपूर्ण रहन्छ ।

आर्यहरूको इतिहास साहित्यिक दृष्टिबाट ऋग्वेद र सप्तसिन्धुको भूभागबाट सुरु हुन्छ । तर मूल सृष्टिको थलो पहिल्याउँदै जाँदा मानसरोवर र कैलाशको अन्तराल नै ब्रह्मसृष्टिको मुख्य स्थान सिद्ध हुन आउँछ ।

हाम्रा इतिहास र पौराणिक गाथाले अतिरञ्जनायुक्त वर्णन गरेका मानस, आर्यसंस्कृतिका मर्मज्ञ र व्याख्याता महाकवि कालिदासको यक्षनगरी अलका, भगवान् शङ्करको क्रीडाभूमि, सप्तर्षिहरूको तपोभूमि सबै यही मानस-कैलाशकै सेरोफेरोमा पर्न आउँछन् । आर्य भनिने जातिको मूल नर्डिकजाति भनेर नृतत्त्ववेत्ताले भनिने जातिको आदिम स्थल पुरातत्त्ववेत्ताका दृष्टिमा मध्येसियाका तिनै क्षेत्र मानिन्छन् ।

यद्यपि राहुल साङ्कृत्यायन कास्मिर, जालन्धर, कुमाउँ, नेपाल हुँदै खसजाति पूर्व लागेको समय इसापूर्व ७०० तिरको अनुमान गर्दछन् र किराँतपछि खसको आगमन भएको मान्दछन् । किन्तु मध्येसियामा १२०० इसापूर्व नै अस्तित्वमा आएको खस (कस्सी वा कस्साइट) नेपालमा किराँतभन्दा अगाडि नै गोचारकका रूपमा पसेर राज्य जमाउने शैव गोपालजातिको वंशावलीमा वर्णन पाइनु र महाभारत र प्राचीन मानिएका पुराणहरूमा चर्चित खस प्रशाखा इसापूर्व ३००० को लगभग नै छरिएको अनुमान हुन्छ । इ. पू.

२१०० तिर नीलघाटीमा कुश साम्राज्य खडा भएको कुरा पनि प्राचीन इतिहासकारहरू नै मान्दछन् ।

मध्येसियाको इतिहासमा इसापूर्व १२०० वर्षका उत्खनन सामग्रीमा शक शाखाका सामग्रीहरू पाइन्छ तर खसको सभ्यताका चिह्नहरू पाइएनन् भन्ने कुरा पनि राहुलजी नै लेख्तछन् । काशगर (काशगिरि), खोतान, हिन्दूकुश, हिमालयउत्तरका देश र कास्मिर आदि दक्षिणका देश, नेपालदेखि नागाल्यान्डसम्म अस्तित्वमा रहेको खसजातिलाई देखेर विशाल खस शाखाको अस्तित्वलाई पनि उनी स्वीकार गर्दछन् । यसबाट पनि मध्येसियाका क्षेत्रमा शक-कुषाण शाखाको चकचकी हुँदा खसहरू पश्चिमेसिया र हिमाल दक्षिणको विशाल भूभागमा छ्याप्छ्याप्ती फैलिइसकेका थिए भन्न सकिन्छ ।

ऋग्वेदमा दासराज्ञयुद्धको सन्दर्भमा काशीजातिको उल्लेख भएको छ । आर्यहरू सरस्वतीकिनारमा निवास गर्दा यो जाति छिमेकीका रूपमा थियो भन्ने कुरा सिद्ध हुन्छ र सायद यो गण कास्मिर घाटीमा नै आवाद थियो । यसैको शाखाको नाउँले काशी, कुशस्थली (मथुरा) आदि नाउँ रहेको मान्न सकिन्छ ।

कैलाश मानसखण्डमा प्राचीन समयदेखि नै यो खसजाति थियो र यसका वंशहरू किराँत र हुण (तिब्बतीयन) जातिसँग मिश्रित भएर वर्तमान र पश्चिमी तिब्बतीयन जातिका रूपमा बाँचेका छन् । एट्किन्सनको विचारमा भारतीय पुराण र साहित्यमा वर्णित यक्ष जातिलाई उनी यक्ष - यकश - कश - खस भएको मान्दछन् । गरुडपुराणबाट पनि कश्यपकी खशा पत्नीबाट राक्षस र यक्ष भए भन्ने कुरा थाहा पाइन्छ । कालिदासले यक्षजातिलाई राजा र राजाका पनि राजा एवं कैलाशवासी शिवका मित्र भनेर कुबेरको वर्णन 'मेघदूत' मा गरेका छन् । स्वर्णगिरी (सुनखानी) भएको ठाउँ विभिन्न मूल्यवान् पत्थरको खानी भएकाले त्यो भूखण्डलाई निवासभूमि बनाउने त्यहाँका जातिबाटै पिपीलिका, स्वर्णचूर्ण, जडिबुटी,

रत्नमणिहरूको भारत, इरान, वेविलोन र पश्चिमी रोमसम्म पुगेको कुरा ऐतिहासिक सत्य हो । यस्ता खानी भएका ठाउँका यक्षहरू धनी थिए । धनी भएकाले (राजराजेश्वर) र खानीका रक्षक हुँदा नै राक्षस भएका र खानी गुप्त रूपमा राख्ने हुँदा गुह्यक नामले अभिहित भएका थिए । पौराणिक कथाको वर्णनबाट यक्ष, राक्षस तथा गुह्यकमा पनि त्यति अन्तर पाइँदैन । कार्यविभाजनले नै यक्ष जातिका विभिन्न नाम रहेका हुन सक्छन् ।

वन, वनौषधि, पशु तथा रोगव्याधिका देवता रुद्रको महत्त्व ऋग्वेदमा पाइन्छ भने मध्यवैदिक कालतिरको यज्ञसाधना, देवताका प्रतिको चिन्तन-धारणा यजुर्वेदबाट जान्न सकिन्छ । यजुर्वेदका रुद्र सर्वव्यापी, सर्वशक्तिमान्, इन्द्ररूप, सूर्यरूप, मरुत्रूप, जटाधारी, मडकेशी, खड्ग, धनुर्धारी, सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ताका रूपमा वर्णित छन् । शुक्लयजुर्वेदको १६ अध्याय रुद्रयज्ञको नामले उल्लेख छ जसलाई 'रुद्री' भनेर हामी आज पनि शिवको उपासनाका निम्ति पाठ गर्दछौँ । त्यसमा रुद्रका सहस्रौँ नाम र कामको चर्चा आएको छ । शङ्कर, शिव, भव, मृड, कपर्दी, हरितकेशी आदि भनेर पुकारा गरिएको छ । उक्त अध्यायका अन्तिम मन्त्रहरूमा दिवि (स्वर्ग) स्थानीय रुद्र, जसका वर्षारूपी वाण छन्, अन्तरिक्षका रुद्र, जसका हावा र वर्षाका जल नै वाण छन् र पृथ्वीस्थानीय रुद्र, जसका अन्न वनौषधि नै वाण छन् भनेर स्तुति गरिएको छ । यसरी सर्वत्रगामी, सर्वव्यापी शिवको महिमाले वैदिक कालमा नै सर्वोत्तम स्थान पाइसकेको छ । शिव सर्वव्यापी भए पनि गिरिशन्त पर्वतमा बसेर कल्याण गर्दछन् । गिरीश पर्वत (कैलाश) मा सुत्दछन् भनेर वर्णन गरिएकाले हिमशृङ्खलाका आसपास वस्ने आर्यसन्ततिका प्रमुख देवता शिव थिए । यसैले खस जातिका निम्ति पनि रुद्र महादेवका नाउँले पुजिन्छन् ।

वर्तमान शिवको रूप अनार्य जातिबाट आर्यहरूले लिएका हुन् भन्ने कुनै विद्वान्हरूले तर्क निकालेका छन् । अनार्य, असभ्य जाति, जसको भाषा, साहित्य एवं विकसित चिन्तन परम्परा नै छैन, कसरी सर्वव्यापी शिवको परिकल्पना गरे भन्न नसकिनेचाहिँ होइन । तर असभ्य जातिका पनि इष्टदेव हुन्छन् र चिन्तनपक्षले व्यापकता दिन नसके पनि आफ्ना धन, पशु, परिवार आदिका संरक्षकका रूपमा मान्दथे भन्न सकिन्छ ।

शिवरूपमा मरुत् देवता :

हिमालय पर्वतमालाका आसपास बस्ने जातिका निम्ति सूर्य, अग्नि प्राणरक्षक (तातो दिने) मा मान्य छन् भने मरुत् देवता जल, वायु, मेघ रूपका हुँदा बढी डरलाग्दा थिए । हावा र वर्षाले नै हिमपात हुन्छ । उग्र हिमपात र प्रचण्ड वायुद्वारा जीवनधारीको असङ्ख्य विनाश हुन्छ । यस कारणले पनि भयका देवता बढ्ता पूजित हुन्छन् । पशु, औषधि, वन, पर्वतका देवता रुद्र घुमन्ते जीवका निम्ति पनि मान्य हुन्छन् । यसैले रुद्र जङ्गली अवस्थाकै मानवनिम्ति पूज्यतम थिए । स्वर्णगिरि, कैलाशका समीप बस्ने यक्षरक्षक (कश) जातिले असु – प्राणशक्तिरूप मरुत्देवताको मान्यता गर्थे भने पशुचारक जातिको वनौषधि र रोगव्याधका देवता रुद्रको शान्तरूप शिवको आराधना पनि विशेष रूपले गर्थे । यसकारण मरुत् र रुद्रको साहचर्य पुरानै हो र त्यसैको विकसित रूप वेदमा छ ।

अग्नि र सूर्य प्रत्यक्ष देखिने देवता हुन् भने मरुत्देवता स्पर्शद्वारा मात्र थाहा पाइने एवं प्राणरूप हुन् अथवा बादल, वृष्टि, बिजुली रूपमा देखिने देवता भएकाले सर्वव्यापी हावाका रूपमा, निराकारका रूपमा आराधना गरिने प्रथा ज्यादै पुरानो चलन हो । आर्य र खसहरूको व्यापक प्रसारभन्दा अगाडि भारतीय प्रदेशमा बस्ने

निगृतो र अस्त्रोलाइडजातिको सम्मिश्रणबाट कोल-कुण्डजातिको उत्पत्ति भएको मान्दै आर. सी. मजुमदार लेख्तछन् – उत्तरपाषाणयुगीन सभ्यता लिएर आउने अस्त्रोलाइद जातिले कपडा बुन्ने, खेती गर्ने, कोरीको हिसाबमा गन्ती गर्ने, धार्मिक भावना, पुनर्जन्म आदि संस्कार ल्याए । उनीहरू साकार देवताको कल्पना गर्दैनथे र निराकारको पूजा-आराधना गर्थे, जो कुरा उनीहरूका वंशज जाति आज पनि गर्दैछन् ।[३]

उपर्युक्त कुरालाई नै तथ्य मान्ने हो भने पनि आकारप्रकारहीन देवता 'मस्टो' सर्वशक्तिमान्का रूपमा मान्ने प्रथा उनीहरूकै देखासिकी पनि भन्न सक्छौँ । तर विचारणीय कुरा के हो भने संसारका प्राणीहरूले अमूर्त, सर्वव्यापक ईश्वरको परिकल्पना गर्नुभन्दा पहिले आर्यहरू नै यो चिन्तनधारामा पुगेका थिए र देवताको मूर्तिपूजाभन्दा यज्ञद्वारा अमूर्त देवताको उपासना गर्दथे भन्ने कुरामा वेद नै प्रमाण छ ।

प्राप्त प्राचीन वैदिक साहित्यहरूको अपहेलना गरी वर्तमानमा पाइने कोल-मुण्ड आदि जातिका वंशजको उपासनापद्धतिलाई हेरेर तर्कका भरमा सबै कुरा अस्त्रोलाइदजातिको देन मान्ने विद्वान्हरूलाई वैचारिक लघुताबाहेक के भन्न सकिन्छ र ! सांस्कृतिक समन्वयमा पछिपछि उचित ठहरिएका केही कुरा स्वीकार्य भए हुनन् । मुख्य विषहरू मान्न सकिँदैन ।

मस्टोपरम्परामा रुद्रको प्रच्छन्न रूप :

मस्टोको आराधना गर्दा पहिले मस्टोको धामीले पवित्र भई घण्ट, चमर, पङ्खा अथवा स्यौली लिएर मस्टोको स्मरण गरेपछि धामीले आँगमा मस्टो देवता हावारूपमा प्रवेश गरी आफ्नो मानवीय सहज स्थितिलाई बिर्साइदिएको अनुभव गर्दछन् । कामेर (पतुर्दा) फलाक्ता, आफ्नो कैरन (पूर्ववृत्तान्त) दिँदा सपादलक्ष गिरिप्रान्तरभित्र

प्रथम प्रवेश गर्दा यो प्रदेश घना जङ्गल भएको र बाघ, भालु आदि वन्यजन्तुले परिपूर्ण ठाउँ भएको तथा जङ्गलमा बस्ता बाघले मारिदिएको व्यक्तिको प्राणवायुरूपमा घुम्न लाग्यो र सर्वत्रव्यापी, सर्वदर्शी, सर्वज्ञाताका रूपमा मानिसको देहमा चढी बोल्ने भयो । यी आदिकालमा मर्ने व्यक्तिको नाउँ पनि मस्टो हुन सक्छ । यिनलाई खुसी गराई मानभाउ पुऱ्याएमा सुखशान्ति दिने, अनिष्टको सूचना दिने र अपमान गरेमा कष्ट, दुःख दिने धारणा भएकाले नवपाषाणकालीन अथवा ताम्रयुगीन मानवले जङ्गल-प्रदेशमा पसेर नयाँ बसोवास गरेकै बेलाको यो घटना भएको हुन सक्छ । त्यो बेला नयाँ ठाउँमा अन्य देवाधिदेवको आगमन र स्थापना पनि नभइसकेकाले आदिमष्ट वायुदेवताका रूपमा सबैबाट पूजित भए होलान् । हिमाली क्षेत्रमा हुने बादल, बिजुली र हावाको उग्रता र विनाशमा पनि मस्टोकै प्रकोप ठान्नु स्वाभाविक हो ।

मस्टोको उत्पत्तिबारेका लोकोक्ति र परम्परागत अनुश्रुतिका आधारबाट मामा-भानिज सपरिवार नयाँ ठाउँमा बस्न जाँदा भानिजचाहिँ बाघबाट मारिएका हुन् । कसैकसैको परम्परामा मामाबाट नै भुक्किएर मारिएका हुन् भन्ने पनि लोकोक्ति पाइन्छ । यो कथा पश्चिम, मस्टोको देशबाट मस्टोपूजकका साथ पूर्वी नेपालको छेउसम्म नै पुगेको छ ।

मस्टोका धामीहरूले पतुर्दा (कामेको बेला फलाक्ता) आजकलको भाषाभन्दा अलग्गै प्राचीन भाषाका शब्दावलीहरूको प्रयोग गरेको पश्चिमाञ्चलको अनुभवले बताउँछ भने बाह्र-चौध पुस्ता बितेका पूर्वाञ्चलमा बस्ने ब्राह्मण-क्षत्रिय जातिको कुलपूजाको बेला मस्टो बोलाउँदा आजकलकै भाषामा फलाकिन्छ । उत्पत्तिबारे प्राचीन कथानकमा मामा-भानिजको कथा नै प्रायः जोडिएको हुन्छ । पश्चिमको अस्पष्ट भाषाचाहिँ पुरातन खस प्राकृत हुन सक्छ । त्यस्तै थार्पामष्टको भाषा तिब्बती मूलको मान्न सकिन्छ ।

मस्टोका विभिन्न रूप :

एउटा नृवंशको नयाँ ठाउँमा प्रवेश भएको वेलामा घटेको घटना र मान्यता प्राप्त गरेका सर्वशक्तिसम्पन्न मरुत्‌देवताका प्रतिरूप मस्टो बसाइँ सरेका ठाउँमा पनि नपुग्ने कुरै भएन । नयाँ ठाउँमा जाँदा कुलदेवताका रूपमा पुजिएका मस्टो सँगै लगिए । वायुरूप हुँदा पहिलेदेखि नै मूर्तिको कल्पना गरिएन । एक ठाउँमा निश्चित रूपले मानभाउ, पूजा गर्न सजिलो पर्ने हुँदा गाउँघरनजिक वनको छेउमा सानो कुटी वा मन्दिर बनाएर त्यसैभित्र आराधना गर्ने चलन चल्यो । स्थानभेदले जातीय भेद र पूजाप्रकारको भेद र गाउँठाउँको नाउँको मस्टोका पनि भेद हुँदै गए । ठाउँ सर्दा लगिने मस्टोका प्रतीक घण्टा, चमर अथवा दियो हुन् । सात्विक अग्निहोत्री ब्राह्मणले मस्टोको आराधना गरिँदा हिन्दूपरम्परामा अमृत मानिएको गाईको दूध, खीर र आदिकालीन सभ्यताको मुख्य भोजन टाटे (बाबर रोटी), नौनी घिउ चढाई पूजा गरिने मण्डलीमष्ट, दूधेमष्ट, लाडेमष्टलाई सात्विक मष्टका रूपमा मान्न सकिन्छ । यीबाहेकका मष्टहरूचाहिँ छागबलि (रक्तबलि) खाने मानिन्छन् ।

मानवीय संस्कृति परिशीलन गर्दा एउटा तथ्य के फेला पर्दछ भने जुन मानवजातिको भोज्य पदार्थ उसको दृष्टिमा स्वादिलो र महत्त्वपूर्ण मानिन्छ, त्यही नै उसले आफ्ना इष्टदेवतालाई पनि समर्पण गर्दछ । आफूले प्रयोगमा नल्याउने भोजन सामग्री सकेसम्म देवार्पण पनि गरिँदैन । कसैकसैको पूजा र बलिमा उपर्युक्त कुराहरू अपवाद हुन सक्छन् । जस्तै : ब्राह्मण र क्षत्रिय जातिबाट देवीलाई पञ्चबलि चढाउँदामा अभोज्य बलि चढाएको पनि पाइन्छ । किन्तु यी कुरा देवताको तामसी प्रवृत्तिलाई मानेर गरिन्छन् । सत्य कुराचाहिँ मानिसले आफू जे खान्छ, त्यही नै चढाउँछ ।

योगी नरहरिनाथज्यू मस्टोको रूप (छिन्नमस्ता) मान्नुहुन्छ ।[४] तर मस्टो मस्तकको अपभ्रंश रूप हो भन्ने तर्क उहाँको

संस्कृतप्रियताको परिकल्पना मात्र हो । छिन्नमस्ताको पनि रूपमण्डन हुन्छ । टाउको मात्रै अलग पूजित पनि देखिँदैन । काठमाडौँ उपत्यकाभित्र पूजिने प्राचीन देवता आकाशभैरव (जसको टाउको मात्रै हुन्छ) को प्रतिरूप प्रतिमाहरू नै पाइएका भए पनि मस्टोलाई मस्तक (टाउको) को अर्थमा प्रयोग गर्न सकिन्थ्यो । अर्को विचारणीय कुरा, मस्टोसँग नवदुर्गा भवानी (मस्टोकी बहिनीका रूपमा) मान्यता प्राप्त भएर साथसाथै पुजिने देवी हुन् । यस कारणले पनि मस्टोको रूप छिन्नमस्ता भन्न मिल्दैन । शिव वा रुद्ररूप मस्टोलाई मान्ने हो भने मात्र देवीहरूको साहचर्य सार्थक हुन आउँछ । देवीका रूपको पूजन-परम्परा मस्टोभन्दा पछाडिकै हुनुपर्छ । जसरी आर्यसंस्कृतिमा देवीहरूको पूजन-परम्परा चल्यो, त्यसरी नै मस्टोपूजकले पनि स्वीकारे ।

बाह्रभाइ मस्टा र नौबहिनी दुर्गा :

डोटी, जुम्ला (कर्णाली र सेती अञ्चल) का पूजनीय मस्टो देवतालाई बाह्रभाइ मस्टो भन्ने परम्परा छ । यसका ८४ भेद छन् भनेर पूर्णप्रकाशजी 'सेती अञ्चलको दिग्दर्शन' मा लेख्नुहुन्छ । बाह्रभाइ मस्टोको उपाख्यानलाई कुनै-कुनै विद्वान्हरूले बराह र मस्टो भन्ने अड्कल पनि लगाएका छन् । बराह पौराणिक कालका ख्यातिप्राप्त विष्णुका पहिलो अवतार हुन् अथवा मत्स्यावतारदेखि गनेमा तेस्रो अवतारमा पर्दछन् । बराहलाई यज्ञावतार पनि भनिन्छ र बराहको स्वरूप कल्पना मात्रै गरिएको होइन कि प्रतिमा पनि प्राचीन कालदेखि नै पाइन्छ ।

विष्णुको रूप सात्विक हो र अहिंसक पनि हो । यसकारण बाह्रमस्टोको व्याख्यामा बराह र मस्टोको भिन्नता छ भन्न मिल्दैन । साथै धामीले आह्वान गर्दा आङ चढ्ने देवताभित्र सात्विक देवता पर्दैनन् । शिव, विष्णु, ब्रह्मा, सूर्य, इन्द्र, वरुण आदि वैदिक

देवताहरूलाई बोलाएर आङ चढाएको (कामेर फलाकेको) परम्परा पनि देख्न र सुन्न पाइन्छ । अतः बराहलाई लोकदेवताको रूप मान्नुपर्छ अथवा बाह्रमस्टो शब्दकै अपभ्रंश बारामष्ट पनि हुन सक्छ । कुलदेवता मस्टो, देवीहरू, झाँक्रीहरू र अकालमृत्यु भई वायु बनेका बाहेक धामीले आङ चढाएर पतुर्ने (फलाक्ने) देवता अरू पाइँदैनन् ।

कर्णाली अञ्चलमा विशेष रूपले मान्यताप्राप्त मस्टोदेवता क्षेत्रपाल (स्थानीय ग्रामदेवता) का रूपमा पूज्य भएकाले त्यहाँको मानववंशले विभिन्न क्षेत्रमा बसाइँ सर्दै सुरुमा बाह्र ठाउँमा बसोबास भएको र यिनै १२ मण्डलका वासिन्दाहरूले आफ्ना-आफ्ना क्षेत्रमा मस्टोदेवताको स्थापना गरेपछि गन्तीमा ठाउँको नाउँबाटै मस्टोको नामकरण भएर १२ रूप हुन गएको कुरा अनुमान गर्न सकिन्छ । यसरी विभिन्न ठाउँको नाउँले पुकारिएका मस्टोदेवता स्थापनापद्धति र आराधनापद्धतिमा त्यति विशेष फरक नपाइनु, रूपकल्पना नगरिनुबाट पनि मस्टा एउटै हुन्, धामी, डाँग्री र अन्य साधारण भेद स्थानगत मात्रै हो भन्ने कुरा सिद्ध छ । जसरी सुरुका आदिमष्ट बाह्र ठाउँको नाउँले बाह्रभाइ हुन गए, त्यसरी नै विभिन्न गाउँ-दराका विभेदले ८४ पनि पुगे । मस्टोपूजकहरूको सात्विक, राजस र तामस वृत्तिले गर्दा उनीहरूको पूजाप्रकारमा पनि भिन्नता पाइन्छ ।

जसरी सेती र कर्णाली अञ्चलका गाउँहरूमा २-४ पुस्ता बिताएका कारणले गाउँको नाउँबाट नेपाली ब्राह्मण, क्षत्री, ठकुरी, मगर आदिको थर जन्म्यो र पछिल्लो समयमा गण्डकी अञ्चल र त्यसभन्दा पूर्वतिर छरिने नेपालीहरूले त्यही आदिथलोको गाउँले थर नै कायम राखे, त्यस्तै कुलदेवता मस्टो पनि थर राख्ने गाउँ वा त्यस मण्डलमा पूजित मस्टोलाई नै मानेकाले आज काठमाडौँपूर्व मेची र आसामसँग छरिएका नेपालीहरूको मस्टो पनि तिनै प्राचीन नाउँले नै पुकारिएर पूजित छन् । खोपा बनाएर निराकार मस्टोको आह्वान र पूजा गरिन्छ ।

विभिन्न थरीका कुलदेवताको नाउँ सोधेर मूल थलो पहिल्याउन र कुन वंशको नेपाली कहाँबाट छुट्टिएको रहेछ भन्न पनि सजिलै सकिन्छ । कुलदेवताको नाउँले कुन वंशपरम्परा नेपालभित्र कति पुरानो हो भनेर पत्ता लगाउन पनि ठूलो आधार मस्टो नै बनेका छन् ।

नेपाली बासिन्दाहरू आफ्नो वंश र जातिको आगमनलाई दुई ठाउँ देखाउँछन् । मङ्गोलाइन जातिहरू किराँतसमेत आफूलाई उत्तरबाट दक्षिण पसेको लोकोक्तिलाई नै मान्य ठहराउँछन् भने ब्राह्मणहरू, क्षत्री र ठकुरीहरू दक्षिण (भारत) बाट आएकोमा विश्वस्त छन् । ब्राह्मणहरूले आफूलाई कान्यकुब्जीय, मैथिल भन्दछन् भने ठकुरी र क्षत्रीहरूले आफ्नो सम्बन्ध राजपुताना, माडवार अथवा गुजरात देखाउँछन् ।

उपर्युक्त अनुश्रुतिलाई आधार मान्ने इतिहासकारहरू साधारणतया भारतमा मुस्लिम आक्रमण भएपछि जात बचाउन शरणार्थीका रूपमा पहाड पसेको उल्लेख गर्दछन् । मुस्लिम आक्रमणपछि र अगाडि नै नेपाल पसेका जातिहरूको इतिहास छुट्याउने ठोस आधार कुलदेवता मस्टो नै हुन् । कुनै वंशपरम्पराले कुलदेवतामा मस्टोलाई मान्दैनन् र अरू नै शिव, विष्णु अथवा तारा, छिन्नमस्ता आदि देवतालाई कुलदेवता मान्दछन् अथवा दिवाली गर्दैनन् भने अवश्यै तिनीहरू बाह्रौं शताब्दीपछि नेपाल पसेका हुन् । अथवा थरचाहिँ पुरानो वंशकै छ र कुलदेवताको पूजा गर्दैनन् भने कारणवश मात्र कुलपूजा छुटेको भन्नुपर्ने हुन आउँछ ।

कुलपूजा नगर्नेहरू पनि गोठपूजा गर्दछन् । मोही पारेर घिउ झिकेपछि अग्निलाई पर सार्दछन् । यसलाई धूप हाल्नु भनिन्छ । त्यो बेला कुन-कुन गोठदेवतालाई धूप हाल्छन्, अथवा गोठपूजा गर्दा खीर, नौनी घिउ, बाबर (रोटी) नैवेद्य चढाउँछन् र अमलाको पात पूजामा प्रयोग गर्दछन् र देवतालाई पूजा गर्दा महारुद्र, काँडाब्रह्म,

चण्डी, चौराली, गङ्गाभवानी, विन्ध्यवासिनी (विन्दुवासिनी), गैंडु, गोसाइँ, गैंया, ऐरा वा ऐरीसिकारी आदिको पूजा गर्दछन् भने, यी देवतालाई धूपधुवाँर गर्छन् भने त्यो वंश १२ औं शताब्दीभन्दा पूर्व नै नेपालको काली, सेती र कर्णाली अञ्चलमा पसेको थियो भन्ने कुरामा सन्देह रहँदैन । बाह्रौं शताब्दीपछि नेपाल पसेका जातिहरूले उपर्युक्त देवताहरूलाई र खास गरेर मस्टोलाई मानेको पाइँदैन । मस्टोपूजक बाहुन-क्षत्रीहरूको इतिहास इस्वी सन्को सुरुदेखि छैटौं शताब्दीभित्र नै पश्चिम नेपालमा पसेको मान्नुपर्ने हुन आउँछ ।

मरुत् (मारुत) = मस्टोसँग शिवरूपको तादात्म्य :

कश वा खसजातिको प्रसङ्ग पहिले नै वर्णन गरिसकियो । यो वंश कश (खस) जाति आर्यजातिकै नजिकको एक शाखा हो भनेर इतिहासकार मान्दछन् । घ्रिसम्यानले उल्लेख गरेअनुसार खसजातिको उल्लेख विक्रमपूर्व २४०० मा पुजुर शिशुनाक युगको अभिलेखमा पाइन्छ । वि. पू. तेस्रो सहस्राब्दीतक यो जातिलाई विशेष महत्त्व मिलेको थिएन ।[५] स्ट्रेबोको भनाइअनुसार क्यास्पियन सागर मूल थलो भएको यो जातिलाई कस्सेआइ, कस्साइट, कस्सी नाम दिएको पाइन्छ । यो जातिको ज्वलन्त इतिहास पश्चिम एसियामा देखिन्छ भने काराकोरम पर्वतमाला पार गरेर कास्मिरमा झरेको शाखाले कास्मिर, गढवालमा - कशखाल, कशवाडी, कशली नगर, कशमोली, कशाणी र टिहिरीमा कश, कशौली, कशसल, कशूर आदिका गाउँबस्तीहरूलाई जातिसूचक नाउँ दिएको पाइन्छ ।

इतिहासकार विलफोर्ड भन्दछन्[६] – मध्येसियामा कशगर (खसगिरी), कुशा (कुचा) आदिले खसजातिको सूचना दिन्छन् ।

खसजाति आर्यजाति भारतमा आउनुभन्दा अनेक शतीपूर्व नै हिमालय दक्षिणमा पसेर कास्मिरदेखि नेपालतक सारा मध्यहिमालय, भारतको उत्तरी मैदान, दक्षिणको पठारसम्म फैलियो ।[७]

एट्किन्सनको विचारमा अशोकको समयमा जुन यक्षजातिको वर्णन मिल्दछ त्यो खसजाति नै थियो ।[८] यही जाति हिमालका उत्तुङ्ग घाँटीमा बसेर तुरुन्त जातिसँग घुलमिल भएकाले तुषार नाउँले प्रसिद्ध भयो ।[९] विष्णुपुराण र भीष्मपर्वमा खशीर जनपदको, द्रोणपर्वमा खस देशको, मार्कण्डेयपुराणमा नीहारजाति र गुरगण जातिको (जसलाई नेवार र गुरुङ जाति भनेर विद्वान्हरू मान्दछन्) वर्णनले पनि आर्यमूलका खसजातिको व्यापकता थाहा हुन्छ ।

यी उपर्युक्त कथनबाट के थाहा हुन्छ भने मध्येसियाको दक्षिणपूर्वमा फैलिएको यही जाति नै पश्चिमी तिब्बत, लद्दाख, कैलाश मानसरोवरको बीच खारी, गुगे आदि प्रदेशमा पनि बसोबास गर्दथ्यो । मानसरोवरको नजिक कैलाशको वारिपट्टि कुवेरको अलका यक्षगणको राजधानी थियो भन्ने कुरा महाकवि कालिदासले (वि. पहिलो शदी) मेघदूतमा उल्लेख गरेका छन् ।

महाभारतमा पाञ्चालका राजा द्रुपदका छोरा शिखण्डीको कथा पाइन्छ । यी स्त्रीरूपमा जन्मेका थिए । ज्योतिषी (भविष्यवाणीकर्ता) ले यी पुरुष हुन्छन् भनेकाले छोरा हुन् भन्ने प्रचार गरियो । राजकन्यासँग विवाह भएपछि कुरा खुल्यो । छोरी दिने राजा रिसाएर जाँच्न देऊ कि युद्ध गर भनेर हाँक पठाए । राजा द्रुपदलाई अप्ठ्यारो पऱ्यो । यो कुरा सुनेका शिखण्डी वैराग्य लिएर उत्तराखण्डतिर लागे । यक्षसँग भेट भयो । मलाई मार भनेर रोएकाले यक्षलाई दया आयो र यक्षले उनको स्त्रीत्व लिएर आफ्नो पुरुषत्व साट्यो । यो ससुरालीका अगाडि देखाएर बाबुको इज्जत राखेपछि फेरि यक्षलाई पुरुषचिह्न जिम्मा लगाएर आफ्नो स्त्रीचिह्न फिर्ता लिने सर्तमा साटेका थिए । शिखण्डीले ससुरालबाट जाँच्न आएका जाँचकीलाई पुरुषत्व देखाई स्वास्नीलाई उल्लु बनाएर बाबुको इज्जत राखे । काम सकिएपछि नासो जिम्मा लगाउन उनी यक्षकहाँ पुगे । यसैबीच यक्षराज कुवेर घुम्दै आउँदा यक्षले पुरुषत्व दिएर आफू

स्त्रीका रूपमा बसेको थाहा पाई अव साटासाट नहुने श्राप दिइसकेका थिए । यसकारण इमानदारीपूर्वक नासो बुझाउन गएका शिखण्डीले बुझाउन पाएनन् । उनी पुरुष नै भए, यक्ष स्त्री नै भएर बस्यो ।

यो कथाभित्र सत्यतथ्य जेसुकै होस् तर पाञ्चालको राजधानीदेखि यक्षबस्ती धेरै टाढा थिएन । महाभारतकालसम्म यक्षजाति लोप पनि भएको थिएन । वर्तमान उत्तराखण्ड बद्री-केदार क्षेत्रमा यक्षबस्ती रहेको थियो भन्ने कुरा अनुमान गर्न सकिन्छ ।

यक्षकै एक शाखा राक्षसजाति बलियो, लडाका, हिंसक र मायावी थियो, जसको प्रसार भारतको पश्चिमी क्षेत्र हुँदै विन्ध्यको दक्षिणी क्षेत्रमा फिँजिँदै लङ्कासम्म आफ्नो अस्तित्व पुऱ्यायो । रामायणकालमा दक्षिणपथमा फैलिएका मानिसको मासु खाने यो जातिलाई रामचन्द्रले संहार गरे । लङ्कामा बस्ने यो जातिका राजा रावण वेदविद्याका ज्ञाता र पराक्रमी राजा थिए । ऋषि पुलस्त्यका नाति र विश्रवाका छोरा रावणको मातृकुल मात्र असुरवंश थियो । उनको प्रवृत्तिले र आर्यविरोधी हिंसक राक्षसजातिलाई संरक्षण दिएकाले रावण पनि राक्षस कहलाए । यसबाट के थाहा पाइन्छ भने राक्षसजाति पनि रूपरङ्ग, आकार-प्रकारमा आर्यहरूभन्दा अलग थिएनन् । मनुष्यभक्षी र क्रूर भएकाले तथा वैदिक धर्मका विरोधी भएकाले राक्षस कहलाए । यसै वंशका रावणका भाइ विभीषण आर्यधर्मका पक्षपाती थिए र उनले संरक्षण पाए । राक्षसकै राजा भए पनि राक्षस कहलाएनन् । यसैले राक्षसी प्रवृत्तिलाई राक्षस भनियो । यो जातिलाई अरू कुराबाट आर्यसँग छुट्याउने आधार पाइँदैन ।

उपर्युक्त राक्षस, यक्ष, कश (खस) र अन्य आदिम जातिहरूले पनि मानिएका आदिदेव वैदिक रुद्र नै शिव, महादेव, पशुपति नामले यक्ष, गन्धर्व, राक्षस, नाग र अनुष्यले आराधना गरिने महादेव हुन् । शिव, भूत, प्रेत, पिशाच (निषद) किराँत आदि सबै जातिले मानिएका महेश्वर हुन् ।

यायावर पशुचारक हिमालयका अगलबगल बस्ने जातिहरूले मानेका रुद्र देवताको निवासस्थान कैलाशपर्वत हो ।

वेदमा शिवलाई 'त्र्यम्बक' (तीन आमा हुने) भनिएको छ । भारतीय विद्वान् त्र्यम्बकम्को अर्थ तीन नेत्रवाला गर्दछन्, जसको तात्पर्य हुन्छ दुई भौतिक पदार्थ हेर्ने आँखा र एउटा अन्तर्यामी सर्वज्ञ आँखो । पश्चिमी वेदविद् मेकाडनल आदि विद्वान् 'त्र्यम्वकं' को अर्थ तीन नेत्र भन्ने मान्दैनन्, तीन आमा भन्ने अर्थ गर्दछन् । साधारणतया एक व्यक्तिकी जन्मदात्री तीन हुन सक्तैनन् तथापि वैदिक धारणाबाट नै शिव तीन आमाका छोरा हुन् ।

ऋग्वेदमा रुद्रदेवताको साहचर्य मरुत्देवतासँग भएको देख्न पाइन्छ । आँधी, पानी, व्याधिसँग ध्वंश, विनाश, बादल, वृष्टिका विधाता मरुत्देवतासँग शिवको तादात्म्य छ, जसबाट बच्नका निम्ति उषा, मित्र, वरुण, इन्द्र आदिको लोकरक्षकका रूपमा सुन्दर ऋचाहरूले स्तुति गरिएको छ । त्यस्तै ऋग्वेदमा भयावह जगत्बाट त्राण पाउन रुद्रको स्तुति गरिएको पाइन्छ र उनी प्रसन्न भएका रुद्रको शिव, शङ्कर आदि जगत्कल्याणकारी रूपमा पनि देखिन्छन् ।

वैदिक साहित्यमा सृष्टिका तीन आधारतत्त्व आराधनीय तेजोरूप देवता सूर्य, मरुत् (विद्युत) अग्नि हुन् । पृथ्वीका अग्नि, अन्तरिक्षका मरुत् र स्वर्गका सूर्य, तीन तेजोमय शक्तिको समष्टिरूप नै रुद्र वा शिव भएकाले त्र्यम्बकम् (सूर्य, अग्नि, मरुत्) शिवको नाउँ हो । यजुर्वेद १६ औँ अध्यायमा शिव सूर्य, अग्नि, मरुत् रूपमा स्तवित छन् । यसकारण तीन मातृत्वको समष्टि रूप नै शिव हो भन्ने धारणामा अर्थ गरिएको छ ।

आधुनिक विज्ञानबाट पनि यही कुरा सावित हुन्छ कि अत्युग्र सूर्यको तापले मरुत् देवता (आँधी) उत्पन्न हुन्छ र आँधीबाट मेघ पानीको आकाशमा जमघट भएपछि विद्युत् उत्पन्न हुन्छ । यही कुरा ऋग्वेदका मन्त्रद्रष्टा ऋषिहरूले रुद्र र अग्नि अथवा सूर्य र रुद्रका

रूपमा वर्णन गर्दछन् ।[१०] यही कुरा महाभारत वनपर्वको कुमारजन्मको कथाले पनि सङ्केत गर्दछ ।

सर्वव्यापी अनन्त सत्ताधारी त्रिअग्निमय रुद्र देवताको विश्वमा हुने विभिन्न क्रियाकलापबाट अनेक नाम रहेका छन् । शिव वा रुद्रको शैव सम्प्रदायमा पञ्चमुख शिवको पनि वर्णन पाइन्छ । शिवका पञ्चमुखका नाम हुन् – १. सद्योजात, २. वामदेव, ३. अघोर, ४. तत्पुरुष, ५. ईशान । यी पाँचै मुखबाट आफ्ना भक्तगणहरूको कल्याण गर्न शिवले २८ शैव-आगम (शैवतन्त्र शास्त्र) को आविर्भाव गर्नुभयो भनिन्छ ।

यस्तै शिवका आठ रूपको पौराणिक र साहित्यिक परिचर्चा पनि पाइन्छ र शिवका नामहरूमा अष्टमूर्ति पनि प्रसिद्ध नाउँ हो । पुराण र अन्य ग्रन्थमा रुद्रको गणना गर्दा एकादशरुद्र भनिन्छ । अष्टमूर्तिमा भव, शर्व, ईशान, पशुपति, उग्र, रुद्र, भीम, महादेव नामकरण गरिन्छ भने एकादशरुद्रमा सद्योजात, वामदेव, अघोर, तत्पुरुष, ईशान, मृत्युञ्जय, विजय, किरणक्ष, अघोरास्त्र, श्रीकण्ठ, महादेव आदि ११ रुद्रको नाम हो ।

पुराणहरूमा रुद्र एघारभाइ थिए भन्ने पनि वर्णन पाइन्छ । पश्चिमी नेपालको आदिवासी शिव भएकाले शिवको उपासनाको परम्परा चलेको थियो । शिव-उपासक खसहरू मानसखण्डबाट दक्षिण भेकमा झरेर नयाँ बस्ती बसाउँदा पनि वैदिक (भय र पशुका) देवता रुद्रलाई बिर्सेका थिएनन् । यसै क्षेत्रको नयाँ बसोबासोमा बाघद्वारा मारिएका आदिपूर्खा वायुरूपमा प्रकट भएर त्रास दिन थाले । उनको सेवासुश्रूषाले, अर्चना-वन्दनाले त्रासबाट मुक्ति पाउने र शुभफल पाउने विश्वासमा उक्त मस्टो (मरुत्) देवतालाई गाउँपिच्छे र कुलैपिच्छे आराधना गर्ने परम्परा बस्यो । भूत, प्रेत, पिशाचको अस्तित्व पनि वायु भनिन्छ र यसको मूलरूप मरुत् हुन् ।

पशुचारक यायावर खसजातिले बसोबास गर्न र खेती गर्न थालेपछि उत्तराखण्डको तपोभूमिमा आश्रम बनाएर तपस्या गर्ने तथा गुरुकुलको कुलपति भएर विभिन्न मानव-समुदायलाई शिक्षादीक्षा दिने आर्यधर्मावलम्बी कण्व, भारद्वाज, गौतम आदि महर्षिहरूले व्रात्यरूपमा विचरण गर्दै रहेका कैयन् खस परिवारलाई विद्यादान दिएर 'क्रिण्वन्तो विश्वमार्यम्' को सङ्कल्पलाई अघि बढाए ।

प्राकृत युगको मानव-मस्तिष्कमा भयका देवता मरुत् र रुद्रले गाढा छाप पारेकै थिए । सर्वशक्तिमान् र सर्वव्यापी भएर विश्वमा प्राण संचरण गराउने मस्टो (मरुत्) नै रुद्ररूप थिए र रुद्र नै मरुत् रूप भएकाले मानव-समुदायमा जग जमाइसकेका मस्टोलाई बिर्सन-बिर्साउन गाह्रो थियो र विश्वकै असु = प्राणशक्ति भएर रहेका देवतालाई मान्न नहुने कारण थिएन । मरुत् वा असु वैदिक कालदेखि आजसम्म एक सार्वभौमिक तत्त्व हो । यसको अस्तित्वविना जीवनशक्ति रहँदैन । यसर्थ ऐतिहासिक कालका मस्टोलाई ११ रुद्रको पङ्क्तिमा खडा गरेर बाह्र आदित्यजस्तै बाह्रभाइ मस्टोको सङ्ज्ञाले शिवसँग समन्वय गरिएको पाइन्छ । यसपछि आर्यवंशीलाई पनि मस्टोलाई कुलदेवताका रूपमा मान्न असजिलो परेन ।

शिव उग्र पनि हुन् र पशुपति पनि हुन् । धनुर्धारी किराँतेश्वर पनि र भूत, प्रेत, पिशाच, बेताल आदि प्रमथगणका गणपति (अधिनायक) पनि हुन् । शिवरूप सात्विक र कल्याणदाता भए पनि रिसाएर क्रूर रूपले संहारकारी सङ्कर्षण पनि हुन् । अत्यन्त तामसी (राक्षसी) प्रवृत्तिमा तामसी भोजन गर्ने, श्मशानमा बस्ने, नरमुण्डधारी उग्रभैरव मूर्ति पनि हुन् । यसकारण ११ भाइ रुद्रका हारमा मिलेर १२ भाइ भएका मस्टोको प्रकृति सात्विक पनि छ, राजसी र तामसी पनि छ ।

शिव आर्यहरूका नाग, गन्धर्व, यक्ष, राक्षस र भूतप्रेत, पिशाच आदि सबैले आराधना गरिने इष्टदेव भएकाले शिवको रूप र अलङ्कार

पनि समन्वयवादी छ । आर्य शाखाका कश (खस) कुशन, शक आदि प्रशाखामा विभाजित भएको ऐतिहासिक तथ्य हो भने शक कुशानहरूको शाखा पहिले सूर्यवंशी (सूर्यपूजक) देखिन्छन् । कश (खस) शाखा निश्चय रूपले चन्द्रवंशी हो भन्नुपर्ने भएको छ । खसको क्रीडाभूमि कैलाश, मानस, जालन्धर र केदारखण्ड मुख्य हो । पौराणिक भनौँ अथवा ऋग्वेदमा देखिएका ऐल (पुरुरवा) र उर्वशीको क्रीडाभूमि गन्धमादन पर्वत हो, मेरु मन्दरका घाँटी र सुन्दर उपत्यका हुन् । अन्य क्षेत्रका नभए पनि यो क्षेत्रका कशजातिलाई सोमवंशी भन्न सकिन्छ ।

उत्तराखण्डका इतिहासकार डा. शिवप्रसाद डबराल भन्छन् – कशजाति प्राचीन अन्य जातिको जस्तै पशुचारक अवस्थामा वैदिक सूरियस (सूर्य), मरुतस् (वैदिक मरुत्), बूरियस (युनानी बोरीज) आदि देवताको उपसना गर्दथे । यो जातिको देवचिह्न (जातीय चिन्ह) अश्व थियो । पहिलो अश्वपालक जाति पनि यही थियो भन्ने अनुमान हुन्छ ।[११]

कशजातिको मुख्य देवता कस्सू थियो, जसलाई आफ्नो जातिका अधिरक्षक मान्दथे । यायावरी जीवनमा अन्य विविध देवतालाई अपनाउने र पुराना छाड्ने गरेको देखिए तापनि इष्टदेवता कस्सू सबै ठाउँमा पुज्दै रहे ।[१२]

कशजातिको आफ्नो जातिनाम खससँग र आफ्नो देवतावाचक 'सु' सँग यति प्रेम थियो कि हिमालयका विभिन्न भागको सयकडौँ स्थानमा कश, खस अथवा सु जोडेको पाइन्छ । आज पनि कास्मिरदेखि लिएर जौनसारसम्म महासुको नामले, चम्पा काँगडातिर मणिमहेशको नामले, समस्त भारतमा महेश्वरको नामले पुज्दछन् ।[१३]

उपर्युक्त तथ्यबाट पनि के भन्न सकिन्छ भने वैदिक देवता प्राणवाचकका रूपमा (असु (मरुत्), मरुत् (सर्वव्यापी विद्युत्रूप), महासु र मरुत्रूप महादेवसँगको तादात्म्यले महेश्वर मणिमहेशको

रूपमा पूजित शिव नै कर्णाली अञ्चलमा पसेका खसजातिका कुलदेवता महासुबाट अथवा मरुत्बाट मस्टाका रूपमा पूजित भए । प्राकृतिक भाषाको स्थानभेदले उच्चारणभेद हुनु सामान्य कुरा हो । फेरि जालन्धर, कास्मिर र गढवालसम्म तुषारी प्राकृत (पैशाची) को रूप पाइन्छ भने डोटी-कर्णालीतिर शूरसेनी र महाराष्ट्रीका प्राकृत शब्दावलीहरू पनि प्रशस्तै मिलेको पाइन्छ ।

महा-असु = महासु - महासु - मस्स - मस्त - मस्टोको विकास भएको मानेमा पनि मरुत्कै प्रतीक मस्टो देखिन आउँछन् ।

पारस्परिक आवागमनको सुविधा नभएको दुर्गम पहाडी क्षेत्रमा भाषाको विकास आफ्नै पाराले हुन्छ । लोकोक्ति र अनुश्रुतिमा पनि भन्ने मान्छेको कथोपकथनको शैली र रोचक बनाउने व्यक्तिहरूको प्रवृत्तिले असम्भाव्यता र अतिशयोक्ति पनि थपिँदै गएर पौराणिक कथाको रूप लिने हुँदा सत्यतथ्य पहिल्याउन पनि निकै गाह्रो पर्दछ । तैपनि आफ्नै सांस्कृतिक पारामा हुर्केको कर्णाली भेकका नाच, जात्रा, चाडपर्व, देवताका मान्यताहरूले कालीदेखि पूर्व र पश्चिमको सांस्कृतिक धरातलमा कतिपय विषयहरूमा सीमारेखा कोरेको स्पष्टै थाहा पाइन्छ ।

कालीपारिका गाउँठाउँमा नपाइने मस्टो कालीपूर्वका क्षत्री, ठकुरी, उपाध्याय ब्राह्मण, अन्य मतवाली खस, दमाई, कामी, सार्की र राउटे जस्ता जङ्गली जातिका पनि सम्मान्य देवताका रूपमा पुजिने देवता भएकाले मस्टोको इतिहास ज्यादै प्राचीन भएको कुरामा सन्देह रहँदैन । त्यस्तै मस्टोको सर्वव्यापकताबारे अन्य जातिको संस्कृतिमा नपाइने हुँदा क्षेत्रपाल देवताका रूपमा मात्र मान्नुपर्ने हुन आउँछ । नेपालको सांस्कृतिक पक्षमा भने मस्टोको गरिमामय प्रतिष्ठा र प्राचीनता एवं विशेषता देखापर्छ । मस्टोको प्रकृति र मान्यता, उत्पत्तिको अध्ययन गर्दा यो मानसरोवरको अधित्यकाबाट जन्मेर सोझै कर्णाली अञ्चलमा मान्य र पूज्य भएको थाहा पाइन्छ ।

बराहमस्टो :

कसैकसैले बाह्रमस्टोको ठाउँमा बराह र मस्टो भिन्नाभिन्नै रूपमा कल्पना गरेको र बेग्लै पूजाआजा गरेको पनि थाहा पाइएको छ । वर्तमान गण्डकी अञ्चल र काठमाडौँबाट पूर्व लागेका ब्राह्मण परिवारमा यस्तो सुन्न र देख्न पाइन्छ । तर पौराणिक कथाको प्रचार भएपछि र ब्राह्मणहरूमा वैष्णव सम्प्रदायको प्रभावमा पर्दै गएपछि यो परिकल्पना भएको भन्ने स्पष्ट थाहा हुन्छ । कुनै-कुनै पूर्वेली बाहुनहरूको अनुश्रुतिमा बराह र मस्टो मामा-भानिज हुन् । भुक्किएर मामाको हातबाट भानिज मस्टोको निधन भएकाले पश्चात्तापले पीडित मामाले त्यहीँ खुकुरीद्वारा आत्महत्या गरे । पछि वायुरूपमा देखापरेकाले पूजा गर्ने चलन चल्यो र कुलका स्थानी भए भन्ने कुरा पनि प्रचलित छ । यसबाट पनि सर्वव्यापी मरुत्देवताको हावारूप मस्टो हुन् भन्ने कुराकै पुष्टि हुन्छ । यो किम्वदन्ती कर्णाली भेगका धामीहरूकै कैरनबाट जन्मेको हो ।

जुम्ला क्षेत्रमा बस्ने जनै नलगाउने व्रात्यरूपका प्राचीन खस र राउटेहरूले पनि कुलदेवताका रूपमा पुज्ने गरेकाले पनि खसजातिकै देवता हुन् भन्ने कुरा किट्न सकिन्छ । शिव व्रात्य र व्रातपति पनि हुन् ।

डाक्टर प्रयागज्यू आफ्नो लेखमा भन्नुहुन्छ – मस्टोको उत्पत्तिका कथा धेरै छन् । यिनीहरूमा जेठो-कान्छो क्रम पनि देखाइन्छ । यिनका गुण झल्किने उक्तिहरू पनि खुब छन् । उदाहरणका लागि बूडो बुड्याइलो, थार्पा थर्पाइलो, कव कज्याइलो र ढँडार रजाइलो आदि ।

उपर्युक्त कहावतमा पनि चिन्तन गर्ने आधारहरू पाइन्छन् र यसभित्र पनि सत्यांश हुन सक्छ । 'ढँडार छुट्यौँ, खप्तड फुट्यौँ' भन्ने कहावतमा यस मानसखण्डभित्र पसेको आदिम खसजातिको जेठो थलो ढँडार हो जहाँ आदिमस्टोको उत्पत्ति अथवा पूजा सुरु

भयो, त्यसपछि फुटेको ठूलो शाखा खप्तडीको हो, राज्य गर्ने जातिका कुलदेवता ढँडार हुन् भन्ने कुराको सङ्केत पाइन्छ । त्यस्तै कव वा कावामस्टोको कजाइलो कुराले अर्को तर्क गर्ने ठाउँ के दिन्छ भने कावा खसहरूको पुण्यस्थल मक्का-मदिनाका प्राचीन रुद्ररूप मरुत्देवता हुन् । संसारभरिका मुसलमानले पूजित कावामा बलिदानपछि कावाको शिलास्तम्भलाई अङ्गमाल गरेर चुम्बन गरेपछि हाजीसाहेब मनुष्यत्वबाट हाजी (धर्मगुरु) हुन पुग्छन् ।

इतिहासकारहरूको भनाइमा कावाको कालो पत्थर प्राचीन शिवलिङ्गको रूप हो । यहाँका प्राचीन बासिन्दा मूर्तिपूजक नै थिए र मुहम्मद साहेबको इस्लाम प्रचारपछि अन्य मन्दिर र मूर्तिहरू विखण्डित भए तापनि कावाचाहिँ नयाँ धर्मको पनि मुक्तिदाता भयो ।

ईसाको तीन हजार वर्षपूर्व नै पश्चिम एसियाको क्षेत्रमा पशुचारक घुमन्ते कश (कस्साइट वा कस्सी) जातिको प्रवेशलाई इतिहास र पुरातत्त्वका विशिष्ट प्राचीन विद्वान्हरूले स्वीकारेका छन् । पश्चिमेसियाका इतिहासकार हाना घ्रिसम्यान भन्छन् – स्ट्रावो आदिको अनुसन्धानबाट क्यास्पियन सागरको छेउछाउमा मूल थलो भएको यो जाति नै एसिया, युरोप, उत्तर अफ्रिकामा विशाल साम्राज्य खडा गर्न सफल भयो । प्रशान्त महासागरदेखि लिएर आन्ध्र महासागरसम्म फैलिएका अनेकन् प्राचीन जातिमा खल्बली मच्चाइदियो । यो जातिले आजभन्दा छ शताब्दीपूर्व नै कृषिकर्म र पशुचारणमा दक्षता प्राप्त गरेर कास्ययुगमा प्रवेश गरिसकेको थियो, जुन बेला अरू जाति पाषाणयुगमै थिए ।[१४]

उपर्युक्त अनुसन्धानबाट असुर बनीपालको राज्यशासनपूर्व नै कस्सीहरूको साम्राज्य सुमेर, बेविलोन, उर आदि प्राचीन देश, फराँत र दजला नदीकिनारको विशाल भूभागमा फैलिएको थियो भन्ने बुझिन्छ । असिरियाको असुरजातिको आक्रमणले साम्राज्य ध्वस्त भएपछि पूर्व-उत्तर लागेको कशजातिको शाखा कास्मिर, जालन्धर

हुँदै कर्णाली क्षेत्रसम्म छरिन आयो होला । दुर्गम पहाड र वनजङ्गल भएको क्षेत्रमा वनजङ्गल फाँडेर नयाँ वस्ती वसाउन सक्तथे र आदिम खस राजाहरूलाई पश्चिमेसियाको विकसित राज्यसञ्चालक बुद्धिले काजी (मन्त्री) र सेनानायकका काम गरेर सहयोग पुऱ्याउन सक्थे । मरुत्देव मस्टोको मान्यतामा आपत्ति नहुनाले उनीहरूले पनि मरुत्को शिवसँग तादात्म्य गरेका कुलदेवता कावालाई नै कावामस्टोको नाउँमा पुज्न थाले होलान् ।

यस्तै थार्पामस्टो उत्तरबाट दक्षिण पस्ने हुण सम्मिश्रणपछिका खसजातिले मानेका देवता हुन्, जसको भाषा तिब्बती (हुण) भाषासँग मिसिएको खस भाषा हुँदा प्राचीन भाषिक रूप अनुसन्धेय छ र धामीले पतुरेको शब्दावलीलाई बुझ्न दोभाषिया 'खावा' को आवश्यकता परेको कुराले उत्तरी खस शाखा (हुण भाषाभाषी) को कुलदेवता मान्न सकिन्छ । भाषा, जातीय सम्मिश्रण र वेशभूषाले पार्थक्य देखिए पनि कुलदेवता र संस्कारगत मान्यता हम्मेसी बदलिँदैनन् ।

डा. प्रयागजी भन्नुहुन्छ – विभिन्न मस्टोका भिन्नाभिन्नै कथा छन्, यो कथा तिनको जीवनजस्तै हो । यो धामीले पतुरेको वेलामा भन्छ । यस्ता कथामा अनेकन् चमत्कारी घटना र राक्षसहरूको विनाश, एक ठाउँबाट अर्को ठाउँमा गरेको विचरण र यात्राको वर्णन पाइन्छ ।

उपर्युक्त कथनबाट डा. प्रयागज्यूले मस्टोको जीवनसम्बन्धी चर्चा भनेर पौराणिक चमत्कारका लोककथाको रूप मानेर छाडिदिनुभएको भान हुन्छ । वास्तवमा मस्टोको जीवन-चरित्रलाई नै त्यस क्षेत्रमा बस्ने जातिको इतिहास, आपदविपद, उनीहरूका पुर्खाले सहनुपरेको कष्ट, सङ्घर्ष र यायावरी जीवनकै कहानी मान्नुपर्छ । त्यसभित्र कति सांस्कृतिक र इतिहासका पक्ष छन् र कति कथामा पछिका पौराणिक कथाका रोचक वर्णन समावेश हुन पुगेका छन्,

त्यो छुट्याएपछि एक ज्वलन्त सांस्कृतिक इतिहासको पक्ष केलाउन र निष्कर्षमा पुग्न सकिन्छ भन्ने मेरो धारणा छ ।

पुरातात्त्विक, ऐतिहासिक र साहित्यिक सामग्रीको अभावमा यिनै छानबिन, अनुश्रुति र किंवदन्तीहरू नै इतिहासका पक्ष हुन् । नेपाल उपत्यकाका वंशावलीको सँगालो पनि सत्य इतिहास होइन र सबै झूटा, कपोल कल्पना पनि होइनन् । त्यस्तै पश्चिम नेपालको आदिम इतिहास र संस्कृति, समाज-व्यवस्था, जातिहरूको आगमन, नेपाली जाति, थर, गोत्र, संस्कारको प्राचीनता र अन्य आर्यसंस्कृतिमा नपाइने देवता, लोकाचार, चाडपर्व, परम्परा नै ज्यूँदो नेपाली संस्कृति हो, जो कर्णाली क्षेत्रको अध्ययनले दिन सक्छ तथा मस्टोका धामीहरूले पतुरेर बाटो लगाइदिन सक्छन् ।

मस्टोदेवताको मरुत्रूप र शिवसँगको समन्वयमाथि धेरै विचार गरियो । फराँत घाँटीमा प्राप्त मूर्ति, जसको वाहन साँढे छ, शिरमा अर्धचन्द्राकार नाउमाथि गोलसूर्यको प्रतिबिम्ब छ, पङ्खहरू छन् र जसलाई एसियामाइनरको हित्ती (कश शाखा) ले मानेका मरुत्देवता भनेर पुरातत्त्वविद्हरूले लेखेका छन् । उक्त मूर्तिको टिप्पणीमा 'रुद्र का रुत्रूप' (इसापूर्व १२ बी शदी) लेखेर चित्र दिइएको छ ।[१५] उक्त मूर्तिको एउटा हातमा त्रिशूल र दाहिने हातमा परशु (बन्चरो) छ ।

वैदिक साहित्यमा वृष वा वृषभ शब्द इन्द्र पराक्रमी, सम्मान्य, पूज्यवाचक भएर प्रयोग भएको पाइन्छ । गोरु वा साँढेलाई कहने वृषभ शब्द परवर्ती कालमा रूढजस्तै भएको छ । शिवको वाहन, मरुत्देवताको युगमा शिवको आराधना गरिने चलन भएको थाहा हुन्छ । सेतो वृषभ आर्यहरूको माङ्गलिक प्रतीक पनि हो । शिरमा अर्धचन्द्राकारमाथि सूर्यबिम्बाङ्कित मूर्तिले सूर्यपूजक शक, चन्द्रपूजक अरेबियन वा चन्द्रवंशी कश (खस) हरूको भयका देवता रुद्ररूप मरुत्देवताकों समन्वयवादी रूप मूर्तिमा परिलक्षित हुन्छ ।

ईसापूर्व ३००० वर्षपहिले नै छरिएका खसहरूका लगत्तै पछि खसवंशका भेलमा पसेका किराँतहरू र पुराणमा देवयोनिविशेष भनेर गणना भएका कश्यप प्रजापतिका सन्तान नागवंशी खसहरू, हिमप्रदेशमा बस्ने गन्धर्व, यक्ष (खस), राक्षसहरूका सर्वमान्य देवता रुद्र नै थिए । संहारका रुद्र खुसी भएर शिव (कल्याण) रूप हुने हुँदा रक्षक, भक्षक, कल्याणकारी, परमेश्वर, देवाधिदेव भएकाले महादेव कहलाए ।

आदिकालका प्रकृति वृक्ष, नदी, पर्वत, आदिका पूजक अनार्यका लागि पनि विभिन्न रूपधारी शिव सर्वशक्तिमान्का रूपमा पुजिए । वैदिककालीन अनार्य भनिएका प्रकृतिपूजक (लिङ्ग र योनि) ले पनि आद्यप्रकृति पार्वती र परमपुरुष शिवलाई पाएपछि लिङ्ग र योनिको सङ्गमरूप शिव नै भएकाले महेश्वरको लिङ्गपूजन पछिल्लो कालमा सर्वमान्य भएको देखिन्छ । हिन्दूधर्ममा भने लिङ्ग त्रिलोकव्यापी परम पुरुषको प्रतीक 'यूप' को नयाँ रूप हो । यसको अवस्थिति पराशक्तिको प्रतीकमा आधारित छ ।

ऐतिहासिक वा पौराणिक कालमा आएर सारा प्रकृतिपूजक जाति र आर्यजातिका पनि महादेव मानिएका शिवका रूपमा सबैको जातिविशेषको प्रतीक देख्न पाइन्छ । चन्द्रपूजक वा चन्द्रवंशी (खस) को प्रतीक शिवको शिरमा चन्द्रमा छन् । नदी मातृकजातिको प्रतीक सबैभन्दा पूज्यतामा पवित्र गङ्गा नै शिवका शिरमा वास गर्दछिन् । कश्यपसन्तान नागजातिका पूज्य सर्पहरू नै शिवका गहना छन् । पशु, बाघ, हात्तीपूजकका निम्ति शिवले बाघाम्बर बाँधेका छन् र हस्तीचर्म ओढेका छन् । शक्ति (देवी) पूजकहरूका निम्ति उमा नै शिवकी प्राणप्रिया हुन् र उनका पति नै शिव हुन् । जटाधारी भस्मलेपन गर्ने योगीभेषले ऋषिमुनि, तपस्वीहरूको प्रतिनिधित्व गर्दछन् । सूर्य, चन्द्र र अग्नि नै उनका तीन आँखा हुन् । वैदिक अर्थमा त्रिमातृक पनि हुन् ।

श्मशानवासी वृषवाहन, त्रिशूल र पिनाक धनुर्धारी भएकाले लडाकु वीर जातिका पनि पूज्य छन् र भूत, प्रेत, पिशाच गणका स्वामी, जादू, टुना जान्नेका पनि ईश्वर सर्वोच्च शिखर कैलाशमा बस्ने भएकाले पार्वत्य जातिको प्रतिनिधित्व पनि गर्दछन् । यक्ष, राक्षस, सुर, असुरले पनि मानेका वनवासी किराँतको भेषमा घुम्ने र मायावी (रूप बदल्ने) भएकाले के आर्य, के अनार्य, कोल, भील, मुण्ड, निषाद आदि सबैका देवाधिदेव महादेवले उत्तरवैदिक कालमा नै जाति-समन्वय गरिसकेका छन् । संस्कृति-समन्वयको ज्वलन्त रूप शिवमा देख्न पाइन्छ ।

यज्ञमा विश्वास गर्ने, अग्नि, सूर्य, वरुण, इन्द्र आदि देवताको स्तुति गाएर आफ्नो चिन्तनधाराको विकास गर्ने आर्यहरू, 'शिश्नोदेवाःदेखि रक्षा गर' भनेर पुकारा गर्थे । ती प्रकृतिपूजकको पनि आदिप्रकृतिरूपिणी 'उमा' र उमापति शिव भएकाले उनीहरूको दृष्टिमा शिव र उमाको प्रतीक भएको 'लिङ्गपूजा' पछि आएर घृणाको विषय हुन पाएन ।

मानव मनोविज्ञानमा प्रेम र भय दुवै पक्ष मान्यताका आधार हुन् । विश्वका मानवहरूले प्रकृतिको भयावह स्थितिबाट रक्षा पाउन अनन्त सत्ताधारी देवताको उपासना गऱ्यो, कि प्रेम र सद्भावना पाउन सात्विक देवताको चिन्तन गऱ्यो । हिन्दू-परम्परामा यी दुवै पक्षका आफ्ना-आफ्ना देवताको महत्त्व छ । भयका देवता संहारकारी रुद्र शिव थिए भने प्रेमका देवताका रूपमा वैदिक कालका द्वादश आदित्यमध्येका विष्णु सर्वशक्तिमान् भुक्तिमुक्तिदाता परमेश्वर बने ।

भयका देवताहरू कल्याणकारी शिवका रूपमा पनि पूजित छन् । तर सात्विक प्रवृत्तिका निम्ति उत्तरवैदिक (उपनिषद्) कालमा आएर विष्णु अन्तर्यामी आत्मस्वरूप, समदृष्टि राख्ने अहिंसक, मुनिजनका आराध्य मानिए । त्रिविक्रम (तीनै पादले तीन लोक ढाक्ने), त्रिलोकव्यापी ज्योतिका प्रतीक नै विष्णु हुन् ।

शिवचाहिँ हिंसक-अहिंसक सबै जातिका आफ्ना-आफ्ना परम्परागत आचार-विचार, चालचलनमा कुनै परिवर्तन नगरीकनै उपास्य देवता रुद्र वा शिव भएकाले संस्कृति-समागममा विष्णुको भन्दा शिवको महत्त्व गरिमामय देखिएको छ । त्यसमा पनि हिमप्रान्तरमा बस्ने विभिन्न जातिको फूलबारी भएको नेपालमा शैवधर्मले व्यापकता पाएको छ ।

मरुत् रूप इन्द्रकै प्रतिच्छवि मस्टोमा पाएकाले विक्रमको चौथो-पाँचौँ शदीभन्दा आगाडि नै जालन्धर, कान्यकुब्ज आदि ठाउँबाट पश्चिम नेपालमा पस्ने वेदविद्याका पारङ्गत उपाध्याय ब्राह्मणहरू र राजपूतानातिरबाट पस्ने सूर्यवंशी क्षत्रियहरूले यो शिव-पार्वतीको देशभित्र पसेर मस्टोलाई आत्मसात् गर्न र कुलदेवताका रूपमा मान्यता दिन कठिन परेन ।

निराकार रूपमा पुजिने मस्टालाई विशेष पूजा गर्दा यज्ञविधान गर्ने अन्य वैदिक देवतालाई पनि हवन गर्ने चलन चल्यो । अर्को विशेषता के भने मस्टोलाई हवन गर्दा शिवका ऋचाहरूले हवन गरिन्छ ।

डा. प्रयागज्यू भन्नुहुन्छ – यज्ञमा मस्टोलाई वामदेव गोत्र दिएको पनि मैले सुनेँ । होम गर्ने परम्परा, गोत्र दिने प्रयास ब्राह्मण समाजको प्रभाव हो ।

उपर्युक्त कुरा हुन पनि सक्तछ, नहुन पनि सक्तछ । मस्टोलाई उपाख्यानमा बाघबाट मारिएका कुन जाति थिए ? ब्राह्मण, क्षत्री, वैश्य वा वर्णव्यवस्थामा नबाँधिएको कुनै जाति ? ब्राह्मणबाहेकको जाति हो भने नपढेकाले पनि मस्टोको धामी हुने सिलसिलामा ४० अध्याय शुक्ल यजुर्वेद कसरी भन्ने ? यसको वास्तविक अन्वेषण भएर निष्कर्षमा पुग्नु जरुरी छ । मस्टाको कैरन नै कर्णाली भेगका मानव-समुदायको प्रारम्भिक इतिहास हो र त्यसभित्र कति सत्य इतिहास छ, केलाउनुपर्दछ ।

मस्टोदेवताको धामी, डाङ्ग्री र वाहन :

निराकार वायुरूपमा पुजिने मस्टोदेवताका प्रतीक वा प्रतिनिधि धामी हुन् । धामीले शुद्ध पवित्र भई चम्मर, घण्टा लिएर आह्वान गरेपछि धामीको आङमा कम्प दिएर मस्टो उत्रन्छन् । यो बेला आफ्नो जीवनी, गरेका कामकुराहरू, पुरानो इतिहास धामीको मुखबाट कहन्छन् । सोधेका कुरा राम्रो-नराम्रो के कसो हुन्छ भनिदिन्छन् । भविष्यवाणी गर्ने, सिद्ध-साधु, सन्त, ज्योतिषीमा अनन्त विश्वास राख्ने विश्वभरि नै ठूलो समाज छ । नेपाली जनजीवनको अशिक्षित जनसमुदाय बढी भएको ठाउँमा यस्ता कामकुराप्रति आस्था-विश्वास बढ्दै जानु स्वाभाविक नै हुन्छ । प्रश्न गरिएका विषयमा सत्यता पाइयो भने उनको महत्तामा आज पनि कुन जाति वा व्यक्तिले श्रद्धा र आस्था प्रकट नगर्ला र ?

मस्टोको कैरनबाट ऐतिहासिक डोरी पहिल्याउन खोज्ने पूर्णप्रकाश यात्रीज्यूको विचारमा सांस्कृतिक अध्ययनका निम्ति गरिनुपर्ने वर्गीकरण यसप्रकार छ –

मण्डल : खप्तडी, कालीकोटे, श्रीपाली, सिँजाली, खुलाल

मस्टो : खापड, कावासिल्ला, आदिमस्टो, लाटामस्टो, क्षेत्रपालमस्टो

सहायक देवी : गङ्गाभवानी, रुमाला, सुरमादेवी, कनकसुन्दरी, विन्दुवासिनी, लाँगडा, भुरोसिलो, ढाडेभाँक्री, लट्टेभाँक्री, गौडो बछलो ।

उपर्युक्त प्रणालीबाट के थाहा हुन्छ भने इतिहासकालको सुरुमा यो भेकको आवादी मुख्यतया पाँच भागमा बाँडिएको थियो । यी पाँच पुर्ख्यौली थलोमा बस्ने बाहुन, ठकुरी, क्षत्री तथा अन्य जातिहरूको पुर्ख्यौली विभाजन यसै प्रकार हुने गरेको पाइन्छ । कुन मस्टो र देवी मान्दछौ ? भनेर सोढ्ढा मेचीसम्म फैलिएको बाहुन, क्षत्री, ठकुरी, कामी, सार्कीसम्मले श्रीपाली, कालीकोटे, सिँजाली,

खप्तडी, खुलाल भन्ने परिचय दिन्छन् र सो छुट्याउन नसके पनि मस्टो र देवीको (कुलदेवता) पत्ता लागेपछि त्यो जाति वा वंशको आदिथलो पत्ता लाग्न सक्छ । यो पाँच क्षेत्र पश्चिम नेपालका पाँचमण्डल रहेछन् र यसरी मण्डल विभाजन गरिने आधार पाँच माण्डलिक राजा भएकाले नै हुन सक्छ । अन्यथा दैलेखबाट कुनै जुम्ला गएको वंशावली भेटिन्छ भने जुम्लाबाट खप्तड, अछाम गएको पनि पाइन्छ । किन्तु मूल थलो कहाँबाट छुट्टिएको भन्ने कुराचाहिँ भोजपुर, धनकुटासम्म पुगेका क्षत्रीहरू श्रीपाली बस्नेत, थापा आदिको वंशपरिचयबाट पाइन्छ । यी पाँच देवताको मान्यता र चाडपर्वका विशेषताहरूको सूक्ष्म अध्ययनबाट ऐतिहासिक कालपछिका सामान्य विभेदहरू पत्ता लाग्दछन्, जसको गहन अध्ययन हुनु जरुरी छ ।

खस नेपालीको मौलिक पक्ष र मस्टो :

मस्टोलाई कुनै इतिहासकारहरूले शिवका गण वीरभद्रको रूप हो भन्ने तर्क प्रस्तुत गर्दछन् । यो विचार योगी नरहरिनाथज्यू र वरिष्ठ भाषाशास्त्री प्रो. बालकृष्ण पोखरेलको हो ।

परन्तु यी देवताको स्थापना-प्रकार, पूजाप्रकार र धामीले पुकारा गरी शरीरमा आवेश गराएर फलाक्ता बनाएका कुराहरूको अन्वेषण मरुत्देवताका रूपमा पूजित रहेछन् भन्ने विश्वास जन्मन्छ । मरुत्रूप हावा र विद्युत् हो, जसको मूर्ति हुँदैन । कुलपूजा गर्दा केवल मन्दिरको कल्पनामा खोपा मात्र बनाइन्छ, मूर्तिस्थापना गरिँदैन । मस्टो वीरभद्र रूप भए अवश्य नै मूर्तिमन्त हुने थिए ।

जुम्ली भाषामा मस्तको लौकिक अर्थ हुन्छ धेरै । हामी मस्तको अर्थ मस्ती सम्झन्छौँ । लौकिक उच्चारणमा 'माइथो', 'माइथमत्त' आदि भनेको पनि पाइन्छ । कुमाउनी गीतमा 'असुरो मष्ट्या' भन्ने गरेको पाइन्छ र हाम्रा पुराणले पनि देवताको रिस गर्ने

दितीबाट जन्मेका मरुत् (वायु) असुर मूलका नै हुन् भनेको छ । यिनको सङ्ख्या कहीँ २१, पुराणमा ४९ र वेदमा १०० सम्म पाइने हुनाले मरुद्गणे भन्दछन् । मरुत् इन्द्र (वर्षा बादलका देवता) का सहचारी, आँधी-पानीका देवता, रुद्रका पुत्र तथा सहयोगका रूपमा वैदिक संहितामा उल्लेख गरिएको छ । पश्चिम एसिया (वर्तमान इरान-इराक क्षेत्र) मा मरुत् नामक गणजातिको अस्तित्व थियो भन्ने कुरा इतिहासविद् मान्दछन् । सायद यो मरुत्पूजक जाति थियो ।

इसापूर्व चौधौँ शताब्दीतिर एसियामाइनरमा हित्ती नामक जातिको शासन थियो । यो जाति आर्यमूलकै मानिन्छ । यो जातिले मानभाउ गरिएका आँधीपानीका देवता मरुत्को मूर्ति शिवको आकारमा निर्मित छ । यो मूर्तिलाई तूफानका देवता 'तेशव' को मूर्ति हो भन्ने सिरियाका इतिहासकार फिजिक के. हिट्टीको कथन छ । हित्तीजातिकै छिमेकी अर्को आर्यजातिको शाखा मितन्नीहरू पनि तिशुव (तेशव) को उपासना गर्दथे भनिएको छ ।

भारतीय वैदिक आर्यहरू प्राचीनकालमा मूर्तिपूजा गर्दैनथे । तर मूर्ति बनाई स्थापना गर्ने चलन थिएन भन्न सकिन्न । वैदिक संहिता कालमा मूर्तिपूजा गर्ने चलन थियो भन्ने कुरा संहितामा पाइन्न ।

हिन्दूहरू मूर्तिमा भन्दा भावनामा देवता छन् भन्ने विश्वास गर्दछन् । प्राचीन मिश्रदेश बेबिलोन र युनानमा मूर्तिनिर्माण गर्ने र देवतारूपमा स्थापना उपासना गर्ने चलन भएकाले हावारूप मरुत्देवताको पनि मूर्ति निर्माण भएको पाइन्छ, तापनि आर्यसभ्यता अङ्गिकार गर्नेहरूले भने मूर्ति नभएका मस्टोको पूजा गर्ने गरे ।

वैदिक धर्मका अनुयायीहरूलाई हामी आर्य भन्दछौँ । रूपरङ्ग, आकारप्रकारले यी जातिसँग मिल्ने र वैदिक देवता इन्द्र, वरुण, सूर्य, नासत्यौ, शिव, मरुत्, अग्नि, मित्र आदिकै उपासना गर्ने आर्यजातिकै अर्को शाखा हो कश वा खस । शकजाति, मल्हव, पारसिक, मितन्नी, हित्ती, असुर आदि जाति पनि आर्यजातिकै शाखा-प्रशाखा हुन् ।

आर्यजातिका यी शाखाहरूमा कोही सूर्यलाई इष्टदेवता मान्ने थिए, कोही अग्निलाई र कोही मरुत्लाई । यीमध्येका कोही असुरजाति तथा खस शाखाका मितन्नी, हित्ती र मानसरोवर क्षेत्रमा बस्ने यक्ष भनिने खसजातिहरू इष्टदेवताका रूपमा मरुत् (आँधी, पानी, बिजुलीका देवता) लाई मान्दथे । वैदिक मरुत्देवता शिवकै अवतार वा सन्तान भएकाले र शिव (महादेव) महारुद्रको पनि सहचारी देवता भएकाले रुद्रकै रूपमा मरुत्को आह्वान गरिन्थ्यो । रुद्रलाई यजुर्वेद (अ. १६) मा अग्निरूप, सर्वव्यापकरूप, रौद्ररूप र कल्याणकारी रूप पनि मानिएको पाइन्छ । यसैकारण एकादशरुद्रमा मरुत्रूपसमेत मिलाएर १२ रुद्रको वर्णन पनि शास्त्रमा पाइन्छ ।

आर्यजातिहरूको मुख्य धन पशु हो । गाई, घोडा, बाखा, भेडा आदि पशुका मुख्य देवताका रूपमा देवकालभन्दा अगाडिदेखि नै रुद्रलाई मानेकाले नेपाली ब्राह्मण, क्षत्रिय, ठकुरी, किराँती र अन्य जातिका पनि गोठका मूलदेवता महारुद्र (महादेव) हुन् । भारतवर्षमा बस्ने आर्यजातिले पनि रुद्र वा महादेवको पूजा-उपासना गर्दछन् तापनि इष्टदेवता वा गोठको देवताका रूपमा मान्ने चलन छैन । नेपालको पहाडी क्षेत्रमा बस्ने अधिकांश जातिले भने सालको एकपटक वा दुईपटक मार्गशीर्ष पूर्णिमा र वैशाखको पूर्णिमामा गोष्ठदेवताको पूजा (गोठको धूप) गर्दछन् । नेपाली समाजमा यजुर्वेदको सोह्रौं अध्याय (रुद्री) को एक सय मन्त्र पढेर गाईको दूध, पञ्चामृत अथवा पानीमा पञ्चामृत (दूध, दही, घिउ, मह, सख्खर) मिसाएका जलले अटुट जलधारा चुहाएर रुद्री पाठ गरिन्छ । गोष्ठदेवताको पूजा गर्दा गाईको दूध, दही, घिउ, खीर, नौनीघिउ र बाबर (रोटी) को नैवेद्य चढाउनु अनिवार्य हुन्छ । गाईको दूधले अभिषेक गर्नु र घिउको धूप हालेर गोठ धुप्याउनु पनि आवश्यक कुरा हो । फूलपातीका रूपमा भने अमलाका पातहरू प्रयोग हुन्छन् । यो प्रचलन प्रायः सबै नेपाली समाजमा छ ।

कुनै पनि नेपाली समाजमा गाई-भैंसी ब्याउँदा बिगौती दूध पकाई दूधिलो चोप आउने रूखको हाँगो चिरेर त्यसैका पातमा सात थुप्रा बिगौती राखेर सातपोके बाँध्छन् । कसैकसैको सात पोकामाथि २-४ पोका (स्थानीय देवतालाई) थपेर बाँध्ने चलन पनि छ । यी सात गोष्ठदेवताहरूमा प्रायशः निम्नस्थ देवता पर्दछन् – १. महारुद्र, २. काँडाब्रह्म, ३. ऐरादेवता (सिकारका देवता), ४. गैंडू, ५. गोसाईं, ६. गैया । उक्त ६ देवतामाथि कसैले कुलदेवता मस्टो थपेर सात पुऱ्याउँछन् भने कसैले कुनै कुलदेवी (काली, तारा, चण्डी, दुर्गा, विन्दुवासिनी) मध्ये एक थपेर सात पुऱ्याउँछन् । यो प्रथा नेपाली जातिको परम्परागत सांस्कृतिक पक्ष हो । सैनी नाउँकी देवी पनि कसैका निम्ति पूज्याँ छिन् ।

उपर्युक्त गोष्ठदेवताको परम्परा खस राज्य जुम्ला, जसभित्र डोटी, अछाम र महाकालीपारि पनि पर्न सक्छन्, मा अनादिकालदेखि नै चलेको परम्परा हो । यसको मूल तत्त्वले आर्यशाखाको खस गणको परम्परालाई औँल्याउँछ । यायावर (घुमन्ते पशुचारक) युगको संस्कृति र मान्यतासँग वैदिक परम्पराको सम्मिश्रण भएको बेग्लै नेपाली संस्कृतिको यो ज्वलन्त पक्ष हो । आर्यजाति र इरानीहरूको अग्निपूजक इतिहास छ । गार्हस्थ्यमा अग्नि ननिभाईकन राख्ने र अग्निलाई अगाडि लगाएर मात्रै परदेश जाने, बसाइँ सर्ने वैदिक परम्परा हो । भारतीय क्षेत्रमा अग्निभयले आगो निरन्तर बालिँदैन, अग्नि नभएको भान्सामा भात खान निषेध पनि छैन । तर नेपाली संस्कृतिमा अगेनामा आगो निभ्न नदिने र आगो निभ्यो भने भान्सा छोइने, भोजन गर्न नहुने परम्परा थियो, कतै-कतै अझै छँदैछ । गाईलाई लक्ष्मीका रूपमा सबै आर्यजातिले पुज्दछन् । तर गाईगोठमा बरबधू एक रात नवसी विवाह नहुने र गाई अघि लगाएर हिँडेपछि साइत हेरिरहनु नपर्ने स्थिति जुम्ला भेकमा जीवन्त छ । गाईगोठसँग प्रत्येक शुभकार्यको सम्बन्ध रहनु पनि खस संस्कृतिको मौलिक पक्ष

हो । मेचीकिनारमा बसाइँ सरेर गएका ब्राह्मण-क्षत्रियले पनि गृहप्रवेश गर्ने साइत निस्केन भने पहिले गाईलाई नयाँ घरमा हुली एक-दुई दिन राखेपछि विनासाइत नै घरमा सर्न हुने चलन आज पनि चलेकै छ ।

उपर्युल्लेख भएका विषयहरू कशजाति (खसजाति) का सांस्कृतिक पक्ष हुन् । यो सांस्कृतिक पक्षलाई कुरु, पाञ्चाल, कान्यकुब्जबाट पहाड पसेका ब्राह्मण, राजपूत र अन्य जातिले पनि स्वीकार गरेका हुँदा नेपाली आर्यमूलका जातिहरूको छुट्टै संस्कृति निर्माण भएको पाइन्छ ।

उत्तरभारतीय क्षेत्र तथा पश्चिमोत्तर भारतबाट नेपालको महाकालीभन्दा पूर्वमा आठौँ शताब्दीपछि भारतका विभिन्न प्रदेशबाट उत्तराखण्डमा आउने ब्राह्मण, ठकुरी, क्षत्रीहरूले खससंस्कृतिका परम्परा गोष्ठपूजा, गोष्ठदेवता, कुलदेवताका रूपमा मानिने मरुत् (मस्टो) र अन्य ग्रामदेवताको मान्यतालाई पूर्णतः स्वीकार गरेका छैनन् भन्न सकिन्छ । कुमाउनी ब्राह्मणहरू मस्टो पुज्दैनन् । किन्तु ब्राह्मणको संसर्गमा रहेको जातिले चाहिँ मस्टो पुज्ने गरेको पाइन्छ ।

बभाङको संस्कृतिमा मस्टोपर्व :

बभाङ जिल्लामा मस्टोदेवता सुदूरपश्चिमाञ्चल क्षेत्रका निम्ति प्रसिद्ध छन् । यी देवतालाई दाह्रेमस्टो पनि भन्छन् । दाह्रेमस्टोका धामीले कामेको बेलामा दाँतले सयौँ बोकाको गर्धन छिनाउँथे । मस्टो आङ चढेको बेला धामीका दाह्रा निस्कन्थे, जो तीक्ष्ण खड्गभन्दा पनि मापाका थिए भन्ने कथन बहुप्रचलित छ ।

बभाङका प्रगतिशील विचार राख्ने राजाले धामीको वा मस्टोको परीक्षाका निम्ति मोटो गर्धन भएको जख्खु बोकाको घाँटीमा फलामे पाताको जन्जिर लगाएर बोका बलि दिन ल्याएछन् । धामीले टोकेर नै गर्धन र फलामे पट्टी पनि छिनाइदिए तर उनका दुईवटा

दाह्रा पनि टुटेछन् । त्यसपछि मस्टो आङ चढेका बेलामा फलानाको जाँच गर्ने कर्तुतले मेरा दाह्रा टुटे भनेर दुई दाह्रा टुटेको मस्टोका धामीले देखाउँथे भनेर पचास वर्ष नाघेका स्थानीय मानिसहरूको भनाइ छ ।

वर्तमानमा त्यसरी बलिदान गर्ने चलन धेरै हटेको छ र दूधेमस्टोका रूपमा पनि पूजा गरिन्छ । मस्टोलाई मोटेश्वर पनि भनिन्छ । यो सुधारिएको नाउँ हो । यी मस्टोलाई इन्द्रपुत्र हुन् भनेर पनि लोकमा विश्वास गरिन्छ । यसबाट मस्टो र इन्द्रको बाबुछोराको सम्बन्ध भएको बुझिन्छ । मस्टोलाई लेखकले मरुत्देवताको प्रतीक अथवा मरुत्बाट नै मस्टो भएको कुरा स्वीकार गरेको छ । यो धारणालाई पनि स्थानीय लोकोक्तिले पुष्टि नै गर्छ । इन्द्र र मरुत्गणको ज्यादै नजिकको सम्बन्ध भएको कुरा हाम्रा पौराणिक साहित्यले पनि स्वीकार गर्छन् र वेदमा भने मरुत्गणलाई रुद्रपुत्र भनिएको पनि पाइन्छ । वैदिक मरुत् २१ वा एक सय भएको कुरा वैदिक साहित्यबाट जान्न पाइन्छ भने इन्द्रका सहचारी र रुद्रका पुत्र अथवा गणका रूपमा मरुत्को उल्लेख भएको छ ।

मस्टोदेवताको मान्यता सम्पूर्ण पश्चिम नेपालमा भए पनि बझाङ जिल्लामा मस्टोको ज्यादै प्रसिद्धि छ । चैत्र कृष्णऔँसीका दिन मस्टोको काँकर (लिङ्गो) ल्याउन गाउँलेहरू खाजा सामल लिएर बाजागाजाका साथ भोकै जङ्गलमा प्रस्थान गर्छन् । यो औँसीलाई सम्वत्सर औँसी भन्ने चलन छ, किनकि चैत्र शुक्ल प्रतिपदाको दिनदेखि शक सम्वत्सर सुरु हुन्छ । पहिले सल्लाको सुरिलो रूख छानेर काँकर काटिन्छ । ६०-६५ हातको रूख काटेर ताछतुछ पारी बोक्न सक्ने बनाएपछि रूख काटेको ठुटामा बोकाको बलि दिन्छन् । यो बलिका निम्ति हजारौँ मानिसले इच्छापूर्तिका निम्ति भाकल गरिराखेका हुन्छन् । पाँच-छ सय बोका काटिनु साधारण कुरो हो । यो लिङ्गो मोडाल थर हुनेहरूले काट्छन् । पुजारी पनि लिङ्गो काट्ने

ठाउँमा जानुपर्छ । यसको लम्वाइ परिणाम ३२ बाहाँभर भन्छन् अर्थात् ६४ हात ।

धामीको काँकर काटेर (धामीगाउँ) कणेल गाउँ विकास समितिले ल्याउँछ । जैदुमैदु बोहराहरूको लिङ्गो बान्नीकोट गाउँ विकास समितिले ल्याउँछन् । पुजारी सुवेडा (सुवेदी) हरूको लिङ्गो यसबापत गुठी जग्गा खाने, मुडुलेल, कठायत, ऐडी थरवाला खसले ल्याउँछन् । यिनीहरूको दुई वर्षको पालो हुन्छ । अर्को दुई वर्ष पाटा गाउँकै १ नम्बर वडामा बस्ने ठकुरी मोत्थाल, रोकाया, ऐडी, कठायत तीन जातले ल्याउँछन् । बोकेर, लडाएर, घिसारेर ल्याउँदा लिङ्गो भाँचियो भने तुरुन्तै गएर नयाँ ल्याउनुपर्छ । यी लिङ्गाहरू ल्याएर तोलेनी भन्ने मैदानमा राखिन्छ ।

तोलेनी भन्ने चौरमा पहिले कुण्ड थियो । त्यहाँ मस्टो र महिषासुर भन्ने दानवको १२ वर्षसम्म लडाइँ भयो । त्यसपछि मस्टोका बहिनी – धुर्का, सुर्मा, स्याही आदि १६ बहिनीले महिषासुरलाई जालमा पारेपछि मारे । त्यसपछि त्यो दानवको जेगजाँगडो (जाङ र खुट्टाहरू) फ्याँक्ता डोटी जोरायलमा पुग्यो । त्यसैले डोटी-जोरायल नाउँ रहेको हो ।

औँसीका दिन काटेको लिङ्गो भोलि या पर्सिपल्टसम्ममा मस्टोको नजिकको तोलेनी मैदानमा ल्याएर राखिन्छ । चैत्र शुक्ल त्रयोदशीका दिनमा फेरि मानिसहरू जम्मा भएर मुख्य काँकर खडाको खडै रूपमा बोकेर मस्टोको माडुनजिक पुऱ्याउँछन् । खडा काँकरले त्यो चौरको बीच चिर्दै लैजाने चलन छ । त्यस कुरालाई महिषासुरको छाती चिरेको भनिन्छ । पहिले-पहिले यसरी काँकर चौर कोरिँदा रगत आउँथ्यो रे, किन्तु अव त्यस्तो हुँदैन । काँकर लिङ्गो यहाँको जात्रामा जस्तो गाडेर खडा गर्ने चलन छैन । अर्थात् खडा गरेर ढाल्यो अनि त्यसलाई ४५ हात लामो मस्टोको माडुमा लगेर चढाइन्छ अर्थात् सुताएर चढाइन्छ । धामीको काँकरमा

(लिङ्गोमा) ध्वजापताका र चमर, घण्टी बाँधेर सिँगारिन्छ । अन्य लिङ्गोमा ध्वजापताकाले मात्र सिँगार्ने चलन छ । लिङ्गो खडा गर्ने काम सकिएपछि दुई गाउँ तल्लो छबिसे र उपल्लो छबिसेका बीच मस्टोको खुसियालीमा भकुन्डो खेल्छन् । पहिले-पहिले त्यसै दिन बाघले मारेको गाईगोरुको छाला ल्याई भकुन्डो बनाउने चलन थियो । आजकाल जङ्गल मासिएको र बाघ, चितुवा पनि सकिँदै गएकाले यो सम्भव छैन । कहिलेकाहीँ यस्तो परिहाल्यो भने प्राचीन मान्यताको पालना गरिँदैछ ।

यो पर्वलाई चैतुली चाड भन्दछन् । यो मेलामा अनिवार्य रूपमा बभाङका सबै व्यक्तिहरू जानुपर्थ्यो । डोटी, डडेलधुरा, अछामदेखिका मानिसहरू यो मेला भर्न आउँछन् । आइतबार र बुधबार मस्टोको माडौँमा नित्य पूजा हुन्छ । पुजारी सुवेदी ब्राह्मण छन् र उनले नभ्याउने बेलाका निम्ति अन्य उपाध्याय ब्राह्मण पनि राखिएका छन् ।

मस्टोलाई गाई, घोडा, सुन, चाँदी र रुपियाँ चढाउने चलन छ । यो चढौना धामी, पुजारीको हुन्छ । धामी थरको जातै हुन्छ । यही जातबाट धामी छानिन्छन् । जसको आङमा चढेर मस्टोदेवता बोल्न थाल्छन्, त्यसको अनेक किसिमले परीक्षा लिइन्छ । मस्टोको शक्तिले युक्त भएको जनविश्वास भएपछि मात्रै धामीका रूपमा स्वीकार गरिन्छ । नमरेसम्म उही व्यक्ति नै धामी हुन्छ र मरेपछि नयाँ धामीका निम्ति उपर्युक्त नियम लागू गरिन्छ । मस्टोको मन्दिरमा वेद, रुद्री, चण्डीको पाठ गरिन्छ र यसको प्रतिष्ठाका निम्ति वा पूजापछि यज्ञ गरेर हवन गरिन्छ ।

महादसैँको अष्टमीका दिन विशेष पूजा र बलिदान गरिन्छ । वेद, रुद्री, चण्डीपाठ र यज्ञ पनि यो दिन हुन्छ । दोस्रो पर्व जन्माष्टमी हो । त्यो दिन त्यस क्षेत्रभरिका घरमा गाई, भैँसीले जति दूध दिन्छन्, त्यो सम्पूर्ण दूध ल्याएर मस्टोलाई चढाउनुपर्छ । यो

बेला दोहमस्टाका रूपमा दूधेमस्टोको पूजा हुन्छ । अर्थात् दूध, खीर, टाटे (बाबर) चढाउने सात्विक पूजा मात्रै हुन्छ । यो दिन राति जात्रा पनि लाग्छ । पुसको शुक्लपक्षको अष्टमीमा पनि मस्टोको विशेष पूजा र पर्व हुन्छ । असारको शुक्ल अष्टमीमा पनि विशेष पूजा र पर्व हुन्छ ।

चैतुले चाड चैत्र शुक्ल त्रयोदशी (काँकर खडा गर्ने, चढाउने र भकुन्डो खेल्ने) सबैभन्दा विशेष जात्रा हो । यो बान्नीमाडुमा रहेको मष्टमाडुमा ४५ हातको लामो माडु छ । त्यसमा मूर्तिविनाका कोठामा नै मस्टोको आराधना गरिन्छ । मस्टोको कोठामा जान धामी पुजारीबाहेक अरूलाई मनाही छ । मस्टामण्डली (देवी), जसलाई मस्टोकी आमा भनिन्छ, उनको र 'लाटाहित' (मस्टोका गणप्रमुख) को स्थान अलि पर छ । यी तीनै देवताको मस्टोको पर्वसँग पूजाआजा हुन्छ ।

पादटिप्पणी :

१. कर्णाली प्रदेश एक बिटो अध्ययन, सं. भीमप्रसाद श्रेष्ठ
२. संस्कृत सङ्गम, उत्तराञ्चल (पूर्वार्द्ध), यमुनादत्त वैष्णव
३. एनसेन्ट इन्डिया, पृ. १४-१८, आर. सी. मजुमदार
४. इतिहासप्रकाश, भाग १, अ. १, योगी नरहरिनाथ
५. घ्रिसम्यान, पृ. ६५
६. उत्तराखण्डका इतिहास, पृ. ६५, शिवप्रसाद डबराल
७. एसियाटिक रिसर्चेज, जि. ६, पृ. ४३
८. हाना, पृ. ४४
९. कुमाउँका इतिहास, बद्रीदत्त पाण्डे
१०. हाना, पृ. ४३
११. प्रतिभा विज्ञान, पृ. ९९, डा. द्विजेन्द्रनाथ शुक्ल

१२. घ्रिसम्यान
१३. The native god Kashshu doubtless - bone the name of the people as is known to have occured among other Asianic tribes (घ्रिसम्यान, पृ. ६५)
१४. उत्तराखण्डका इतिहास, भाग १, पृ. ११८, शिवप्रसाद डबराल
१५. हाना, पृ. १०, कुन, पृ. २२३
१६. उत्तराखण्डका इतिहास, भाग १, पृ. १०४-१०५, शिवप्रसाद डबराल
१७. संस्कृत सङ्गम, उत्तराञ्चल, पृ. १९, यमुनादत्त वैष्णव
१८. मध्य एसियाका इतिहास, भाग १, राहुल साङ्कृत्यायन
१९. सेती अञ्चल दिग्दर्शन, पूर्णप्रकाश नेपाल 'यात्री'
२०. 'कोइराला वंशलता' को आमुख, कुलचन्द्र कोइराला, २०४४
२१. कान्तिपुर दैनिक (शनिबार अङ्क), कुलचन्द्र कोइराला
२२. धर्मदर्शन (प्र. गुठी संस्थान)
२३. प्रज्ञा (ने.रा.प्र.प्र.)

सन्दर्भ सामग्री

अधिकारी, सूर्यमणि (२०४२), *पश्चिम नेपालको ऐतिहासिक अन्वेषण*, कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि. वि. ।

... ... (२०५३), *पश्चिम नेपालको खस अधिराज्य*, कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि. वि. ।

आर.डी. र अन्य (२०२३), *नेपालका विभिन्न जाति र लोकगीत*, ललितपुर : जगदम्बा प्रकाशन ।

जोशी, सत्यमोहन (२०१४), *हाम्रो लोकसंस्कृति*, काठमाडौं : रत्नपुस्तक भण्डार ।

... ... (२०३९), *नेपाली चाडपर्व*, काठमाडौं : ने. रा. प्र. प्र. ।

दिवस, तुलसी (सम्पा.) (२०३९), *नेपाली लोकसंस्कृति सङ्गोष्ठी*, काठमाडौं : ने. रा. प्र. प्र. ।

पन्त, देवकान्त (सम्पा.) (२०३२), *डोटेली लोकसाहित्य : एक अध्ययन*, कीर्तिपुर : नेपाल र एसियाली अध्ययन संस्थान, त्रि. वि. ।

बज्राचार्य, पुण्यरत्न (२०२०), *हाम्रो संस्कृति*, काठमाडौं : एजुकेसनल इन्टरप्राइजेज ।

बन्धु, चूडामणि (२०२८), *कर्णाली लोकसंस्कृति, खण्ड-४*, काठमाडौं : ने. रा. प्र. प्र. ।

... ... (२०३६), *नेपाली भाषाको उत्पत्ति*, ललितपुर : साझा प्रकाशन ।

मुनंकर्मी, लीलाभक्त (२०४३), *हाम्रा सांस्कृतिक पर्व र जात्राहरू*, काठमाडौं : दयारत्न शाक्य ।

यात्री, पूर्णप्रकाश नेपाल (२०३३), *महाकाली अञ्चल दिग्दर्शन*, विराटनगर : हिमाली सौगात ।

... ... (२०३४), *सेतीका तारा*, विराटनगर : हिमाली सौगात ।

... ... (२०३५), *सेती अञ्चल दिग्दर्शन*, विराटनगर : हिमाली सौगात ।
... ... (२०४१), *भेरी लोकसाहित्य*, काठमाडौं : ने. रा. प्र. प्र. ।
योगी, नरहरिनाथ (२०२१), *हिमाली लोकसाहित्य*, काठमाडौं: आर्यसङ्घ ।
... ... (२०२२), *इतिहास प्रकाशमा सन्धिपत्रसङ्ग्रह*, दाङ : आध्यात्मिक सम्मेलन ।
रिमाल, प्रदीप (२०२८), *कर्णाली लोकसंस्कृति*, खण्ड - ५, काठमाडौं : ने. रा. प्र. प्र. ।
शर्मा, जनकलाल (२०३९), *हाम्रो समाज : एक अध्ययन*, ललितपुर : साझा प्रकाशन ।
श्रेष्ठ, दयाराम (२०३८), *प्रारम्भिक कालको नेपाली साहित्य : इतिहास र परम्परा*, काठमाडौं : त्रि. वि. पा. वि. के. ।
श्रेष्ठ, भीमप्रसाद (सम्पा.) (२०२८), *कर्णाली प्रदेश : एक बिटो अध्ययन*, जुम्ला : सामाजिक अध्ययन समुदाय ।
सिंजापति, रामविक्रम (२०४८), 'जुम्लाको धार्मिक विशेषताका रूपमा मइठा देउ', *गरिमा*, पूर्णाङ्क ११०, ललितपुर : साझा प्रकाशन ।
सुवेदी, राजाराम (२०४६), 'ढडार मष्ट', *प्रज्ञा*, पूर्णाङ्क ६६, ६७, काठमाडौं : ने. रा. प्र. प्र. ।
... ... (२०५६ क), 'कर्णाली प्रदेशको गौरव : फाग र पाटा', *खसानी*, काठमाडौं : मध्यपश्चिमाञ्चल साहित्य परिषद् ।
सूचना विभाग (२०३१), *मेचीदेखि महाकाली*, खण्ड - ४, काठमाडौं : सूचना विभाग ।
ओक्ले, ई. एस. एन्ड अदर (सन् १९७७), *हिमालयन फोकलोर* , काठमाडौं : रत्नपुस्तक भण्डार ।
एटिकन्सन, ई. टी. (सन् १९७४), *कुमाऊँ हिल्स*, दिल्ली : कस्मो पब्लिकेसन ।
... ... (सन् १९८२), *द हिमालयन डिस्ट्रिक्स अफ नर्थ वेस्टर्न प्रोभिन्सेज अफ इन्डिया*, इलाहाबाद : एन. डब्लू. पी. एन्ड अगस्ट प्रेस ।

'अशोक,' यमुनादत्त वैष्णव (सम्पा.), (सन् १९८४), *खसकुरा (पुरानी पहाडी), शब्दकोश*, नैनीताल : कुमाऊँ संस्कृति परिषद् ।

उपाध्याय, कृष्णदेव (२०२३), *भोजपुरी लोकगीत*, प्रयाग : हिन्दी साहित्य सम्मेलन ।

... ... (सन् १९८०), *लोकसाहित्य की भूमिका*, छठा संस्करण, इलाहाबाद : साहित्य भवन प्रा. लि. ।

उप्रेती, कमला (सन् १९८७), *कुमाऊँ की संस्कृति व कला*, दिल्ली : कमला उप्रेती ।

उप्रेती, कुन्दनलाल (सन् १९८०), *लोकसाहित्य के प्रतिमान*, दूसरा संस्करण अलीगढ : भारत प्रकाशन मन्दिर ।

उप्रेती, भवानीदत्त (सन् १९७६), *कुमाऊँनी भाषा का अध्ययन*, इलाहाबाद : स्मृति प्रकाशन ।

चतुर्वेदी, राजेश्वरप्रसाद (२०३८), *लोकसाहित्य : सिद्धान्त और प्रयोग*, आगरा : विनोद पुस्तक मन्दिर ।

च्याटुर्ज्या, सुनीतिकुमार (सन् १९७७), *भारतीय आर्यभाषा और हिन्दी*, दिल्ली : राजकमल प्रकाशन ।

चातक, गोविन्द (सन् १९५८), *गढवाली लोकगाथाएँ*, देहरादून : मोहिनी प्रकाशन ।

डबराल, शिवप्रसाद (२०२२), *उत्तराखण्ड का इतिहास* , गढवाल : वीरगाथा प्रकाशन ।

तिवारी, उदयनारायण (सन् १९६४), *भोजपुरी भाषा और साहित्य*, पटना : राष्ट्र भाषा परिषद् ।

नौटियाल, शिवानन्द (सन् १९८१), *गढवाल के लोकनृत्य-गीत*, पौडी गढवाल : शिवानन्द नौटियाल ।

... ... (सन् १९९७), *उत्तराखण्ड की लोकगाथाएँ*, अल्मोडा : अल्मोडा बुक डिपो ।

परमार, श्याम (२००९), *मालवी लोकसाहित्य का अध्ययन*, नई दिल्ली : राजकमल प्रकाशन ।
पाण्डे, बद्रीदत्त (सन् १९८०), *कुमाऊँ का इतिहास*, अल्मोडा : अल्मोडा बुक डिपो ।
पाण्डेय, त्रिलोचन (सन् १९७७), *कुमाउँनी भाषा और उसका साहित्य*, लखनऊ : उत्तरप्रदेश हिन्दी संस्थान ।
पारिक, सूर्यकिरण (सन् १९९९), *राजस्थानी लोकगीत*, प्रयाग : हिन्दी साहित्य सम्मेलन ।
प्रसाद, दिनेश्वर (सन् १९७२), *लोकसाहित्य और संस्कृति*, इलाहाबाद, : लोकभारती प्रकाशन ।
बाबुलकर, मोहनलाल (सन् १९६४), *गढवाली लोकसाहित्य का विवेचनात्मक अध्ययन*, प्रयाग : हिन्दी साहित्य सम्मेलन ।
भट्ट, देवर्षि (२०४९), 'भारतीय सभ्यता में नारी का स्थान', *कल्याण*, नारी अङ्क, गोरखपुर : गीता प्रेस ।
भारद्वाज, श्रीकृष्णदत्त (२०४९), 'भारतीय नारी', *कल्याण*, नारी अङ्क, गोरखपुर : गीता प्रेस ।
राधाकृष्णन्, सर्वपल्ली (सन् १९६९), *भारतीय दर्शन*, दिल्ली : राजपाल एन्ड सन्स ।
रोहतगी, सरोजनी (सन् १९७१), *अवधी का लोकसाहित्य*, दिल्ली : नेसनल पब्लिसिङ हाउस ।
श्रीवास्तव, पूर्णिमा (सन् १९७५), *लोकगीतों में समाज*, जयपुर : मङ्गल प्रकाशन ।
साङ्कृत्यायन, राहुल (२०१५), *कुमाऊँ*, वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

साहित्यतर्फ प्रकाशित

१. मेघदूत (भाषानुवाद-२०४२)
२. भृकुटी (खण्डकाव्य-२०४५)
३. एक पैसा (कथा संग्रह-२०४६)
४. बाजे पुराण (हास्यव्यङ्ग्य- २०४९)
५. कुलचन्द्र कोइरालाका कविता (२०५०)
६. यात्रा लामाबगरको (नियात्रा-२०५०)
७. नबिर्सने क्षणहरु (२०५०)
८. मलाई तिमी सम्झनै छाडिदेऊ (गीत संग्रह-२०५२)
९. सात समालोचना (२०५५)
१०. आँसु (खण्डकाव्य-२०५६)
११. वासना र प्रेम (लघुउपन्यास-२०५६)
१२. पुर्ख्यौली इतिहासभित्र मेरा अतितका पानाहरु (२०५८)
१३. भीमसेन थापा (महाकाव्य-२०५९)
१४. विक्रम (पद्यनाटक-२०६०)
१५. कुलचन्द्र कोइरालाका निबन्धहरु (२०६०)
१६. स्मृति चिन्ह (कथासंग्रह-२०६१)

संस्कृतितर्फ प्रकाशित

१. इन्द्रजात्रा (२०४२)
२. नेपालको सांस्कृतिक परम्परा र राजमुकुट (२०४५)
३. पूर्व २ नं. को क्रान्तिको इतिहास (२०४९)
४. कोइरालाहरु कहाँबाट आए ? (२०५१)
५. वैष्णव सम्प्रदाय र नारायण मन्दिर (२०५१)
६. नेपालका आराध्यदेव भगवान पशुपतिनाथ (२०५१)
७. नेपाली साँस्कृतिक जात्रापर्व (२०५२)
८. नेपाली खस बाहुनका कुलदेवता मष्टो २०५२)
९. श्रीगुरु गोरखनाथ (२०५२)
१०. श्रीमत्स्येन्द्रनाथ (२०५२)
११. श्रीतलेजु र दिगुतलेजु (२०५२)
१२. धर्म-संस्कृति र परम्परा (२०५२)
१३. कुलचन्द्र कोइरालाको एतिहासिक लेख-संग्रह (२०५६)
१४. हनुमान ढोकाक्षेत्रका मठ-मन्दिरहरु (२०६४)
१५. शाक्त सम्प्रदाय र शक्तिपीठ (२०६५)
१६. नेपालमा इन्द्रजात्रापर्व (२०६६)
१७. मुक्तिक्षेत्रका मुक्तिनाथ मन्दिर (२०६६)

नामः कुलचन्द्र कोइराला
जन्मः १९८५ जेठ ९ गते
स्थानः घोकिसला, सिन्धुली
शिक्षाः साहित्य शास्त्री, साहित्य रत्न
निधनः २०५० जेठ १४ गते
ठेगानाः चन्द्रनिगाहपुर, रौतहट